# चितवनको मुक्तक साहित्य : अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागको स्नातकोत्तर
तह, एम.ए. दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**प्रभा मरहट्टा**
त्रि.वि. दर्ता नं. : ३२०३४-९५
शैक्षिक सत्र : ०६४-०६५

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६८

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग


# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी प्रभा मरहट्टाले नेपाली स्नाकोत्तर तह एम.ए. दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **चितवनको मुक्तक साहित्य : अध्ययन र विश्लेषण** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन-समिति

प्रा.डा. नारायणप्रसाद खनाल ..................................
विभागीय प्रमुख

दामोदर रिजाल ..................................
सह-प्राध्यापक तथा शोधनिर्देशक

सहप्राध्यापक भागवतशरण न्यौपाने ..................................
बाह्यपरीक्षक

मिति : २०६८/०३/०५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागको स्नातकोत्तर दोस्रो वर्षकी छात्रा प्रभा मरहट्टाले **चितवनको मुक्तक साहित्य : अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै अध्ययन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६८/०२/१३

..........................

दामोदर रिजाल

सह-प्राध्यापक

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**चितवनको मुक्तक साहित्य : अध्ययन र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रमअनुसार दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो । मैले यो शोधपत्र मेरा आदरणीय गुरू सहप्रा. दामोदर रिजालज्यूको आत्मीय सहयोग एवम् कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अति व्यस्त समयबाट फुर्सद निकालेर प्रस्तुत शोधपत्र तयारीका निम्ति आवश्यक सामग्रीसहित उचित सुझाव एवं निर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक गुरूज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न विभागीय स्वीकृति प्रदान गरी आवश्यक सुझाव एवं सल्लाह दिनुहुने विभागीय प्रमुख आदरणीय गुरू प्राध्यापक डा. नारायणप्रसाद खनालज्यूप्रति पनि म हृदयदेखि नै आभारी छु ।

यस शोधपत्रको तयारीका क्रममा आफ्नो तर्फबाट आवश्यक सामग्री र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरूवर्ग प्राध्यापक डा. गणेशप्रसाद खराल, सह-प्राध्यापक श्री कपिल अज्ञात, श्री भीष्मराज पौडेल, श्री गोविन्दराज विनोदी, श्री रामबाबु घिमिरे, श्री पुष्प अधिकारी 'अञ्जलि', डि.आर. पोखेल, श्री धनराज गिरी लगायतका विद्वत्वर्गप्रति पनि आभार प्रकट गर्दछु ।

सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग उपलब्ध गराउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति आभारी छु । यसैगरी शिक्षा आर्जनको मार्ग खुल्ला गराई मेरो शिक्षामा सदा चासो देखाई अनवरत शिक्षाआर्जनका लागि प्रेरित गरिरहनु हुने प्रेरणास्रोत तथा घरायसी समस्याबाट स्वतन्त्रता दिँदै शोधपत्र तयार गर्न उचित वातावरण मिलाएर सम्पूर्ण झन्झट आफैँले स्वीकार गर्ने मेरा आदरणीय जीवनसँगी श्री शिव कोइराला तथा यस समयमा मलाई नसताई छिटो तयार गर्न सगाउने छोराहरू प्रज्वल र प्रभास कोइरालालाई पनि विशेष धन्यवाद दिन चाहन्छु । यस शोधपत्रलाई शुद्धसँग टङ्कन गरिदिनुहुने के.बि. डिजाइनका भाइ कमल गुरूङप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष पेस गर्दछु ।

मिति: २०६८/०२/१३

…………………

प्रभा मरहट्टा

वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दहरू

| | | |
|---|---|---|
| अनु. | : | अनुवाद |
| ई.सं. | : | ईस्वी संवत् |
| एम.ए. | : | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | : | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| क्र.सं. | : | क्रमसङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.सं. | : | चौथो संस्करण |
| जि.एम. | : | जनरल म्यानेजर |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डा. | : | डाक्टर |
| ता.सं. | : | तालिका सङ्ख्या |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नि. | : | निर्देशक |
| नं. | : | नम्बर |
| पृ. | : | पृष्ठ |
| पि.एम. | : | पार्लियामेन्ट मेम्बर |
| प्रा. | : | प्राध्यापक |
| बि.एड. | : | ब्याचलर अफ एजुकेशन |
| बि.ए. | : | ब्याचलर अफ आर्ट्स |
| भू. | : | भूमिका |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| ले. | : | लेखक |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सं. | : | सङ्ख्या |

# विषयसूची

स्वीकृति पत्र

शोधनिर्देशकको मन्तव्य

कृतज्ञता ज्ञापन

## परिच्छेद : एक

## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | शोधपत्रको शीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | शोधको विषयपरिचय | १ |
| १.४ | शोधसमस्या कथन | २ |
| १.५ | शोधपत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.७ | शोधपत्रको औचित्य र महत्त्व | ६ |
| १.८ | अध्ययनको क्षेत्र र सीमा | ६ |
| १.९ | शोधविधि | ६ |
| १.१० | शोत्रपत्रको रूपरेखा | ७ |

## परिच्छेद : दुई

## मुक्तक-सिद्धान्तको परिचय

| | | |
|---|---|---|
| २.१ | मुक्तक - सिद्धान्तको परिचय | ९ |
| २.२ | मुक्तकको व्युत्पत्ति/उद्भव | १० |
| २.३ | मुक्तकका आवश्यक तत्त्वहरू | १३ |

२.४ मुक्तकको पूर्वीय सिद्धान्त २२
२.७ मुक्तक सम्बन्धी नेपाली सिद्धान्त २५
२.८ निष्कर्ष २८

## परिच्छेद : तीन

## चितवन जिल्लाको सङ्क्षिप्त परिचय र नेपाली मुक्तकको विकासक्रम

३.१ चितवन शब्दको व्युत्पत्ति र नामकरण २९
३.२ भौगोलिक स्वरूप ३१
३.३ जलसम्पदा ३१
३.४ ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू ३१
३.५ धर्म, जाति र भाषा ३२
३.६ जनसङ्ख्या, शिक्षा र स्वास्थ्य ३२
३.७ चितवन जिल्लाको साहित्य सृजनाको पृष्ठभूमि र परम्परा ३३
३.७.१ प्रथम चरण (२०१६-२०२४) ३४
३.७.२ द्वितीय चरण (वि.सं. २०२५-२०४६) ३५
३.७.३ तृतीय चरण (२०४७ देखि वर्तमानसम्म) ३७
३.८ नेपाली साहित्यमा मुक्तकको प्रवेश र विकासक्रम ४१
३.९ नेपाली मुक्तक परम्परा, मुक्तककार र पुस्तक यात्रा ४५
३.१० निष्कर्ष ४८

## परिच्छेद : चार

## चितवनका प्रतिनिधि मुक्तककार र तिनका मुक्तककृतिहरूको विश्लेषण

४.१ चितवनका प्रतिनिधि मुक्तककार ५०
४.२ चितवनबाट प्रकाशित मुक्तक सङ्ग्रहहरू ५१
४.३ मुक्तककार रामबाबु घिमिरे ५२

४.३.१ रामबाबु घिमिरेको 'मुक्तक सङ्ग्रह' मुक्तकसङ्ग्रहको अध्ययन ५३
४.३.१.१ शीर्षक ५४
४.३.१.२ लयविधान ५४
४.३.१.३ कथनपद्धति ५५
४.३.१.४ भाषाशैली ५६
४.३.१.५ संरचना ५६
४.३.१.६ भाव र विचार ५९
४.३.१.७ बिम्बविधान र अलङ्कारविधान ६६
४.३.१.८ निष्कर्ष ६६
४.४ मुक्तककार केशवराज आमोदी ६७
४.४.१ केशवराज आमोदीको 'सत्ता-साधन' मुक्तकसङ्ग्रहको अध्ययन ६९
४.४.१.१ शीर्षक ६९
४.४.१.२ लयविधान ६९
४.४.१.३ कथनपद्धति ७१
४.४.१.४ भाषाशैली ७१
४.४.१.५ संरचना ७२
४.४.१.६ भाव र विचार ७४
४.४.१.७ बिम्बविधान र अलङ्कारविधान ८१
४.४.१.८ निष्कर्ष ८२
४.५ मुक्तककार धनराज गिरी ८२
४.५.१ धनराज गिरीको 'अर्थात्' मुक्तकसङ्ग्रहको अध्ययन ८५
४.५.१.१ शीर्षक ८५
४.५.१.२ लयविधान ८६
४.५.१.३ कथनपद्धति ८७
४.५.१.४ संरचना ८७
४.५.१.५ भाव र विचार ८९
४.५.१.६ बिम्बविधान र अलङ्कारविधान ९७
४.५.१.७ निष्कर्ष ९७

४.६ मुक्तककार पुष्प अधिकारी अञ्जली ९८
४.६.१ पुष्प अधिकारी अञ्जलीको 'एक अञ्जुली घाम' मुक्तक सङ्ग्रहको अध्ययन १००
४.६.१.१ शीर्षक १०२
४.६.१.२ लयविधान १०२
४.६.१.३ कथनपद्धति १०३
४.६.१.४ भाषाशैली १०३
४.६.१.५ संरचना १०४
४.६.१.६ भाव र विचार १०५
४.६.१.७ बिम्बबिधान र अलङ्कार विधान ११३
४.६.१.८ निष्कर्ष ११४
४.७ पुष्प अधिकारी अञ्जलीको 'जून फूलेको बस्ती' मुक्तकसङ्ग्रहको अध्ययन ११५
४.७.१ शीर्षक ११६
४.७.२ लयविधान ११६
४.७.३ कथन पद्धति ११७
४.७.४ भाषाशैली ११७
४.७.५ संरचना ११७
४.७.६ भाव र विचार ११९
४.७.७ बिम्बविधान र अलङ्कारविधान १२५
४.७.८ निष्कर्ष १२५
४.८ मुक्तककार कपिल अज्ञात १२६
४.८.१ कपिल अज्ञातको 'अनुभूतिको उमङ्ग' मुक्तकसङ्ग्रहको अध्ययन १२८
४.८.१.१ शीर्षक १२९
४.८.१.२ लयविधान १२९
४.८.१.३ कथनपद्धति १३०
४.८.१.४ भाषाशैली १३१
४.८.१.५ संरचना १३२
४.८.१.६ भाव वा विचार १३३

| | | |
|---|---|---|
| ४.८.१.७ | बिम्बविधान र अलङ्कार विधान | १४२ |
| ४.८.१.८ | निष्कर्ष | १४३ |


## परिच्छेद : पाँच


उपसंहार १४५


## सन्दर्भसामग्रीसूची


| | |
|---|---|
| क) प्रमुख सन्दर्भग्रन्थ सूची | १४९ |
| ख) सहायक सन्दर्भग्रन्थ सूची | १४९ |
| ग) सन्दर्भ पत्र पत्रिका सूची | १५१ |


## तालिका सूची

**तालिका सङ्ख्या**


| | | |
|---|---|---|
| १ | चितवनबाट प्रकाशित मुक्तक सङ्ग्रहहरू | ५१ |
| २ | मुक्तककार रामबाबु घिमिरेद्वारा प्रकाशित कृतिहरू | ५२ |
| ३ | केशवराज आमोदीका प्रकाशित पुस्तकाकार कृतिहरू | ६८ |
| ४ | धनराज गिरीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण | ८४ |
| ५ | पुष्प अधिकारी अञ्जलीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण | ९९ |
| ६ | कपिल अज्ञातका प्रकाशित पुस्तकाकार कृतिहरू | १२७ |

# परिच्छेद : एक

## शोधपरिचय

### १.१ शोधको विषयपरिचय

चितवन जिल्लाबाट प्रकाशित पुस्तकाकार मुक्तक कृतिहरूमा रामबाबु घिमिरेका **मुक्तकसङ्ग्रह** (२०५६), केशवराज आमोदीको **सत्ता-साधन** (२०५८), धनराज गिरीको **अर्थात्** (२०६३), पुष्प अधिकारी अञ्जलीको **एक अञ्जुली घाम** (२०६३) र **जून फूलेको बस्ती** (२०६६) तथा कपिल अज्ञातको **अनुभूतिका उमङ्ग** (२०६४) हुन् । आयतनका हिसाबले अत्यन्तै साना हुँदाहुँदै पनि थालनीका हिसाबले यी सङ्ग्रहहरूलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ । प्रत्येक ठूला-ठूला महलहरूको सुरूआत पनि एउटा इट्टा राखेर नै हुन्छ त्यसैले दिनानुदिन नवप्रतिभाहरू थपिँदै गएका हुँदा मुक्तकले पनि निश्चित बाटो समातेर अगाडि बढ्नेछ कुरामा आशावादी हुन सकिन्छ । फुटकर मुक्तक लेख्ने मुक्तककारहरूमा अनुजराज कँडेल, अमृतराज, इन्द्र रेग्मी, कृष्णकुमारी महत, खुमनारायण पौडेल, गोविन्दराज विनोदी, पार्वती आँस, प्रकाश कँडेल, प्रभाकार पण्डित, बाबुराम भण्डारी, भूपिन व्याकुल, मोहनबहादुर कायस्थ, रमेश प्रभात, विमल देवकोटा, विष्णुमाया विभु, सरिता तिवारी, सुरेश आचार्य, शम्भु गिरी, शंकर निर्देश आदि रहेका छन् । चितवनबाट प्रकाशित मुक्तक र मुक्तकाकार कृतिहरूको समग्र अध्ययन र विश्लेषण नभइरहेको परिवेशमा यहाँका मुक्तकसङ्ग्रहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य आफैमा एक महत्त्वपूर्ण शोधविषय हो यसैले प्रस्तुत शोधपत्रको विषय **चितवनको मुक्तक साहित्य : अध्ययन र विश्लेषण** चयन गरिएको छ ।

### १.२ शोधसमस्या

यस शोधपत्रको समस्या चितवनको मुक्तक साहित्यको अध्ययन र विश्लेषण गर्नु हो । यसका मुख्य समस्याहरू यी रहेका छन् :

(क) मुक्तक साहित्यको सैद्धान्तिक मूल्यमान्यता के रहेको छ ?

(ख) चितवन जिल्लामा मुक्तक साहित्य के कस्तो रूपमा विकास भएको छ ?

(ग) चितवनबाट प्रकाशित मुक्तककृतिहरूमा के-कस्ता प्रवृत्ति रहेका छन् ?

(घ) यस जिल्लाबाट प्रकाशित पुस्तकाकार मुक्तक सङ्ग्रहहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधान गर्नका निम्ति यो अध्ययन अग्रसर भएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

नेपाली मुक्तक साहित्यको क्षेत्रमा योगदान पुऱ्याउन चितवन जिल्लामा विभिन्न मुक्तककारहरू, मुक्तक कृतिहरू, साहित्यिक पत्रपत्रिका एवं सङ्घ संस्थाहरू सक्रिय रहेको पाइन्छ त्यसकारण चितवन जिल्लाले नेपाली मुक्तकसाहित्यमा केकति योगदान पुऱ्याउन सकेको छ भन्ने कुराको मूल्याङ्कन गर्न फुटकर रूपमा जेजति खोजीहरू गरिए ती गतिविधिलाई समेटी वा प्रकाश पारी यस जिल्लामा रहेका मुक्तकाकारहरूका मुक्तक साहित्यको अध्ययन र विश्लेषण गरी जिज्ञासुका लागि मार्गदर्शन गर्ने उद्देश्य यस शोधपत्रको रहेको छ । यसका उद्देश्यहरूलाई निम्नलिखित बुँदाहरूमा समेटिएको छ :

(क) मुक्तक साहित्यको सैद्धान्तिक मूल्यमान्यता पत्ता लगाउनु ।

(ख) चितवन जिल्लाले मुक्तकसाहित्यका क्षेत्रमा पुऱ्याएको योगदान उल्लेख गर्नु ।

(ग) यस जिल्लामा रहेका प्रतिनिधिमूलक मुक्तककृतिहरूको प्रवृत्ति पत्ता लगाउनु ।

(घ) चितवन जिल्लाका प्रमुख मुक्तककार र तिनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्य प्राप्त गर्न र निष्कर्ष निकाल्नका निम्ति यो अध्ययन अग्रसर भएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

चितवनले मुक्तक साहित्य क्षेत्रमा के कति योगदान पुऱ्याएको छ भन्ने बारेमा अझसम्म समग्रमा अध्ययन भएको वा कतै उल्लेख गरिएको पाइँदैन तापनि छिटफुट रूपमा विभिन्न साहित्यिक पत्रपत्रिकामा प्रकाशित विभिन्न व्यक्तिविशेषसँग सम्बन्धित समालोचनात्मक एवम् परिचयात्मक केही लेखहरूमार्फत मुक्तकबारे चर्चापरिचर्चा भए तापनि समग्र अध्ययन हुन नसकेकाले यो शोधकार्य चितवनको मुक्तक साहित्यको अध्ययन र विश्लेषणतर्फ अग्रसर भएको छ । चितवनमा मुक्तक साहित्यमा उल्लेख्य योगदान

पुऱ्याउने मुक्तककारका बारेमा समालोचकहरूले गरेका टीकाटिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

(क) लक्ष्मणप्रसाद गौतमले आफ्नो कृतिमा विभिन्न विधामा कलम चलाएका चितवनका साहित्यकारहरूको कृति र नाम प्रस्तुत गर्ने क्रममा रामबाबु घिमिरे, रेशमलाल श्रेष्ठ, हरिहर पौडेल, युसूफदीन पाल्पाली, लीलामणि भट्टराई र कपिल अज्ञातलाई सशक्त मुक्तककारका रूपमा चिनाएका छन् ।[१]

(ख) आर.के. अदीप्त गिरीले आफ्नो लेखमा मुक्तकको सैद्धान्तिक पक्ष, त्यसको इतिहास र विकासक्रमको चर्चा गर्दै चितवनलगायत देशभरका मुक्तककारहरूको नाम र तिनका मुक्तक कृतिरूको उल्लेख गरेका छन् । यही क्रममा आधुनिकोत्तर मुक्तकपरम्परा र वर्तमान स्थितिका सम्बन्धमा सविस्तार चर्चा गरेको पाइन्छ ।[२]

(ग) महेन्द्र पौडेलको आफ्नो लेखमा मुक्तकसम्बन्धी सैद्धान्तिक परिचय दिने क्रममा मुक्तकको संरचना र सैद्धान्तिक स्वरूपको चर्चा गर्नुका साथै नेपाली भाषामा मुक्तकको सुरुवात र प्रभाव केलाउँदै मुक्तकको इतिहासलाई पनि कोट्याउने प्रयास गरेका छन् ।[३]

(घ) रमेश प्रभातले आफ्नो लेखमा चितवनबाट निस्किएका सबै साहित्यिक कृतिहरू र कृतिकारहरूको उल्लेख गर्ने क्रममा पृष्ठ १२५ देखि १३९ सम्म सबै साहित्यिक विधाको सामान्य परिचय दिँदै कृति र स्रष्टाको नाम उल्लेख गर्ने क्रममा मुक्तकको पनि सामान्य परिचय दिएर चितवनका रामबाबु घिमिरेको कृति **मुक्तक सङ्ग्रह**, केशवराज भट्टराईको **सत्ता साधन**, धनराज गिरीको **अर्थात्** र पुष्प अधिकारी ‘अञ्जलि’को **एक अञ्जुली घाम** मात्र उल्लेख गरेको पाइन्छ ।[४]

(ङ) नारायणप्रसाद खनालले आफ्नो लेखमा कविताका अनेक हाँगाबिँगामध्ये मुक्तकलाई सबैभन्दा सानो कविताको संरचनात्मक स्वरूपका रूपमा राखेर मुक्तकको सैद्धान्तिक संरचनालाई प्रस्ट पार्ने प्रयत्न गरेका छन् ।[५]

---

१ लक्ष्मणप्रसाद गौतम, *चितवनका अन्य कविप्रतिभाहरू,* **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२), पृ. ७७ ।

२ आर.के. अदीप्त गिरी, *समसामायिक नेपाली मुक्तक,* **कालीको सुसेली,** (पर्वत : साहित्य सङ्गम, अङ्क २०, २०६४), पृ. ६० ।

३ महेन्द्र पौडेल, *मुक्तक एक परिचय,* **कालीको सुसेली,** (पर्वत : साहित्य सङ्गम, अङ्क २०, २०६४), पृ. ५८ ।

४ रमेश प्रभात, *चितवनका साहित्यिक कृतिहरूको अभिलेखाङ्कन,* **रामेश्वर पुस्तकालय स्मारिका,** (चितवन : रामेश्वर पुस्तकालय तथा वाचनालय, २०६४), पृ. १२५ ।

५ नारायणप्रसाद खनाल, *मोल-मनितोमा विमल दर्पणका हाइकु र एक अवलोकन,* **समीक्षाका आकारहरू,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. ४९ ।

(च) कपिल अज्ञातले आफ्नो लेखमा मुक्तकको व्युत्पत्तिदेखि लिएर मुक्तकसम्बन्धी पूर्वीय धारणा, नेपाली साहित्यमा भएको मुक्तक साहित्यको विकासका साथै मुक्तकको संरचनात्मक ढाँचा र विभिन्न विद्वान्हरूले मुक्तकसम्बन्धी परिभाषा समेत दिएका छन् ।[६]

(छ) नेपाली कविता भाग-४ मा मुक्तकसम्बन्धी लघुतम कवितारूप मुख्यत: मुक्तकका नाउँले संस्कृत र नेपाली भाषामा पनि प्रसिद्ध रहेको छ भन्दै कविताका मूल तत्त्व मुक्तकका पनि तत्त्व हुन्छ भनी यसको संरचनात्मक ढाँचाको पनि व्याख्या गरिएको छ साथै विभिन्न साहित्यकारहरूका परिभाषाहरू पनि दिइएको छ ।[७]

(ज) निरञ्जना काफ्ले आफ्नो शोधपत्रमा कपिल अज्ञातको प्रतिभा र व्यक्तित्वलाई उद्घाटित गर्ने क्रममा उनको मुक्तककार व्यक्तित्वको पनि परिचय दिँदै अनुभूतिका उमङ्ग मुक्तक सङ्ग्रहको पनि छोटो परिचय दिएकी छिन् ।[८]

(झ) केशवराज आमोदीले आफ्नो एउटा लेखमा मुक्तक शब्दको व्युत्पत्ति गर्दै पूर्वीय साहित्यमा यसको प्रयोग र पहिचानका सम्बन्धमा भएका टिपोटहरूको उल्लेख गरेका छन् । लेखमा उनले उर्दू-फारसी साहित्यमा मुक्तकको समकक्षी मानिएको रुवाईको सामान्य परिचय दिएर नेपाली मुक्तकमा यसको प्रभाव र विकासको सामान्य चर्चा गरेका छन् ।[९]

(ञ) श्रेष्ठ प्रिया पत्थरले आफ्नो लेखमा मुक्तकको परिचय दिँदै नेपाली साहित्यमा मुक्तकलाई धारिलो, चोटिलो, मार्मिक र घतलाग्दो साहित्यको चटनी मानिएको चर्चा गर्दै नेपाली साहित्यमा यसको विकासलाई पनि कोट्याउने प्रयास गरेकी छिन् ।[१०]

(ट) दीपक समीपले आफ्नो लेखमा मुक्तकसम्बन्धी पूर्वीय धारणाको सामान्य परिचय र मुक्तक सम्बन्धी नेपाली साहित्यको सिद्धान्त प्रस्तुत गर्दै नेपालीमा रुवाई ढाँचाको चतुष्पदीय मुक्तक भित्र्याउने काम २०१० सालमा भीमदर्शन रोकाले गरेका हुन् भन्ने जानकारी दिँदै त्यसलाई अगाडि बढाउने विभिन्न साहित्यकारहरूको नाम पनि उल्लेख गरेका छन् ।[११]

---

६ कपिल अज्ञात, *मुक्तक : एक परिचय, स्वरूप र परम्परा,* **समालोचना सन्दर्भ,** (चितवन : चितवन साहित्य परिषद्, २०५५), पृ. २५ ।

७ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग-४**, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. २८ ।

८ निरञ्जना काफ्ले, *कपिल अज्ञातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* (कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६५), पृ ५५ ।

९ केशवराज आमोदी, *सैद्धान्तिक विश्लेषणीयताको कसीमा जून फूलेको बस्ती,* **जून फूलेको बस्ती,** (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६), पृ (भू.) ।

१० श्रेष्ठ प्रिया पत्थर, *एक अञ्जुली घामभित्रका अञ्जुली,* **एक अञ्जुली घाम,** (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. (भू.) ।

११ दीपक समीप, *टुकीको उज्यालोले देखाएको उज्यालो,* **टुकीको उज्यालो,** (ले.: अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ (भू.) ।

(ठ) देवी पन्थीले आफ्नो लेखमा पूर्वीय साहित्यमा मुक्तकको सुरुवात र विकास व्यक्त गर्दै नेपाली साहित्यमा विभिन्न विद्वान्हरू सम्बन्धी मुक्तक परिभाषाहरू पनि व्यक्त गरेका छन् र विभिन्न साहित्यकारले गरेका मुक्तकको वर्गीकरण पनि प्रस्तुत गरेका छन् ।[१२]

(ड) ज्ञानुवाकर पौडेलले आफ्नो लेखमा मुक्तकलाई साहित्यको चटनी भन्दै मुक्तकको सामान्य परिचय दिने प्रयास गरेका छन् ।[१३]

(ढ) पूर्णप्रसाद दवाडीले आफ्नो शोधपत्रमा धनराजगिरीको व्यक्तित्व र कृतित्त्वको अध्ययन गर्ने क्रममा धनराजगिरीलाई मुक्तककारका रुपमा पनि चिनाउँदै मुक्तकको सामान्य परिचय दिई कविताको तत्त्वका आधारमा अर्थात मुक्तकसङ्ग्रहको अध्ययन गरेका छन् ।[१४]

(ण) इन्दिरा सापकोटाले आफ्नो शोधपत्रमा साहित्यकार केशवराज आमोदीको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन गर्ने क्रममा उनको मुक्तकसङ्ग्रह सत्ता-साधनको पनि अध्ययन गरेकी छिन् । यस शोध पत्रमा मुक्तकको सामान्य परिचय दिदै कविताकै तत्त्वका आधारमा मुक्तकको विश्लेषण गरेकी छिन् ।[१५]

(त) रामजी भट्टराईले आफ्नो शोधपत्रमा साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन गर्दा 'मुक्तक सङ्ग्रह' मुक्तकसङ्ग्रहको पनि कविताका तत्त्वलाई आधार मानी अध्ययन गरेका छन् र उनका मुक्तकहरु सैद्धान्तिक मान्यता भित्र नरही विचलनयुक्त रहेको कुरा व्यक्त गरेका छन् ।[१६]

मुक्तकका सन्दर्भमा विभिन्न समालोचक/साहित्यकारहरूले आफ्ना लेख रचनाद्वारा यसलाई माथि उठाई थप पहिचान दिने प्रयास गरेका छन् । यी सामग्रीहरू यस शोधपत्रका लागि सैद्धान्तिक र ऐतिहासिक अवधारणा निर्माण गर्न सहायक सिद्ध भए पनि चितवनकै सेरोफेरोमा आबद्ध भएर मुक्तकको अध्ययन नभएको वर्तमान अवस्थामा यहाँबाट प्रकाशित मुक्तक रचनाहरूको खोजी गरी थप जानकारी दिने र अध्ययन विश्लेषण गर्ने कार्य अधुरो

---

१२ देवी पन्थी, *मुक्तकमा पहारीका पीडा,* **परिवेशभित्रका पीडाहरू,** (ले. कृष्ण पहारी), (पाल्पा : पोखरा थोक साहित्य सङ्गम, २०६५), पृ. (भू.) ।

१३ ज्ञानुवार पौडेल, *परिवेशभित्रका पीडाहरू अन्तस्करणको सार्थक दस्तावेज हो,* **परिवेशभित्रका पीडाहरू,** (ले. कृष्ण पहारी), (पाल्पाली : पोखरा थोक सङ्गम, २०६५), पृ. (भू.) ।

१४ पूर्णप्रसाद दवाडी, **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६) पृ. ५४ ।

१५ इन्दिरा सापकोटा, **केशवराज भट्टराई आमोदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६१) पृ. ४४ ।

१६ रामजी भट्टराई, **साहित्यकार रामबाबु घिमिरेको जीवन, व्यक्तित्व र कृतित्व,** (चतिवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०६२ ) पृ. ११५ ।

नै रहेको हुँदा यस शोधपत्रमा चितवनबाट प्रकाशित पुस्तकाकार मुक्तक कृति र कृतिकारहरूको अध्ययन-विश्लेषण गरिएको छ । मुक्तक सङ्ग्रहहरूको खोजी गरी अन्वेषणका साथ लेखकका प्रवृत्तिगत विशेषताको अध्ययन र विश्लेषण गरी पूर्णता दिइएको छ ।

## १.५ शोधपत्रको औचित्य र महत्त्व

नेपाली मुक्तकको सैद्धान्तिक एवं वस्तुपरक रूपमा अध्ययन-अनुसन्धान भए पनि चितवन जिल्लाका मुक्तककारहरू र मुक्तक कृतिहरूको छुट्टै अध्ययन विश्लेषण भएको पाइँदैन । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित मुक्तक कृतिहरूको सामान्य परिचय र समीक्षाहरूले मात्र चितवन जिल्लाका मुक्तककार र मुक्तक साहित्यको अध्ययन अनुसन्धान हुन नसकेको सन्दर्भमा प्रतिनिधि मुक्तककार र तिनका प्रतिनिधि मुक्तकसङ्ग्रह/कृतिहरूको व्यवस्थित रूपमा अध्ययन गर्दै तिनको अनुसन्धान गर्दै तिनको योगदानलाई प्रस्तुत गर्नु यस शोधपत्रको औचित्य र महत्त्व रहेको छ । मुक्तकका बारेमा शोध गर्न चाहने शोधार्थीहरू, चितवनका प्रतिनिधि मुक्तककार र मुक्तकबारे बुझ्न चाहने आम पाठकहरूसमेत यसबाट लाभान्वित हुने आशा गरिएको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

नेपाली मुक्तकको विकासमा योगदान दिने यस जिल्लाका पत्रपत्रिका र साहित्यिक सङ्घसंस्थाहरूको नाम उल्लेख गर्नु, सिद्धान्तको परिचय र नेपाली मुक्तक साहित्यको विकासक्रम उल्लेख गर्दै नेपाली मुक्तक साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने चितवन जिल्लाका प्रतिनिधि मुक्तककारहरूको चयन गरी तिनीहरूको सामान्य परिचय दिई प्रतिनिधि मुक्तक सङ्ग्रहहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र रहेको छ । चितवन जिल्लाका प्रतिनिधि मुक्तककार र मुक्तकसङ्ग्रह कृतिका अध्ययन गर्दा २०६६ सालभित्र प्रकाशित र उपलब्ध मुक्तकसङ्ग्रह कृतिहरूको मात्र अध्ययन गर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनको क्रममा पुस्तकीय विधिद्वारा यस पक्षसँग सम्बन्धित आवश्यक पुस्तक एवं पत्रपत्रिकाहरूको अध्ययन, मनन र चिन्तन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । खासगरी निगमनात्मक विधिका आधारमा अध्ययन र विश्लेषण

तथा मूल्याङ्कन गरिएको छ । आवश्यकताअनुसार प्रवृत्तिगत अध्ययन तथा विवरणात्मक विधि पनि अवलम्बन गरिएको छ । शोधपत्र तयार गर्दा पुस्तकीय अध्ययन पद्धतिलाई मूल आधार बनाइएको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधपत्र लेखनको क्रममा सङ्कलन गरिएका सामग्रीहरूलाई विश्लेषण गरी जीवनीपरक व्यक्तित्वपरक र कृतित्त्वपरक अध्ययन पद्दति अपनाइएको छ । आवश्यकताअनुसार प्रश्नोत्तर र अन्तर्वार्ता पद्धतिलाई पनि अपनाइएको छ ।

## १.९ शोत्रपत्रको रूपरेखा

यस शोधपत्रलाई सङ्गठित, व्यवस्थित र सुनियोजित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारको रूपरेखा तयार गरिएको छ :

**परिच्छेद-एक : शोध परिचय**

यस मुख्य शीर्षकअन्तर्गत शोधशीर्षकको परिधिभित्र रही चितवनको मुक्तक साहित्यको स्थितिको सामान्य परिचय, शोधसमस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोत्रपत्रको औचित्य र महत्त्व, अध्ययनको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि र शोधविधि एवम् शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद-दुई : मुक्तक सिद्धान्तको परिचय**

यस मुख्य शीर्षकअन्तर्गत मुक्तक सिद्धान्तको परिचय, मुक्तकको व्युत्पत्ति र उद्भव, पूर्वीय साहित्य सिद्धान्तका दृष्टिमा मुक्तक, मुक्तक सम्बन्धी नेपाली सिद्धान्त, मुक्तकका आवश्यक तत्त्वहरू पनि अभिरेखाङ्कन गरिएको छ ।

**परिच्छेद-तीन : चितवन जिल्लाको सङ्क्षिप्त परिचय र नेपाली मुक्तक साहित्यको विकासक्रम**

यस शीर्षकअन्तर्गत भौगौलिक स्वरूप, जलसम्पदा, ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू, धर्म, जाति र भाषा, जनसङ्ख्या, शिक्षा र स्वास्थ्य, चितवन जिल्लाको साहित्य सृजनाको पृष्ठभूमि र परम्परा, नेपाली साहित्यमा मुक्तकको प्रवेश र विकासक्रम, नेपाली

मुक्तक परम्परा, मुक्तककार र पुस्तकयात्रा जस्ता उपशीर्षकहरू समावैश गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद-चार : चितवन जिल्लाका प्रतिनिधि मुक्तककारहरू र प्रकाशित मुक्तक कृतिहरूको विश्लेषण**

यस शीर्षकअन्तर्गत चितवनका प्रतिनिधि मुक्तककारहरू रामबाबु घिमिरे, केशवराज भट्टराई, धनराज गिरी, पुष्प अधिकारी र कपिल अज्ञातको सामान्य परिचय दिँदै यिनका प्रकाशित पुस्तकाकार कृति **मुक्तक सङ्ग्रह**, **सत्ता साधन**, **अर्थात्**, **जुन फूलेको बस्ती, एक अञ्जुली घाम** र **अनुभूतिका उमङ्ग** जस्ता पुस्तकहरूको मुक्तक तत्त्वका आधारमा अध्ययन र विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

**परिच्छेद-पाँच : उपसंहार**

यस परिच्छेदमा सबै परिच्छेदको निष्कर्ष र सम्पूर्ण अध्ययन र विश्लेषणको सङ्क्षिप्त निष्कर्ष निकाली शोधपत्रको निचोड प्रस्तुत गरिएको छ । यसरी शोधपत्रको पूर्वभाग र मध्यभागका साथै पश्चभागअन्तर्गत सन्दर्भसामग्रीसूची समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

## मुक्तक-सिद्धान्तको परिचय

### २.१ मुक्तक - सिद्धान्तको परिचय

जीवन र जगत्का अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अङ्गालिँदा प्रकट हुने कविता विधाको स्वयंमा पूर्ण रहने एकाइलाई मुख्यत: लघुतम कविता भनिन्छ । लघुतम कविता रूप मुख्यत: मुक्तकका नाउँले संस्कृत र नेपाली भाषामा पनि प्रसिद्ध रहेको छ । यो कविता विधाको उपविधा वा लघुतम रूप हो । मुक्तकको विस्तार पहिलाभन्दा पछिल्लो समयमा बढी भएको र लोकप्रिय बन्दै गएको पाइन्छ । मुक्तकमा भावको उचित विन्यास पाइन्छ । संरचनाका दृष्टिले लघुतम रूप भए पनि यसको सम्बन्ध गजल र फुटकर कवितासँग पनि रहेको देखिन्छ । मुक्तकले वैदिक संस्कृतकालदेखिको आफ्नो इतिहासलाई बोकेको छ । समय परिर्वतन हुँदै जाँदा यस उपविधाको आफ्ना संरचक तत्त्वहरूमा केही फरक देखिए पनि प्राय: सबैलाई कायम राखी अगाडिदेखि अहिलेसम्म निरन्तर अघि बढेको पाइन्छ । मुक्तक लोकप्रिय रूपमा स्थापित हुँदै अन्य साहित्यभन्दा पृथक र स्वतन्त्र अस्तित्व प्राप्त गर्दै अगाडि बढेको पाइन्छ । मुक्तकलाई नेपाली साहित्यिक जगत्ले पनि स्वीकार गरेर मुक्तक रचनाकारहरूको मनोबल बढाइदिएको छ । जति सानो भए पनि मुक्तकको आफ्नो संरचना हुन्छ । अति सङ्क्षिप्त स्थिति नै मुक्तकको परिचयात्मक लक्षण हो ।[१] धेरै साहित्यिक विज्ञहरूले मुक्तकलाई साहित्यको चटनी भन्ने गरेका छन् त्यसैले त मुक्तकमा थोरै शब्दमा अर्थपूर्ण र तार्किक ढङ्गले भावनाको सम्प्रेषण हुने गर्दछ । मुक्तकको अभिव्यक्ति चोटिलो, धारिलो, मार्मिक, तिख्खर र घतलाग्दो हुन्छ ।[२] कविता विधाको अति सङ्क्षिप्त रूप यसमा जीवन र जगत्का विविध वस्तुतथ्यप्रति कविहृदयमा उत्पन्न अनुभूतिका सूक्ष्म तर तेजिला झौँक्काहरू प्रस्तुत हुने गर्दछन् ।

---

१ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. ४१ ।

२ खगेन्द्र गिरी, *कोपिला फुलको बस्तीमा जूनलाई निम्तो,* **जून फूलेको बस्ती,** (ले. पुष्प अधिकारी अञ्जली) (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) पृ. (भू.)।

## २.२ मुक्तकको व्युत्पत्ति/उद्भव

वैदिककालको संस्कृत भाषामा मुक्तकको सूक्ष्म वा प्रारम्भिक रूप प्रचलित वेदका सूत्रहरू हुनसक्ने अनुमान गर्न सकिन्छ । विश्व साहित्य परम्परामा कैयौँ शताब्दीसम्म कविता र साहित्य पर्यायवाची शब्दका रूपमा व्यवहृत भइआएको तथ्य सर्वविदितै छ त्यही कविताका विविध रूपहरूमध्ये सबैभन्दा सानो रूपलाई मुक्तक भनिन्छ । मुक्तकको अर्थलाई विभिन्न विद्वान्हरूले विभिन्न किसिमले विश्लेषण गर्ने प्रयास गरेका छन् । मुक्तक संस्कृत शब्द हो । संस्कृत व्याकरणकारले यसको अर्थ त्याग्नु, मुक्त गर्नु, फ्याँकनु आदि लगाएका छन् । मुक्तक एकप्रकारको स्वतन्त्र फुटकर लघु कविता हो, जसमा समासको प्रयोग कम भएका शब्दावलीहरूको प्रयोग पाइन्छ ।[३] मुक्तक शब्दको साहित्यिक सुगन्ध संस्कृत काव्यपरम्परामा सर्वप्रथम भएको पाइन्छ । 'मुक्त' शब्दमा 'क' प्रत्ययको योग भएर 'मुक्तक' शब्दको व्यूत्पत्ति गरिँदा यसलाई प्रबन्धविधानरहित सानो आकृतिको आफैँमा परिपूर्ण काव्यात्मक अभिव्यक्ति भन्ने ठानिन्छ । पश्चिमी कवितापरम्परामा कवितालाई लघु र दीर्घ गरी दुई वर्गमा विभाजन गरिएको र लघु कविताभित्र निकै साना कवितात्मक अभिव्यक्ति पनि समेटिएको भेटिए पनि मुक्तक जस्तो लघुतम कविता रूपलाई अलग बनाएर वर्गीकृत तथा परिभाषित गरिएको पाइँदैन । यस परिप्रेक्ष्यमा मुक्तक लगायत लघुतम कविताको सैद्धान्तिक चिनारी पाउन प्रथमतः संस्कृत कविताका सृजना र चिन्तनका परम्परातर्फ नै दृष्टि दिनुपर्ने हुन्छ ।

मुक्तकको थालनी कहाँबाट र कहिले भयो भन्ने सन्दर्भमा चर्चा गर्दा वैदिककालमा प्रचलित मुक्तकहरूसम्म पुग्न सकिन्छ । मुक्तक एकै पद्य श्लोकमा पूर्ण हुन्छ भने क्रमशः दुई, तीन, चार, पाँच र त्यसभन्दा बढी पद्यमा वाक्य-व्यवस्था पूर्ण हुने पद्यात्मक अभिव्यक्तिविशेषलाई चाहिँ क्रमशः युग्मक विशेषक, कलात्मक र कुशल आदि संज्ञा दिइएको छ ।[४] यसबाट के स्पष्ट हुन्छ भने एउटै मुक्तक वा स्वतन्त्र पद्य वा लयसङ्गठनबाटै कवितात्मक अभिव्यक्ति पूर्ण भएको स्थिति नै मुक्तक पद्य हो । एउटै अभिव्यक्ति पनि भाव विस्तारका कारणले पाँच वा पाँचभन्दा बढी नौ श्लोकसम्म विस्तारित भएमा चाहिँ युग्मकदेखि कुलकसम्म वा रत्नावलीसम्म हुन पुग्छन् । वस्तुतः यिनीहरू मुक्तक (अतिमुक्तता) का विस्तारित मुक्त रूप ठहर्छन् ।

---

३ देवी पन्थी, *मुक्तकमा पहारी पीडा,* **परिवेशभित्रका पीडाहरू** (ले. कृष्ण पहारी), (पाल्पा : पोखराथोक साहित्य सङ्गम, २०६५), पृ. (भू.)।

४ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.) **नेपाली कविता भाग-४,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृष्ठ २८-३० ।

सामान्यतया मुक्तक भन्नाले परस्पर सन्दर्भनिरपेक्ष रहेका कविता, गीत, गजल जस्तो सबै लघुरूप पनि पर्न सक्छन् । वास्तवमा विशेष रूपमा लिदा भने सबैभन्दा सानो, सूक्तिमय, साङ्केतिक र प्रगीतात्मक हुनुका साथै एक आवृत्तिमा भाव सम्प्रेषित गर्न सक्ने लोकप्रिय कवितामय अभिव्यक्ति मात्र मुक्तक हो । मुक्तकलाई अग्निपुराणमा चाहिँ सहृदयलाई चमत्कृत पार्ने रचनाको लघुतम रूप भनी उल्लेख गरेको पाइन्छ । श्रव्य-काव्यको लक्षणअनुसार अन्य श्लोकसँग असम्बद्ध रहेर स्वतन्त्र रूपमा पाठकहरूलाई यथेस्ट रसास्वादन गराउने रचना नै मुक्तक हो भनेर अभिनव गुप्तले स्वीकारेका छन् । कतिपय काव्यसिद्धान्तमा पूर्वापर सम्बन्धबिनाको चमत्कारपूर्ण रसास्वादन गराउने एक श्लोकी कवितालाई मुक्तक, दुई श्लोकी कवितालाई सन्दानिक वा युग्मक, तीन श्लोकी कवितालाई विशेषक, चार श्लोकी कवितालाई कलापक र सोभन्दा बढी सङ्ख्या भएको कवितालाई कुलक भनी विभाजन गरेको पनि पाइन्छ ।[५]

आधुनिक नेपाली कविताको मुक्तक साहित्यमा खास गरी उमरखैयामका मुक्तकहरूको लोकप्रिय प्रभावले गर्दा नेपाली मुक्तकको रूपमा पनि परिवर्तन भएको पाइन्छ । फारसी र हिन्दीमा प्रचलित सवाई र सायरी प्रशस्त लोकप्रिय रहेका छन् र यसैको प्रभाव नेपाली मुक्तकमा पनि परेको देखिन्छ । चतुष्पदी रचनामा प्रसिद्ध पहिलो, दोस्रो र चौथो पाउमा अन्त्यानुप्रास मिलाइएको र तेस्रो पाउ स्वतन्त्र रहेको समसामायिक मुक्तक मूलतः रूवाई र सायरीकै ढाँचामा लेखिएका छन् । समकालीन सन्दर्भमा मुक्तक भन्नाले कविताको त्यो स्वतन्त्र रूपलाई चिनिन्छ जुन पूर्ण, स्वतन्त्र र सङ्क्षिप्त हुन्छ । प्रारम्भमा चार हरफसम्मको मात्र मानिए पनि हाल आएर दुईभन्दा माथि सात हरफसम्मको काव्यात्मक रूपलाई मुक्तक मानेको पाइन्छ । हृदयमा च्वास्स घोच्ने, अनुभूतिका झिल्काका रूपमा तत्काल जन्मेर तत्काल अन्त्य हुने, एकै झङ्कामा जीवनका समग्र अनुभवपुञ्जहरूलाई व्यक्त गर्ने मितव्ययी सूत्रात्मक भावकथन नै मुक्तक हो भन्न सकिन्छ ।[६]

मुक्तकलगायत लघुतम कवितामा जगत् र जीवनका अवलोकन, अनुभव वा सोचाइका एक क्षण दुइ-चार लहर वा छेस्कामा स्फुरण भई उन्मेषतुल्य अति सङ्क्षिप्त र तीव्र गतिमा प्रकट हुने गर्दछ । एक क्षण वा निमेषको कुनै अनुभूतिका केही केस्राको निकै छोटो कवितात्मक प्रस्तुति मुक्तक हुन्छ, त्यसैले यसमा कवितात्मक अनुभूति वा सोचाइको एक स्वाद प्रकट हुन्छ । यसलाई खास कुनै भाव वा विचारको एक स्वस्फूर्त अभिव्यक्तिको झुल्को पनि भन्न सकिन्छ । यो झिलिक्क बिजुली चम्केझैँ वा झ्वार्र सलाइ कोरेझैं

५ केशवराज आमोदी, *सैद्धान्तिक विश्लेषणीयताको कसीमा जून फूलेको बस्ती,* **जून फूलेको बस्ती,** (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६), पृ. (भू.)।

६ महेन्द्र पौडेल, *मुक्तक एक परिचय,* **कालीको सुसेली** (पर्वत : पर्वत साहित्य सङ्गम, २०६४), अङ्कः २०, पृष्ठः ५९ ।

जग्मगिने एक अनुभूति झमट हो ।[७] यो सियोको एक डोबजस्तै एक साथ च्वास्स बिझ्ने र बोधक हुन्छ । मुक्तक सङ्क्षिप्त, मितव्ययी, चोटिलो र सुगन्धात्मक भावयुक्त कथन हो, यसमा भाव विस्तार अपेक्षित रहन्न कुनै कथ्यविषयवस्तु वा भाव व्यक्त हुँदा त्यसले केही ताक्छ र हनाइको आधार बनाउँछ ।

मूलभाव प्रसङ्गमुक्त हुनुका साथै केन्द्रविन्दुमा नै अड्नु र स्वयम्मा अर्थपूर्ण हुनु मुक्तकको स्वभाव हो । मुक्तक चक्रात्मक नभएर वर्तुल हुन्छ अनि अभिव्यक्तिगत चयन विशिष्टतापूर्वक गर्नुपर्ने अनिवार्यता हुन्छ । मुक्तकलाई परिभाषित गर्ने क्रममा संस्कृतमा (पूर्वापर निरपेक्षयादपि येन रस चर्वण क्रियते तन्मुक्तकम्) पूर्वापर प्रसङ्गबिनाको काव्य संरचना नै मुक्तक हो भनी एकै श्लोकमा चमत्कारपूर्ण अभिव्यक्ति हुने कुरा उल्लेख गरिएको छ । मुक्तकका श्लोकहरूको चमत्कारी अभिव्यक्ति क्षमता)लाई हेर्दा कविता ढाँचाको एक आवृत्ति जो आफैँमा पूर्ण र स्वतन्त्र हुन्छ, त्यसलाई नै मुक्तक भन्ने प्रचलन रहिआएको पाइन्छ । हरेक समारोह, गोष्ठी र पत्रपत्रिकामा मुक्तकको उपस्थिति अनिवार्य जस्तै रहेको पाइन्छ । मुक्तकको मूल्य र मान्यता आज पनि उही छ तर लोकप्रियताका हिसाबले आज यसको ठाउँ विस्तारै गजलगायतले लिन थालेका छन् । मुक्तकको लयात्मक सौन्दर्य र गेयात्मक शैली कविताको भन्दा भिन्दै हुन्छ । भावको फैलावटसँगै कविता विस्तारित हुँदै जान्छ भने मुक्तकको संरचना पक्ष सीमित पदको प्रयोग निश्चित गरिएको छ ।[८] मुक्तक अनुप्रासरहित र अनुप्रासयुक्त समविषम दुवै ढाँचामा हुन्छ यसको तन्काइ स्वतन्त्र स्वायत्वपूर्ण र अर्थपूर्ण हुने गर्दछ ।

मुक्तकमा पद्यात्मक लय छन्दविधाअन्तर्गत निर्माण हुन्छ । यस विधिअन्तर्गत पदको व्यवस्था अनिवार्य हुन्छ साथै चतुपदीय मुक्तकमा पाइने अनुप्रासले पाठकलाई मोहित पार्दछ । केही प्रसिद्ध समालोचकहरूले दिएका मुक्तकको परिभाषाहरूले पनि मुक्तकको संरचना र परिचयलाई खुलाएका छन् ।

हिन्दी साहित्यका समालोचक रामचन्द्र शुक्लाले मुक्तकमा पाठकलाई मग्न बनाउने छिटा हुन्छ, यसले श्रोता वा पाठकलाई एक क्षणका लागि मात्र भए पनि मन्त्रमुग्ध बनाउँछ भन्ने आफ्नो धारणा व्यक्त गरेका छन् ।[९] त्यस्तै कृष्णप्रसाद पराजुलीले मुक्तक कविताको सबैभन्दा सानो एकाइ हो, यो सामान्यतः दुई देखि चार हरफमा सीमित हुन्छ भनेका छन् ।[१०] यसरी मुक्तकको परिभाषा दिने क्रममा मोहनराज शर्माले मुक्तक भाषाको लघुतम

---

७ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग-४**, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. ५९ ।

८ देवी पन्थी, *मुक्तकमा पहारीका पीडा,* **परिवेशभित्रका पीडाहरू,** (ले. कृष्ण पहारी), (पाल्पा : पोखराचोक साहित्य सङ्गम, पोखराचोक, २०६५), पृ. (भू.)।

९ ऐजन ।

१० ऐजन ।

काव्यात्मक संरचना हो भन्दै लघुतम भए पनि स्वयम्मा पूर्ण र स्वायत्त एकाइका रूपमा मुक्तकलाई मानेका छन् ।[११] वासुदेव त्रिपाठीले कविताका पाँच उपभेदमध्ये लघुतम संरचना भएको सानो कथ्य, भाव, विम्ब वा रूप एकलयात्मक ढाँचामा प्रस्फूटित भएको लघु प्रङ्क्तिपुञ्ज, श्लोक वा अनुच्छेद नै मुक्तक हो भन्ने धारणा प्रस्तुत गरेका छन् ।[१२] देवी पन्थीले नेपाली मुक्तक उमर खैय्यामका रुवाईको नक्कल हो । संस्कृतबाट प्रभावित मुक्तक द्विपदीय र रुवाईबाट प्रभावित मुक्तक चतुस्पदीय हुन्छन्[१३] भनी मुक्तकको संरचनात्मक ढाँचा समेत प्रस्ट पार्न खोजेका छन् ।

मुक्तक जति नै छोटो भए पनि यसले आफ्नै परिचय र संरचना बनाएको छ । यसमा कुनै अनुभव वा केही लहर थाहै नपाएझैं झल्किई प्रायः दुई-चार लहर प्रकट हुनासाथ मुक्तक समाप्त वा पूर्ण भइसक्ने विशेषता रहेको छ । यसमा अनुभव र सोचाइको अभिव्यक्तिगत आयाम पनि निकै छरितो र अति छोटो हुन्छ साथै त्यो अभिव्यक्ति थाहै नपाई थालिई पूरा भइसक्छ । मुक्तकको कथ्य-भावले, अन्तराख्यान वा आख्यान बीजको अलिकति आभास पनि दिन सक्छ । यसरी हेर्दा छोटो तर आफैंमा पूर्ण अनुभूतिहरू र भावनाहरूको चोटिलो साथै सूत्रात्मक कथन नै मुक्तक हो जसको पहिचान तुकबन्दीयुक्त र चतुष्पदीय रहनुमा नै पाइन्छ ।

## २.३ मुक्तकका आवश्यक तत्त्वहरू

मुक्तकको रचना विभिन्न संरचक घटकहरूको मेलमिलापबाट हुन्छ । घटकहरूलाई सन्तुलित र कलात्मक योग गराएर नै मुक्तक बन्दछ । मुक्तक कविताको लघुतम रूप वा काव्यको एक हाँगाका रूपमा सशक्त र सर्वश्रेष्ठ काव्यका रूपमा विस्तारित हुँदै आएको केही साहित्यकारहरूको तर्क पाइन्छ । मुक्तक चोटिलो, स्वादिलो र सङ्क्षिप्त रचना विशेष हो भन्ने सम्बन्धमा धेरै साहित्यकार सहमत छन् । मुक्तक चार चरणमा पूरा गरिन्छ तापनि गद्यलयको विकास भए यता सात चरणसम्म फैलिएको पाइन्छ ।[१४]

---

११ ऐजन ।
१२ ऐजन ।
१३ ऐजन ।
१४ नारायणप्रसाद खनाल, *मोल मनितोमा विमल दर्पणका हाइकु : एक अवलोकन,* **समीक्षाका आकारहरू,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. ४९ ।

मुक्तकको खास पहिचान चतुष्पदी हुनुमा नै छ ।[१५] नेपाली साहित्यमा विधागत दृष्टिले मुक्तकको छुट्टै विश्लेषण र विवेचना हुन नसके पनि स्वरूप र संरचनाका दृष्टिले फुटकर कविताभन्दा भिन्न अस्तित्वका रूपमा स्वीकार गरिएको पाइन्छ । यो नयाँ-नयाँ प्रयोग र स्वरूपहरूमा जति परिवर्तित हुँदै गए पनि नितान्त नौलो विधा चाहिँ होइन । मुक्तकको संरचनात्मक पक्षलाई परिचयात्मक रूपमा प्रस्तुत गर्ने प्रयास केही मात्रामा भए पनि समग्रमा यसका तत्त्वहरूको अनुशीलन गरेर लेखिएका नेपाली लेखकका कुनै फुटकर लेख तथा समालोचनाहरू पर्याप्त मात्रामा अहिलेसम्म देखिएका छैनन् । यसलाई केही उर्जा दिने काम त्रिभुवन विश्वविद्यालयअन्तर्गतका केही शोधार्थीहरूले आफ्नो अध्ययन एवं सिर्जनाका क्रममा गरेका भए पनि निश्चित तत्त्व उल्लेख गर्न सकेका छैनन् । यसलाई केही हदसम्म बाटो देखाउने काम कपिल अज्ञातले पनि गरेका छन् तर उनी पनि संरचना र भाषाशैलीमा मात्र सीमित रहेका छन् र मुक्तकका तत्त्वलाई किटेर प्रस्तुत गरेका छैनन् । मुक्तक संरचनामा बाह्य पक्षसँग सम्बन्धित बुँदाहरूलाई नै मुक्तकका तत्त्व भन्ने हो भने कविताका श्लोक वा पङ्क्तियोजनाहरूसमेत कविताकै प्रमुख तत्त्वका रूपमा समावेश गर्नुपर्ने हुन्छ । फारसीको रूवाइयात, उर्दूको सवाइ, हिन्दीको चतुस्पदी आदिबाट प्रभावित हुँदै सँगसँगै हुर्केर बढेर नेपाली साहित्यमा फैलिएको मुक्तकको आफ्नै परम्परा र महत्त्व रहेको पाइन्छ । मुक्तकको संरचना सिद्धान्त र शैलीका दृष्टिले निर्दिष्ट यसका तत्त्वहरू र निश्चित सीमारेखा हुनु आवश्यक देखिन्छ । विभिन्न विद्वान्हरूका विभिन्न भनाइहरूबाट मुक्तकका लक्षणहरू भने प्रष्ट रूपमा देखापरेका छन् । ती निम्नलिखित रहेका छन् :

(क) छोटो छरितो हुन्छ ।

(ख) यसमा पूर्वापर प्रसङ्ग आएको हुँदैन ।

(ग) यो एक श्लोकी वा प्रभावकारी हुन्छ ।

(घ) यसमा चोटिलो र प्रभावकारी भाषिक अभिव्यक्ति हुन्छ ।

(ङ) यसमा लयबद्ध लघुतम भाषिक अभिव्यक्ति हुन्छ ।

(च) प्राय: मुक्तकको अन्तिम हरफमा उत्कर्ष विन्दु हुन्छ ।

(छ) यसैभित्र विषयवस्तुको उठान, विस्तार र समापन गरिन्छ ।

---

१५ ऐजन ।

प्राथमिक कालदेखि नै नेपाली साहित्यमा मुक्तकको सुगन्ध देखिए पनि यो माध्यमिककालीन कविताहरूसँगै भित्रिएको र मौलाएको अनेक साहित्यिक विधामध्ये एक छुट्टै पहिचान भएको स्वतन्त्र काव्यविधा हो । फारसी साहित्यमा गजलझैं रूवाई सुन्ने र सुनाउने चलन बढ्दै जाँदा उमर खैयामले रूवाईका उत्कृष्ट कृतिहरू रचना गरेर उनी मुक्तक कविता फाँटका आकर्षणका पात्र बनेका थिए । युवावर्गमा लोकप्रिय हिन्दी चतुष्पदीलाई त्यसैताका प्रसिद्ध अङ्ग्रेजी कवि फिट जेराल्डले उमर खैयामको 'रूवाईयात अफ उमर खैय्याम' भन्ने पुस्तक विशुद्ध रूवाई शैलीमा अनुवाद गरेर त्यो बेलाको रूवाईयात शैलीलाई अझै विकसित बनाउन हौसला प्रदान गरेका थिए । यो समय रूवाईको उन्नति गर्ने अति राम्रो क्षण बनेको थियो ।

मुक्तकमा पहिलो, दोस्रो र चौथो पाउमा काफिया रदिफ मिलाउनु पर्छ । तेस्रो पाउले स्वतन्त्रतापूर्वक भन्न खोजिएको कुरालाई सङ्केत गर्दै चौथो पाउले अन्त्य गर्नु पर्छ । अरबी, फारसी रूवाईयातको पनि यस्तै विशेषता रहेको हुन्छ । यही कलाले उर्दूको 'सवाई' र हिन्दीको चतुष्पदी हुँदै स्पष्ट रूपमा नेपाली मुक्तक साहित्यलाई राम्रो प्रभाव पारेको छ । अहिलेका नेपाली साहित्यमा आधुनिक रूप धारण गरी मौलाएका प्रभावकारी मुक्तकहरू फारसीको रुवाईयात कलाबाट विशेष प्रभावित छन् । समकालीन नेपाली काव्य जगत्मा मुक्तक निकै चर्चित रहेको छ । हाइकु, रोइला, ताङ्का, छोक, अणु कविता पनि आ-आफ्ना प्रकारका मुक्तक नै हुन् । मुक्तक लगायत कविताका सबै लघुतम रूपहरूले अङ्गाल्ने तत्त्वहरू पनि प्राय: कविताका रूपले अङ्गाल्ने तत्त्वहरू सरह नै हुन्छन् तापनि कथ्य विषयवस्तु तथा भाव र लयढाँचा एवम् कथनसमय तथा भाषिक संरचनाको अति सङ्क्षिप्त स्थिति नै मुक्तकको परिचयात्मक लक्षण हो[१६] भनेर सबै कविताका मुख्य तत्त्वहरू प्राय: एकै किसिमका रहने कुरातर्फ साहित्यकारहरूले इसारा गरेका छन् ।

कविताको विधागत भेदअन्तर्गत पर्ने मुक्तकका संरचक घटकहरूको सन्तुलित मेलबाट मुक्तक बन्दछ । यसरी मुक्तकको आफ्नै निजी तत्त्व भनेर कतै किटान नगरिएको भए पनि मुक्तक कविताकै लघुरूप भएका कारण कविताका विधागत भेदअन्तर्गतका मुक्तकदेखि महाकाव्यसम्मका रूपलाई समेट्नेगरी तत्त्व निर्धारण गरिएको पाइन्छ । तसर्थ मुक्तकका तत्वहरू पनि कविताकै तत्त्व हुन् । कविताका विधागत भेद मुक्तक र फुटकर

१६ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), *कविताका घटक तत्त्वहरू पहिचान,* **नेपाली कविता भाग-४**, चौ.सं. (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. १७ ।

कवितादेखि खण्डकाव्य, महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक वा तत्त्व क्रमशः शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य तथा भावविधान, बिम्वविधान तथा अलङ्कार, व्यञ्जना र विधागत स्वरूप तथा आयाम देखापर्दछन् ।

(क) शीर्षक

शीर्षक जुनसुकै विधा वा कृतिको महत्त्वपूर्ण तत्त्व मानिन्छ । शीर्षकले कृतिको नामकरण मात्र नभई कृतिभित्रका सारभूत तत्त्वको भावलाई समेत सङ्केत गरेको हुन्छ । कृतिमा उपस्थित भावानुभूतिको सूचना दिँदै शीर्षकले समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ तर खास दृष्टिकोण नभएका सामान्यीकृत शीर्षकमा त्यो सामर्थ्य हुँदैन । शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति नै नमिल्नु चाहिँ विडम्बना नै हुनपुग्छ, त्यसबाट निस्कने विरोधाभास र व्यङ्ग्यात्मक अभिव्यक्ति पनि शीर्षकीय प्रत्याशा अनुरूप विफल नै रहन्छ ।'[१७] मुक्तकका सन्दर्भमा कतिपय मुक्तकहरू 'मुक्तक' शीर्षकमा नै रचिएको पाइन्छ भने प्रायः मुक्तकहरूमा शीर्षक दिएर लेख्ने चलन देखिन्छ । कुनै-कुनै मुक्तक भने शीर्षकबिना त्यसको तीर कता हो भनी ठम्याउन कठिन हुने प्रकृतिका हुन्छन् । त्यस्ता मुक्तकमा शीर्षक अनिवार्य ठानिन्छ तर अन्त्यानुप्रासले नै केन्द्रीय भाव झुल्काउने मुक्तकमा शीर्षक राख्नु अनिवार्य देखिँदैन ।

(ख) संरचना

मुक्तक मितव्ययी संरचना हो । संरचनात्मक रूपमा यसका हरेक पङ्क्तिहरू क्रमशः समान वा एकपछि अर्को सशक्त बन्दै जानुपर्छ भन्ने गरिन्छ । पहिलो हरफले झ्वाम्म छोओस्, दोस्रो हरफ त्यो भन्दा माथि पुगोस् तेस्रो झन् माथि र चौथो सर्वोच्च शिखर चुम्न सफल होस् भन्ने इरादा मुक्तकमा राखिन्छ । यदि एकपछि अर्को पङ्क्ति शिथिल बन्दै गयो भने मुक्तकीय प्रभाव क्षीण बन्छ । संरचनात्मक विन्यासले लघुतम कविता र मुक्तकलाई छुट्याउँछ । यस दृष्टिले हालको स्थितिमा अनुभूतिको एक झिल्का भन्दैमा त्यो मुक्तक हो भन्ने अवस्था हुँदैन । छोटोमीठो तारतम्य मिलाई अनुभूतिलाई लयात्मक अनुप्रास मिलाई छरितो

१७ ऐजन ।

रूपमा अत्यन्त संयमितता, गम्भीरता र तीव्रताका साथ मुक्तकलाई प्रस्तुत गरिन्छ । मुक्तकले अङ्गाल्ने र अन्य कविताले अङ्गाल्ने तत्त्वहरू प्रायः समान हुन्छन् तापनि कथ्यविषय, लयढाँचा, कथनसमय तथा भाषिक संरचना अत्यन्त सङ्क्षिप्त हुनु नै यसको पहिचान र विशिष्टता हो ।[१८] व्यङ्ग्यपूर्ण प्रहारबाट यो निकै स्वादिलो, प्रभावपूर्ण अभिव्यक्तिको रूपमा लोकप्रिय हुँदै आएको छ । दुई पङ्क्ति नै कविताको न्यूनतम संरचना हो । मुक्तक अधिकतम चार पङ्क्तिको हुने भए पनि कतै दुई, कतै चार, कतै छ, कतै आठ पङ्क्तिसम्म भएका भेटिन्छन् । गद्य लयमा मुक्तक लेखन कार्यको शुरुवात भएपछि मुक्तकको आयममा विविधता र विस्तार देखिन थालेको हो । 'मुक्तकका अधिकांश संरचना चतुष्पदी नै देखापर्छन् ।[१९] अत्यधिक तन्किँदा मुक्तकपन अल्मलिएर दुर्बल भई गद्य कविताबाटै मुक्तकलाई छुट्याउन कठिन पर्दछ । मोहनराज शर्माका अनुसार नेपाली सबै कविताहरूमा प्रायः तीन किसिमका संरचनाहरू पाइन्छन् । ती आख्यानात्मक, नाटकीय र प्रतीकात्मक रहेका छन् ।

मुक्तकको संरचनात्मक स्वरूप भने प्रतीकात्मक हुन्छ । कवितामा केन्द्रीय भाव वा विचारको विकास पुनरावृत्तिद्वारा गरिन्छ । त्यसलाई वर्तुल संरचना भनिन्छ ।[२०] मुक्तक पनि वर्तुल शैलीमा संरचित हुन्छ र व्याख्यात्मकताको विपरीत सूत्रात्मकता हुन्छ । सूत्रात्मकताको फलस्वरूप यसमा थोरैमा धेरै भन्ने, कसिलो भएर पनि रसिलो हुने र अल्प भएर तिखो हुने विशिष्टता उत्पन्न भएको देखिन्छ ।[२१] मुक्तक स्वयम्मा पूर्ण रचना हो यसर्थ मुक्तक चार पङ्क्ति गण, यति, गति आदिका निश्चित संरचनामा राखिन्छ । मुक्तकका हरेक हरफ र पङ्क्तिहरू निश्चित नियममा आबद्ध हुन्छन् । मुक्तकमा पहिलो र दोस्रो पङ्क्ति स्वतः अनुप्रासयुक्त हुन्छ, चौथो पङ्क्तिमा पनि अनुप्रास मिलाउनुपर्छ र तेस्रो पङ्क्तिलाई संरचना तहबाट मुक्त वा स्वतन्त्रसँग छाड्नुपर्छ । यसरी मिलाइएको भावमा सघनता भएका चतुष्पदीय ढाँचाका मुक्तक नै बढी लोकप्रिय बनेका छन् ।

---

१८ कपिल अज्ञात, **समालोचनाको सन्दर्भ**, पूर्ववत्, पृ. २७ ।

१९ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४**, पूर्ववत्, पृ. १९ ।

२० मोहनराज शर्मा, *लघुतम नेपाली कविता,* **समसामायिक मुक्तक,** (काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३६), पृ. ६ ।

२१ पूर्ववत्, पृ. २० ।

(ग) लयविधान

कविता विधाको मुख्य विधागत परिचयात्मक स्वरूप तत्त्व लयविधान नै हो । यो लयविधान प्रथमतः भाषिक स्वर-व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो । कविता कृतिका संरचनागत स्वरूप निर्माण गर्न पाउ/चरण वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ, यो पङ्क्तिविधान लयात्मक एकाइ हो ।'[२२] मुक्तकमा अनुभूतिहरूलाई छोटोमा मीठो, प्रभावपूर्ण र चोटिलो बनाउनुपर्ने हुँदा लयात्मक अनुप्रासयुक्त बनाई तत्त्वको तारतम्य अत्यन्तै संयमितता, गम्भिरता र तीव्रताका मिलाई प्रस्तुत गरिन्छ । लयविधानको उपयुक्त चयनबाट नै मुक्तक श्रुतिरम्य बन्न पुग्दछ । कविता विधाको सन्दर्भमा भाषाशैलीले बाह्य संरचना हुँदै आन्तरिक संरचनाका क्रममा भावविम्बसँगै लयविधानलाई भाषिक विकल्पका एक सीमाभित्रबाट लयात्मक श्रुतिरम्य शब्दहरू चयन गर्नु खास गरी छन्दोबद्ध कवितामा चुनौतीपूर्ण नै रहने गर्दछ ।[२३]

(घ) भाषाशैली

जुन अर्थको कथन कविताकृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यङ्ग्यात्मक र लयात्मक भाषा कवितामा छनोट हुनुपर्छ । वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधान समेत भाषाशैलीबाट नै सृजित हुने कुरा हो ।[२४] यसरी भाषाशैली तिख्खर हुँदा भाषा अभिधार्थभन्दा पर लाक्षणिक अर्थ वा व्याञ्जनार्थक समेत बन्न पुग्दछ र कविताको वास्तविक भाव झल्काउन सफल हुन्छ । भाषिक विचलनबाट पनि मुक्तकमा थप भावसघनता ल्याउन सकिन्छ । कविताको भाषाशैली बढी व्यञ्जकपूर्ण, लालित्य र लयात्मक हुनुपर्छ ।

(ङ) कथनपद्धति

कवितामा मूलतः आत्मालाप र मनोलाप गर्ने लयात्मक कथनकला प्रबल रूपमा रहेको पाइन्छ तापनि मनोलापमा मनोगुञ्जनलाई अभिव्यक्त गर्ने श्रुतिरम्य

२२ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), ***नेपाली कविता भाग ४,*** पूर्ववत्, पृ. १८ ।
२३ पूर्ववत्, पृ. १९ ।
२४ ऐजन ।

कथन अपेक्षित नै हुन्छ । कथनकौशलका रूपमा उच्चारणमा गद्यात्मकता र श्रुतिमाधुर्यता रहनुपर्ने हुँदा कथनपद्धति कविताको एक महत्त्वपूर्ण तत्त्व हो जसले कविताकथन गर्दछ । कवि आफैँ सिधै कुनै कविताको कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो र कविले आफ्नै वस्तुपरक वा आत्मपरक कथ्य आफैं गुनगुनाउँदा पनि अप्रत्यक्षत: कसैप्रति सम्बोधित गरी भन्दछ भने यो कथन खास गरी तृतीय वा प्रथमपुरुषमा कहिलेकाहि द्वितीयपुरुषमा पनि कथित वा आत्मालापित हुन सक्छ ।[२५] मुक्तकमा श्रुतिमाधुर्यले भरिएको गेयात्मक कथनलाई नै प्रमुख स्थान दिइएको पाइन्छ । मुक्तक लोकप्रिय हुनुमा कथनपद्धतिको मुख्य भूमिका रहेको हुन्छ साथै चोटिला कथनले पाठकवर्गलाई पढ्नमा हौसला दिन्छ ।

(च) केन्द्रीय भाव र विचार

जीवनजगत्को समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा अटाउँछ । पूरै प्रकृति, जीव र जगत्, मावनीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभवपुञ्ज भावराशिको कथन कवितामा आउँछ । कविता रचना गर्दा जीवनजगत्का कथ्य सामग्री र सन्दर्भको सेरोफेरोलाई समातेर विधागत र अन्तर्विधागत बाह्य-आन्तरिक संरचनात्मक कथन पद्धतिमार्फत भाषालाई लयात्मक, कलात्मक र भावात्मक परिपाकमा परिणत गरी सिर्जना गर्ने गरिन्छ ।[२६] जुनसुकै कविताको पनि चुरो केन्द्रीय कथ्यमा वा भावविचारमा नै निहित हुन्छ । भावमय, रागमय र कलात्मक स्वरूपमा रूपान्तरण हुँदा कविताको भावविधान वृत्तात्मक, चक्रात्मक, नागवेलीदार वा अन्य किसिमको पनि हुन सक्ने कुरा बताइएको पाइन्छ ।[२७]

(छ) विम्बविधान तथा अलङ्कारविधान

कुनै पनि कृतिमा केन्द्रीय कथ्यको अर्थमा सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्व नै हो । कवितामा जीवनजगत्का

२५ पूर्ववत्, पृ. १९ ।
२६ पूर्ववत्, पृ. २० ।
२७ पूर्ववत्, पृ. २० ।

विविध सन्दर्भ र सामग्रीबाट बिम्वविधान बन्न सक्छ । अर्थालङ्कार कविताका सौन्दर्य हो । कवितामा विशेष गरी बिम्बालङ्कारहरूको प्रयोगले कवितालाई चमत्कारी बनाउँछ ।[२८] बिम्वविधान र अलङ्कारहरूरहित कविताहरूमा भावसम्प्रेषण गर्ने क्षमता र भाव सघनता पनि हराउँछ । बिम्वालङ्कारहरूले कवितालाई उजल्याउनको साथै चोटिलो र घतलाग्दो बनाउँछन् । बिम्व र अलङ्कारको प्रयोगबाट मुक्तक श्रोतालाई मन्त्रमुग्ध बनाएर रसास्वादनयुक्त आनन्दानुभूति दिन सफल हुन्छ ।

(ज) व्यञ्जना

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा कथितभन्दा अप्रस्तुत सशक्त अर्थ जब पारदर्शकताका साथ झुल्कन्छ त्यो स्थिति नै व्यञ्जना हो । कविताकृतिमा यो व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिभर व्याप्त पनि हुन सक्दछ । व्यञ्जनाको उद्भावनाले कविताको आन्तरिक संरचनामा एकभन्दा बढी अर्थका तरेलीहरू रहेको अनुभव पाठकलाई दिन सफल हुन्छ । व्यञ्जना समृद्धिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई उचाल्दछ ।[२९] यसरी कवितामा लाक्षणिक वा व्यञ्जनागम्य अर्थ आउनु अति उपयुक्त मानिन्छ र यस्तो स्थितिलाई विधान पनि भनिन्छ । मुक्तकलाई चोटिलो, धारिलो र स्वादिलो बनाउन पनि अत्यधिक व्यञ्जनाको प्रयोग भएको पाइन्छ । व्यञ्जनात्मक भाषाशैलीको प्रयोगबाट नै मुक्तकले पाठकवर्गको मनमुटु छुन सक्छ र अरु थप पढ्न र लेख्नमा उत्साहित बनाउँछ । जति व्यञ्जनात्मक कथन मुक्तकमा आउँछ त्यति मुक्तक घत्लाग्दो र स्वादिलो बन्छ ।

(झ) विधागत स्वरूप वा आयाम

कविता वा कृतिहरूको आयाम भन्नु ती कृतिहरूको लम्बाइ नै हो । कुनै कविताकृतिको आयाम भन्नु कथ्यश्रव्य स्तरमा प्रथमत: त्यस कृतिको कथन-श्रवणकालको लम्बाइ नै हो ।[३०] यसलाई मुख्यतय श्रवण वा पठनको समयलाई विचार गरी मापन गरिन्छ । कविताभित्रै अन्तर्निहित रहने गेयात्मक र श्रव्यात्मक

२८ पूर्ववत्, पृ. २१ ।
२९ ऐजन ।
३० ऐजन ।

संरचनाले पनि कविताको आयामलाई मापन गर्दछ । वास्तवमा सबै कृतिका आयमलाई राम्रोसँग अध्ययन गर्न कृतिका लम्बाइ चौडाइ र भावगत गहिराइलाई राम्ररी बुझ्नुपर्छ ।

कविता विधाको आफ्नै कालगत आयामको बाह्य आन्तरिक ढाँचा वा रूप-संरचना हुन्छ । कविताविधामा मुक्तकदेखि आर्षमहाकाव्यसम्म सबै उपविधाका आ-आफ्नै खास आयामगत स्वरूप निर्धारण भएका छन् । यही आयामका आधारमा यसका उपभेदहरू छुट्टिने गर्दछन् । कविताको गहिराइलाई मापन गर्दा भावात्मक र रूपात्मक तीव्रता र गुणस्तरलाई विशेष ध्यान दिइन्छ । यसरी विचार गर्दा मुक्तकमा बढी भावगत तीव्रता र लघुतम आयमगत संरचना रहेको पाइन्छ । लघुतम संरचना भए पनि सानो कथ्यभित्र भावबिम्वात्मक स्वरूप एक लयात्मक ढाँचामा नै प्रस्फुटित हुन्छ । एकै पङ्क्तिपुञ्ज वा श्लोकमा नै पूर्णता पाउन सक्नु मुक्तक कविताको परिचयात्मक आयाम मान्न सकिन्छ । मुक्तक कविताको तुलनामा अपेक्षाकृत अन्य फुटकर कविता धेरै गुना विस्तारित भएका हुन्छन् । मुक्तक एक विशिष्ट भावात्मक अभिव्यक्ति हो जो छोटोमा मीठो, गेयात्मक र श्रवणीय हुन्छ । आयामका आधारमा मुक्तकका चरण र हरफका बारेमा निश्चित निर्धारण गरिएको चाहि कहिँ पनि भेटिँदैन । त्यसैले लघुतम हुँदाहुँदै पनि यो कतिसम्म लामो वा कतिसम्म छोटो बनाउने भन्ने कुरा यसको कथ्य विषय, लयपद्धति र भाषिक संरचनाले नै निर्धारण गरेको देखिन्छ । मुक्तकमा अभिव्यक्ति सूत्रात्मक रूपमा सशक्त भई समेटिन्छ र खारिएर छोटोमा तिखो भएर आउँछ ।

यसरी आयामगत रूपमा छोटा र तिख्खर भावपुञ्जहरूलाई मुक्तक मान्न सकिन्छ । मुक्तक आफैमा पूर्ण र दुईदेखि ६/७ श्लोकसम्म लामा हुन सक्ने विभिन्न साहित्यकारहरूले बताउँदै आएपनि चतुष्पदीय स्वरूपका मुक्तक हाल बढी प्रचलनमा आएका छन् साथै लोकप्रिय पनि बनेका छन् । जे होस् कविताविधाको उपभेदका रूपमा रहेको मुक्तक कविताका तत्त्वहरू वा संरक्षक घटकहरू पनि कविताका जस्तै हुन्छन् । कविताको लघुतम रूप मुक्तकमा पनि जीवनको गम्भीर चिन्तन वा दृष्टि, मर्म र गहिराइ रहेको हुन्छ । लघुतम रूप भएको हुँदा मुक्तकमा सूत्रात्मक भावपुञ्जहरू आख्यनरहित भएर आउँछन् । भौतिक व्यस्तताको युगमा

समायनुकूल रही गीत, गजलजस्तै आफ्नै संरचनात्मक स्वरूप लिएर अगाडि बढेको मुक्तकसाहित्य पनि लोकप्रिय बन्दै गइरहेको छ । विगतदेखि हालसम्मको मुक्तकको संरचनात्मक स्वरूप र आयामलाई दृष्टि दिएर हालका मुक्तकलाई नवमुक्तकको संज्ञा पनि दिइएको पाइन्छ ।

## २.४ मुक्तक : पूर्वीय साहित्य सिद्धान्तका दृष्टिमा

संस्कृत 'मुक्त' शब्दमा 'क' (कन्) प्रत्यय लागेर मुक्तक शब्द बनेको हो र यसको शाब्दिक अर्थ आफैँमा पूर्ण वा अन्यनिरपेक्ष भन्ने हुन्छ । साहित्यका सन्दर्भमा यसले कविताको एउटा स्वरूपलाई बुझाउँछ । संस्कृतमा मुक्तकका बारेमा सर्वप्रथम **अग्निपुराण**मा उल्लेख भएको पाइन्छ जसअनुसार एकै श्लोकमा चमत्कार उत्पन्न गर्न सक्ने रचना मुक्तक हो । पूर्वको मुक्तक लेखनपरम्परा भन्नाले पूर्वी गोलार्द्ध वा पूर्व एसियाको साहित्यबाट आर्य साहित्यलाई इङ्गित गरिन्छ । भारतीय उपमहाद्विपमा जब साहित्यको सन्दर्भ लिइन्छ तब पूर्वीय साहित्यले संस्कृत साहित्य र त्यसबाट जन्मेका अन्तरआर्य भाषाहरूका साहित्य अनि संस्कृत प्रभावित भारतीय साहित्यलाई प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । इतरभारतवर्षका आर्यभाषाहरू लगायत नेपाली भाषा र तिनका साहित्यको मूल स्रोत संस्कृत नै हो । आरम्भमा यी सबै आर्यसाहित्यहरू संस्कृतकै अनुवाद वा रूपान्तरणका रूपमा आएका हुन् र मौलिक सृजनाको युग आएपछि पनि ती कुनै न कुनै रूपमा संस्कृतकै परम्परालाई समातेर उदाएका हुन् । मूलत: तिनको विधागत रूप र साहित्यिक मान्यता प्रथमत: संस्कृतकै प्रेरणा र परम्परामा स्थिर र स्थापित भएका हुन् । पाश्चात्य साहित्यको प्रवेश भएपछि नै आधुनिक आर्यभाषाहरूको साहित्यको रूपविधान र साहित्यिक सृजनामा परिवर्तन आयो । संस्कृतको सुदीर्घ आत्मीय परम्परादेखि सम्बन्धविच्छेद गर्दै पछि पश्चिमी आकृति, छवि र मूल्य अनि मूल्याङ्कन-परिपाटीसित निकटता स्थापित गरी आर्यभाषाहरू विकसित भएका हुन् । पूर्वीय साहित्यसिद्धान्त र पाश्चात्य साहित्यसिद्धान्तका शिल्प साथै मूल्य-चिन्तनगत आ-आफ्ना मौलिक परम्परा रहेका छन् ।

यसरी यो भूमिकासँग आबद्ध हुँदा पूर्वीय साहित्यको प्रभाव छन्द संस्कृत स्रोतबाट रूप परिवर्तन भई लोकलय, मुक्तलय प्रशस्त रूपमा इतर नेपाली साहित्यिक कालखण्ड विधागत हुँदै मुद्रण र प्रकाशनमा विस्तार भएको हो । बहुकालिक दृष्टिबाट हेर्दा महाकाव्य, खण्डकाव्य आदि विशालकाय कवितात्मक रचनालाई प्रबन्धकाव्य मानिएको र

फुटकर कविता र गीत आदि लघुकाव्य रचनालाई मुक्तक काव्य मानिएको देखिन्छ । यसै आधारमा महाकाव्य र खण्डकाव्यभन्दा छोटा सबै समाख्यानरहित कवितालाई मुक्तकवर्गमा राखिएको पाइन्छ । यसका विपरीत एककालिक दृष्टिमा चाहिँ प्रबन्धरहित समस्त कवितात्मक रचना मुक्तक कोटिमा दरिँदैनन् । यसरी हेर्दा फेरि प्रबन्धकाव्यका सीमामा नपर्ने फुटकर कविता, गीत आदि पनि लघु रचना नै हुन् तर यी सबै लघु रचनाहरूमा पनि लघुतम रचनालाई मात्र मुक्तकवर्गमा राखिन्छ । मुक्तकको स्वरूपसम्बन्धी उपयुक्त दृष्टिकोणलाई हेर्दा त्यसको बहुकालिक अर्थ व्यापक र सामान्य रहेको अनि एककालिक अर्थ सङ्कुचित र विशिष्ट रहेको देखिन्छ । यसमा एककालिक अर्थलाई मात्र ग्रहण गर्दा वर्तमान मुक्तक लघुतम प्रसङ्ग मुक्त र स्वायत्त प्रकथनलाई भनिन्छ । मुक्तकका माध्यमबाट जसमा कुनै मर्मस्पर्शी सन्देश, छन्द वा कविता-ढाँचाको एक आवृत्ति प्रेषित हुन्छ ।[३१]

यसरी पूर्वीय साहित्यमा मुक्तकको इतिहास खोतल्दै जाँदा वैदिक संस्कृत संरचनामा मुक्तकको रूप पाउन सकिन्छ । नेपालीमा रूवाइयात शैलीका मुक्तक भित्र्याउने काम पहिलो पटक भीम दर्शन रोकाबाट भए पनि ती मुक्तकहरू पनि वैदिक संस्कृत शैलीका रहेका थिए । त्यसैले नेपाली मुक्तकहरूमा हालसम्म पनि रूवाइयात शैलीको साथै वैदिक संस्कृत शैलीका मुक्तकहरू विशेषत: प्रौढवर्गहरूबाट सार्वजनिक भइरहन्छन् । अग्नि पुराणमा मुक्तकलाई *हृदयलाई चमत्कृत पार्ने रचना* भनिएको छ । पूर्वीय विद्वान् अभिनव गुप्तले यसलाई अन्य श्लोकसँग असम्बन्ध रही स्वतन्त्र रूपमा पाठकलाई रसास्वादन पार्ने रचना मानेका छन् ।[३२] वैदिक संस्कृतमा वर्णमात्रिक आधारमा लयात्मकता अङ्गाल्दै अन्त्यानुप्रास पछ्याउँदै पद वा चरणका आधारमा द्विपदी, त्रिपदी र चतुष्पदी कविता ढाँचाको लघुरूप प्रयोगमा आएको देखिन्छ । लौकिक संस्कृतमा चरणगत वर्णसंख्यामा र वर्ण विशेषका चतुष्पदी छन्दढाँचा आधारमा प्राय: अन्त्यानुप्रासको परित्याग गर्दै वर्णमात्रिक वा मात्रिक ढाँचा अङ्गालिएको पाइन्छ । यसरी कविताभित्र अत्यन्त लघुरूप मुक्तकदेखि अत्यन्त वृहतरूप महाकाव्यको अस्तित्त्व पूर्वीय साहित्य भण्डारमा रहेको पाइन्छ तर पाश्चात्य काव्यशास्त्रमा भने महाकाव्यको मात्र चर्चा प्राचीन कालदेखि नै हुँदै आएको देखिन्छ । कविताको लघुतम रूप एकै श्लोकमा पूर्ण हुन्छ तर विभिन्न श्लोकहरूमा पूरा भए पनि लघुतम रूप छ भने मुक्तक नै ठहरिन्छ ।

३१ आर.के. अदीप्त गिरी, *समसामायिक नेपाली मुक्तक,* **कालीको सुसेली-२०,** (पर्वत : पर्वत साहित्य सङ्गम, २०६४), पृ. ६२ ।

३२ ईश्वरमणि अधिकारी, *शुभकामना : टुकीको उज्यालोलाई,* **टुकीको उज्यालो** (ले. अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ. (भू.) ।

पूर्वीय साहित्यशास्त्रहरूमा विद्यमान रहिआएको मुक्तकको लघुतम कविताको स्वरूपबाट पूर्वीय साहित्य चिन्तनको आरम्भ प्राय: काव्यमा निहित सौन्दर्य र स्थिर रसबाट प्रतिपादन भएको मानिन्छ । पूर्वीय साहित्यशास्त्रका ज्ञाता आदिमनिषी भरतमुनिदेखि यताका अधिकांश साहित्यिक चिन्तक आचार्यहरूद्वारा काव्यात्मक स्वरूपलाई प्रयोजन तथा गौण प्रयोजन मानेका छन् । अन्तत: सबै प्रयोजनहरूमा ज्यादा तात्त्विक अन्तर छैन तर यिनीहरूका काव्यप्रयोजनसम्बन्धी मौलिक मतहरू कथित विषयप्रधानता गुण, रीति र अलङ्कारका सम्बन्धमा फरक पर्नु स्वाभाविक मानिएको छ ।

माथिको व्याख्यालाई निष्कर्षमा भन्दा वैदिक युगमा पूर्वीय संस्कृत साहित्यमा तीन पाउदेखि नै एउटै लय व्यवस्था भएको र चार पाउयुक्त वा दुई हरफे वा चार हरफे पनि देखिने कविताको सबभन्दा सानो रूपलाई मुक्तक मानिएको पाइन्छ । यसैको पर्यायवाचीका रूपमा *स्फुट पद्य* पनि संस्कृत साहित्यमा प्रचलनमा रहेको थियो र यसको अर्थ र तात्पर्य '*फुटकर*' हो जो एकल पद्यात्मकतामा सीमित छ । मुक्तक पूर्वापर सन्दर्भमुक्त स्वायत्त र स्वयम्मा पूर्ण हुनु आवश्यक छ ।[३३] यसबाट मुक्तक आफैँमा पूर्ण, तिख्खर चमत्कारपूर्ण एक श्लोकको रचना हो भन्ने बुझिन्छ । यस पछिका मुक्तकसम्बन्धी परिभाषाहरू उद्‌गार वा भनाइ पनि यसैका वरिपरि घुमेका पाइन्छन् । अभिनव गुप्तले **ध्वन्यालोक लोचन**मा, हेमचन्द्रले **काव्यानुशासन**मा र विश्वनाथले **साहित्यदर्पण**मा मुक्तक अनिबद्ध वा पूर्वापर प्रसङ्गबाट मुक्त वा निरपेक्ष आफैँमा पूर्ण रचना मानेका छन् । संस्कृतका भामह, दण्डी, वामन, आनन्दवर्धन, राजशेखर आदि काव्यशास्त्रीहरूले पनि मुक्तकका बारेमा आ-आफ्ना मन्तव्य प्रकट गरेका छन् । यसै परम्परामा नेपाली विद्वान्हरू वासुदेव त्रिपाठी, मोहनराज शर्मा आदिले मुक्तकका बारेमा छलफल चलाएका थिए । संस्कृतमा छन्दमा मात्र काव्यकविता हुन्छ भन्ने मान्यता रहेकाले एकश्लोकी स्वरूपलाई मुक्तक मानिएको छ भने यता गद्य कविताको विकास भइसकेकाले वासुदेव त्रिपाठी र मोहनराज शर्माले त्यसलाई समेत ख्याल गर्दै बढीमा दशबाह्र हरफसम्मको वा एक-एक अनुच्छेदसम्मको भावको एक झुल्का भएको रचना पनि मुक्तककै हाताभित्र पर्ने स्वीकार गरेका छन् । यिनै पूर्वाधारका आधारमा असम्बद्ध, स्वयम्मा पूर्ण, मनका तरलतरङ्ग वा अनुभूतिलाई नै मुक्तक भन्न सकिन्छ[३४] भन्ने कपिल लामिछानेको कथन रहेको छ । मुक्तकसम्बन्धी विभिन्न विद्वान्हरूका भनाइबाट यसका लक्षणहरू पनि प्रष्ट भएको पाइन्छ ।

---

३३ आर.के. अदीप्त गिरी, *समसामायिक नेपाली मुक्तक,* **कालीको सुसेली-२०,** (पर्वत : पर्वत साहित्य सङ्गम कुश्मा), पृ. ६२ ।

३४ कपिल लामिछाने, *उन्मुक्त आकाशका मुक्तक र यात्री बारे* **, उन्मुक्त आकाश,** (ले. रुद्र ज्ञवाली), (रूपन्देही : त्रिमूर्ति प्रकाशन सिद्धार्थ नगर, २०६६), पृ. (भू.)।

## २.७ मुक्तक सम्बन्धी नेपाली सिद्धान्त

नेपाली मुक्तक लेखनले प्राथमिककालीन समयका प्रातः स्मरणीय कवि शक्तिवल्लभ अर्ज्याल तथा आधुनिक नेपाली मुक्तकका प्रेरणादाता मुक्तककार त्रय भीमदर्शन रोका, भूपि शेरचन र हरिभक्त कटुवालदेखि समकालीन नेपाली साहित्यका प्रतिनिधि मुक्तककारहरूसम्म आइपुग्दा सैद्धान्तिक पक्ष, विषयवस्तु, संरचना, शिल्पशैली आदिका दृष्टिले नेपाली मुक्तकमा निकै विविधता भेटिन्छ । यदाकदा छोक, टुक्रा, छेस्का, चोइटा, भावना आदिका नामबाट मुक्तक जस्तै लाग्ने लघुतम काव्यात्मक अभिव्यक्तिहरू लेखिएका र छापिएका भेटिन्छन् । कहिलेकाहिँ मुक्तकजस्तै नलाग्ने काव्यात्मक अभिव्यक्तिहरू पनि मुक्तककै नाममा छापिएका र चर्चा गरिएका भेटिन्छन् । अझै कतिपय परिवेशहरूमा त सिङ्गो काव्यात्मक अभिव्यक्ति आफैँमा थुप्रै-थुप्रै सुन्दर मुक्तकहरूको माला जस्तो पनि लाग्छ । यस्ता संरचनाहरूले मनमा एउटा प्रश्न उभ्याउँछन् घरिघरि सबै खाले लघुतम ढाँचाका, एकै आवृत्तिमा पूर्ण एवम् स्वतन्त्र अभिव्यक्तिहरू मुक्तक हुन सक्दैन । मुक्तकको सैद्धान्तिक सीमारेखा कोर्न अझै सकिएको छैन । मुक्तक विभिन्न आकारमा कुँदेर हेर्ने प्रवृत्तिले दुई, तीन पङ्क्तिदेखि आठ, दश पङ्क्तिसम्म जति खुम्चाए पनि वा जति तन्काए पनि सबैलाई मुक्तकभित्रै राखिन्छ । अत्यधिक तन्कँदा मुक्तकपन अल्मलिएर दुर्बल भई गद्य कविताबाट मुक्तकलाई छुट्ट्याउन कठिन पर्छ ।[३५] सामान्यत मुक्तक नेपाली भाषाको लघुतम रूप भए पनि यो स्वयंमा पूर्ण र स्वतन्त्र सिर्जना हो । यो पनि साहित्यका महाकाव्य, उपन्यास, कथा, निबन्ध, नाटक आदि जस्तै एक स्वतन्त्र विधा हो । यसकारणले गर्दा पनि मुक्तकलाई कृतिको भाषिक अभिव्यक्ति वा अभिव्यक्तिको भाषिक रूप भनिन्छ । यसर्थ भाषाशैली एकातिर, वाक्यात्मक एकाइ अर्कोतिर हुँदा सन्देश विपरीत हुन्छ जसको कारण संश्लिष्ट र श्लोकबन्धनले कलात्मक प्रतिफललाई उद्घाटित गर्दछ ।[३६] मुक्तकका बारेमा बेला-बेलामा गन्थन मन्थन भई आएका छन् तर मुक्तक के हो र मुक्तक लेखनका नीति र नियमहरू छन् वा छैनन् भन्ने प्रश्नहरूको उत्तर खोज्दा संस्कृत साहित्यशास्त्रीहरूले प्राचीन कालदेखि काव्यसम्बन्धी विभिन्न धारणाहरू प्रस्तुत गर्दै आएबाट साहित्यकै अर्थमा काव्यशब्दको प्रयोग भएको छ । पङ्क्ति वा श्लोकसङ्ख्यामा फरक, लय र नियमित

---

३५ कपिल अज्ञात, *मुक्तक : पङ्क्ति एक परिचय स्वरूप र परम्परा,* **समालोचनाको सन्दर्भ**, (चितवन : चितवन साहित्य परिषद्, २०५५), पृ. २७ ।

३६ आर.के. अदीप्त गिरी, *समसामायिक नेपाली मुक्तक,* **कालीको सुसेली–२०,** (पर्वत : पर्वत साहित्य सङ्गम, २०६४), पृ. ६२ ।

पङ्क्ति योजना-रूपढाँचा वा संरचनामा भने भिन्नता देखिन्छ । साहित्यमा गरिएको वर्गीकरण पनि आरम्भदेखि फरक रही आउनुले धारणात्मक रूपमा स्वतन्त्र हुनु निश्चित प्राय: छ । मुक्तकको समय शृङ्खला खोज्न हामी टाढा पुग्नुपर्दैन । नेपाली भाषामा मुक्तक साहित्यको अध्ययन गर्दा प्राथमिक कालीन कविहरूले पनि रूवाइयात शैलीको मुक्तक भित्रिनुभन्दा पहिले नै मुक्तकहरू चतुष्पदीय शैलीमा नै रचना गरेका छन् । तत्कालीन समयका प्राथमिक कालीन कवि वसन्त शर्माले पनि त्यति बेला चतुष्पदी शैलीमा मुक्तकहरू रचना गरेका छन् । यसको एउटा नमुना यसप्रकार रहेको छ :

*हिटी देवालयमा रस्ता खनाउनु*
*बडा बडा नदीमा साँघु लगाउनु*
*अटल वृक्ष लगाई जियाउनु*
*बाटाका बिसौनामा वृक्ष लगाउनु ।।*[३७]

त्यस बखत नेपालमा एकीकरणको लहर चलेको थियो । सबै कवि तथा साहित्यकारहरूले वीररसप्रधान साहित्य लेख्थे । वीररसपछि भक्तिरस र उपदेशात्मक काव्यबाट परिवर्तनसँगै काव्य सृजनामा पनि परिवर्तन देखिएको थियो । कविहरूबाट सिर्जित शृङ्गारिक रसको काव्य सृजनाले व्यापकता पाएको थियो । भारतमा मुगल राज्यको उदयपश्चात् उर्दू फारसीका सायरीहरूले संस्कृत साहित्यको शृङ्गारिक धाराका मुक्तकहरूबाट प्रभावित भई चतुष्पदीलाई रुवाइयातमा प्रवेश गराएका हुन् र संस्कृतका चतुष्पदीभन्दा भिन्न शैली शिल्प भएका कारण रुवाइयातमा लेखिएका रचनाहरू बढी लोकप्रिय भएका थिए । नीति नियमभित्र बाँधिएर सिर्जना अभिव्यक्त गर्नुपर्ने यसका बाध्यताहरू पनि केही रहेका छन् । रूवाइयात शैलीको मुक्तकमा जम्मा चार पङ्क्ति हुनुपर्छ । तेस्रो पङ्क्ति स्वतन्त्र रहेर पहिलो, दोस्रो र चौथो पङ्क्ति तुकबन्दी र अनुप्रासयुक्त हुनै पर्दछ । मुक्तकमा पहिलो पङ्क्तिले विषयवस्तुको उठान, दोस्रो पङ्क्तिले विषयवस्तुको व्याख्या, तेस्रो पङ्क्तिले सहजताका साथ भाव र विचारको सम्प्रेषण गर्दै मुक्तकले खास भन्नुपर्ने तथ्य कुरा खोतल्दै चौथो पङ्क्तितर्फ इसारा गर्ने र चौथो पङ्क्तिले समग्रमा भन्नुपर्ने खास कुरालाई वा मुक्तकको केन्द्रीय भावलाई बडो रोचकता, चतुर्‍याइँ र बेजोड

३७ दीपक समीप, *टुकीको उज्यालोले देखाउन खोजेको उज्यालो,* **टुकीको उज्यालो,** (ले.(अल्पविराम), (पोखरा : लायन कल्याणी उदास २०६५), पृ. (भू.) ।

शिल्पशैलीका साथ प्रस्तुत गर्दै टुङ्ग्याउनुपर्छ । यस अर्थमा मुक्तकलाई सिकारीले सिकार गर्ने तौरतरिकासँग पनि तुलना गरेको पाइन्छ । पहिलो पङ्क्तिले निसाना ताक्ने, दोस्रो पङ्क्तिले निसाना मिलाउने, तेस्रो पङ्क्तिले निसाना लगाउने वा गोली चलाउने र चौथो पङ्क्तिले निसाना लगाउने वा गोली चलाउने कार्य गर्दछ, भनिन्छ ।[३८] अन्य विधामा जस्तो मुक्तकमा पनि जीवन जगत्सँग सम्बन्धित घटना र परिघटना आउँछन् तर ती सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विकृतिलाई चोटिला प्रहार गरिएका हुने हुँदा पाठकको मस्तिष्कलाई छिटो छुने र छिटो सेलाउने हुन्छन् । जसरी धनुविद्यामा एकै झमटमा सिकार खोज्ने कार्य गरिन्छ त्यसैगरी मुक्तक साहित्यमा पनि एक झमटमै सिकार खेलेझैँ बडो फुर्तिलो, सिपालु र चोटिलोसँग मुक्तक निर्माण गर्नुपर्छ ताकि मुक्तक सुन्ने, पढ्नेहरू पनि मुक्तककारको क्षमता, शिल्पशैली भावको गहिराइ र शब्द चयनको वाणले ठहरै परून् ।[३९] रुवाइयात शैलीका मुक्तकहरू रचना गर्ने प्रणेताका रूपमा विश्वप्रसिद्ध कवि उमर खैयामलाई लिने गरिन्छ । उमर खैयामका रुवाइयात शैलीका मुक्तकहरूबाट प्रभावित भई अङ्ग्रेजी कवि फिट जोराल्र्डले अङ्ग्रेजी भाषामा भावभङ्ग नगरीकन तुकबन्दी समेत हुबहु अनुवाद गरेपछि रुवाइयात शैलीले विश्वव्यापी रूपमा चर्चा पाउन सफल भयो ।

नेपाली साहित्यको इतिहास त्यति लामो छैन । त्यसमा पनि मुक्तकको छुट्टै इतिहास अझै छोटो छ । संस्कृतको मुक्तक परम्परालाई भीमदर्शन रोकाले नेपाली कवितामा प्रवेश गराएपछि रुवाइयात शैलीमा मुक्त रूपले लेखिने मुक्तकहरू समेत गरी नेपाली मुक्तकलाई तीन धारामा विभक्त गर्न सकिन्छ । जुन धारामा वा शैलीमा मुक्तक लेखिए पनि मुक्तकमा हुनुपर्ने प्रमुख गुण भनेको (क) सङ्क्षिप्तता (ख) भाव सघनता (ग) स्पर्श सामर्थ्य नै हो ।[४०] मुक्तक मर्मस्पर्शी हुनका लागि यी तीन गुणहरू मुक्तकमा अन्तर्निहित हुनु अति आवश्यक छ । यी तीन गुणका अभावमा मुक्तक प्रभावकारी र मर्मस्पर्शी बन्न सक्दैन । यसमा मुक्तक लेखनमा अभिरुचि राख्नेहरू सबैले सचेत हुनै पर्छ ।

---

३८ दीपक समीप, *टुकीको उज्यालोले देखाएको उज्यालो,* **टुकीको उज्यालो** (ले. अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ. (भू.)।

३९ पूर्ववत् ।

४० तीर्थ श्रेष्ठ, *मुक्तकमय पोखरा र अल्पविराम,* **टुकीको उज्यालो,** (ले. अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ. (भू.) ।

## २.८ निष्कर्ष

संरचनागत दृष्टिले पनि मुक्तकको वर्गीकरण गर्न सजिलै सकिने स्थिति छैन । यसलाई रूवाइ, मुक्तक, छन्दोबद्ध चार लाइने वा हाइकुनिकट प्रतीत हुने गरी चार खण्डमा वर्गीकरण गर्न सकिन्छ । तर सबैको साझा धर्म सङ्क्षिप्ततामा भावसघनता र मर्मस्पर्शी सामर्थ्य नै हो । यी तीन तत्त्वको अभावमा आवरणमा हेर्दा मुक्तक जस्तो अनुभूति भए पनि सारमा त्यो मुक्तक नहुन सक्छ । कविता ढाँचाको एक आवृत्ति जो आफैँमा पूर्ण र स्वतन्त्र हुन्छ त्यसलाई मुक्तक मान्ने प्रचलन रहिआएको छ ।[४१] जति बेलादेखि आधुनिक कविताको युग प्रारम्भ भयो त्यही समयदेखि कवितालाई सङ्क्षेपमा प्रस्तुत गर्ने प्रचलनको प्रयोग पनि अत्यधिक बढेर गयो । कविताका अनेक परिभाषा रहेजस्तै मुक्तकका प्रकारमा पनि विविधता र अनेकरूपता हुनु स्वभाविकै हो । काव्यका आफ्नै प्रकारको विशिष्ट बनोट र संरचना हुन्छन् ।

मुक्तक छोटो भैकन पनि आफ्नै संरचनामा बाँधिएको धारिलो, तेजिलो, चोटिलो संरचना हो । मुक्तक वास्तवमा पठनीयभन्दा श्रवणीय नै हुन्छ । कविता श्रुतिसुखको आस्वाद लिन नसक्ने बहिराहरूको निम्ति होइन ।[४२] मुक्तकको अधिकतम संरचना चतुष्पदीमा नै देखापर्दछ । मुक्तक खासमा एक प्रहार वा हनाइ हो यो झिलिक्क बिजुली चम्केझैँ वा झ्वार्र सलाई कोरेझैँ जगमगिने भावानुभूतिको झमट हो जसले केही लक्षित गर्छ र आधारयुक्त रूपमा प्रहार गर्छ साथै श्रोता र पाठकलाई क्षणिक आनन्दानुभूति दिन्छ । जुन अनुभूति प्रहारयुक्त हुँदैन त्यसलाई मुक्तक भन्न सकिँदैन ।

४१ ईश्वरमणि अधिकारी, *शुभकामना टुकीको उज्यालोलाई,* **टुकीको उज्यालो,** (ले. अल्पविरा), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ. (भू.) ।

४२ बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहद शब्दकोष,** (काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) पृ. १०१० ।

# परिच्छेद : तीन

# चितवन जिल्लाको सङ्क्षिप्त परिचय र नेपाली मुक्तकको विकासक्रम

## ३.१ चितवन शब्दको व्युत्पत्ति र नामकरण

चितवन जिल्ला नेपालको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्दछ । यो जिल्ला नारायणी अञ्चलको पश्चिममा पर्ने नारायणी नदी समीपमा रहेको छ । ऐतिहासिक, धार्मिक र सांस्कृतिक आदि विविध विशेषतालाई बोकेर अघि बढिरहेको चितवनलाई प्राचीन कालमा 'चित्रवन नगरी' का नामले चिन्ने गरिन्थ्यो । 'चित्रवन' शब्द जोडिएको हुँदा प्राचीन समयमा चितवन पनि नगरराज्यका रूपमा रहेको देखिन्छ ।[१] चितवनको उत्पत्तिको इतिहासलाई खोज्दै जाँदा नेपालकै उन्नतिसँग समीकरण गरेर हेर्नुपर्ने हुन्छ । 'नगरी'का रूपमा रहेको 'चित्रवन'मा 'वन' शब्द समेत रहेको हुँदा नगरराज्य र 'वन' अर्थात् जङ्गलको समीकरण भएको देखिन्छ । वास्तवमा यसले चितवनको अवस्थितिलाई अर्थात् भौगोलिकतालाई स्पष्ट पार्दछ ।[२] चितवनलाई चिनाउने क्रममा सर्वप्रथम यसको ऐतिहासिक पृष्ठभूमिलाई कोट्याउनु उपयुक्त हुन्छ । सर्वप्रथम पञ्चतन्त्रमा चितवनको उल्लेख भएको पाइन्छ । 'तदस्माकं मित्रं हरिण्यको नाम मूषकराजो गण्डकी तीरे चित्रवने निवसति' भन्ने पञ्चतन्त्रमा प्रयोग भएको 'चित्रवन' शब्दले चितवनलाई नै सङ्केत गरेको स्पष्ट हुन्छ ।[३] स्कन्दपुराणको हिमवत् भनिने ठाउँलाई 'चित्रपावन' भनिन्थ्यो भन्ने कुरा यसबाट स्पष्ट हुन्छ । हिमवत् खण्डमा चित्रपावन शब्दको प्रयोग यसरी गरिएको पाइन्छ :

*तत्पुत्रो हरिसिंहाख्यमसूत भार्यया ततः*
*देवस्य दौर्भाग्यवंशाश्चित्तपावनसंज्ञकः* [४]

---

१ लक्ष्मणप्रसाद गौतम, *चितवनको साहित्य : यात्रा र प्रवृत्ति,* **चितवन महोत्सव स्मारिका,** (चितवन : स्मारिका प्रकाशन मूल समिति, २०५७), पृ.९५।

२ लक्ष्मणप्रसाद गौतम, *चितवन : एक शब्दचित्रात्मक आँकलन,* **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** (चितवन : वाङ्मय प्रतिष्ठान प्रकाशन, २०५२), पृ. १ ।

३ ऐजन ।

४ देवीप्रसाद शर्मा, *चितवनको ऐतिहासिक रूपरेखा,* **विवेक,** चितवन परिचय विशेषाङ्क, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०४६ पौष १४), पृ. १ ।

चित्रसेन भन्ने राजाको नामबाट चितवन भएको हो भन्ने सङ्केत पनि पाइन्छ । चितवनका आदिवासी मानिने थारू जातिको नेता गुरौको भनाइअनुसार यस ठाँउमा चित्रसेन नाम गरेको राजा थिए र उनकै नामबाट 'चित्रसारी' नाम बन्यो र चित्रसारीबाट चितवन भएको हो ।[५] राहुल साङ्कृत्यायनले राप्ती उपत्यकाको किनारमा पर्ने एक स्थलको नाम 'जेतवन' भएको उल्लेख गरेका छन् । यही 'जेतवन' शब्द विकसित भई चितवन भएको भन्ने जानकारी पनि पाइन्छ । त्यस्तै 'चितवन' नाम पौराणिक ग्रन्थ रामायणका आधारमा रामकी पत्नी सीताको नामबाट रहेको उल्लेख भएको पाइन्छ । नारायणी नदीको आसपासको जङ्गलमा सीता वनवास बसेकी हुनाले त्यस जङ्गललाई 'सीतावन' नाम दिइएको थियो । यही 'सीतावन'बाट चित्रवन बन्यो भन्ने भनाइ पनि प्रचलित छ । सीतावनवाट 'चितावन' हुँदै कालान्तरमा चितवन भयो भन्ने उल्लेख पनि पाइन्छ ।[६]

चितवन शब्द संस्कृत भाषाबाट प्राकृत भाषामा पुग्दा नपुग्दै 'चित्र'का ऋवणको लोप भएर 'त' मात्र अवशेष रहेको छ । उता वनले उन रूप लिएको छ र दुवैबीच सन्धि हुँदा (चित+उन = चितौन) शब्द बनेको छ । यस शब्दमा श्रवणको लोप हुनु नै ध्वनि परिवर्तनको मार्ग खुला हुनु हो । 'यस किसिमको परिवर्तन जीवित भाषाहरूमा पाइने साझा-प्रवृत्तिगत विशेषता हो ।'[७]

माथिका विभिन्न प्रमाणहरूमध्ये 'चित्रवन'बाट चितवन बनेको कुरा चाहिँ बढी वैज्ञानिक ठहर्छ । 'चित्रवन' शब्द संस्कृत भाषास्रोतबाट आएको हो । 'चित्र' र 'वन' दुई शब्दको योगबाट निर्मित चित्रवन शब्द अपभ्रंश भई चितवन वा चितौन बनेको बारे धेरै विद्वान्हरूले सहमति जनाएका छन् ।

## ३.२ भौगोलिक स्वरूप

पूर्वमा मकावनपुर र पर्सा, पश्चिममा नवलपरासी जिल्ला र दक्षिणमा भारतको विहार प्रान्तको सीमा रहेको चितवन जिल्ला नेपालको मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत नारायणी अञ्चलमा पर्दछ । यस जिल्लाको अक्षांश स्थिति २७°२१ उत्तरदेखि २७°४६ उत्तरसम्म र देशान्तर स्थिति ८३°५५ पूर्वदेखि ८४°४७ पूर्वसम्म फैलिएको छ । उष्ण र समशीतोष्ण हावापानी भएको चितवन जिल्लाको क्षेत्रफल २२३८.३९ वर्ग किलोमिटर रहेको छ ।[८]

---

५ ऐजन ।

६ ऐजन

७ नारायणप्रसाद खनाल, *चितवन शब्द : निर्वचन प्रक्रियाको कसिमा,* **निर्वचन र भाषिक सन्दर्भ,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६५), पृ. ९ ।

८ बलराम लुइटेल (सम्पा.) **चितवन जिल्ला : एक परिचय,** (चितवन: सूचना तथा अभिलेख केन्द्र, २०६३) पृ. १ ।

## ३.३ जलसम्पदा

चितवन जिल्लामा स-साना खोल्सा-खोल्सीदेखि लिएर ठुल-ठुला नदीहरू प्रवाहित भएका छन् । यहाँको पहिलो स्तरको नदीमा नारायणी पर्दछ भन्ने अन्य नदीहरूमा राप्ती, लोथर, कयरखोला, रिग्दी, रिउ (रेवा), पम्फा, बूढी राप्ती आदि पर्दछन् ।[९] त्यस्तै यहाँ ताल तथा कुण्डहरू पनि प्रशस्त मात्रामा रहेका छन् जसले चितवनलाई मनमोहक, आकर्षक र पर्यटकीय आधार समेत बनाएका छन् । सत्रहजारी, बीसहजारी ताल, सत्ताइसहजारी ताल, अठठ्ाइसहजारी ताल, मुण्डा ताल, देवी ताल, मन्जुरा ताल, अन्जना ताल, परशुराम कुण्ड, बैकुण्ठ रानी पोखरी आदि ताल तथा कुण्डहरूले चितवन जिल्लालाई छुट्टै पहिचान दिएका छन् ।[१०]

## ३.४ ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू

चितवन ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले अति सम्पन्न जिल्ला हो । यहाँका पर्यटकीय स्थलहरू राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि प्रसिद्ध छन् । देवघाट, त्रिवेणी, गोद्धक, विक्रमबाबा, गणेशस्थान, हरिहर मन्दिर, शिवालय स्थान, चितवन राष्ट्रिय निकुञ्ज, टाइगरटप, सौराहा, कसारा, बिसहजारी ताल, मेघौली, उपरदाङगढी, सोमेश्वरगढी, चित्रसारी, वागीश्वरी, पाण्डवनगर, जुटपानी, कालिका, नारायणगढ, शिवालय, शिवपञ्चायन मन्दिर, सिखोली, वाल्मीकि आश्रम आदिले चितवन जिल्लाको ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूलाई जीवन्त राखेका छन् ।[११]

## ३.५ धर्म, जाति र भाषा

चितवन जिल्लाको सामाजिक र सांस्कृतिक जनजीवन विविधतामय छ । यहाँ आ-आफ्नै धर्म, जाति र भाषाहरू प्रयोग गरिन्छन् । यस जिल्लामा बढी हिन्दू, बौद्ध, मुस्लिम, इसाई धर्मावलम्बीहरू बसोवास गर्दछन् । चितवनका विभिन्न जातजातिको समागमले यहाँको जनजीवन निकै नै विविधतापूर्ण र रोचक रहेको देखिन्छ । २०५८ को तथ्याङ्कअनुसार यहाँ हिन्दूधर्मालम्बीहरू ८५.३१ प्रतिशत, बौद्ध १३.९९ प्रतिशत, मुस्लिम ०.३१ प्रतिशत, इसाई ०.२७ प्रतिशत  र अन्य ०.१२ प्रतिशत रहेको छ ।[१२] त्यस्तै मुख्य जातिहरू छेत्री, गुरुङ,

९ दिनेश थपलिया र अन्य (सम्पा.) *तथ्याङ्कमा चितवन,* **चित्रवन स्मारिका,** (चितवन : चितवन अफिसर्स क्लब, २०५८) पृ. १।
१० ऐजन ।
११ बलराम लुइटेल (सम्पा.) **चितवन जिल्ला : एक परिचय,** (चितवनः सूचना तथा अभिलेख केन्द्र, २०६३) पृ. ३ ।
१२ ऐजन ।

तामाङ, थारू, दराई, चेपाङ बसोवास गर्दछन् । यिनीहरूको घरधुरी वा सङ्ख्या प्रतिशतलाई हेर्दा ब्राह्मणको ३३.३२ प्रतिशत, छेत्री ११ प्रतिशत, नेवार ५.१२ प्रतिशत, गुरुङ ७.५७ प्रतिशत, मगर ३.७० र अन्य ३९.३२ प्रतिशत रहेको देखिन्छ ।[१३]

चितवनमा विशेष गरी नेपाली, थारू, तमाङ, नेवार, गुरुङ, किराँत, राई, मगर, भोजपुरी, मैथली, भोटे, थकाली, दनुवार, लिम्बू, राजवंशी आदि भाषाहरू बोल्ने गरिन्छ । २०५८ कै तथ्याङ्कअनुसार भाषाभाषीहरुमध्ये नेपाली भाषा ७३.०५ प्रतिशत, थारू भाषा १३.३३ प्रतिशत, तमाङ ४.३८ प्रतिशत, नेवारी २.८६ प्रतिशत, गुरुङ २.५१ प्रतिशत, किराँत १.३२ प्रतिशत, मगर १.२९ प्रतिशत, भोजपुरी ०.५६ प्रतिशत, मैथली ०.२४ भोटे/शेर्पा ०.०५ प्रतिशत थकाली ०.०२ प्रतिशत लिम्बू ०.०२ प्रतिशत र राजवंशी ०.०२ प्रतिशत मानिसले बोल्ने गरेको तथ्याङ्क रहेको छ ।[१४]

## ३.६ जनसङ्ख्या, शिक्षा र स्वास्थ्य

चितवन जिल्लामा परापूर्वकालदेखि नै विभिन्न आदिवासी जनजातिहरूले बसोबास गर्दै आएको पाइन्छ । यस जिल्लामा वि.सं. २०५८ सालमा पुनर्वास योजना लागु भएपछि अहिलेसम्म जनसङ्ख्या बढ्ने क्रम जारी नै छ । राष्ट्रिय जनगणना २०५८ अनुसार चितवन जिल्लाको कुल जनसङ्ख्या २३६९६४ र पुरुषको सङ्ख्या २३५०८५ रहेको छ ।[१५]

शिक्षाको क्षेत्रमा चितवन जिल्ला निकै अघि रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लामा निजी तथा सरकारी क्याम्पस ८ वटा, कृषि क्याम्पस १ वटा, शिक्षण अस्पताल २ वटा, उच्च मा.वि. १८ वटा, प्रविधिक शिक्षालय ६ वटा, मा.वि. ५४ वटा, नि.मा.वि. ३८ वटा, प्रा.वि. २५६ वटा निजी विद्यालय र बोर्डिङ समेत ९२ वटा रहेका छन् । यसरी हेर्दा चितवन जिल्लाको कूल साक्षरता प्रतिशत ६४ रहेको देखिन्छ ।[१६]

स्वास्थ्यको क्षेत्रमा यस जिल्लाको अवस्था सन्तोषप्रद रहेको देखिन्छ । चितवन जिल्लामा स्वास्थ्य सम्बन्धी विभिन्न सुविधा सम्पन्न अस्पतालहरू रहेका छन् । २०५८ को जनगणनालाई हेर्दा जिल्ला अस्पताल १, क्यान्सर अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र ३, प्राथमिक स्वास्थ्य चौकी ६, उप-स्वास्थ्यचौकी ३२, शिक्षण अस्पताल, स्वास्थ्य सेवा पुगेका गा.वि.स. ३६, आँखा अस्पताल १ र आयुर्वेदिक औषधालय रहेका छन् ।[१७]

---

१३ ऐजन

१४ ऐजन

१५ बलराम लुइटेल (सम्पा), पूर्ववत्, पृ. २ ।

१६ ऐजन ।

१७ बलराम लुइँटेल, पूर्ववत् पृ. ३।

## ३.७ चितवन जिल्लाको साहित्य सृजनाको पृष्ठभूमि र परम्परा

चितवन जिल्लाको साहित्य सृजनापरम्पराको खोजी गर्दा आदिम कालदेखि नै बसोवास गर्दै आएका माझी, थारू, दराईलगायतका आदिवासीहरूको लोकसाहित्यिक परम्पराप्रति दृष्टि दिनु आवश्यक हुन्छ । चितवनमा परापूर्वक कालदेखि नै थारू, चेपाङ, दराई, बोटेहरू बसोवास गर्दै आइरहेका छन् । विगतमा चितवन जिल्लामा औलोको प्रकोप भएकाले यहाँको बस्ती पातलो थियो । यसका बावजुत माझी, थारू, दराई लगायतका आदिवासीहरू यहाँ बसोबास गर्दथे । यी जातिहरू शैक्षिक सचेतताका दृष्टिले शून्यप्राय: भएकाले तत्कालीन समयमा साहित्यिक जागरणको कुनै सम्भावना नै भएन । २००० सालको पहिलो दशकतिरबाट केही रूपमा बाहिरी ठाउँहरूका मानिसहरू आएर बसोबास गर्न थालेपछि अलि भिन्नै किसिमको परिवर्तन देखापर्न थाल्यो ।[१८] नेपालका अन्य जिल्लाहरूबाट बसाइसराइका क्रममा भाषा, साहित्य, संस्कृती र कलासमेत लिएर आएका विभिन्न जातिहरूले भरिएको चितवनमा वि.सं. २०११ सालमा रापती दून विकास परियोजनाको कार्यान्वयनपछि मात्र शैक्षिक चेतना जगाउन सम्भव भएको हो ।[१९] चितवनका आदिवासी थारू जातिको मातृभाषामा लेखिएको पुस्तक **जितिया पावनी** नै चितवनको पहिलो प्रकाशित कृति हो ।[२०] वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले थारू भाषाको कृति **जितिया पावनी** सम्पादन गरेर प्रकाशन गरेपछि प्रारम्भ भएको चितवनको साहित्यिक लेखन प्रकाशन परम्परा वर्तमानसम्म आइपुग्दा निकै समृद्ध र उच्च देखिन्छ । चितवन जिल्लामा लेख्य परम्पराको सूत्रपात गर्ने थारु जातिको सांस्कृतिक संरक्षणमा महत्त्वपूर्ण स्थान पाउनुका साथै ऐतिहासिक कृतिको रूपमा पनि महत्त्व पाएको देखिन्छ । समयक्रम सँगसँगै विभिन्न स्कूल तथा क्याम्पसहरूको स्थापना हुँदै जान थालेपछि र साहित्यिक जमघट र अन्तर्क्रियाहरूको पनि सुरुवात हुन थाले पछि चितवनमा क्रमश: शैक्षिक र साहित्यिक जागरण तीव्रताका साथ मौलाउन थालेको पाइन्छ । चितवनको साहित्यिक यात्रालाई मूलत: निम्नलिखित तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

| | | |
|---|---|---|
| क) | प्रथम चरण | वि.सं. २०१६ - २०२४ |
| ख) | द्वितीय चरण | वि.सं. २०२४ - २०४६ |
| ग) | तृतीय चरण | वि.सं. २०४६ - वर्तमानसम्म |

---

१८ लक्ष्मणप्रसाद गौतम, *चितवनको साहित्य : यात्रा प्रवृत्ति,* पूर्ववत्, पृ.९५ ।

१९ रमेश प्रभात, *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन,* **रामेश्वर स्मारिका,** (चितवन: रामेश्वर पुस्तकालय तथा वाचनालय, २०६४), पृ.१२५ ।

२० हरिहर खनाल, *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन,* **विवेक (चितवन परिचय विशेषाङ्क)**, (चितवन: वीरेन्द्र क्याम्पस, २०४६), पृ. ७३ ।

### ३.७.१ प्रथम चरण (२०१६-२०२४)

२०१६ सालमा कलानाथ अधिकारीले थारु भाषाको लोक/धार्मिक तथा जितिया पावनी लेखन सम्पादन गरेर प्रकाशित गरेपछि मात्र चितवनको साहित्यिक इतिहासले लेख्य रूप धारण गरेको हो । यस क्रममा २०२१ सालमा चितवन हाइस्कुलबाट चितवनकै पहिलो प्रकाशित *'चितवनको चिनो'* पत्रिकाले विद्यार्थीको साहित्यिक चेतनामा लहर फैलाउन निर्वाह गरेको भूमिका उल्लेखनीय रहेको छ । अर्कोतर्फ चितवनको साहित्यिक उत्थानको जग बसाल्ने कार्यमा २०२२ सालमा भरतपुरमा स्थापना भएको वीरेन्द्र इन्टर कलेजको महत्त्वपूर्ण स्थान छ ।[२१] त्यस कलेजका तत्कालीन प्राचार्य आनन्ददेव भट्टले स्थिर रहेको चितवनको साहित्यिक वातावरणमा उत्साह जगाउने काम गरे जसको फलस्वरूप केही लेख्दै गरेका र नितान्त नयाँ दुवैथरी सर्जकहरू सक्रियता साथ जुर्मुराउन थालेका र २०२२ सालमा रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्यिक सेमिनारले पनि यहाँको सिर्जनात्मक परिवेशलाई माथि उठाउन केही मद्दत पुऱ्याएको उल्लेख पाइन्छ ।[२२]

हाल चितवनमा रहेका र धेरै पहिलेदेखि नै साहित्य साधनामा लागेका साहित्यिक व्यक्तिहरूका कृतिहरू **जितिया पावनी** (२०१६) भन्दा अघि नै प्रकाशित भएका पनि पाइन्छन् । यद्यपि ती कृतिहरूलाई चितवन उपजका रूपमा लिन भने सकिँदैन । त्यस समयका चितवनका स्रष्टाहरूका कृतिहरूलाई हेर्दा प्रेमविनोद नन्दनको **झटारो** (कवितासङ्ग्रह, २००९), **अञ्जलि** (कवितासङ्ग्रह, २०१५), **सपनीबाट ब्यूँझेर** (गीत सङ्गालो, २०२३), रविकिरण निर्जीवको **नवजीवन फूलवारी** (कवितासङ्ग्रह, २०२३), पद्मपाणि विरक्तिको **तिर्सनाको कोसेली** (कवितासङ्ग्रह, २०२४), हरिहर खनालको **बिदा हुँदा** (२०२४), लगायतका कृतिहरू प्राप्त भएका छन् ।

### ३.७.२ द्वितीय चरण (वि.सं. २०२५-२०४६)

चितवनको साहित्यिक यात्राको द्वितीय चरण सुरुवात वि.सं. २०२५ सालमा चितवनको पहिलो साहित्यिक पत्रिकाको रूपमा **दोभान** नामक पत्रिकाको प्रकाशन भएको मानिन्छ । तत्पश्चात् चितवनमा साहित्यिक जागरण तीव्रताका साथ फैलिन थाल्दछ ।

२१ हरिहर खनाल, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका**, (चितवन : स्मारिका प्रकाशन मूलसमिति २०५७) पृ. ८५ ।

२२ ऐजन ।

दोभानपछि वि.सं. २०२६ सालमा प्रगतिवादी साहित्यिक पत्रिका **नौलो राँको** प्रकाशित हुन थालेको देखिन्छ भने ती दुई पत्रिका पछ्याउँदै वि.सं. २०२७ सालदेखि **छहरो** नामक विचारप्रधान साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । यस अवधिमा नारायणी पुस्तकालय र नारायणी कलामन्दिर जस्ता साहित्यिक एवं सांस्कृतिक संस्थाहरू पनि संस्थापन भएर प्रकाशनका क्षेत्रमा अगाडि बढे । नारायणी पुस्तकालयले **तिर्सना** (२०२७) को प्रकाशन सुरु गऱ्यो । नारायणी कलामन्दिरले पनि आफ्नो मुखपत्रका रूपमा **मारुनी** (२०२८) को प्रकाशन थाल्यो । त्यस्तै वीरेन्द्र कलेज भरतपुरको प्रकाशनमा निस्किएको **प्रकाशपुञ्ज** पनि अवधिमा प्रकाशित महत्त्वपूर्ण प्रकाशन हो ।[२३] यसरी हेर्दा यो चरण पत्रपत्रिका प्रकाशनका दृष्टिले निकै महत्त्वपूर्ण रहेको देखिन्छ । यस चरणमा प्रकाशित साहित्यिक कृतिहरूमा मदनमोहन जोशीको **मेरो एउटा प्रेमपत्र** (२०२६), **केही समलोचनात्मक रेखाङ्कन** (समालोचना), **जीवन क्षितिजमा** (कविता), कोमलनाथ कोइरालाको **अन्नपूर्ण** (शोककाव्य, २०३०), दुर्गानाथ उपाध्यायको **बुद्धिविनोद प्रश्नोत्तरी** (खण्डकाव्य, २०३६), रेशम विरहीको **मूलाको बोक्रा र आलीमुनिको झ्याउँकीरी** (कवितासङ्ग्रह, २०३७), हरिहर खनालको **अजम्बरी गाउँ** (कथासङ्ग्रह, २०३७), **आकाश छुने डाँडोमुनि** (कथासङ्ग्रह, २०३८), म्याक्सिम गोर्कीको **आमा** (२०३८, अनुवाद), पोषराज पौडेलको **माडीयात्रा** (खण्डकाव्य, २०३९), बामदेव पण्डितको **हाम्रो पूर्वज** (खण्डकाव्य, २०४०) लगायत उनका कृतिहरू प्रकाशित भए । यसका अतिरिक्त हरिहर खनालको सम्पादन तथा प्रकाशनमा **जाँगर** (२०३७), दियालो परिवार नारायणगढको व्यवस्थापनमा **नौलो समाज** (२०३७), चिरञ्जीवी नेपालीको सम्पादनमा **इन्द्रकमल** (२०३७), गङ्गाराम श्रेष्ठको सम्पादनमा **ऋचा** (२०३८), अनिल सिग्देलको सम्पादनमा **आरन** (२०३८), आदि साहित्यिक पत्रिकाहरू पनि प्रकाशनमा आए । साहित्यिक प्रकाशनका दृष्टिले महत्त्वपूर्ण अवधि मान्न सकिने यस चरणअन्तर्गत पनि चालीसदेखि पचासको दशकमा कृतिहरू प्रकाशन र पत्रिका प्रकाशनका क्षेत्रमा नयाँ आयाम थपियो र यस क्षेत्रको साहित्यिक क्षितिजमा नवीन सम्भावनाका झुल्काहरू देखापर्दै गए ।[२४]

यसका अतिरिक्त सुवर्ण कक्षपतिको **मेरी धवला** (कवितासङ्ग्रह २०४०), प्रकाश चापागाइको **बदला** (नाटक, २०४०), रविकिरण निर्जीवको **छेपेटार** (कवितासङ्ग्रह

---

२३ लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ. ५५।
२४ लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ.९६ ।

२०४२), जगतराज पौडेलको **जेलभित्रको एक सानो संसार** (कवितासङ्ग्रह, २०४२), मित्रलाल ढकालको **गुम्सिएका रातमा फिँजाएका एकमुठी जुन** (२०४३), पोषराज पौडेलको **म्याक्सिम गोर्की** (२०४३), रामबाबु घिमिरेको **रित्तो आकाश** (उपन्यास, २०३२), गायत्री श्रेष्ठको देवकुमारी थापाको **जीवनी,** व्यक्तित्त्व र कृतित्त्व (समालोचना, २०४६), मदनमोहन जोशीको **मर्दिन** (कवितासङ्ग्रह, २०४६), हरिहर खनालको **देश परदेश** (कथासङ्ग्रह, २०४६), लीलामणि भट्टराईको **प्रस्थान** (कवितासङ्ग्रह, २०४६), देवीदत्त अधिकारीको **आमाको आँसु** (कवितासङ्ग्रह, २०४६), खुसीराम पाखिनको **आँसुको भाखा** (गीत सङ्गालो, २०४६) का साथै वैजनाथ देवकोटाको **अनुरोध नेपाली लोकरचना र डाँफेको सन्देश** एवं काका नेपालीको **जीउँदो लास** आत्मजीवनी पनि प्रकाशित देखिन्छन् । त्यस्तै प्रेमविनोद नन्दन र अनिल सिग्देनको **सम्पादनमा गोधूलि** (२०४०), बालकुमारी मा.वि.जुरेसद्वारा प्रकाशित कविता **कुसुम** (२०४२) तथा वीरेन्द्र कलेज भरतपुरको **मुखपत्र विवेक** (२०४१) लगायत सेरोफेरो (२०४२) यस चरणका प्रसिद्ध पत्रिकाहरू र कृतिहरूले यस चरणलाई गति प्रदान गरेका छन् । साहित्यकर्मीहरूलाई सङ्गठित रूपमा अगाडि बढाउने उद्देश्यले चिरञ्जीवी नेपालीको सक्रियतामा २०३९ सालमा स्थापित चितवन साहित्य समितिले पनि चितवनको साहित्यिक समुत्थानमा विशिष्ट भूमिका निर्वाह गरेको देखिन्छ ।[२५]

### ३.७.३ तृतीय चरण (२०४७ देखि वर्तमानसम्म)

चितवनको साहित्यिक यात्राको तृतीय चरण वि.सं. २०४७ सालको ऐतिहासिक जनआन्दोलन र बहुदलीय व्यवस्थाको स्थापनासँगै आरम्भ हुन्छ । यस अवधिमा प्रजातान्त्रिक स्वतन्त्र वातावरण आइसकेकाले साहित्यमा पनि प्रजातान्त्रिक मूल्य, मान्यताका प्रसङ्गहरू बढी मात्रामा उठेका छन् । यसका साथै राजनीतिक विकृति, शैक्षिक, सामाजिक, धार्मिक र सांस्कृतिक समस्याहरू प्रेम-प्रणय लगायतका सम्पूर्ण वस्तु यथार्थलाई यस चरणका साहित्यिक रचनाहरूले प्रतिनिधित्व गरेका छन् । यस समयमा सर्वप्रथम चितवनको साहित्यिक इतिहासको अनुसन्धान भई पुस्तक प्रकाशित हुनुका साथै चितवनका साहित्यकारहरूले क्षेत्रीय र राष्ट्रिय स्तरका सम्मान, पुरस्कारहरू प्राप्त गर्नु जस्ता उपलब्धि देखापर्छन् । पुस्तकाकार कृति रचनाका दृष्टिले २०४७ देखि २०५७ सम्मको अवधिमा मात्र

---

२५ ऐजन ।

७० भन्दा बढी पुस्तकहरू प्रकाशित भएका छन् । चितवन जिल्लाभित्रका साहित्यकारले दश वर्षको अवधिमा दिएका यति धेरै कृतिहरूको योगदानलाई नेपाली साहित्यमै पनि महत्त्वपूर्ण योगदान मान्नुपर्छ ।[२६] चितवनको साहित्ययात्राको तृतीय चरणमा प्रकाशित कृतिहरूमध्ये गोविन्दराज विनोदीको **मेरो वर्तमानता** (कवितासङ्ग्रह, २०४७), **निर्मम निर्मम घडीहरू** (गजलसङ्ग्रह, २०५६), **आँखाका नानी** (बालकवितासङ्ग्रह, २०५७), **छन्दविनोद** (प्रबोधकाव्य, २०५७), उत्तमको **देवचुली** (कवितासङ्ग्रह, २०४८), कपिल अज्ञातको **अज्ञातका कविता** (कवितासङ्ग्रह, २०४७), **साहित्य सिर्जनप्रक्रिया** (समालोचना सङ्ग्रह, २०५५), **समालोचनाको सन्दर्भ** (समालोचनासङ्ग्रह, २०५६), कुलचन्द्र कोइरालाको **नारायणी स्तुति** (कवितासङ्ग्रह, २०५५), लीला भट्टराई र केशव भट्टराईको **हिमाल रुन्छ** ( उपन्यास, २०४७), केशवकान्त ढकालको **तिम्रो कसम** (नाटक, २०५०), जगतरात पौडेलको **श्रद्धाञ्जलीका फूलहरू** (कवितासङ्ग्रह, २०५१), डी.डी. शर्माको **डमरूको आवाज** (कवितासङ्ग्रह, २०४९), तिलकराज शर्माको **पार्टी खोल्ने धुनमा** (निबन्ध सङ्ग्रह, २०५२), धर्म प्रधान अकिञ्चनको **मृगमरीचिका** (गजलसङ्ग्रह, २०५२), **रागी** (गीत सङ्गालो, २०५५), नारायणप्रसाद खनालको **केही रहर केही ठहर** (समालोचनासङ्ग्रह, २०४९), प्रेमविनोद नन्दनको **विपनीका पाइलाहरू** (कवितासङ्ग्रह, २०५२), पोषराज पौडेलको **स्मृतिका छालमा** (खण्डकाव्य, २०४४), बुद्धिबल श्रेष्ठको **रुख रोपौ** (कवितासङ्ग्रह, २०४९), मदनमोहन जोशीको **भरियाको कथा** (कथासङ्ग्रह, २०४८), माधव खनालको **परित्याग** (उपन्यास, २०५०), मित्रबन्धु पौडेलको *बिर्सन नसकेका तस्विर* (उपन्यास, २०५०) मीनप्रसाद सहायको **घाइते सपना** (नाटक, २०४८), रविकिरण निर्जीवका **सोभा निर्जीवका बाङ्गा निबन्धहरू** (निबन्धसङ्ग्रह, २०४७) र **कालो कर्णाली सेतो छायाँ** (उपन्यास, २०५६), रामबाबु घिमिरेका **म हरेस खान थालेको छु** (निबन्ध सङ्ग्रह, २०४७), **मुक्तकसङ्ग्रह** *(* २०५५), **लेख्नुपर्ने कुराहरू** (निबन्धसङ्ग्रह, २०४७), रामविनयको **म आएको छु** ( कवितासङ्ग्रह, २०४७) र लक्ष्मणप्रसाद गौतमको **नन्दनको काव्यिक परिवेश** (समालोचना, २०५२), चितवनको साहित्य सर्वेक्षण र विश्लेषण (समालोचना, २०५२) र **सान्दर्भिक समालोचना** (समालोचनासङ्ग्रह, २०५७) प्रकाशित छन् । त्यसैगरी हरिहर पौडेलको *इतिवृत* (कथासङ्ग्रह, २०५१), सरस्वती रिजालको **एक झुल्को घाम** (कवितासङ्ग्रह, २०५१), राजकृष्ण

---

२६ ऐजन ।

कंडेलको **सम्झनाका छालहरू** (शोककाव्य, २०५६), द्रौपदीको **पश्चाताप** (खण्डकाव्य, २०५९), हरिहर खनालको **बमको छिर्का कथासङ्ग्रह**, २०४७), **मेक्सिम गोर्की** (अनुवाद, २०४८), **आस्थाको गोरेटो** (कवितासङ्ग्रह, २०५१), **विगत आगत** (कथासङ्ग्रह, २०५५), विजयराज भट्टराइको **वसन्तको प्रसवव्यथा** (कवितासङ्ग्रह, २०५१), शोभा रानाको **बेवारिसे** (उपन्यास, २०५१), हरिहर सविताको **मणि** (शोककाव्य, २०४८), **जानुका** (शोककाव्य, २०४८), कालरात्री (कथासङ्ग्रह, २०४७) रमेश प्रभातको **सत्तालिप्सा** (हाइकुसङ्ग्रह, २०५४), चेतकान्त चापागाईको **यात्रा मुक्तिशिखरको** (कवितासङ्ग्रह, २०५५), चितवन शिखरवासको **मनको रन्को भाग २** (कवितासङ्ग्रह, २०५४), सूर्यमणि अधिकारीको **आत्मावतार** (लघुकथा सङ्ग्रह, २०५५), गोवर्द्धन पूजाको शून्यताको **आँचलभित्र** (कथासङ्ग्रह, २०५३), धर्तीको *धुलो* (गजलसङ्ग्रह, २०५३), **असहमतिका पाइलाहरू** (उपन्यास, २०५०), विष्णुप्रसाद भुसालको **मेरो समवेदना यो युगलाई** (कविता सङ्ग्रह, २०५३), कमल कंडेल र कल्पना कंडेलको **प्रकृति र स्मृति** (कवितासङ्ग्रह, २०५३), कृष्ण कंडेलको **बुद्धका आँखामा देश** (कवितासङ्ग्रह, २०५३), बालमुकुन्द पोखरेलको **भावनाका थुङ्गाहरू** (कवितासङ्ग्रह, २०५१), धर्मराज अर्यालको **सृजनाका धुनहरू** (कवितासङ्ग्रह, २०५६), **तिम्रा बातहरू** (कवितासङ्ग्रह, २०६०), रह शर्माको **भ्रम** (२०५५), **वचन** (२०५६), र **विसङ्गति** (२०५७), निबन्धसङ्ग्रहरू चितवन साहित्ययात्राका तृतीय चरणका उपलब्धि हुन् । २०४८ सालमा हरिहर खनालको सम्पादनमा/प्रकाशनमा जनसाहित्य त्रैमासिक पत्रिकाको प्रकाशन सुरू भयो । सगरमाथा साहित्य समाज केन्द्रीय कृषि क्याम्पस रामपुरबाट सोही वर्ष *पाइला र प्रवाह* पत्रिका प्रकाशित भयो । गजलामृत (गजलसङ्ग्रह, २०६०), कुन्साङ काका गजलसङ्ग्रहहरू २०६२ **गोजीको गजल** (लामो गजल, २०६०), **ढलदैन स्वाभिमान कसैगरे पनि** (गजलसङ्ग्रह, २०६४), एकनारायण पौडेलको **बादलका चोटहरू** (कवितासङ्ग्रह, २०५६), उत्सव खरेलको **टाढिएको वसन्त** (गजलसङ्ग्रह, २०५६), हरिनारायण सापकोटाको **मन पराएको केटी** (लघु उपन्यास, २०५५), यस चरणमा छापिएका कृति हुन् ।

अन्य कृतिहरू धनराज गिरीको *राष्ट्रै टुहुरो भयो* (कवितासङग्रह, २०५४), सूर्यमणि अधिकारीको **आत्मावतार** (कथासङ्ग्रह, २०५६), पोषराज पौडेलको **शहीद गाथा** (महाकाव्य, २०५७), गोपी सापकोटाको **कमिलाको सपना** (बालकथासङ्ग्रह, २०५७), जलेश्वरी श्रेष्ठको **लाभाका बाफहरू** (कवितासङ्ग्रह, २०५८), गोविन्द दाहालको **लघुकथा सङ्ग्रह** (२०६०),

कल्पना अधिकारीको **प्रेमदीप** (कथासङ्ग्रह, २०६१), **आमा** (कथासङ्ग्रह, २०६२), एच लामाको **बाज र परेवाहरू** (लघुकथासङ्ग्रह २०६१), लक्ष्मणप्रसाद गौतमको **नेपाली यौन कथा,** भाग २, (सम्पा.२०५९), हरिहर पौडेलको **कालो उज्यालो** (लघुकथासङ्ग्रह, २०६२), सीताराम कोइरालाको **अनर्थ** (कथासङ्ग्रह, २०६२), लक्ष्मणप्रसाद गौतमको **सकालीन नेपाली द्वन्द्व कथा** (सम्पा. २०६३), सरला जोशीको **अन्तिम स्वीकार** (उपन्यास, २०५०), होमर श्रेष्ठको **बूढो माझी र समुद्र** (अनवाद, २०६०), **चरीको बगैचा** (अनुवाद, २०६२), हरिहर खनालको **युगका पदचापहरू** (निबन्धसङ्ग्रह, २०५९), नरेन्द्रराज पौडेलको **एलोसी माथिको साँझ** (निबन्धसङ्ग्रह, २०६०), नारायणप्रसाद खनालको **नारायणीका लहर-लहरमा** (निबन्धसङ्ग्रह, २०६१), चन्दबहादुर बस्नेतको **यात्रा संस्मरण** (२०६१), राजकृष्ण कंडेलको **संवेदनाका स्वरहरू** (निबन्धसङ्ग्रह, २०६२), रामहरि श्रेष्ठको **माडी घटना** (निबन्धसङ्ग्रह, २०६२), डी. आर पोखरेलको परिजातको **साहित्यिक मूल्याङ्कन** (समालोचना, २०६२), सरस्वती रिजाल र गायत्री श्रेष्ठको **नारायणी अञ्चलका नारी साहित्यकारहरू** (समालोचना, २०६२), पूर्णप्रसाद अधिकारीको **माहाकवि देवकोटाका केही आयाम** (समालोचना २०६२), गोविन्दराज विनोदीको **स्रष्टा** नरेन्द्रराज पौडेल द्रष्टाहरूका **आँखामा** (सम्पा. २०६३), विष्णुप्रसाद सापकोटाको **पश्चिमका पचपन्न प्रतिभा** भाग १ (समालोचनासङ्ग्रह, २०६४), गोपी सापकोटाको **पूर्णविराम** (नाटक, २०५६), नारायणदत्त शास्त्रीको **योगमाता** (नाटक, २०५९), **वन-वनस्पति** ( २०६२), सिर्जन अविरलको **आदिगायक सेतुरामदेखि दिलमाया खातीसम्म** (समीक्षसङ्ग्रह, २०६२), **म आकाशमा हेरिरहेछु** (कवितासङ्ग्रह, २०६१), उपेन्द्र श्रेष्ठको **अस्वीकृत** ( कवितासङ्ग्रह, २०५६), **दासले मसँग मुक्ति मागेको छ,** (कवितासङ्ग्रह, २०५९), चूडा ढकालको **समुद्रमा एक थोपा** (कवितासङ्ग्रह, २०५६), **किसान प्रेमीको गाँउ बस्ती रोइरहेछ** (कवितासङ्ग्रह, २०५९), रेवतीरमणको **कथोपकथन** (गीतगजलसङ्ग्रह, २०५९), शङ्कर सुवेदीको **आमा** (कवितासङ्ग्रह, २०५९), केदारनाथ खनालको **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **कवितामा चितवन** (२०६१, सम्पा.), रह शर्माको **रहका कविता** ( कवितासङ्ग्रह, २०६१), **सेलरोटी-बाल** (कवितासङ्ग्रह, २०६३), **गोवर्द्धन पूजाको वाचल ओठहरू** (कवितासङ्ग्रह, २०६१), दधिराम शर्मा पौडेलको **यथार्थका तीता सत्यहरू** ( कवितासङ्ग्रह, २०६१), हीरादेवी पौड्यालको **जीवन** (कवितासङ्ग्रह, २०६१), राजेन्द्र सिलवाल 'घायल'को **वेदना छालहरू** (कवितासङ्ग्रह, २०६१), शिवालय आचार्यको **सिमलको रुख र म** (

कवितासङ्ग्रह, २०६१), रविलाल जमरकट्टेलको **मनचिन्ते रुख** (कवितासङ्ग्रह, २०६१), शम्भु गिरीको **आशीर्वाद** (गजलसङ्ग्रह, २०६१), सरस्वती रिजालको **प्रबोधन** (कवितासङ्ग्रह, २०६३), खेमराज दवाडीको **अमेरिकाको यात्रा** (कवितासङ्ग्रह, २०६३), गोपी सापकोटाको **गुलाफको एस्ट्रेमा मृत्यु** (कवितासङ्ग्रह, २०६३), गोर्खे साइलोको **कादम्बरी** (कवितासङ्ग्रह, २०६३), **मुस्कान** (गजलसङ्ग्रह, २०६३), तारा बरालको **आक्रोश** (कवितासङ्ग्रह,२०६४), द्वारिका नेपालको **ओझेल परेका तस्विरहरू** (कवितासङ्ग्रह, २०६१), गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र** (गीतिसङ्ग्रह, २०६२), सविता बरालीको **माडी शोकसमुद्र** (कवितासङ्ग्रह, २०६३), ध्रुवकिरण रेग्मीको **अशान्तिले जन्माएको सेतो चोली** (कवितासङ्ग्रह, २०६४), प्रेमविनोद नन्दनको **ऐना भित्रको आकाश** (गीतिकवितासङ्ग्रह, २०६४), गोपाल पौडेलको **छातीभरि तिम्रो माया** (कविता, गीत, गजलसङग्रह, २०५९), केशवराज आमोदीको **जलतरङग** (गजलकाव्य, २०६०), बालकृण थपलियाको **गजलपथका यात्रीहरू** (सम्पा. २०६१) मदन भट्टराइको **पहिलो हस्ताक्षर** (गजलसङग्रह, २०६१), शीतल कादम्बिनीको **सुगन्धयात्रा** (गजलसङग्रह, २०६२), इन्द्रलाल श्रेष्ठ 'अद्वितीय' को **भावनामा राष्ट्र बोल्छ**, (गजलसङग्रह, २०६२), **नयाँ नेपाल नयाँ इतिहास** (गजलसङग्रह, २०६४), पुष्प अधिकारी अञ्जलिको **मनभित्रको मन** (गजलसङग्रह, २०६२), **गजनबिम्व** (सम्पा., २०६२), **गजलदीप** (सम्पा., २०६३), **गजलयात्रा** (सम्पा., २०६४), **एक अञ्जुली घाम** (२०६३), सरला जोशीको **शब्दको सुवास** (गजलसङग्रह, २०६३), कृष्णाकुमारी महतको **संयोग-वियोग** (गजलसङग्रह, २०६३), किसान प्रेमीको **गजब छ मान्छे** (गजलसङग्रह, २०६३), गणेश शर्मा पौडेलको **आँखामा मेरो देश** (गजलसङग्रह, २०६३), जमुना अधिकारीको **नयन** (गजलसङग्रह, २०६३), विमलप्रसाद देवकोटाको **पलपलका परिमल** (गजलसङग्रह, २०६३), प्रेमविनोद नन्दनको **भीडमा एक्लैएक्लै** (गजलसङग्रह, २०६४), विद्याभण्डारी 'चिराग'को **नेपथ्यका कुरा** (गजलसङग्रह, २०६४), कपिल आज्ञातको **समयसमयका स्वरहरू** (गजलसङग्रह, २०६४), रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह** (२०५७), केशवराज आमोदीको **सत्तासाधन** (२०५८), धनराज गिरीको **अर्थात्** (२०५८), रमेश प्रभातको **सत्तालिप्सा** (२०५४), जस्ता मुक्तकसङ्ग्रह, चुडा ढकालको **देश बिरामी हुँदा** (२०५७), मित्रबन्धु पौडेलको **आलोक छ आलोक छैन** (२०५९), **सुहागरात र अनुहार** (२०६०), प्रेम विक्रम कुँवरको **पुतलीहरू** (२०६०), प्रकाश पौडेल 'माइला'को **पर्दाफास** (२०६१), अनुपराज कंडेलको **पुष्पलता उज्ज्वलतारा** (२०६२), जस्ता हाइकु सङ्ग्रहहरू, शिवजी पन्तको

**जीवनसाथी** (२०५५), केशवराज आमोदीको **अरण्य-रोदन** (२०५६), **कर्मभूमि** (२०६०), चन्द्रवदना घिमिरेको **श्वेता** (२०५६), तारापति देवकोटाको **शोक चिन्तन** (२०५६), श्यामानन्द पौडेलको **करुणामयी नारी** (२०५६), जगन्नाथ देवकोटाको **जया** (२०५९), शोभाखर उपाध्यायको **मातृवियोग** (२०६१), विष्णुहरि थापाको **लक्ष्मण रेखा** (२०६०), धनेश्वर भट्टराईको **गोरखागाथा** (२०६१), माल्दाइ न्यौपाने 'टिकाराम'को **कथाव्यथा** (२०६३), पुष्प अधिकारी अञ्जलीको **एक अञ्जुली घाम** (२०६३) र **जून फुलेको बस्ती** (२०६६), कपिल अज्ञातको **अनुभूतिको उमङ्ग** (२०६४) आदि प्रकाशित छन् ।

यसरी चितवनको साहित्यिक कृतिहरूलाई चरणगत रूपमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यी कृतिहरूका अतिरिक्त चितवनको साहित्य यात्रामा धेरै सर्जकहरू क्रियाशील देखिन्छन् । साहित्यक्षेत्रमा सिद्धहस्त मानिएका केही साहित्यकारहरू फुटकर लेखनमा मात्रै सीमित देखिएका छन् भने प्रतिभाशाली नवसर्जकहरू पनि फुटकर साहित्य लेखनमा नै अग्रसर हुँदै चितवनको साहित्यिक धरातललाई फराकिलो बनाउनमा निरन्तर लागिरहेका छन् ।

## ३.८ नेपाली साहित्यमा मुक्तकको प्रवेश र विकासक्रम

नेपालीमा मुक्तक लेखनको परम्परालाई खोतल्दै जाँदा लोकपरम्परामा रहेका मौखिक गायनमा अडिएर कविता र श्लोक हाल्ने परम्परामा पनि मुक्तकको छनक पाउन सकिन्छ । नेपाली काव्य-कवितामा मुक्तकको खास थालनी कहिले भयो भनी खोज्दा वि.सं. १८३९ तिरको मानिएको शक्तिवल्लभ अर्यालद्वारा रचना गरिएको **तनहुँ मकुन्डो** हालसम्मको प्राप्त पहिलो मुक्तकका रूपमा कविता प्राप्त गर्दछौं । यसलाई मुक्तक लेखनका रूपमा चालिएको सचेत पाइलो नमानिए पनि मुक्तकको ऐतिहासिक छनकलाई वा स्वरूपलाई बोकेको हुँदा विशेष महत्त्वका साथ हेरिन्छ । यसै परम्परामा गुमानी पन्त, ज्ञानदिल दास, भानुभक्त आचार्य, मोतीराम भट्ट आदि देखापरेका छन् । नेपाली मुक्तकमा क्रमश: सङ्ख्या र स्तर बढ्दै आएको पाइन्छ । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित आदिको कलमबाट पनि झल्याकझुलक मुक्तकको संरचना भएका पाइन्छन् । यसले गर्दा लघुतम काव्यका रूपमा विकसित हुने मौका मुक्तक साहित्यले प्राप्त गर्‍यो । नेपाली मुक्तक साहित्यलाई अध्ययन गर्दा रुवाइयता

शैली भित्रनुभन्दा पहिले यसभन्दा फरक शैलीमा पनि प्रशस्त मात्रामा मुक्तक लेखिएको भेटिन्छ । भारतीय कवि हरिवंश राय बच्चनले **मधुवाला र मधुकलश** जस्ता चर्चित कृतिहरूमा रुवाईयात शैलीका मुक्तकहरू प्रकाशित गरेपछि सो शैलीमा नेपाली साहित्यमा पनि मुक्तक लेख्ने सुरुवात भयो । पछि बिस्तारै फारसी-उर्दू हुँदै हिन्दीमा पनि मौलाएको रुवाई शैलीका मुक्तकहरूको स्पर्श नेपाली साहित्यले पनि २०१० सालतिरबाट प्राप्त गर्न थाल्यो साथै त्यसपछि नेपाली मुक्तकले नयाँ गति लिन थालेको देखिन्छ । २०१० सालमा मिलेका मुक्तकहरू लिएर भीमदर्शन रोक्का देखापरेकाले यो साल नेपाली मुक्तकपरम्परामा कोसेढुङ्गा भएर इतिहास बनाउन सफल छ । मुक्तक रचनामा त्यसपछि कलम चलाउने मुक्तककारहरूमा टेकबहादुर नवीन, भूपि शेरचन, हरिभक्त कटुवाल, रत्नशमशेर थापा, भीम उदास हुँदै पोखरेली मुक्तककार सरूभक्त प्रमुख छन् ।

यी स्रष्टाहरूले मुक्तकलाई अझै अगाडि बढाउने कार्य गरेका थिए । यसरी आफ्नो इतिहासलाई तय गर्दै नयाँ मोडतिर अगाडि बढेको मुक्तक आधुनिक साहित्यको क्षेत्रमा मज्जाले झ्याङ्गिएको छ । धेरै स्रष्टाहरू फेलापरेका छन् । तीसको दशकमा पोखरामा मुक्तक निकै लोकप्रिय रहेको थियो । टिकटमा मुक्तक श्रवण कार्यक्रमपश्चात् चर्चा कमाएको पोखरेली मुक्तकले वि.सं. २०३५ सालमा सरुभक्तको *बन्द खामभित्र* मुक्तक प्रकाशित भएपश्चात् झन् ख्याति आर्जन गरेपछि नेपाली साहित्यमा मुक्तक रचना गर्ने र सङ्ग्रहहरू प्रकाशित गर्ने लहर नै चलेको पाइन्छ । आधुनिक नेपाली साहित्यका ख्यातिप्राप्त कवि र तिनका कृतिहरू समेत मुक्तकविहीन देखिदैनन् । यस्ता कविहरूमा केदारमान व्यथित, बैरागी काइँला, कालीप्रसाद रिजाल, हेम हमाल, हिमांशु थापा, अशेष मल्ल, विनोद अश्रुमाली, सरुभक्त श्रेष्ठ, कृष्णप्रसाद पराजुली, अविनाश श्रेष्ठ, विष्णु घिमिरे, शक्तिप्रसाद लम्साल, भीम उदास, राजव, हरि श्रेष्ठ, जीवनराम ढुङ्गाना आदि प्रख्यात रहेका छन् । यिनीहरूको कुनै न कुनै साहित्य रचनामा मुक्तकहरूलाई भेटाउन सकिन्छ तापनि मुक्तकीय संरचनामै समर्पित भएर लागेका प्रतिभा कतै देखिएका छैनन् । मूल्याङ्कन र विश्लेषणको कमी, अभिव्यक्तिको जटिलता, चमत्कृत अनुभूतिको कमी, प्रतिस्पर्धात्मक परिवेशको अभाव आदि कारणले कविहरू यसतर्फ आकर्षित भएर मुक्तक रचनामा नबढेको हुनसक्छ । उर्दू, फारसीमा कतिपय कविहरूले सायरी वा मुक्तकको रचनामा बढी भाव सघनता बनाएको पाइन्छ । यस्ता विशिष्ट कविका रूपमा उमर खैयामलाई लिन सकिन्छ

। प्रारम्भकालदेखि नै आधुनिक कालसम्म फाटफुट रूपमा देखिँदै आएको मुक्तकलाई समसामयिक धाराले पुन: स्थापित गरी केही उर्वर र हराभरा बनाएको देखिन्छ । भौतिक व्यस्तताको युगले गर्दा मीठो र चोटिलो साहित्यका रूपमा लोकप्रिय भए तापनि अन्य उपविधा जस्तो मुक्तक उपविधाको क्षेत्र उर्वर स्थितिमा पुग्न भने सकेको छैन ।[२७] हालै केही समययता मौलाउँदै आएको गजलमा जस्तो साधना पनि मुक्तकमा देखिँदैन । कतिपय सन्दर्भमा मुक्तकको स्वरूपमा पनि विविधता आइरहेको छ ।

आधुनिक कवितामा एक आवृत्तिमा पूर्ण हुने लयात्मक वा लययुक्त जुनसुकै लघुरचना मुक्तकका रूपमा प्रचलित छन् । यस्ता मुक्तकमा गजल, सेनेट हाइकु आदि लोकप्रिय रहेका छन् र सबैभन्दा बढी मुक्तकमा लयात्मकताकै बाहुल्यता रहेको पाइन्छ । मुक्तकको प्रचलन लोकगीतमा पनि पाइन्छ । आधुनिक प्रकारका बाह्य वा आन्तरिक लयमा आबद्ध मुक्तक भने २००७ सालपछि मात्र देखिएका पाइन्छन् । विशेष स्वरूप ग्रहण गरेका त्यस्ता मुक्तक निकै प्रखर र तिख्खर रूपमा आइरहेका छन् । यस्ता मुक्तकहरूको सुरुवात गर्नुमा प्रमुख श्रेय भीमदर्शन रोक्कालाई दिन सकिन्छ । उनलाई साथ दिने सबै प्रख्यात कविहरू नै रहेका थिए ।

नेपाली मुक्तक परम्पराको जगत्मा उभिएर मुक्तकको कालविभाजन गर्न जानेर वा नजानेर पनि समस्या देखिएको छ । कालविभाजनमा कहिलेबाट कसरी गर्ने भन्ने समस्या देखिएको पाइन्छ । त्यसो त शक्तिवल्लभ अर्याल (१७८९-१८६३) ले लेखेको चतुष्पदीय पद्य कवितालाई समस्यापूर्तिका रूपमा आज मुक्तकको शीतबिन्दु जनाइएको छ तापनि हालको सैद्धान्तीकृत मुक्तक लेखन परम्पराको गौण प्रतिक्रिया हो । नेपाली मुक्तकको कालविभाजन कुन आधारमा गर्ने भन्ने बारेमा विविधताको सामना गर्न परिरहेको छ । प्राथमिककाल कुनकुन अवधिलाई मान्ने, माध्यमिक काल कुन अवधिलाई मान्ने र पुनजागरणसँगै आधुनिक काल कुन-कुन समयलाई मान्ने बारेमा निश्चित बिन्दु पत्ता लगाउन सकिएको छैन । शक्तिवल्लभ अर्यालको **तनहुँ भुकुण्डो** र मोतिराम भट्ट (१९२३-१९५३) को **पिकदूत** समयावधिलाई प्राथमिक काल भन्ने हो भने मुक्तक आज धेरै माथि उठिसक्नुपर्थ्यो तर उठेको छैन । त्यसपछि नन्द हाङ्खिमको **प्रेमलाप** (१९७२) र उपनाम बस्नेतको **मूर्त अमूर्त** (१९९५) को अवधिलाई मध्यकालीन मानेर टेकबहादुर नवीनको **चोइटा** (२०१६) र

---

२७ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), *कविताको लघुतम रूपको सेरोफेरो,* **नेपाली कविता भाग-४,** चौ.स., (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. ०-३९ ।

भीमदर्शन रोक्काको मुक्तकीय योगदानलाई कदर गर्दा पुनर्जागरण र आधुनिककाल सम्प्रेषित हुन्थ्यो तर भीमदर्शन रोक्काका आंशिक बाहेकका मुक्तकधारी नामका कृतिहरू मुक्तक लेखनको शैलीभन्दा बाहिर टुक्रा, छोक्रा, चोइटा वा मुक्तक शैलीमा संरचित छन् । उनको **मुक्तककार र मुक्तक** सङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरू भने साँच्चै मुक्तकको ढाँचा ग्रहण गरी मुक्तकीय फाँटमा उत्रन सफल भएका छन् । यसरी हेर्दा मुक्तकको काल विभाजन गर्ने विकासक्रमको बाटो खोतल्दै जाँदा **अग्नि पुराण**मा देखिएका गद्य अनुच्छेदबाट सुरु गर्ने कि संरचनासिद्ध मुक्तकीय बान्कीहरूबाट गर्ने भन्ने विषयमा अझैसम्म अलमल परी गणना र प्रक्रियाको बाटो कसरी बनाउने भनी कुरिरहेको स्थिति फेला परेको छ ।

पूर्वीय साहित्य परम्परा र रूवाइयात शैलीको साधना नियमानुसार दुवै परम्परालाई प्रयोग गर्नु अनुचित हो वा साहित्यमा आएको नवीन प्रयोग र मौन अवधिसँग सम्झौता गर्दै अगाडि बढ्नु पर्छ भन्ने धारणा नेपाली मुक्तक साहित्यले राखेको हो भन्नेमा नै सबै अन्योल छन् । आधुनिकता र नवीनताको साथ लिएर बढेको नेपाली वाङ्मयको आकाशमा मुक्तकले पनि आफ्नो साहित्यिक उचाइ पार गर्दै परम्परागत तन्नेरी रथमा रैथाने आवाज बोकेर आधुनिक युगमा प्रवेश गरेको छ । आधुनिक नेपाली साहित्यको फाँटमा उदाएका ख्यातिप्राप्त कवि र तिनका कृतिसमेत प्राय: मुक्तकविहीन देखिँदैनन् । खास गरी नेपाली कवितापरम्परामा कविशिरोमणि लेखनाथ पौड्यालका **सत्य सन्देशहरू** चतुष्पदीय ढाँचाका मुक्तकहरूको प्रसिद्ध तथा उत्कृष्ट नमुना मान्न सकिन्छ । यी मुक्तकमा नै खास संरचना सङ्क्षिप्तता र भावनात्मकता पाइन्छ । केदारमान व्यथित, भूपी शेरचन, हरिभक्त कटुवाल, बैरागी काइँला, कालीप्रसाद रिजाल, हेम हमाल, हिमाशु थापा, अशेष मल्ल, विनोद अश्रुमाली, सरुभक्त श्रेष्ठ, कृष्णप्रसाद पराजुली, अविनाश श्रेष्ठ, विष्णुविभू घिमिरे, किसोर पाहाडी, विश्वमोहन श्रेष्ठ, दिनेश अधिकारी, शैलेन्द साकार, जैनेन्द्र जीवन, शक्तिप्रसाद लम्साल, भीम उदास, हरि श्रेष्ठ, जीवनराम ढुङ्गाना आदि कविहरू पनि मुक्तक रचना गर्ने उल्लेखनीय प्रतिभा हुन् तापनि मुक्तकीय संरचनामा समर्पित भएर लागेका प्रतिभा भने खासै देखिएका छैनन् । मूल्याङ्कन र विश्लेषणको कमी अभिव्यक्तिको कमी, प्रतिस्पर्धात्मक परिवेशको अभाव आदि कारणले कविहरू यसतर्फ आफ्नो प्रतिभा उजागर गर्न नसकेको हुन सक्छ ।[२८]

---

२८ कपिल आज्ञात, *मुक्तक एक परिचय स्वरूप र परमपरा,* **समालोचनाको सन्दर्भ,** (चितवन: चितवन साहित्य-परिषद, २०५५), पृ.२९

हाल केही समययता मौलाउँदै, रसरङ्गका जमघटहरूमा आकर्षक र रोमाञ्चक रही लोकप्रिय हुँदै नयाँ-नयाँ रूपमा चित्रित हुँदै आइरहे पनि अपेक्षाकृत रूपमा मूल्य-मान्यताका दृष्टिले यो क्षेत्र उपेक्षित भएजस्तै महसुस हुन्छ । आकारमा अत्यन्त लघु हुने हुँदा **मिर्मिरे, आरोहण, अभिव्यक्ति** जस्ता ठूला-ठूला पत्रिकाहरूमा पनि यसले राम्रो ठाउँ पाएको छ साथै **आँखी झ्याल, नागबेली, अञ्जुली** जस्ता स-साना पत्रिकाहरू र **प्रयास, फड्को, सन्देश, जुनकिरी, छावा** जस्ता हवाइ पत्रिकाहरूबाट पनि बढी फस्टाउने अवसर पाएको छ ।

## ३.९ नेपाली मुक्तक परम्परा, मुक्तककार र पुस्तक यात्रा

नेपाली साहित्यमा मुक्तकलेखनको प्रारम्भ वैदिककालदेखि नै भएको हो तर आधुनिककालीन नेपाली साहित्यमा २०१० सालताका कवि भीमदर्शन रोक्काले यसलाई दरिलो रूपमा उभ्याउने काम गरेका हुन् । त्यसपछि नेपाली मुक्तक परम्पराले सुषुप्त अवस्थाबाट झ्याङ्गिने र फैलिने अवसर पाएको तथ्यलाई नकार्न मिल्दैन । त्यसपछि हरिभक्त कटुवाल, भूपि शेरचन आदिले मलजल गरेको पाइन्छ । तीसको दशकपछि प्रसिद्ध साहित्यकारहरू यादव खरेल, कृष्णप्रसाद पराजुली, ज्ञानुवाकर पौडेल, हेम हमाल, कृष्ण भूषण बल, अशेष मल्ल, सरुभक्त श्रेष्ठ, तीर्थ श्रेष्ठ, दुवसु क्षेत्री, वियोगी बुढाथोकी, विजय बजिमय, ध्रुव मधिकर्मी, नवराज कार्की, प्रकट पंगेनी शिव, अमृतलाल श्रेष्ठ आदिले मुक्तकको संरचना विषयवस्तुको दृष्टिले उत्कृष्ट मुक्तकहरू रचना गरेको पाइन्छ । यो दशकसम्म विद्यमान रहे पनि त्यसपछि मुक्तक लेख्नेहरू गजल लेख्ने बाटोतिर मोडिएको पाइन्छ । मुक्तकका नाममा जे पायो त्यही लेख्नेहरूका बीच संरचनात्मक पक्षका दृष्टिले अस्थिरता रहिरह्यो । आजभोलि ठाउँ-ठाउँमा मुक्तक लेख्ने तथा सुनाउने परिपाटीले नेपाली साहित्यिक फाँटमा फेरि यसले बाक्लो उपस्थिति जमाएको स्वभाविक रूपमा देखिएको छ ।

नेपाली साहित्यको फाँटमा मुक्तक रचना गरी यसको यात्रालाई गति प्रदान गर्ने स्रष्टाहरूका नाम र तिनीहरूको प्रकाशित मुक्तक कृतिहरू निम्नलिखित रहेका छन् : उपमान बस्नेतको **मूर्त-अमूर्त** (१९९५), नन्द हाङखिमको **प्रेमालाप** (१९७२), टेकबहादुर नवीनको **चोइटा** (२०१६), कृष्णप्रसाद पराजुलीको **सय थुङ्गा फूल** (२०२४), भीमनिधि तिवारीको

**बत्तिस पुतली** (२०२६), कुसुम शर्माको **अमिला अणु** (२०२८), र **समयका छर्राहरू** (२०५७), यादव खरेलको **मुक्तकहरू** (२०३०), धीरेन्द्र मल्लको **किनार छुन सागरमा ब्युँझिएका लहरहरू** (२०३२), सुरेन्द्रबहादुर शाहको **सुकेको रुख** (२०३२), सरुभक्तको **बन्द खामभित्र** (२०३५), लव गाँउलेको **म र मेरो देश खोजिरहेछु** (२०३७), र **अनुहार त बरु कागजकै भए हुने** (२०५७ आंशिक) अशेष मल्लको **अज्ञात प्रदेशमा** (२०३७), मुकुन्द आचार्यको **विगत र वर्तमान** (२०३८) दिव्य गिरीको **कङ्काल बस्ती** (२०३८), नारायण तिवारीको **सपनाहरू जिन्दगीका** (२०३९), प्रकाश सायमीको **अनन्त यात्रा** (२०३९), बद्री भिखारीको **हत्केला भरिका रेखाहरू** (२०४२), परागराज वशिष्ठको **गजुर हजुर उजुर** (२०४४ आंशिक), विप्लव ढकालको **हिउँको यात्रा** (२०४५), विनय शर्माको **मुक्तकहरू** (२०४५), उज्ज्वल जी.सी.को **कालो बादल** (२०४६), बूँद राना, दिल साहनी र ऋषिराम भुसालको **मट्याङ्ग्रा** (२०४६ सह), मोहन दुलालको **सिर्जनाका फूलहरू** (२०६४) र **संरचनाका मूलहरू** (२०५२), ज्ञानुवाकर पौडेलको **निर्वासित मन** (२०४८), ज्यालादारीको **रगतको छिर्का** (२०४९), विनोद मञ्जनको **एकसाथ एक मुक्तक** (२०४९), निर्मल श्रेष्ठको **देशकाल परिस्थिति** (२०४९), बद्री पालिखेको **कालचक्र** (२०५०) र **मञ्जुरीनामा** (२०५८), राधेश्याम भट्टराईको **साठी थुङ्गा** (२०५०), डिल्लीराम मिश्रको **सम्झना - बिर्सना** (२०५१ आंशिक), इन्द्रकुमार विकल्पको **झुल्काहरू** (२०५५), आर.आर. चौलागाईंको **च्वास्स-चुस्स** (२०५२, आंशिक) कृष्णप्रसाद बास्तोलाको **मुक्तक बत्तीस** (२०५२), उषा शेरचनको **अक्षरहरूको शिविरबाट** (२०५६), रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह** (२०५६), शान्ति नारायण श्रेष्ठको **विसङ्गति** (२०५६), भीमदर्शन रोक्काको **घाम डुबी तारा नउदाएको आकाश** (२०५७), राममान तृषितको **आज मान्छे खोज्नुभएको छ** (२०५७), निर्दोष डेविटको **बादलभित्रको जून र मेरो मनका व्यथाहरू** (२०५८), धनराज गिरीको **आर्थात्** (२०५८), केशवराज भट्टाराईको **सत्ता साधन** (२०५८), जगत नवोदितको **अक्षय आकृति** (२०६०), आदर्श खत्री, जुद्ध जी.एम. र सुमनचन्द्र गुरुङ्गको **त्रिवेदना** (२०६० संयुक्त), विष्णुबहादुर सिंहको **इन्द्रेणी** (२०६० आंशिक), **अनुभूतिका सङ्ला पानाहरू** (२०६१) र **समयका चस्काहरू** (२०६२), लेखराम सापकोटाको **तिम्रा खुसीहरू** (२०६१ आंशिक), प्रकाश आङ्देम्बेको **ग्याँस च्याम्बरमा बुद्ध** (२०६१), तीर्थ श्रेष्ठको **महाभारतका गीतहरू** (२०६२), दुवसु क्षेत्रीको **प्रारम्भिक मुक्तकहरू** (२०६२), स्व.कृष्ण पाखिनको **तिमी लहर**

**नदीको** (२०६२ आंशिक), सीता शर्मा उपासनाको **निशा निमन्त्रणा** (२०६२), खगेन्द्र गिरी कोपिलाको **डुबे पनि डुब्दैन घाम** (२०६२), सीता पिरतीको **बेवारिसे पिरतीको जीवन** (२०६२), सुवि सुधा आचार्यको **सुरम्य सुधा** (२०६२), प्रदीप बगरको **तिम्रो सम्झनामा** (२०६२), नारायण शर्मा गैरे र श्रीमती किरण आचार्यको **भेरीका सुस्केराहरू र अस्तित्व** (२०६२) ऋचा लुइँटेलको **पग्लेर घाइते मन** (२०६२), सिर्जना शर्माको **जूनकिरीको उडान** (२०६२), विवश थापा 'आँसु'को **विवशताको आँसु** (२०६२), श्यामप्रसाद न्यौपानेको **सोह्र दुनी आठ** (२०६२), निरञ्जन बम टि.एम.को **वियोग** (२०६३), पुष्प अधिकारी अञ्जलिको **एक अञ्जुली घाम** (२०६३), अमृत भिमानेली र पवन पाखिनको **मुटुको चिनो** (२०६३ संयुक्त), मोहनबहादुर कायस्थको **मुक्तकहरू** (२०६३), मणि सुब्बाको **खण्डित हृदय** (२०६३), दमक र भुटानका केही सर्जकहरूको **सिर्जनाका भञ्ज्याङ्हरू** (२०६३), कपिल अज्ञातको **अनुभूतिको उमङ्ग** (२०६४), पुष्प अधिकारी अञ्जलिको **जून फूलेको बस्ती** (२०६४) आदि स्रष्टाहरूले आफ्ना मुक्तक सङ्ग्रहहरू प्रकाशित गरी मुक्तक साहित्यको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

यसका अतिरिक्त विभिन्न ठाउँबाट प्रकाशित साहित्यिक पत्र-पत्रिकाहरूका पनि मुक्तकलाई स्थान दिन थालिएबाट मुक्तक विशेषाङ्क र सङ्कलनहरू प्रकाशित गर्ने काम तीव्र रूपमा अगाडि बढेको पाइन्छ । ज्ञानुवाकर पौडेलको सम्पादनमा *मञ्जूषा* (काठमाडौं), वियोग बुढाथोकीको सम्पादनमा *शिवपुरी सन्देश* (काठमाडौं), पुष्प अधिकारी अञ्जलिको सम्पादनमा *हाम्रो मझेरी* (चितवन), आर.के. आदीप्त गिरीको सम्पादनमा *अश्रुमाला* (पर्वत), बद्री पालिखेको सम्पादनमा *मोति* (धरान), प्रदिप बगरको सम्पादनमा *नव सौगात* (बाग्लुङ), विष्णु सङ्गमको सम्पादनमा *सङ्गम* (इलाम), यमबहादुर थापाको सम्पादनमा *चार हरफ* (बाग्लुङ), इन्द्रकुमार विकल्पको सम्पादनमा *कालीको सुसेली* (पर्वत) आदि मुक्तक विशेषाङ्क पत्रिकाहरू प्रकाशित भइरहेका छन् । यससँगै मुक्तक विकासका लागि विद्युतीय सञ्चार माध्यमहरूको आगमनबाट पनि उल्लेख्य कार्यहरू भएका छन् । मुक्तक विशेष कार्यक्रहरू प्रसारण गरी मुक्तक श्रोता र रचनाकारलाई थप हौसला दिएका छन् । यस्ता कार्यमा संलग्न विभिन्न एफ.एम. रेडियोहरू साथै रेडियो नेपालबाट प्रसारण हुने रमेश पौडेल र उनको कार्यक्रम बिम्ब-प्रतिबिम्बले त सयौँको संख्यामा मुक्तकतर्फ रुचि बढाउने र लेख्ने स्रष्टाहरूको जन्म गराएका छन् । मुक्तक विधामा बुटवलका मुरारी पराजुलीले

विद्यावारिधि गरिरहेको कुरा मुक्तककारहरूका लागि खुसीको अवसर पनि हो । हिजो आज फुटकर मुक्तक रचना गर्नेहरुमा जानकारीमा आएका नामहरूमध्येका प्रमुख नामहरूमा रत्नशमशेर थापा, दिनेश अधिकारी, कृष्ण प्रधान चट्याङ्ग मास्टर, चेतन कार्की, नगेन्द्रराज शर्मा, किशोर पहाडी, विश्व शाक्य, विनोद गौचन, रमेश पौडेल, नारायण मरासिनी, कृष्ण भण्डारी, राजेन्द्र पौडेल, विमल भौकाजी, कुन्दनकुमार पन्त, गोविन्द तिमिल्सिना, विवश पोखरेल, राजकुमार कार्की, होमनाथ सुवेदी, रुद्र ज्ञवाली, अमर त्यागी, उमेश राइ, सुमन पोखेल, शिशुप्रसाद देवकोटा, भूपिन व्याकुल, भूषण ढुङ्गेल, भीम राना जिज्ञासु, भरत विवश आदि पर्दछन् ।

## ३.१० निष्कर्ष

नेपाली मुक्तकका बारेमा शोध-खोज पनि हुन थालेको छ । जुन रचनाको जति व्यापक सृजना वा उत्पादन हुन्छ त्यसको त्यत्तिकै बढी अनुसन्धान पनि हुन्छ । नेपाली साहित्यमा पनि थुप्रै मुक्तकहरू लेखिएका छन् । आजभोलि मुक्तक लेखन परम्परामा ठूलो संख्यामा मुक्तककारहरू लागिपरेका छन् । नेपाली कविता सरल र सरस उपविधा मानिएको छ । प्राय: कविता, गीत आख्यान लेखी राख्नेहरूका लागि पनि यो अत्यन्त चुनौतीपूर्ण विधा हो, जुन सानो सामर्थ्यले रच्न सकिन्न । मुक्तकले विषयविविधताका कारण जुन उचाइ र लोकप्रियता पाएको छ त्यो यथार्थमा अरु विधाको पकडभन्दा निश्चय नै नवीन रूपमा प्रकट भएको छ । त्यसैले यो अनुसन्धेय विषय बनिसकेको छ तर नेपाली मुक्तकको इतिहास लेखिएको छैन । छिटपुट रूपमा लेखक र समालोचकहरूले भने यस दिशातर्फ कलम चलाएका छन् । नेपाली मुक्तकको सुरुवात, संरचना, विकासक्रमलाई हेर्दा उर्दूफारसी परम्परा र उखानको साथै लोकगीत, लोकलय सबैको भूमिका महत्त्वपूर्ण रहेको कुरा नकार्न सकिँदैन । मुक्तकलाई जतिसुकै हेला गरेपनि यो साहित्यको वाह वाह !! गरी प्रोत्साहित गर्ने बलियो विधा भइसक्यो तर अब खाँचो पढेकाहरूले मुक्तक लेख्ने, लेखकहरूले सम्मान पाउने र सम्बन्धित शीर्षकलाई समालोचकहरूले राम्रोसँग केलाउनु पर्ने देखिन्छ ।[२९] अहिले धेरै नवस्रष्टाहरूले आश्रयका लागि साहित्य सिर्जना गर्ने र विशेष गरेर मुक्तकतर्फ आकृष्ट हुने प्रवृत्ति बढेको छ । यो शुभ सङ्केत हुनुका साथै असावधानीपूर्वक मौलाएको खण्डमा मुक्तकप्रति नै

---

२९ आर.के अदीप्त गिरी, *समसायिक नेपाली मुक्तक,* **कालीको सुसेली -२०,** (पर्वत : पर्वत साहित्य संगम, २०६४), पृ. ७१ ।

नकारात्मक धारणा बस्न सक्ने भएकाले मुक्तक लेखनलाई हल्का रूपमा नलिई गहनताका साथ आत्मसात गर्नुपर्ने देखिन्छ । यस विधामा कोही कसैले जानी-नजानी लेखी हाले पनि विज्ञ पाठक वा विषय विशेषज्ञ लेखकहरूको सल्लाह-सुझावसहित परिमार्जन र परिष्कृत गरेमा मुक्तकको ओज र गरिमा गहन हुनेमा दुईमत हुन सक्दैन ।

# परिच्छेद : चार
# चितवनका प्रतिनिधि मुक्तककार र तिनका मुक्तककृतिहरूको विश्लेषण

## ४.१ चितवनका प्रतिनिधि मुक्तककार

चितवन जिल्ला मुक्तक सृजनाका लागि उर्वर स्थानका रूपमा रहेको छ । नेपाली साहित्यमा कविताविधाको उपभेदका रूपमा रहेको लघुतम संरचना मुक्तकलाई सर्वप्रथम भीमदर्शन रोकाले २०१० सालमा भित्र्याएका थिए । त्यसपछि मुक्तक साहित्यले पोखरामा राम्रोसँग मौलाउने र प्रगति गर्ने अवसर पायो अहिले चितवनमा पनि मुक्तक रचना र वाचन गर्ने थुप्रै श्रोता र पाठकवर्गहरू देखापरेका छन् । वि.सं. २०५० देखि २०६६ सम्ममा चितवनमा थुप्रै फुटकर मुक्तकहरू र ६ वटा मुक्तक सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । चितवन जिल्लालाई कर्मभूमि बनाएर साहित्यिक योगदान पुऱ्याउने स्रष्टाहरूका प्रकाशित कृतिहरूले चितवनको मुक्तक साहित्यलाई प्रतिनिधित्व गरेका छन् । यस जिल्लामा सञ्चालित हुने गरेका विभिन्न प्रकारका साहित्यिक गोष्ठी, जमघट, समारोह एवं विद्युतीय सञ्चार माध्यमहरूका साथै प्रकाशित साहित्यिक पत्रपत्रिका तथा दैनिक समाचार पत्रिकाहरूले पनि मुक्तक विस्तार गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । मुक्तकलाई सर्वसाधारणसमक्ष पुऱ्याउनमा यहाँका एफ.एम. रेडियोहरू सिनर्जी, कालिका, हाम्रो एफ.एम., त्रिवेणी, रेडियो चितवन, नारायणी एफ.एम. तथा चितवनलाई नै मध्यनजर गरेर नवलपरासीको गैँडाकोटमा स्थापित विजय एफ.एम. आदिको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

चितवनमा मुक्तक लेखन कार्यलाई व्यापक बनाउनमा यहाँबाट प्रकाशित हुने साहित्यिक पत्रपत्रिकाहरूको पनि उल्लेख्य भूमिका रहेको छ । यहाँबाट प्रकाशित हुने **सहयात्री, आदर्श, इन्द्रेणी** आदि लघुपत्रिकाहरूका साथै **सम्प्रेषण, वागीश्वरी, नवप्राञ्जली, कोसिस, पल्लव, मधूलिका, मधुश्री, त्रिवेणी, रत्नवाटिका, जागृति, सम्मिश्रण, प्रभात सिर्जना, गुराँस, मितेरी, छहारी** आदि पत्रपत्रिकाहरू तथा यहाँका दैनिक, साप्ताहिक, पाक्षिक र मासिक रूपमा प्रकाशित हुने खबर पत्रिकाका साथै विभिन्न स्कुल, कलेज, संघसंस्थाहरूबाट निस्कने

स्मारिकाहरूमा मुक्तक साहित्यलाई पनि ठाउँ दिएकाले चितवन जिल्लाको मुक्तक साहित्य अघि बढेको मान्न सकिन्छ ।

संरचना र प्रस्तुतिका दृष्टिकोणले चितवनका मुक्तकहरू उत्कृष्ट छन् । प्राय:जसो जीवनचेत, प्रणयप्रसङ्ग, दु:ख-सुख, मिलन-बिछोड, घात-प्रतिघात, राजनैतिक आरोह-अवरोह, सामाजिक व्यङ्ग्य, विकृति र विसङ्गति आदिलाई विषयवस्तु बनाई मुक्तककारले भावानुभूतिलाई आफ्ना मुक्तकहरूमा उतारेको पाइन्छ ।

## ४.२ चितवनबाट प्रकाशित मुक्तक सङ्ग्रहहरू

चितवनलाई कर्मभूमि बनाई पुस्तककार कृतिहरू प्रकाशित गर्ने क्रममा २०६६ साल सम्ममा यस जिल्लााबाट प्रकाशित मुक्तक कृतिहरूको संख्या जम्मा ६ वटा मात्र पुगेको छ भने यसपछि पनि केही मुक्तक सङ्ग्रहहरू प्रकाशित हुने क्रममा छन् । प्रस्तुत शोधपत्रमा २०६६ सालभित्र प्रकाशित भइसकेका ६ वटा कृतिहरूलाई प्रतिनिधि मुक्तक कृतिका रूपमा छनोट गरी विश्लेषण गर्ने प्रयास गरिएको छ । उक्त कृतिहरूलाई तालिका सङ्ख्या एकमा देखाइएको छ ।

तालिका सङ्ख्या १

चितवनबाट प्रकाशित मुक्तक सङ्ग्रहहरू

| क्र.सं. | मुक्तककार | कृति | प्रकाशक | मिति |
|---|---|---|---|---|
| १ | रामबाबु घिमिरे | मुक्तकसङ्ग्रह | दीपा घिमिरे, चितवन | २०५६ |
| २ | केशवराज भट्टराई | सत्ता-साधन | त्रिवेणी साहित्य परिषद्, नवलपरासी | २०५८ |
| ३ | धनराज गिरी | अर्थात् | त्रिवेणी साहित्य परिषद्, नवलपरासी | २०५८ |
| ४ | पुष्प अधिकारी अञ्जली | एक अञ्जुली घाम | हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवन | २०६३ |
| ५ | कपिल अज्ञात | अनुभूतिका उमङ्ग | जनमत प्रकाशन, काभ्रे | २०६४ |
| ६ | पुष्प अधिकारी अञ्जली | जुन फूलेको बस्ती | हाम्रो मझेरी साहित्य प्रतिष्ठान, चितवन | २०६६ |

कृतिहरूको छनोट गर्ने क्रममा चितवनबाट प्रकाशित मुक्तक सङ्ग्रहहरू भएका थोरै मात्रे हुँदा लय, भाव संरचना विचार प्रस्तुति जस्तो भए पनि नछुट्याई सबैलाई लिइएको छ ।

प्रस्तुत परिच्छेदमा चितवनका प्रतिनिधि मुक्तककार र तिनका मुक्तककृतिहरूको विश्लेषणका क्रममा मुक्तकका प्रमुख तत्त्वहरूमध्ये शीर्षक, लयविधान, कथनपद्धति, भाषाशैली, संरचना, भाव-विचार, बिम्बविधान र अलङ्कारविधानका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## ४.३ मुक्तककार रामबाबु घिमिरे

वि.सं. २०११ असार २० गते चितवनको तोलाङ्मा पिता गम्भीरध्वज घिमिरे र माता चन्द्रकुमारी घिमिरेको कोखमा जन्मिएका रामबाबु घिमिरे रत्ननगर नगरपालिका-२, हाइस्कूल रोड, चितवनका स्थायी निवासी हुन् । उनी स्वभावले साहित्यिक र पेसाले प्राध्यापक हुन् । कहिलेकाहिँ राजनीतिक खालमा उत्रन खोजे पनि वरपरका हनुमान् र नारदबाट धोका खाएर प्रवेश पाउन नसकेका स्वतन्त्र बुद्धिजिवी हुन् ।[१] सर्वप्रथम **मेरो अनुहार** (कविता, २०२६) लिएर साहित्यमा प्रवेश गरेका रामबाबु घिमिरेका उपन्यास, निबन्ध र मुक्तक गरी अहिलेसम्म ५ वटा कृतिहरू प्रकाशित भैसकेका छन् । तिनको विवरण तालिका सङ्ख्या दुईमा देखाइएको छ ।

तालिका सङ्ख्या २

मुक्तककार रामबाबु घिमिरेद्वारा प्रकाशित कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | रित्तो आकाश | उपन्यास | २०३२ |
| २. | म हरेश खान थालेको छु | निबन्ध सङ्ग्रह | २०५६ |
| ३. | मुक्तक सङ्ग्रह | मुक्तक सङ्ग्रह | २०५६ |
| ४. | लेख्न नपर्ने कुराहरू | निबन्ध सङ्ग्रह | २०५६ |
| ५. | अनर्गल प्रलाप | निबन्ध सङ्ग्रह | २०६५ |

उक्त कृतिहरू यिनको उच्च पहिचान कायम गराइरहन सफल छन् । उनले विभिन्न विधामा कलम चलाए पनि उनको विशेष रूचि, स्वभाव र साधनाको विधा निबन्ध नै

१ कपिल अज्ञात, *निजात्मक निबन्धका बाबु रामबाबु*, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख,** (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. १ ।

देखिन्छ । आ-आफ्नो प्रवृत्ति, स्वर र शैलीले नेपाली निबन्धपरम्परामा उनी विशिष्ट रूपमा स्थापित भइसकेका छन् । नेपाली निबन्धको निजात्मक क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएवापत उनले धेरै पुरस्कारहरू प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका पुरस्कारहरू यी रहेका छन्

(क) राष्ट्रिय शिक्षा सेवा पुरस्कार (२०४१) ।

(ख) नारायणी वाङ्मय पुरस्कार (२०५७), नारायणी वाङ्मय प्रतिष्ठान, वीरगञ्ज ।

(ग) प्रतिभा पुरस्कार (२०५४), चितवन साहित्य परिषद्, चितवन ।

(घ) साहित्यिक स्रष्टा सम्मान (२०६६) चितवन युवा समूह, दोहा, कतार ।

रामबाबु घिमिरे अन्तर्मुखी स्वभावका मुक्तककार हुन् । त्यसैले उनी सामाजिक र साहित्यिक संघसंस्थामा त्यति देखापर्न खोज्दैनन् साथै प्रचार र प्रशंसाभन्दा एकान्त साधनामा रमाउने खालको उनको स्वभाव छ । उनी *सम्प्रेषण* साहित्यिक त्रैमासिकका प्रधान सम्पादन पनि हुन् । रामबाबु घिमिरेका मुक्तकहरूको सङ्ग्रह **मुक्तक सङ्ग्रह** नामक कृतिलाई अध्ययन र विश्लेषणका दायरामा ल्याउँदा कविताका सबै उपविधाहरूमा समग्रमा देखापर्ने प्रमुख घटकहरूलाई अधिकतम आधार मानी अध्ययन गरिएको छ ।

### ४.३.१ रामबाबु घिमिरेको 'मुक्तक सङ्ग्रह' मुक्तकसङ्ग्रहको अध्ययन

रामबाबु घिमिरेका प्रकाशित कृति **मुक्तकसङ्ग्रह** प्रकाशन वर्षका दृष्टिले तेस्रो कृति हो । यो २०५६ सालमा प्रकाशित भएको हो । एउटा उपन्यास र एउटा निबन्ध सङ्ग्रह प्रकाशित गराइसकेका रामबाबुले तेस्रो पटकमा आफ्ना मुक्तकहरूलाई सानो आकारको पुस्तकाकार स्वरूप दिई प्रकाशित गराएका हुन् । यस **मुक्तकसङ्ग्रह**मा जम्मा बाइस पृष्ठमात्र छन् र सामान्य बाहिरी आवरण राखी कसैको पनि भूमिका लेखन नराखी प्रकाशित गरिएको छ, यसमा जम्मा पचासीवटा मुक्तकहरू सङ्ग्रहित छन् । मुक्तकको सैद्धान्तिक पक्षलाई ध्यानमा राखेर यसका तत्त्वहरूका आधारमा यस कृतिको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.३.१.१ शीर्षक

शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिको सारभूत भाव-विचारको सूचक हो ।[२] शीर्षकको वरिपरि कविताको केन्द्रीय कथ्य घुमेको हुन्छ । रामबाबु घिमिरेद्वारा लिखित **मुक्तकसङ्ग्रह** बाइस पृष्ठसम्म फैलिएको छ र यस शीर्षकभित्र पचासीवटा मुक्तकहरू छन् तर कुनै पनि मुक्तकमा शीर्षक दिइएको छैन । **मुक्तकसङ्ग्रह** भित्रका मुक्तकहरूमा शीर्षक नदिइए तापनि प्रत्येक मुक्तकलाई ८५ अङ्कसम्म दिएर श्लोक सङ्ख्या निर्धारण गरिएको पाइन्छ । यस सङ्ग्रहमा रहेका मुक्तकहरू पहिला **मारुनी, रेयुकाई पत्र, समुन्नत, वागीश्वरी, अनुराग, वन्दना** आदि पत्रिकाहरूमा मुक्तक शीर्षकमा प्रकाशित भइसकेका थिए र पछि उनले साभार गरी पुस्तककार रूप दिएका हुन् । यसमा रहेका सबै मुक्तकहरूलाई **मुक्तकसङ्ग्रह** शीर्षक दिएर त्यसैभित्र समाविष्ट गरिएको छ तर छुट्टाछुट्टै शीर्षक दिइएको छैन ।

### ४.३.१.२ लयविधान

कविता विधाकै मुख्य विधागत परिचयात्मक तत्त्व लयविधान नै हो । लयविधानमा प्रथमत: भाषिक स्वरव्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति र कविता कृतिका चरण वा हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ ।[३] छोटोमा मीठो र प्रभावी तुल्याउनुपर्ने हुँदा मुक्तकमा अनुभूतिलाई लयात्मक र अनुप्रासयुक्त बनाउनु पर्छ । तुकको तारतम्यलाई छोटो, छरितो रूपमा अत्यन्तै संयमितता, गम्भीरता र तीव्रताका साथ प्रस्तुत गर्नुपर्छ । लयविधानका दृष्टिले रामबाबु घिमिरेका मुक्तकहरूको लय मिलेको छन्दोबद्ध कवितामा झैं प्रस्ट देखिने बाह्य लय संरचना नभई गद्य कवितात्मक लय मात्र पाइन्छ । उनका मुक्तकहरूमा आन्तरिक लयविधान प्रबल भएको देखिन्छ । यस मुक्तक सङ्ग्रहमा रहेका मुक्तकहरूमा धेरैजसो द्विपदीय ढाँचाका छन् भने केही त्रिपदी, चतुष्पदी र त्यस भन्दा बढी सातवटा पङ्क्तिपुञ्जको ढाँचामा समेत रहेका छन् । यसमा रहेका मुक्तकहरू प्राय: मुक्त लय ढाँचाका छन् । उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत कलात्मक भाषाशैली नै लयविधानको लक्ष्य हो तर यसमा रहेका

---

२ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग - ४,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. १७ ।

३ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), पूर्ववत्, पृ. १८ ।

मुक्तकहरूले संरचना लयविधानलाई बहन गरेका छैनन् । त्यसैले मुक्तकहरू श्रुतिरम्य र लयतत्त्वपूर्ण भएका पाइँदैनन् । उनका यस्ता मुक्तक संरचनाको एउटा अंश तल प्रस्तुत गरिएको छ:

*कमसेकम कसाहीसँग ढक तराजु सही छ*
*तर मित्र, उपादेयताको आधारमा तौलन्छ*
*र घोषणा गर्छ तौल हीत छ ।*

*(पृ. १०)*

*सारङ्गीझैं रेट्दैछु जिन्दगीका क्षणहरू*
*निस्किएन तिमीलाई मनपर्ने धूनहरू*

*(पृ. १)*

*मलाई नसोध*
*यो देशमा केके होला, केके होला ।*
*यो देशको भविष्य*
*कि विदेशीलाई थाहा होला,*
*कि ज्योतिषीलाई थाहा होला ।*

*(पृ. १३)*

यस्ता मुक्तकहरूलाई दृष्टिगत गर्दा उनका मुक्तकहरूमा बाह्य लय विधान नपाइए पनि आन्तरिक लयविधान मिलेर भावमा सघनता चाहिँ आएको पाइन्छ । कुनै-कुनै पङ्क्तिमा मध्यानुप्रास र अन्त्यानुप्रास पनि मिलेको देखिन्छ तर उनले मुक्तक संरचनाको नियमलाई वास्ता नगरी मुक्तक संरचना गरेको पाइन्छ ।

### ४.३.१.३ **कथनपद्धति**

कविता मूलत: आत्मालाप वा मनोलाप गर्ने भाषिक लयगत कथनकला हो तापनि त्यसमा मनोलाप वा मनोगुञ्जनलाई अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन-कौशलका रूपमा रहने कथन पद्धतिले मुक्तक संरचनामा पनि प्रभाव पारेको हुन्छ । रामबाबु घिमिरेका मुक्तकहरू पनि प्राय: प्रथम पुरूषात्मक कथन पद्धति र तृतीय पुरूषात्मक कथन पद्धतिमा प्रकट भएका पाइन्छन् । उनका मुक्तकहरू आत्मालापी र वस्तुपरक रहेका छन् ।

### ४.३.१.४ **भाषाशैली**

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जन र लयात्मक हुन सक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य वा अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो ।[४] रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह**भित्रका मुक्तकहरू प्राय: गद्यात्मक भाषाशैलीमा संरचना गरिएका छन् । यिनले मुक्तककारका अन्तर्मनमा उठेका भावप्रवाहलाई जस्ताको तस्तै थपक्क मुक्तकका रूपमा राखिदिएका छन् । व्यङ्ग्यात्मक शैलीमा लेखिएका थुप्रै मुक्तकहरूमा झर्रा शब्दहरूका साथै आवश्यकताअनुसार तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग गरेका छन् । जस्तै :

(क) तत्सम शब्द : उपाशना (पृ. १२), धरा (पृ. १८), समाधि (पृ. १७) ।

(ख) झर्रा शब्द : नखरा (पृ. ३), गिद्ध (पृ. १२), निर्धक्क (पृ. १३) ।

(ग) आगन्तुक शब्द : कमिशन (पृ. १३), कटिङ्ग (पृ. १५), पावरफुल (पृ. ७) ।

यसरी हेर्दा रामबाबु घिमिरेका मुक्तकहरू बोधगम्य छन् साथै सरल र सरस भाषाशैलीमा पाठकलाई आनन्दानुभूति दिने गरी समाजका विकृतिमाथि व्यङ्ग्य प्रहार गर्न सफल छन् ।

### ४.३.१.५ **संरचना**

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । मुक्तक छोटो भइकन पनि चोटिलो-धारिलो प्रहार हो र यसमा व्यङ्ग्यपूर्ण प्रहार निकै घतलाग्दो स्वादिलो र प्रभावपूर्ण भएर अभिव्यक्त भएको हुन्छ । त्यसैले मुक्तक साहित्य अनुभूतिको झिल्का वा मानव-मनको झुल्काहरूलाई समातेर नयाँ-नयाँ संरचनातिर बढ्दै गइरहेको छ । संरचनात्मक विन्यासले कवितामा लघुतम स्वरूप मुक्तक हो । दुई पङ्क्ति मुक्तक कविताको न्यूनतम संरचना हो । मुक्तक अधिकतम चार पङ्क्तिका पाइए तापनि कुनै दुई, कुनै छ र कुनै

---
४ पूर्ववत् , पृ. १७ ।

आठ पङ्क्तिसम्म भएको भेटिन्छ । गद्य शैलीमा पनि मुक्तक रचना गर्न थालेपछि मुक्तकको आयाममा विविधता र विस्तार देखिन थालेको हो । मुक्तकको अधिकांश संरचना चतुष्पदीय नै देखापर्दछ ।[५] व्याख्यात्मकताको विपरीत सूत्रात्मकता हुन्छ । सूत्रात्मकताको फलस्वरूप यसमा थोरैमा धेरै भन्ने, कसिलो भएर रसिलो हुने र अल्प भएर तिखो हुने विशिष्टता उत्पन्न भएको देखिन्छ ।[६] मुक्तककार रामबाबु घिमिरेका मुक्तकहरूतर्फ दृष्टि दिँदा सबै मुक्तकहरूमा एकै किसिमको लयात्मकता पाइँदैन तापनि कुनै-कुनै मुक्तकहरूमा लयात्मकताको सिर्जना भएको देखिन्छ । जस्तै :

*ठुलाबडालाई मरेपछि पनि सलामी चाहिन्छ ।*
*आफूलाई त फगत दुइचार मलामी चाहिन्छ ।*

*(पृ. ७)*

*रक्सीले मातेकोले मात्र जोई कुट्छ*
*सत्ताले मातेकोले जो कोही कुट्छ ।*

*(पृ. २४)*

उपर्युक्त मुक्तकहरूको अन्त्यमा चाहिन्छ, चाहिन्छ र कुट्छ, कुट्छ जस्ता शब्दहरू दोहोरिएर लयात्मकता प्रदान गरेका छन् । रामबाबु घिमिरेका धेरैजसो मुक्तकहरूमा लयात्मकता देखिँदैन तैपनि बाह्य लयसंरचना दुर्बल भए पनि आन्तरिक लयसंरचना सशक्त रहेको अनुभूति पाठकहरूलाई बोध हुन्छ । उनका मुक्तकहरू दुई हरफदेखि तीन, चार, पाँच, छ र सात हरफसम्म फैलिएका छन् र निश्चित सिद्धान्त वा नियममा बाँधिएका छैनन् । जस्तै–

*हतार हतार छ यतिखेर*
*तिमीलाई सम्झिएर रूनु पर्ला कुनै दिन ।*
*जब म अबेर भट्टीबाट घर फर्कन्छु सडक सुनसान छ,*
*र लाग्छ, सडकले सम्मान गरेको छ ।*

*(पृ १२)*

---

५ पूर्ववत्, पृ. १९ ।
६ मोहनराज शर्मा, *लघुतम नेपाली कविता,* **समसामयिक मुक्तक**, (प्रकाशन स्थान : प्रकाशन, २०३६), पृ. ६ ।

*लाग्थ्यो स्व-पार्टी सत्तामा पुगेपछि*
*पावरफुल भइएला*
*ठीकै रहेछ*
*हरेक बजेट भाषणपछि चश्माको पावर बढ्दैछ*

*(पृ. ७)*

*मलाई नसोध,*
*यो देशमा के के होला*
*यो देशको भविष्य*
*कि विदेशीलाई थाहा होला,*
*कि ज्योतिषीलाई थाहा होला ।*

*(पृ. १२)*

यी माथिका सबै मुक्तकहरूमा लयात्मकताको ख्याल नगरी संरचना गरिएको देखिन्छ । मुक्तकले अँगाल्ने र कविताले अँगाल्ने तत्त्वहरू प्राय: समान हुन्छन् तापनि कथ्य विषय, लय ढाँचा, कथन समय र भाषिक संरचना अत्यन्त सङ्क्षिप्त हुनु नै यसको पहिचान र विशिष्टता हो ।[७] रामबाबु घिमिरेका मुक्तकहरू मुक्तकको सैद्धान्तिक मान्यताअनुरूप सही संरचनात्मक ढाँचा र भावालयात्मकतामा बाँधिएका देखिँदैनन् ।

अत्यन्त सरल, सहज साथै सम्प्रेष्य भाषाशैली प्रयोग गरी छरिता र चोटिला मुक्तकहरूको रचना गरी पाठकको मनमा चस्स घोच्न मुक्तककार रामबाबु सफल भएका छन् । उनले आफ्ना मनका भावानुभूतिहरूलाई समेटेर मुक्तकहरूमा पोखी जीवन्त बनाएका छन् । **मुक्तकसङ्ग्रह** आकारमा सानो भए पनि यसमा साना ठूला गरी पचासीवटा पुष्प थुङ्गाहरू मुक्तक सङ्कलन गरिएका छन् । रामबाबु घिमिरेको यस सङ्ग्रहमा कसैबाट भूमिका

७ पूर्ववत् , पृ. ७ ।

लेखाइएको पनि छैन । उनका आफ्ना मनका तीता-मीठा अनुभूतिलाई पाठकका सामु प्रस्तुत गर्ने काम मात्र यस मुक्तक सङ्ग्रहमा भएको देखिन्छ ।

### ४.३.१.६ भाव र विचार

रामबाबु घिमिरे सामाजिक यथार्थवादी मुक्तककार हुन् । सामाजिक परिवेश र आर्थिक परिस्थितिहरूका साथै विविध विकृति र विसङ्गतिहरूले सिर्जेका अप्ठेरा परिस्थिति एवं राजनैतिक, सामाजिक जटिलताहरूलाई विषयवस्तु बनाएर यही कथ्य सामग्री र सन्दर्भको सेरोफेरोमा व्यङ्ग्यात्मक प्रस्तुति उनका मुक्तकहरूमार्फत गरिएका छन् । रामबाबु घिमिरेका मुक्तकहरूमा व्यक्त भावानुभूतिहरू पनि विविधतायुक्त रहेका पाइन्छन् ।

(क) जीवनबोधका मुक्तकहरू

यस सङ्ग्रहभित्रका कतिपय मुक्तकहरूमा निम्नवर्गीय जनताको जीवनयापन गर्न नसक्ने स्थितिमा पुगेको बाध्यता र विवशतालाई व्यक्त गरिएका छन् । अन्याय, अत्याचार र भ्रष्टचारले देश समाजलाई सखाप पारेको विषयवस्तुलाई उजागर गर्दै गरिब एवं सर्वसाधारण जनताका पक्षमा बोल्दै शासक पक्षप्रति व्यङ्ग्य प्रहार गर्नेमा उनका मुक्तकहरू सशक्त देखिन्छन् ।

*नवजात प्रजातन्त्रको रक्षार्थ*
*नेताहरू दिँदैछन् कमिसनको इन्जेक्सन ।*

*(प. १३)*

*राजनीतिमा घातप्रतिघात हुन्छ*
*बाली र सुग्रीव छुट्याउने अनाथ हुन्छ ।*

*(पृ. ६)*

*देश विकासको जिम्मा परदेशीले लिएका छन् ।*
*त्यसैले, म जाँड खाएर निर्धक्क सुतेको छु ।*

*(पृ. १३)*

*ऊ धनी छ, मरेपछि पनि चन्दा दिन सक्छ*
*उसको नाममा सडक र संस्थाको नाम रहन सक्छ*
*जो देश र जनता भनेर मर्दैछ*

*उसको लाश उठाउन चन्दा उठाउनु पर्छ ।*

*(पृ. १६)*

*मित्रको टाउकोमा टेकेर*
*माथि उठ्नेहरूले बुझ्नु पर्छ*
*मित्र ढलेपछि*
*आफू पनि स्वतः ढलिन्छ ।*

*(पृ. २०)*

जताततै विकृति र विसङ्गतिले गर्दा सामान्य र सोझो मानिसलाई जीवन चलाउन गाह्रो परिसकेको छ । राजनीति गर्नेहरूको घृणित खेलदेखि पनि वाक्क दिक्क भइसकेका जनताको दुःख र पीडा बुझ्ने कोही नेता निस्किएका छैनन् । रामबाबु घिमिरेले धनी र गरिब, शासक र शासितबीचको खाडल पनि नराम्ररी बढिरहेको कुरा व्यङ्ग्यात्मक रूपमा मुक्तकमा प्रस्तुत गरेका छन् । नेपालीहरूमा रहेको आफ्नाले आफ्नैको खुट्टा तान्ने प्रवृत्तिले पनि सबैलाई घातप्रतिघाततिर मात्र धकेलेको कुरा पनि मुक्तकहरूमार्फत व्यक्त गरेका छन् । हाम्रा वीर सहिदहरूको रगतको अवमूल्यन भएको देख्दा मुक्तककार खिन्न बन्न पुगेका छन् । प्रजातन्त्र आएर पनि देशमा कुनै विकास र शान्ति हुन नसक्नु विडम्बना बनेको स्थितिलाई मुक्तककारले यसरी व्यङ्ग्य गरेका छन् :

*जसलाई तिमी गुण्डामा दर्ता गरी*
*सार्वजनिक अपराधको महलमा पार्दै छौ*
*याद राख*
*त्यो नै देशलाई सङ्कट पर्दा*
*अग्रपङ्क्तिमा हुनेछ ।*

*(पृ. १७)*

*साहुको सूची लम्बिएको छ*
*उपलब्धि ठानेको छु*
*किनकि*

*मेरो मृत्युले धेरैलाई रूवाउनेछ ।*

*(पृ. १५)*

परिवर्तनको संवाहक बनाउनु पर्ने राजनीति नेताहरूको घृणित खेलले गर्दा यतिखेर प्रजातन्त्र भयभत भएको छ । यसरी देशमा अशान्ति र हिंसात्मक घटनाहरू बढ्ने क्रमले गर्दा आफ्ना सन्ततिको सुरक्षा आफैंले गर्नुपर्ने स्थिति र जटिल जीवनशैली झन् जटिल बनेको कुरा पनि उनका मुक्तकहरूमार्फत व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएका छन् ।

(ख) देश प्रेमका मुक्तकहरू

मुक्तककार रामबाबु घिमिरेका मुक्तकहरूमा देशप्रेमका भावनाहरू सलबलाएका छन् । उनका मुक्तकहरूमा आफ्नो देशप्रति आफूले गर्नुपर्ने कर्तव्य बिर्सेका नेपालीको आँखा खोल्ने गरी व्यङ्ग्य गरिएको छ भने उन्नति र प्रगतिको लागि विदेसिने प्रवृत्ति, सच्चा राष्ट्रभक्तको अभाव, नेताहरूको राष्ट्रघाती कार्यहरू, सोझा जनताले पाएको दु:ख र पीडाहरू आदिप्रति चिन्ता व्यक्त गरिएको पाइन्छ । देशमा प्रजातन्त्रको आगमनपछि जनताले शान्ति, सुरक्षा र विकास पाउनुको सट्टा स्वतन्त्रताको नाममा विभिन्न विकृति र विसङ्गति भित्रिएको छ । देशको सेवा गर्ने कतिले गोली खानुपर्ने कतिले सत्ताबाट गलहत्ती खानुपर्ने अवस्थाप्रति तिखो व्यङ्ग्य प्रहार गर्ने कार्य मुक्तकहरूमार्फत गरिएको छ ।

विदेशीको इशारामा सत्ताको धृणित खेल खेल्ने भ्रष्ट नेताहरू जो देशको ढुकुटी रित्ताएर विदेश भ्रमण गरी देशलाई हरिकङ्गाल पार्दैछन् तिनीहरू प्रति पनि तीव्र व्यङ्ग्य गरिएको छ । नेताहरूको निकृष्ट चरित्रबाट जनता दिक्क भइसकेका छन् । भाषण र नाराको भरमा सत्तामा भत्ता खाएर बस्नेलाई खबरदारी गर्ने अभिव्यक्ति समेत मुक्तकहरूमार्फत गरिएको छ :

*हरेक शासक शहीददेखि त्रसित छन्*
*त्यसैले ढुङ्गा बनाएर चौबाटोमा राखेका छन् ।*

*(पृ. ८)*

*अलाप विलाप र कैफियत नगर*

*सक्छौ भने गरी खाऊ यो प्रजातन्त्र हो ।*

*(पृ. १४)*

*परदेशीले मेरो देश बनाउन आएको विदेशीले*
*जब मेरो भाइलाई बहादुर भनेर बोलाउँछ*
*त्यति बेला, ठीक त्यति बेला*
*मलाई मेरो देश उपनिवेशझैं गन्हाउँछ ।*

*(पृ. १६)*

*शायद बिर्सनुभयो होला*
*चिप्लो कारमा चिप्लिएको बेला*
*सत्ताशीनहरूले*
*टिम्बूरेको जङ्गल सम्झनु पर्छ*
*राम, लक्ष्मण सम्झनु पर्छ ।*

*(पृ. १९)*

यसरी नेपाली जनता र नेपालीपनप्रति नै बेवास्ता गर्ने र राष्ट्र निर्माणको पवित्र यज्ञमा होमिनुको सट्टा विदेशीको दास बनेर चाकरी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै मुक्तककारले देश विकासको जिम्मा विदेशीले होइन नेपालीले नै लिनु पर्छ, हामीले हाम्रो देशप्रतिको कर्तव्यलाई बिर्सनु हुँदैन भन्ने देशभक्तिपूर्ण भावकिरण सबै नेपालीमा पलाओस् भन्ने चाहन व्यक्त गरेका छन् । हाम्रा नालायक नेताहरूले सत्तामा बसी खेलेको घृणित खेलले देशलाई नै कङ्गाल बनाएका छन् । उनीहरूलाई देश र जनताको पीर छैन चिल्ला गाडीमा गुड्दै थोत्रा गफ छाट्न पाए पुग्छ भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति मुक्तककारले मुक्तकहरूका माध्यमबाट व्यक्त गरेका छन् ।

(ग) राजनीति चेतनायुक्त मुक्तकहरू

हाम्रो देशमा स्वार्थी नेताहरूका कारण उन्नति र प्रगतिका कार्य ठप्प भएर विकृति र विसङ्गतिमात्र भित्रिएको परिस्थितिलाई मुक्तककारले व्यङ्ग्यको झटारो हानेका छन् । नेपालको राजनीति सचेत भएर बुझेका रामबाबु घिमिरेले सामाजिक

स्वार्थभन्दा व्यक्तिगत स्वार्थमा लिप्त हुने नेताहरूको मनोवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । राजनेताहरूको सत्ता मोहका साथै स्वार्थी र जाली स्वभावबाट वाक्क भएका जनता तिनीहरूको तुच्छ व्यवहार, अहंकारी एवं दमन गर्ने प्रवृत्तिप्रति आक्रोशित भएका छन् ।

नेताहरूका घाती खेल देख्दा जनता चिन्तित बनेका छन् भन्ने कुरालाई रामबाबु घिमिरेले नेताका त्यस्ता प्रवृत्तिप्रति पनि व्यङ्ग्य प्रहार गर्न पुगेका छन् :

*सुन्दा सुन्दा तिम्रो भाषण र प्रवचन*
*अनि अर्ती र उपदेश*
*खाँदा खाँदा तिम्रो पूरा अर्थात् अवशेष*
*यस्तो लाग्न थालेको छ*
*मेरो पनि भै दिए-मनोनयन*
*मलाई पनि हुन्थ्यो होला*
*तिमीलाई जस्तै अमन-चयन ।*

*(पृ. २१)*

*जो तिम्रै आड र भरोशामा थियो*
*उसैको छातीमा छुरी रोप्दा*
*हेर कतै*
*तिम्रो छातिमा प्वाल परेको हुन सक्छ ।*

*(पृ. १९)*

*पूर्खाको अवशेष*
*मेची र महाकाली बनेको छ देश*
*भो नगर, सुगौली सन्धीका कुरा*
*जो जति छ जोगाउन सके पुग्छ ।*

*(पृ. १५)*

*लागेथ्यो स्व-पार्टी सत्तामा पुगेपछि*
*पावरफूल भइएला*
*ठीकै रहेछ*

*हरेक बजेट भाषणपछि चश्माको पावर बढ्दैछ*

*(पृ. ७)*

यसरी रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह**भित्र राजनीतिक विकृति, नेताहरूको नकापधारी चरित्र, जनतालाई दिएको पीडा, राजनीतिक षडयन्त्र र मनपरीतन्त्र जस्ता स्वार्थी, राष्ट्रघाती र जनताघाती खेलहरूलाई पनि विषयवस्तु बनाई व्यङ्ग्य गरिएको छ ।

(घ) प्रेम र प्रणयभावका मुक्तकहरू

रामबाबु घिमिरेका **मुक्तकसङ्ग्रह**भित्र रहेका धेरै जसो मुक्तकहरू प्रणय प्रसङ्गमा आधारित छन् । मुक्तकहरू अध्ययन गर्दा आशा, आस्था अनि विश्वासमा प्रेम अडेको हुन्छ साथै प्रेममा पवित्रता र विश्वसनीयता हुनुपर्छ भन्ने कुरा पनि उनले उजागर गरेका छन् तर प्रेममा पनि कहिलेकाहिँ द्वेष र स्वार्थ जस्ता कुरा लुकेको हुन्छ । आजका मान्छेमा धेरै स्वार्थी हुने र क्षणिक मोजमजामा रमाउने प्रवृत्ति बढेको छ । नारी र पुरूष बीचमा पनि असमानता हटेको छैन । यस्ता स्वार्थी प्रेमप्रति मुक्तककार यसरी व्यङ्ग्य गरेका छन् :

*निदाउँदा मस्त निन्द्रा मेरी प्रिय प्राणेश्वरी*
*गर्दिनन् गहनाका कुरा विपनाझैं धरिधरि ।*

*(पृ. १)*

*सम्झी सम्झी रून हुन्थ्यो आँसु सकिएछ*
*पछ्याएर जान हुन्थ्यो बाटो बिर्सिएर ।*

*(पृ. ८)*

*हामी नदीका दुई किनारा नै सही*
*मेरो प्रेमपत्रहरू पुनः निर्माणका प्रयास हुन् ।*

*(पृ. ९)*

यसरी मायामा पनि लोभ-लालच लुकेको हुन्छ भन्ने कुरा यी मुक्तकहरूबाट स्पष्ट हुन्छ । वास्तवमा जीवन सुख र दु:खको साथी हो वा सम्मिश्रण हो । मान्छेले दु:खलाई पनि स्वीकार गरेर अगाडि बढ्नुपर्छ । ठूलाले सानालाई हेप्ने प्रवृत्ति पनि

समाजमा सर्वविदितै देखिन्छ । साहूको ऋणले आकुलव्याकुल भएका निम्नवर्गीय मान्छेका पीडालाई मुक्तककारले यसरी पोखेका छन् :

*साहूको सूची लम्बिएको छ*
*उपलब्धि ठानेको छु*
*किनकि*
*मेरो मृत्युले धेरैलाई रूवाउनेछ ।*

*(पृ. १५)*

प्रेम प्रणयमा पनि चुर्लुम्म डुबेका मुक्तकहरू पनि उनका **मुक्तकसङ्ग्रह**मा पाइन्छन् । प्रेम विनाको जीवन निरर्थक हुन्छ । त्यसैले मुक्तककार प्रेमप्रति यसरी समर्पित छन् :

*घर्षण तिम्रा ती चुरामा*
*खै ! कस्तो मादक सङ्गीत छ*
*मभित्रको मृत प्राय: पुरूष प्रज्वलित हुन्छ ।*

*(पृ. १४)*

*स्वर्गकी हो वा धराकी परी त परी नै हो*
*एक झलक भै भक्तको आँखा तिर्मिरायो ।*

*(पृ. १८)*

*प्रेमपत्रको बीज सूत्र कखरा मन पर्छ*
*मलाई तिम्रो चुलबुले नखरा मन पर्छ ।*

*(पृ. ३)*

यसरी हेर्दा मुक्तककार घिमिरेका मुक्तकहरूमा विविध विषयवस्तु र प्रसङ्गहरू समेटिएका छन् । प्रेमका वियोग, मिलन, निराशावादी चिन्तन र आशावादी प्रणयप्रसङ्गहरू रतिरागात्मक ढङ्गबाट अभिव्यक्त भएका थुप्रै मुक्तकहरू

**मुक्तकसङ्ग्रह**भित्र रहेका छन् । जीवनका विभिन्न अनुभूति र भोगाइहरूलाई समग्रमा व्यङ्ग्यात्मक प्रस्तुति मुक्तकहरूमार्फत गरेको पाइन्छ ।

### ४.३.१.७ बिम्बविधान र अलङ्कारविधान

कुनै पनि कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा रहेको अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवन र जगत्का विविध सन्दर्भसामाग्रीबाट बिम्बविधान बन्दछ र तिनलाई भावव्यञ्जन तत्त्व पनि भनिन्छ । मुक्तक लघुतम संरचना भए पनि यसमा पनि विविध जीवनजगत्का बिम्ब र अलङ्कारहरूको प्रयोग हुन्छ । बिम्बालङ्कारहरूले कवितालाई चमत्कृत र कलात्मक बनाउँछन् । अलङ्कारले श्रुतिमाधुर्यता भरेर रसास्वादनयुक्त बनाउँछ ।

रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह**भित्र रहेका मुक्तकहरूमा विभिन्न प्रकारका बिम्बहरू र अलङ्ककारहरूको सफल प्रयोगले भाव पक्षलाई सघनता थपेको पाइन्छ । देशमा भएको आकासिँदो महङ्गी र वर्तमान मानिसका जटिल जीवन पद्धतिप्रति व्यङ्ग्य गरिएको प्रसङ्ग यसरी प्रस्तुत गरेका छन् :

*दिनपरदिन उर्लदो खहरेझैं महङ्गी बढेको देख्दा*
*लाग्छ पोहर जन्मेको छोरा तन्नेरी भैसक्यो होला ।*

*(पृ. ५)*

*मैले रक्सी खानुमा एउटा सभ्यता छ*
*किनकि रक्सी र तिमी दुवैमा मादकता छ ।*

(पृ. २)

यसरी मुक्तककारले उर्लंदो खहरे र आकासिदो मूल्य बृद्धिलाई बिम्बात्मक रूपमा लिएका छन् भने दोस्रो मुक्तकमा पनि रक्सी र प्रियसीलाई तुलनात्मक रूपमा लिएका छन् ।

### ४.३.१.८ निष्कर्ष

भौतिक व्यस्तताको युगमा समयानुकूल रही गीत, गजलजस्तै लोकप्रिय कविताको उपभेदका रूपमा मुक्तक देखापरेको पाइन्छ । मुक्तकमा पनि जीवनको गम्भीर चिन्तन र दृष्टिका मर्म र गहिराई रहेको हुन्छ । सर्वप्रथम चौध/पन्द्र वर्षको उमेरमा *मेरो अनुहार* (२०२६) कविता लिएर नेपाली साहित्यको फाँटमा प्रवेश गरेका मुक्तककार रामबाबु घिमिरेले तेस्रो पुस्तकाकार कृतिको रूपमा **मुक्तकसङ्ग्रह** २०५६ सालमा प्रकाशित गरेका हुन् । राजनैतिक क्षेत्र, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, प्रेम प्रणयको क्षेत्र, शैक्षिक क्षेत्र आदिमा देखिएका विकृति विसङ्गति, अन्याय, अत्याचार, असमानता, घुसखोरी जस्ता यथार्थ विषयवस्तुलाई समातेर मुक्तककारले आफ्ना मुक्तकहरूमार्फत व्यङ्ग्यात्मक प्रहार गरेका छन् । **मुक्तकसङ्ग्रह** जम्मा बाइस पृष्ठमा फैलिएको छ । एक देखि आठ शब्दसम्मका पङ्क्ति पुञ्जहरू एउटा मुक्तकमा रहेका छन् तथा विभिन्न क्षेत्रमा व्यङ्ग्यको झटारो हान्ने क्रममा उनले विभिन्न बिम्ब र अलङ्लकारहरूको प्रयोग पनि गरेको पाइन्छ ।

यस **मुक्तकसङ्ग्रह**भित्र रहेका मुक्तकहरूको संरचना कुनै पनि सैद्धान्तिक मान्यता वा नियमभित्र रहेर गरिएका पाइँदैनन् तापनि मुक्तकहरू पठन गर्दा घतलाग्दा र चोटिला भएको अनुभूति गर्न सकिन्छ । भाव वा विचार नै मुक्तकको प्रभावकारिता हो, जसको कलात्मक प्रस्तुति भयो भने मुक्तक पेचिलो र धारिलो बन्दछ । रामबाबु घिमिरेका मुक्तकहरूप्रति दृष्टि दिंदा उनका मुक्तकहरू संरचनामा सैद्धान्तिक विचलनयुक्त रहेका छन् । साथै आन्तरिक लयविधान यी मुक्तकहरूमा रहेको पाइन्छ ।

जे होस् नेपाली साहित्यको क्षेत्रमा आफ्नो यात्रालाई अगाडि बढाउने क्रममा **मुक्तकसङ्ग्रह** प्रकाशित गरी कविताको उपभेदका रूपमा रहेको मुक्तक साहित्यलाई अगाडि बढाउने कार्य गरेका छन् । रामबाबु घिमिरेले राष्ट्रमा, समाजमा अनि परिवारमा रहेका विविध समस्या, जटिल परिस्थितिका यथार्थ विषयवस्तुगत तथ्यलाई व्यङ्ग्यात्मक शैलीका मुक्तकहरू प्रस्तुत गरी पाठकसम्म पुऱ्याउन सफल भएका छन् । वास्तवमा उनको **मुक्तकसङ्ग्रह** आकारमा सानो भए पनि अत्यन्तै सटीक, स्पष्ट, सरल र वस्तुनिष्ट रहेको कुरा नकार्न सकिँदैन ।

## ४.४ मुक्तककार केशवराज आमोदी

पिता कमलाकान्त भट्टराई र माता दमयन्तीदेवी भट्टराईको कोखबाट वि.सं. २०१३ साल जेठ २० गते तनहुँ, सुकौरामा जन्मेका केशवराज भट्टराईको साहित्यिक नाम केशवराज आमोदी हो । हाल चितवनको माधवपुरमा बसोवास गर्दै आएका आमोदी अधुनातन शास्त्रीय कविका रूपमा सम्मानित भएका थिए । साहित्यका विविध विधा कथा, कविता, गीत, गजल, निबन्ध, समालोचना आदिमा कलम चलाउने आमोदीको पहिलो कृति *हिमाल रून्छ* उपन्यास हो । २०४७ सालदेखि निरन्तर नेपाली साहित्यको सेवा गर्दै आएका आमोदीले छ/सातवटा कृतिहरू प्रकाशित गरिसकेका छन् ।

समग्रमा हेर्दा उनका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त कविता, कथा, उपन्यास, गजल, मुक्तक जस्ता विविध विधाका पुस्तकाकार प्रकाशित कृतिहरूको विवरण तल दिइएको छ :

तालिका सङ्ख्या ३

केशवराज आमोदीका प्रकाशित पुस्तककार कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | हिमाल रून्छ | उपन्यास | २०४७ (सहलेखन) |
| २. | अरण्य रोदन | खण्डकाव्य | २०५४ |
| ३. | सत्ता-साधन | मुक्तकसङ्ग्रह | २०५८ |
| ४. | गजल-दीपिका | शोधात्मक गजलकाव्य | २०६० (सहलेखन) |
| ५. | जलतरङ्ग | गजलकाव्य | २०६० |

हाल *सम्प्रेषण* र *जस्मिन* पत्रिकाको सम्पादन गरिरहेका केशवराज आमोदी राष्ट्र उत्थान साहित्य समाज चितवनद्वारा प्रकाशित *जागृत* साहित्यिक त्रैमासिक पत्रिकाको प्रधान सम्पादक समेत रहेका छन् । शिक्षण र सिर्जनात्मक क्षेत्रको लामो अनुभवले पनि उनको सम्पादकीय चेत विकसित भई पाको भएको छ । *जीवनसङ्घर्षमय छ र प्राप्ति नै जीवनको*

*उपादेयता हो* भन्ने जीवनप्रतिको धारणा राख्ने उनी भावनात्मक अभिव्यञ्जन नै साहित्य हो, भन्दछन् ।[८] वाल्मिकी साहित्य सदन र गजल मञ्च चितवनसँग मुख्य रूपमा संलग्न उनी हाल आएर अनेक मान सम्मान, पदक र पुरस्कारले विभूषित छन् । तिनको क्रम यसप्रकार छ :

(क) अधुनातन शास्त्रीय कवि उपाधिले अभिनन्दन (२०५९), राष्ट्रिय उत्थान समाज चितवन ।

(ख) अभिव्यञ्जना साहित्य सम्मान (२०६१) ।

(ग) वाल्मिकी साहित्य सम्मान (२०६१) ।

(घ) प्रतिभा पुरस्कार (२०६२) ।

(ङ) सम्मान पत्र-अपाङ्ग पुनर्स्थापना केन्द्र, नवलपरासी ।

(च) पल्लव साहित्य सम्मान (२०६२) ।

(छ) साहित्यिक स्रष्टा सम्मान (२०६६) ।

अध्ययन, भ्रमण, समाजसेवी र सिर्जनामा रूचि राख्ने केशवराज आमोदी सम्पादनको क्षेत्रमा पनि कुशल गुरूत्वको अभिभारा बहन गर्न पनि सामर्थ्यवान् देखिन्छन् । हरेक रचनाप्रति मिहिन पर्यवेक्षण गर्ने उनको प्रवृत्ति देखिन्छ ।[९]

### ४.४.१ केशवराज आमोदीको सत्ता-साधन मुक्तकसङ्ग्रहको अध्ययन

केशवराज आमोदीको २०५८ सालमा प्रकाशित तेस्रो कृति **सत्ता-साधन** मुक्तकसङ्ग्रह हो । त्रिवेणी साहित्य परिषद्द्वारा प्रकाशित यस सङ्ग्रहमा रहेका मुक्तकहरू पढ्दा मुक्तककार आमोदीको कवित्त्व र कलाकारिता समानान्तर रूपमा प्रकट भएको अनुभव हुन्छ । मान्छेका जीवनका उल्लास र वेदनाहरूलाई अभिव्यक्त गरी जीवनलाई अत्यन्तै सूक्ष्म किसिमले छुने गरी जीवनका मर्मलाई आमोदीले आफ्ना मुक्तकहरूमार्फत उद्घाटन गरेका छन् । चौतीस वर्षको उमेरबाट निरन्तर साहित्य सेवामा लागेका आमोदीले २०४६ सालको राजनैतिक अवस्था त्यसपछिको भ्रष्टाचार, नातावाद, कृपावाद, घुसखोरी आदि समग्र क्षेत्रमा देखिएको विसङ्गति र विकृतिलाई व्यङ्ग्य प्रहार गर्दै मुक्तकहरूलाई कलात्मक स्वरूप प्रस्तुत गरेका छन् ।

---

८ कपिल अज्ञात, *एक गम्भिर व्यक्तित्व*, केशवराज आमोदी, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. ८० ।

९ पूर्ववत्, पृ. ८० ।

केशवराज आमोदीको **सत्ता-साधन** मुक्तकसङ्ग्रहको मूल सन्देश सामाजिक परिवर्तन रहेको देखिन्छ । समाज परिवर्तन व्यङ्ग्यात्मक भाव रचनाबाट मात्र सम्भव छैन । अन्तर्मनदेखि नै भावात्मक रूपमा र कार्यगत रूपमा समाजलाई जगाउने प्रयास गर्नुपर्दछ भन्ने विचार उनका मुक्तकमा सलवलाएका छन् । सत्ता साधन मुक्तक सङ्ग्रहभित्र रहेका मुक्तकहरूको विश्लेषण निम्नानुसार गरिन्छ :

### ४.४.१.१ शीर्षक

शीर्षक कविता कृतिको नामकरण मात्र नभई सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटन हो । शीर्षकले समग्र विषयवस्तुको केन्द्रीय भावलाई जोड्ने कार्य गर्दछ । केशवराज आमोदीद्वारा संरचना गरिएको **सत्ता-साधन** मुक्तकसङ्ग्रहमा एकसय चारवटा मुक्तकहरू छन् र जम्मा चौध पृष्ठमा मात्र फैलिएको छ तर मुक्तकसङ्ग्रहभित्रका सबै मुक्तकहरूमा कुनै पनि शीर्षक दिइएको छैन । मुक्तकहरूमा कुनै पनि शीर्षक नदिइए तापनि प्रत्येक मुक्तकलाई १,२,३,४,५,६..... गरी १०४ अङ्कसम्म दिएर सबैको श्लोक सङ्ख्या निर्धारण गरिएको पाइन्छ । प्रस्तुत मुक्तकसङ्ग्रहमा रहेका मुक्तकहरू थोरैमा दुई पङ्क्तिदेखि धेरैमा चार पङ्क्ति आयाम रहेका छन् । यसमा रहेका सबै मुक्तकहरूलाई **सत्ता-साधन** शीर्षक दिएर त्यसैभित्र समाविष्ट गरिएको छ ।

### ४.४.१.२ लयविधान

कविता विधाको परिचयात्मक तत्त्व भनेकै लयविधान हो । लयविधानबिनाको कविता निरस अप्रभावी र अपूर्ण हुन्छ । मीठो र प्रभावी तुल्याउनुपर्ने कविता विधाको लक्षण हुन्छ । लघुतम कविता विधा भए पनि मुक्तकमा पनि अनुभूतिलाई लयात्मक अनुप्रासयुक्त बनाउनु पर्छ । तुकको तारतम्यलाई छोटो छरितो रूपमा अत्यन्तै संयमितता, गम्भीरता र तिव्रताका साथ प्रस्तुत गर्न लयविधान अनिवार्य मिलाउनु पर्छ । लयविधानका दृष्टिले केशवराज आमोदीका मुक्तकहरूमा प्राय: छन्दोबद्ध कवितामा प्रष्ट देखिने पद्य कवितात्मक लय देखिन्छ । प्राय: धेरै जस्तो श्लोकहरूमा अन्त्यानुप्रास र मध्यानुप्रास पनि मिलेका देखिन्छन् । यस **सत्ता-**

**साधन** मुक्तक सङ्ग्रहभित्र रहेका मुक्तकहरूमा श्लोक सङ्ख्या एकदेखि श्लोक सङ्ख्या तिरानब्बेसम्म द्विपदीय ढाँचामा मुक्तकहरू रहेका देखिन्छन् भने बाँकी चौरानब्बेदेखि एकसय चारसम्मका दशवटा मुक्तकहरू चतुष्पदीय ढाँचामा रहेका छन् । यसमा लोकलयको पनि प्रयोग भएको छ भने विभिन्न शास्त्रीय छन्दहरूको पनि प्रयोग भएको पाइन्छ । केशवराज भट्टराई मूलतः छन्देली कवि हुन् । वार्णिक छन्दका सुन्दर कविताका आस्वादन गरिरहेका पाठकहरूलाई उनको यो नयाँ शैलीको मुक्तकीय कृति रूचिकर नै हुनेछ[१०] भन्दै विनोदीले आमोदीका मुक्तकहरूमा श्रुतिमाधुर्यता र लयात्मकता कलात्मक रूपमा मिलेका छन् साथै भावमा सघनता भरिएका छन् भन्ने भाव भूमिकामा व्यक्त गरेका छन् । आमोदीका मुक्तकहरू प्रायः अन्त्यानुप्रासयुक्त छन् । केही मुक्तकहरू यसप्रकार छन् :

*कर्तव्यको पाठ घोकाउँछन् यहाँ स्वार्थीहरू*
*राष्ट्रवादको दुहाई दिन्छन् उल्टै राष्ट्रघातीहरू ।*

*(मुक्तक - ३)*

*जेल बस्नुभन्दा पनि गार्ड बस्नु गाह्रो लाग्यो*
*शहीद भई मर्नुभन्दा जीवन धान्न सारो लाग्यो ।*

*(मुक्तक - ५२)*

*मनभित्र मायालुको चित्र सजाइ राखिरहेँ*
*मीठो सम्झनाको गीत सुसेलीमा गाइरहेँ ।*

*(मुक्तक - ८४)*

### ४.४.१.३ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो तापनि यसमा मनोलाप वा मनोगुञ्जनलाई अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन मुक्तकका सन्दर्भमा पनि लागु हुन्छ । मुक्तक जति श्रुतिरम्य हुन्छ त्यति नै बढी पाठकले मन पराउँछन् साथै मुक्तकगायनमा पनि माधुर्यता आउँछ । मुक्तक पाठक र श्रोता दुवैलाई मन्त्रमुग्ध बनाउने साहित्य भएकाले मुक्तकमा कथनपद्धतिले राम्रो असर पारेको हुन्छ ।

१० गोविन्दराज विनोदी, *प्रकाशकीय,* **सत्ता-साधन,** (ले. केशवराज आमोदी), (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५८)

आमोदीको सत्ता-साधनमा रहेका मुक्तकहरू प्राय: सबै लय मिलेका, श्रुतिरम्य कथनयुक्त रहेका पाइन्छन् । मुक्तकहरू घतलाग्दा र चोटिला पनि बनेका छन् ।

### ४.४.१.४ भाषाशैली

कविताको भाषाशैली बढी ललित, रागात्मक, कलात्मक अनि व्यञ्जनात्मक र लयात्मक हुन सक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधान समेत सिर्जना भएको हुनुपर्छ ।[११] कविताको भाषा अभिधात्मकभन्दा लाक्षणिक वा व्यञ्जनात्मक बनाउन सके मात्र कवितामा श्रुतिमाधुर्यता भरिन्छ । केशवराज आमोदीको **सत्ता-साधन**को भाषाशैली अत्यन्त प्रभावपूर्ण, सरल, सुमधुर र सुबोध्य रहेको छ । यसमा व्यङ्ग्यचेत, विद्रोहचेत र प्रणयचेतको त्रिवेणीमा प्रवाहित युगीन पीडा र सामाजिक यथार्थलाई वास्तवमा हृदयग्राह्य रूपमा प्रस्तुत गरिएको पाइन्छ ।[१२]

**सत्ता-साधन**का मुक्तकहरूमा व्यङ्ग्यात्मक रूपमा जीवनका विसङ्गतिलाई कोट्याउँदै वर्ण, पद, पदावली र वाक्यस्तरसम्म नै आन्तरिक वा बाह्य दुवै लयलाई प्रभावपूर्ण बनाइएको छ । पौराणिक बिम्ब तथा अलङ्कारप्रयोगका दृष्टिले मुक्तकहरूको भाषाशैली कलात्मक र हृदयस्पर्शी बनाइएको छ :

*अन्यायको ढिस्को फोर्न गैँची बन्नुपर्छ*
*रूढीहरू काट्न लाग्ने कैँची बन्नुपर्छ*
*नेपालको व्यवस्था नै सबै फेर्न फेरि*
*सडकमा नारा लगाई सबले हिँड्नुपर्छ ।*

*(मुक्तक - १०३)*

केशवराज आमोदीले बौद्धिक तत्त्वलाई समातेर सम्प्रेषणीय, भाव सघनतायुक्त, सहज र सरल साथै सरस भाषाशैलीको प्रयोग आफ्ना मुक्तकहरूमा गरेका छन् ।

---

११ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग-४,** पूर्ववत्, पृ. १७ ।
१२ गोविन्दराज विनोदी, प्रकाशकीय, पूर्ववत् ।

### ४.४.१.५ संरचना

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । छोटो वा लघुतम संरचना भइकन पनि आफैँमा पूर्ण र धारिलो, पेचिलो प्रहार बन्न सक्नु मुक्तकको विशेषता हो । दुई पङ्क्ति नै कविताको न्यूनतम आवृत्ति हो र यही नै मुक्तक कविताको पनि न्यूनतम संरचना हो ।[१३] मुक्तक अधिकतम चार पङ्क्तिको हुन्छ भनिए तापनि दुईदेखि आठ पङ्क्तिसम्मका मुक्तकहरू रचना भएका पाइन्छन् । गद्य कवितामा मुक्तक लेखिन थालेपछि मुक्तकको आयममा विविधता र विस्तार हुन थालेको देखिन्छ । मुक्तकको अधिकांश संरचना चतुष्पदीय नै देखापर्दछन् ।[१४]

केशवराज आमोदीको मुक्तकसङ्ग्रह **सत्ता-साधन**लाई दृष्टिदिँदा उनका मुक्तकहरू दुई श्लोकदेखि चतुष्पदीय श्लोक संरचनामा बाँधिएका छन् । मुक्तकमा हुनुपर्ने तत्त्वहरू प्रायः जसो मुक्तक संरचनामा तय गरिएको पाइन्छ । भावमा सघनता, सङ्क्षिप्तता र बोधगम्यता उनका मुक्तकहरूका विशेषता नै बनेका छन् । गेयात्मक शैलीका श्रुतिरम्यताले पाठक र श्रोता दुवैलाई मन्त्रमुग्ध पार्न सक्ने खालका मुक्तकहरू **सत्ता-साधन**भित्र प्राप्त गर्न सकिन्छ । लघुतम आकार ग्रहण गरेको यो सङ्ग्रह जम्मा चौध पृष्ठमा फैलिएको छ । मुक्तकमा हुनुपर्ने सूत्रात्मकताका साथै कसिलो र रसिलोपन अनि अल्प भएर पनि पूर्णता भाव[१५] आमोदीका मुक्तकहरूमा प्राप्त गर्न सकिन्छ ।

*पवनसरि उड्छ मन गगनमा अति*
*मुस्कान नै मदिरा भो भनूँ मैले कति ?*

*(मुक्तक-५५)*

*कोशी र गण्डकी खायौ कालापानी पचाऊ है*
*आफ्नो चरित्रझैँ कालो स्वार्थलाई बचाऊ है ।*

*(मुक्तक-४०)*

*बोल्दा पनि नापीतौली बोल्नुपर्ने भयो कान्छी*

---

१३ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग ४,** पूर्ववत्, पृ. १९ ।
१४ पूर्ववत्, पृ. १९ ।
१५ मोहनराज शर्मा, *लघुतम नेपाली कविता,* पूर्ववत्, पृ. ६ ।

*भेट हुँदा नबोल है 'प्रीति-दोष' लाग्ला कान्छी ।*

*(मुक्तक-९४)*

उपर्युक्त मुक्तकहरूको अन्त्यमा अति, कति, पचाऊ है, बचाऊ है जस्ता शब्दहरूले लयात्मकता प्रदान गरेका छन् । यी मुक्तकहरूमा बाह्य लय संरचनाका साथै आन्तरिक लयसंरचना पनि सशक्त रहेको छ । मुक्तकको सैद्धान्तिक मान्यताअनुरूप नै प्रायः मुक्तकहरूको संरचनात्मक स्वरूप **सत्ता-साधन**भित्र भेटिन्छन् । यसरी अत्यन्तै सहज, सरल र सम्प्रेषणयुक्त भाषाशैलीको प्रयोग गरी मार्मिक र श्रुतिरम्य मुक्तकहरूको सङ्ग्रहलाई पाठकसामु राखेर केशवराज आमोदीले नेपाली साहित्यको कविता विधाभित्र अट्ने मुक्तक अझै भरिपूर्ण बनाएर गतिप्रदान गर्ने काम गरेका छन् ।

### ४.४.१.६ भाव र विचार

मान्छेको जीवनले अनेक कुराहरू भोग्दै जाँदा जीवन रित्तिँदै र सिद्धिँदै जान्छ तर अनुभवपुञ्जहरू हृदयभरि मडारिएका हुन्छन् भन्ने कुरा प्रष्ट पार्दै आमोदीले जन्मदेखि मृत्युसम्मका भोगाइ, चाहना, अतृप्ति, असन्तुष्टि र मानवीय जटिलतालाई चित्रात्मक रूपमा प्रस्तुत गरेका छन् । मुक्तककार आमोदीले समसामायिक परिवेश र परिस्थितिले जन्मााएर हुर्काएका विविध जटिलता एवं राजनैतिक, सामाजिक, आर्थिक विकृति र विसङ्गतिपूर्ण विषयवस्तुलाई टिपेर व्यङ्ग्यात्मक रूपमा आफ्ना मुक्तकहरूमार्फत प्रस्तुत गर्न पुगेका छन् । भाव तथा विचारका आधारमा विविधतायुक्त विषयवस्तु भएका मुक्तकहरू **सत्ता-साधन**भित्र रहेका छन् :

(क) जीवनचेतका मुक्तकहरू

यस सङ्ग्रहभित्र कतिपय मुक्तकहरूमा गरिब जनताका दुःखका कथाव्यथालाई चित्रण गरिएको छ । ठगिएर, हेपिएर तिरस्कृत भएर बाँच्न विवश निम्नवर्गीय जीवनका बाध्यतालाई मुक्तकहरूमार्फत प्रस्तुत गरिएको पाइन्छ :

*परिवारका चाहना छन् नमेटिने तलतल जस्तै*
*इच्छाहरू आफ्ना उस्तै लौरीधोलको दलदल जस्तै*

*उकाली र ओरालीझैं सुख, दुःख भएका छन्*
*जिन्दगी भो पोल्या घाउ आलो फोका जलजल जस्तै*

*(मुक्तक - ९५)*

*सीमा नाघ्यो महङ्गीले के भन्नु सब व्यर्थ छ*
*कानूनी राज्यको भित्री आफ्नै गहन अर्थ छ ।*

*(मुक्तक - ४१)*

नेपाली समाजको विभिन्न घरायसी परिवेश र सम्बन्धबाट सुपरिचित भइसकेका आमोदी आफ्ना पारिवारिक अनुभूतिलाई पनि मुक्तकका माध्यमबाट व्यक्त गर्न पुगेका छन् ।

*पराइ छन् जता हेऱ्यो, आफ्नो भेटिँदैन किन ?*
*हिंस्रक छन् चारैतिर बस्ती, जङ्गल भयो किन ?*

*(मुक्तक - ५)*

*बाबु-छोरा, नोकर-मालिक फेसन चल्यो कस्तो ?*
*अचम्म छ मद्रासको आसामी र साहु जस्तो ?*

*(मुक्तक - ४५)*

*घोटिँदो छ नित्य बाबु यो देशको शिक्षक जस्तो*
*छोरो नेपालको मन्त्री, भारतको तस्कर जस्तो ।*

*(मुक्तक-४६)*

आफ्नै सन्तानले पनि बाबु आमाको कमजोरी हेरेर हेप्ने र अपमान गर्ने मौका छोप्छन् भन्ने आमोदीले आफ्नो सन्तान भनेर हुँदैन आफ्नै शत्रुका रूपमा निस्कन्छन् भन्दै मुक्तकाकारले घरायसी बन्धनबाट वाक्क भएको पीडालाई यसरी पोखेका छन् :

*छोरो भन्नु पापग्रह कमजोरी हेर्छ दाउ ।*
*बाबुलाई सुख्ख कहाँ घरमै हुर्केपछि राहु ?*

*(मुक्तक- ४८)*

मानव समाजसँग सम्बद्ध विभिन्न वस्तुहरू, विचार र अनुभूतिलाई मुक्तकमा प्रस्तुत गर्ने क्रममा मुख्यतः सत्ता वा आफूलाई प्राप्त अधिकारलाई नै साधन वा हतियार बनाएर सत्ताको आडमा मत्ता भई विभिन्न विकृति र विसङ्गति निम्त्याउने मानव प्रवृत्तिलाई व्यङ्ग्य प्रहार गर्दै मुक्तककारले हाल मानिसहरूको धनप्राप्तिको चाहना मृगतृष्णा भएको ठहर गरेका छन् । आमोदीले घर मानिसको आधारभूत आवश्यकता हो अनि बाटो बाध्यता र विवशताको प्रतिबिम्ब हो भन्दै आफ्ना अनुभूति यसरी पोखेका छन् :

*आफ्नै स्वार्थ पूरा गर्न ज्यान अर्पी भिड्नेहरू*
*उदारताको भाषण गर्छन् छाती कुल्ची हिँड्नेहरू ।*

*(मुक्तक - ५९)*

*कर्तव्यको पाठ घोकाउँछन् यहाँ स्वार्थीहरू*
*राष्ट्रवादको दुहाई दिन्छन् उल्टै राष्ट्रघातीहरू ।*

*(मुक्तक - ३)*

*हामी तपस्वी हौं योगी, सत्ता साधनमा रत*
*बिनास्वार्थ लिएका छौं द्रव्यप्राप्ति महाव्रत ।*

*(मुक्तक - ३८)*

नेपाली समाजमा हुर्किएको शोषणप्रवृत्तिलाई मुक्तककार यसरी व्यङ्ग्य प्रस्तुत गर्न पुगेका छन् :

*नजिकबाट जति बुझ्यो किर्ना जस्तै लाग्छ मान्छे*
*श्रम-पसिनाको रक्त व्यग्र हुँदै चुस्छ मान्छे ।*

*(मुक्तक-६०)*

*मनका दरिद्रले गर्छन् धनशक्तिका हुङ्कारहरू*
*मीठो वचनको पाठ सिक्छन् प्रायः दुर्वलहरू ।*

*(मुक्तक-५०)*

यसरी मुक्तककार आमोदी जिन्दगीका विभिन्न अनुभूति, घात-प्रतिघात, पीडा, दु:ख आदिलाई मुक्तकका माध्यमबाट व्यक्त गर्न पुगेका छन् । जीवनमा बाँच्नका लागि धेरै सङ्घर्ष गर्नुपर्छ र आफ्नो अस्तित्त्वका लागि पनि बाँच्नुपर्छ भन्ने सन्देश उनका मुक्तकहरूबाट सहजै प्राप्त गर्न सकिन्छ ।

(ख) देशप्रेमका मुक्तकहरू

केशवराज आमोदीको **सत्ता-साधन** मुक्तक सङ्ग्रहभित्रका मुक्तकहरूमा राष्ट्रियताको चेत स्पष्टसँग सुसेलिएको पाइन्छ । देशको नेतृत्त्व गर्ने नेताहरू भ्रष्ट र जाली हुँदै गएको अवस्था र मानवताहीन मानवसमाजप्रति तिखो व्यङ्ग्यात्मक प्रस्तुति आमोदीका मुक्तकहरूमा पाइन्छ :

*राष्ट्रको ढुकुटीमा मनपरी गर्नेहरू*
*भएका छन् भान्से आज, मनपरी गर्नेहरू ।*

*(मुक्तक-६)*

*परतन्त्रताको नाके डोरी झुण्ड्याउँदै यहाँ अरू*
*व्याख्या खुलापनको गर्छन् आफैं राजनेताहरू ।*

*(मुक्तक-८)*

*कल्पवृक्ष ठानेको थें कुनै दिन प्रजातन्त्र*
*यो त विषवृक्ष रै'छ पोल्यो मनको पत्रपत्र !*

*(मुक्तक-२५)*

*झर्ला खाम्ला जस्तो लाग्दथ्यो कुनै दिन प्रजातन्त्र*
*मलाई खान खोज्दैछ यो मैले ल्याको प्रजातन्त्र*
*माया जति माने पनि मेरै गर्छ सधैं खेदो*
*उठ्छु जति दलदलमा गाड्न खोज्छ प्रजातन्त्र ।*

*(मुक्तक-१०२)*

प्रजातन्त्रको आगमनपश्चात् देशविकास गर्नुको सट्टा स्वतन्त्रताका नाममा सत्ता लिप्सामा लागिपरेर राजनीतिक फोहोरी खेल खेल्दै देशमा विभिन्न विकृति र विसङ्गति भित्र्याएका छन् यहाँ नेताहरूले । साँचो रूपमा देशसेवा गर्नेले तातो गोली खानुपर्ने वा सत्ताबाट गलहत्ती-खानुपर्ने अवस्थाप्रति पनि मुक्तककार आमोदीले व्यङ्ग्यको झटारो बर्षाएका छन् । देशको ढुकुटी रित्ताएर मोजमस्ती गर्न विदेश भ्रमण गरेका छन् । जनताको आँखामा छारो हाली चिप्ला गाडीमा कुदी चिल्ला भाषण छाँटेका छन् । नेपालका नेताका थोत्रा भाषणदेखि नेपाली जनता वाक्क र दिक्क भएकाले अब विद्रोह र खरदारी गर्नुपर्ने अभिव्यक्ति समेत मुक्तकमा गरिएको छ :

*नेताहरू हो ! ब्रम्हलुट गर भन्दै शिशु प्रजातन्त्र*
*दायाँबायाँ हेर्न छाड खतरामा छ प्रजातन्त्र*
*ढुकुटी चाँडै खोक्रो पार मौसम परिवर्तन होला फेरि*
*फाइदाका कडी भाँचिएलान् छिटो जोगाऊ प्रजातन्त्र ।*

*(मुक्तक-९६)*

*आफ्नो गाउँ बनाऊ है आफैं नै जनता अब*
*हामी मन्त्री भारी मोजमा मस्त छौं सब ।*

*(मुक्तक-३५)*

*प्रजातन्त्र तृप्ति-रस भयो ठूला-वडालाई*
*निर्वाचन नै औसर भो राष्ट्रघात गर्नलाई ।*

यसरी आमोदीले नेपाल र नेपाली जनतालाई बेवास्ता गर्ने तर सत्ता प्राप्तिका लागि होडबाजी गर्ने स्वार्थी नेपालका नेताहरूलाई देश विकास र उन्नतिको कुनै प्रवाह छैन आफ्नै पेट भर्न पाए पुग्छ, आफ्नो कर्तव्य र दायित्व भूलेर विदेशीको इशारामा नाँच्ने हाम्रा वाम्पुड्के नेताको केही भर छैन त्यसैले नेपाली जनता अब सबै सचेत भई जागेर यस्ता नेतालाई खबरदार गर्नुपर्छ भन्ने देशभक्तिपूर्ण भावकिरण सबै नेपाली जनतामा पार्न खोजेका छन् ।

(ग) राजनैतिक चेतनायुक्त मुक्तकहरू

नेपाली राजनीतिमा देखिएको फोहरी खेलप्रति असन्तुष्टि प्रकट गर्दै त्यसले निम्तिएका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य मुक्तककार आमोदीले गरेका छन् । सत्तामा पुगेपछि सामाजिक स्वार्थभन्दा व्यक्तिगत स्वार्थमा लिप्त भएर वा सत्ता लोलुपतामा टाँसिएर आफ्नो कर्तव्य र दायित्त्व नै भुल्ने, तुच्छ व्यवहार प्रदर्शन गर्ने, अहङ्कारी प्रवृत्तिलाई बढाउने साथै अरूलाई अत्याचार गर्न खोज्ने नेताहरूको प्रवृत्तिप्रति पनि आमोदीले व्यङ्ग्य प्रहार गरेका छन् ।

चुनावको बेला मीठा र गुलिया आश्वासन बाँड्ने, चुनावपछि आफ्ना नातागोता कुटुम्बलाई सत्ताको आडमा रातारात मालामाल गराउने देशको ढुकुटी पाएसम्म रित्ताउने प्रवृत्ति देखाएका नेताहरूलाई मुक्तकका माध्यमबाट विभिन्न खालका व्यङ्ग्यात्मक प्रहार आमोदीले गरेका छन् :

*मन्त्री सांसदको दशैं भएको छ प्रजातन्त्र*
*गरिब-गुरूबाको दशा भएको छ प्रजातन्त्र ।*

*(मुक्तक-२६)*

*राष्ट्रिय योजना छन् जडौरीको डङ्गुर जस्तो*
*राजनीति लाग्न थाल्यो काठमाण्डौको फोहोर जस्तो ।*

*(मुक्तक-३२)*

*हाम्रा शहीद पुर्खाको स्वप्ना साकार पार्नु छ*
*राष्ट्र खोक्रो बनाएर परिवार सपार्नु छ ।*

*(मुक्तक-३७)*

*तिमी भन्छ्यौ यो देश-बुद्ध र जनकको हो*
*तर म भन्छु यो देश - "बुद्धू सनकको हो ।"*

*(मुक्तक-७६)*

*नेता समुन्द्र पारी गै स्वतन्त्र बर्बराउँछन्*
*जनता भ्यागुता जस्ता कुवामै टर्टराउँछन् ।*

*(मुक्तक-४३)*

*रोटी हो कि देशको टुक्रो भोक लाग्यो खाइदिन्छु*
*भ्रष्टाचार सुनको सिक्री सधैँभरि लाइदिन्छु ।*

*(मुक्तक-२८)*

आधुनिक सभ्यता र सम्पन्नताको आवरणभित्र पनि शहरमा विकृति र अभावले नेपाली जनतालाई सताइरहेको छ तर हाम्रो देशका शासकलाई केही छोएका छैन त्यसैले नेपाली शासक र शासन व्यवस्थाप्रति पनि आमोदी व्यङ्ग्य गर्न पुगेका छन् । वर्तमान राजनैतिक असफलताले झन् भ्रष्टाचारीलाई बढावा दिएको छ । द्वन्दात्मक स्थितिबाट नेपाली समाज गुज्रिएको छ । देशमा घात प्रतिघातका घटनाक्रम झन् बढ्दो स्थितिमा छ । नेताहरूका द्वैध चरित्र, रणनीति, राजनीतिक षड्यन्त्र, घुसखोरी, मनपरीतन्त्रलाई पनि मुक्तकमार्फत व्यङ्ग्य प्रहार गरिएको छ ।

(घ) प्रेमप्रणयभावका मुक्तकहरू

मुक्तक तथा गजलहरू प्रणयधर्मी गीतहरूबाट जन्मिएको मानिन्छ । समयको परिवर्तनसँगै मुक्तककारहरूले पनि विविध विषयवस्तुलाई समातेर मुक्तकहरू रचना गर्न थाले तर सिङ्गो मुक्तकसङ्ग्रह नै प्रेमप्रणयभावबाट अछुतो हुन चाहिँ सक्दैन त्यसैले आमोदीको **सत्ता-साधन** मुक्तकसङ्ग्रहभित्र पनि विविध परिवेशको चित्रण गरिएका प्रणयप्रसङ्ग प्रवाहित भएका मुक्तकहरू छन् । उनले प्रेमलाई प्रकृतिको सुन्दर कोसेलीका रूपमा लिएका छन् । उनका मुक्तकहरूमा प्रीतिको मीठो आभास दिने खालका थुप्रै मुक्तकहरू छन् । यस किसिमका मुक्तकहरूका केही नमूनाहरू :

*कैले चाख्न पाइएला खै सन्तोषका स्वादहरू ?*
*मृगतृष्णा जस्तै लाग्छन् आकाङ्क्षाका मातहरू ।*

*(मुक्तक-७९)*

*हराभरा प्रकृति, सुकोमल सौन्दर्यझैं फैलिन पाए*
*जन्मनु सार्थक तब मात्र होला प्रेम-कुण्डमा पौडिन पाए ।*

*(मुक्तक-७४)*

*सुन्दरीले आँखा मर्काई के पिनेकी होलिन् ?*

*नपिनिद्यौं इच्छा मेरा घरकी मेरी रोलिन् ।*

*(मुक्तक-८६)*

*मेरो उन्नतिमा जल्छन् आफ्नै मित्रहरू कान्छी !*

*चुँडिएको मनको तार कहाँ लगी जोडूँ कान्छी ?*

*(मुक्तक-९४)*

*प्रेम-पुष्प हैन सखी स्मृतिको कोसेली यो ।*

*बगैँचामा हैन सखी हृदयमा जमाऊ यो ।*

*(मुक्तक-१४)*

*प्रेमपत्र हैन प्रिय ! प्रेमको माला उनेको यो*

*हिजो पनि तिमीसितै वनपाखा घुमेको हो ।*

*(मुक्तक-१६)*

समग्रमा हेर्दा केशवराज आमोदीको **सत्ता-साधन** मुक्तकसङ्ग्रह सुन्दर प्रेममालाको अभिव्यक्ति मात्र हो कि जस्तो लाग्छ । जीवन माया र प्रेम, मिलन र विछोडको सम्मिश्रण हो । प्रेम वियोगबाट निस्किएको निराशावादी चिन्तनदेखि प्रेमातुर प्रणय प्रसङ्गहरूका साथै रतिरागात्मक अभिव्यक्तिहरू, प्रेमराग र यसबाट प्राप्त आनन्दनुभूतिलाई मुक्तककारले राम्रोसँग मुक्तकमा कलात्मक रूप दिएका छन् ।

### ४.४.१.७ बिम्बविधान र अलङ्कारविधान

कुनै पनि कृतिमा मुख्य कथ्यअर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहकर्मी अर्थ बिम्ब हो । जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ । **सत्ता-साधन**भित्रका मुक्तकहरू हरेक सशक्त छन्, कलात्मक छन् र बिम्बात्मक छन् । तिनले नेपाली जनजीवनको वर्तमानकालीन मनोदशालाई राम्ररी अर्थाएका छन् । नव-स्वच्छन्दतावादी प्रवृत्तिका आमोदीका मुक्तकहरूले अस्तित्त्ववादी, मानवतावादी एवं प्रगतिशील क्रान्तिकारी

विचारको समेत प्रतिनिधित्त्व गरेका छन् ।[१६] आमोदीको प्रस्तुत *सत्ता-साधन* मुक्तकसङ्ग्रह भित्रका मुक्तकहरूमा विभिन्न किसिमका बिम्बात्मक चित्रहरू तथा कलात्मक अलङ्कारहरूको प्रयोग भएको पाइन्छ । यसले मुक्तकमा सुन्दरता र श्रुतिरम्यता थप्ने कार्य गरेको छ । उनले बुद्ध र जनकलाई देशको परिस्थितिअनुसार बुद्धू र सनकसँग जोडेका छन् साथै छोरो र भारतीय तस्कर उस्तै, शिक्षक र बाबु उस्तै भनी बिम्बात्मक प्रयोग गरेका छन् :

*घोरिँदो छ नित्य बाबु यो देशको शिक्षक जस्तो*
*छोरो नेपालको मन्त्री, भारतको तस्कर जस्तो ।*

*(मुक्तक-४६)*

*तिमी भन्छौ यो देश - बुद्ध र जनकको हो*
*तर म भन्छु यो देश "बुद्धू सनकको हो ।*

यसरी छन्दमा नै आफ्ना भावानुभूतिहरूलाई पोख्न सफल मुक्तककार आमोदीले बिम्बालङ्कार र प्रतीकहरूको पनि सफल प्रयोग आफ्ना कृतिहरूमा गरेका छन् ।

### ४.४.१.८ निष्कर्ष

केशवराज आमोदीको लघुतम काव्य वा सानो आकारको मुक्तकसङ्ग्रह अत्यन्तै सरल, सहज र सरस भाषाशैलीमा संरचना गरिएको छ । सम्प्रेषणयुक्त तर मार्मिक भाषाशैलीको प्रयोगले गर्दा पाठकवर्गको मनमुटु छुन सफल बनेको छ । विविध विषयवस्तु र प्रसङ्गलाई भावभूमि बनाएर आफ्ना बाउन्न वर्ष जतिका विविध अनुभूतिलाई सङ्गालेर कलात्मक रूपमा सुन्दर १०४ वटा पुष्पगुच्छाहरू एउटै तरेलीमा उनेर पाठकसामु पुऱ्याई मुक्तक साहित्यलाई अगाडि बढाउने कार्य गरेका छन् । विभिन्न ऐतिहासिक, सामाजिक, पौराणिक बिम्बालङ्कारहरू र विविध प्रतीकहरूको प्रयोग गरिएकाले उनका मुक्तकहरूले आफैंमा मौलिकता बोकेका छन् । मुक्तकसिद्धान्त र परम्परालाई प्राय: सबै मुक्तकहरूको संरचनामा आमोदीले प्रयोग गर्ने प्रयास गरेका छन् । मुक्तकहरू गेयात्मक शैलीमा लयबद्ध पाइन्छन् र मुक्तककारले भाव सघनता सङ्क्षिप्तता र व्यङ्ग्यात्मकतालाई सहज रूपमा

---

१६ गोविन्दराज विनोदी, *प्रकाशकीय,* पूर्ववत् ।

आफ्ना मुक्तकहरूमा प्रयोग गरेका छन् । भाव र विचारका आधारमा जीवन चेत राजनीतिक चेत, देशप्रेम र प्रणयभावका मुक्तकहरू बढी रहेका छन् । मुक्तकहरूमा नेपाली झर्रा शब्ददेखि तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । मुक्तकहरू लयबद्ध, कलात्मक साथै चोटिला, घतलाग्दा र धारिला रहेका छन् ।

## ४.५ मुक्तककार धनराज गिरी

धनराज गिरीको जन्म वि.सं. २०१५ साल भाद्र ९ गते पिता परशुराम गिरी र माता महाँमायादेवी गिरीका कोखबाट मकवानपुर जिल्लाको दाविले हटिया भन्ने ठाउँमा भएको थियो । उनको साहित्यिक नाम आनन्द रहेको पाइन्छ । धनु, धनराज गिरी, गोपी आदि नामबाट पनि यिनले आफूलाई साहित्यमा प्रस्तुत गर्ने गरेको पाइन्छ । चितवनको बछ्यौंली गा.वि.स.मा बसोबास गर्ने धनराजले अर्थशास्त्रमा एम.ए., नेपालीमा बि.ए. र अङ्ग्रेजीमा बि.एड. गरेका छन् । चितवन जिल्लाको रत्ननगर नगरपालिकाबाट प्रकाशित हुने सम्प्रेषण पत्रिकामा वि.सं. २०४८ सालमा *मेरो हाकिम* नामक कविता प्रकाशित गराएर नेपाली साहित्यको फाँटमा उदाएका धनराज गिरी हालसम्म पनि निरन्तर साहित्य सेवामा लागिरहेका छन् । विभिन्न संघसंस्था एवं समिति र उप-समितिमा रहेर सामाजिक कार्य पनि गर्दै आएका गिरी हाल रत्ननगर नगरपालिकाको शहीद स्मृति बहुमुखी क्याम्पसमा प्राध्यापन पेशामा संलग्न छन् । उनले आफू संलग्न रहेका संस्थाहरूबाट बेलामौकामा उचित कदर पनि पाएका छन् । उनले प्राप्त सम्मान र पुरस्कारहरू यी रहेका छन् :

(क) जिल्ला शिक्षा समिति चितवनद्वारा पुरस्कृत (२०४७) ।

(ख) ने.मा.वि. रत्ननगरद्वारा पुरस्कृत (२०५२) ।

(ग) चितवन साहित्य परिषद्द्वारा आयोजित कविता प्रतियोगितामा प्रथम (२०५५) ।

(घ) राष्ट्रिय गजल प्रतियोगितामा द्वितीय (२०६१) ।

(ङ) नारायणी टुडेद्वारा अभिनन्दित (२०६१) ।

(च) वाल्मीकि साहित्य सदनद्वारा अभिनन्दित (२०६१) ।

(छ) शान्ति राजदूतको उपाधिद्वारा सम्मानित वर्ल्ड पिस (२०६२) ।

(ज) हाम्रो मझेरी प्रतिष्ठानद्वारा अभिनन्दित (२०६३) ।

(झ)	नेपाल उच्च मा.वि.द्वारा सम्मानित (२०६३) ।

(ञ)	कालिका एफ.एम.द्वारा सम्मानित एवं पुरस्कृत (२०६३) ।

(ट)	तन्नेरी द्वैमासिक पत्रिका काठमाण्डौद्वारा सम्मानित (२०६३) ।

(ठ)	मातृभूति साहित्य समाज हेटौंडाबाट सम्मानित (२०६३) ।

नेपाली साहित्य लेखनका क्षेत्रमा निरन्तर साधनारत धनराज गिरीको लेखनी मुख्यत: कविता विधामा चलेको देखिन्छ । कवितामा पनि गजल साहित्य संरचनातिर बढी उन्मुख भएको देखिन्छ । *लेख र रचना विकृति होइन सन्देश दिने खालको हुनुपर्दछ* भन्ने धारणा गिरीको रहेको पाइन्छ । त्यसैले उनका लेखमा सामाजिक रूपान्तरण बोलिरहेको र विश्ववन्धुत्त्वको भावनामा ओतप्रोत भएको पाइन्छ । वि.सं. २०२७ सालमा कविता लेखी नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका गिरी बीचमा केही समयसम्म लेखन कार्यभन्दा अध्ययन कार्यमा लागेको पाइन्छ । निरन्तर अभ्यास र अनुभवले परिपक्व बन्दै गएपछि उनले नेपाली साहित्यका कविता, गजल, निबन्धजस्ता क्षेत्रमा कलम चलाउन थालेको पाइन्छ ।

समग्रमा हेर्दा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त उनका कविता, मुक्तक र गजलजस्ता काव्यविधाका सात पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् :

तालिका सङ्ख्या ४

धनराज गिरीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | राष्ट्रै टुहुरो भयो | कवितासङ्ग्रह | २०५४ |
| २. | अर्थात् | मुक्तक | २०५८ |
| ३. | गोजिका गजल र हाइकु | गजल | २०६० |
| ४. | गजलामृत | गजल | २०६० |
| ५. | कुन्साङ काका | गजल | २०६२ |
| ६. | पुष्पलता: सामाजिक शान देवी वरदान | गीतिकाव्य | २०६२ |
| ७. | ढल्दैन स्वाभिमान कसै गरे पनि | गजल | २०६४ |

उनका यी प्रकाशित कृतिहरूमध्ये **अर्थात्** मुक्तक सङ्ग्रहलाई यस पत्रमा अध्ययनको विषय बनाइएको छ । कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका नौ घटक वा तत्त्व क्रमश: शीर्षक संरचना, लयविधान, भाषाशैली कथनपद्धति, केन्द्रीय कथ्य तथा भावविधान, बिम्बविधान तथा अलङ्कार व्यञ्जना र विधागत स्वरूप तथा आयम देखा पर्दछन् ।[१७] यिनै घटकहरूलाई अधिकतम् आधार मानी धनराज गिरीको **अर्थात्** मुक्तकसङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.५.१ धनराज गिरीको अर्थात् मुक्तकसङ्ग्रहको अध्ययन

मानव र मानिस शब्द मनुबाट उत्पत्ति भएको हो । मननशील विवेकयुक्त प्राणी भएकाले नै मानव अन्य प्राणीको तुलनामा सर्वथा भिन्न र उच्च श्रेणीको प्राणी मानिन्छ । मान्छेका जीवनका उल्लास र वेदनाहरूलाई अभिव्यक्त गरी जीवनलाई अत्यन्तै सूक्ष्म किसिमले छुने र हाम्रो जस्तो शिक्षा र साक्षरताको प्रतिशत कम भएको समाजमा कविताका माध्यमबाट भनिने कुनै सन्देश अथवा जीवनको मर्म उद्घाटन वा सिर्जनात्मक उद्गार मुक्तक रूपमा नै बढी सार्थक, प्रभावकारी र लोकप्रिय हुने प्रशस्त सम्भावना रहन्छ । बत्तीस वर्षको उमेरमा कवितालेखनको माध्यमबाट लेखन कार्यमा लागेका गिरी नेपालको विशेषगरी २०४६ सालको परिवर्तन पछिको राजनैतिक अवस्था, भ्रष्टाचार, नातावाद, कृपावाद, घुसखोरी जस्ता समग्र क्षेत्रमा देखिएको विसङ्गति र विकृतिलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्दै **अर्थात्** मुक्तकसङ्ग्रहको माध्यमबाट २०५८ सालको विजया दशमीको सुअवसर पारेर पाठकसामु देखापरेका छन् ।

धनराज गिरीको **अर्थात्** मुक्तकसङ्ग्रहको मुख्य सन्देश समाज परिवर्तन हो । समाज परिवर्तन व्यङ्ग्यात्मक भावरचनाबाट मात्र सम्भव छैन । अन्तर्मनदेखि नै भावनालाई जगाउने प्रयास गरिनुपर्दछ । लादिएको अनुशासनले समाज नैतिकवान बन्न सक्दैन तसर्थ सर्वप्रथम आफू जागेमात्र अरूलाई जगाउन सकिन्छ भन्ने धारणा यसमा प्रस्तुत गरिएको छ । वि.सं. २०४६ सालपछि जन्मिएका राजनैतिक विकृति, विसङ्गति, अन्यौल, भ्रष्टाचार, घुसखोरी जस्ता

१७ वासुदेवी त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता, भाग ४,** पूर्ववत्, पृ. ४२ ।

विषयवस्तुलाई सटीक र सहजरूपमा प्रस्तुत गरिएको **अर्थात्** मुक्तकसङ्ग्रहमा प्रणय प्रसङ्गलाई पनि उजागर गरिएको पाइन्छ ।

### ४.५.१.१ शीर्षक

सबै कृतिमा शीर्षक महत्त्वपूर्ण मानिन्छ । शीर्षक विशेषकृत भएमा यसले कृतिको अन्तर्वाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय भावलाई जोड्ने गर्दछ ।[१८] धनराज गिरीद्वारा लिखित छयालिस पृष्ठमा संरचित **अर्थात्** मुक्तकसङ्ग्रह शीर्षकभित्रका मुक्तकहरूमा कुनै पनि शीर्षक दिइएको छैन । सम्प्रेषण, नारायणी टुडे, पारदर्शी, चितवन पोष्ट जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका उनका मुक्तकहरूको सङ्गालो **अर्थात्** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा शीर्षक नदिइएता पनि प्रत्येक मुक्रकलाई १,२,३,४,.... १८२ गरी श्लोक सङ्ख्या निर्धारण गरिएको पाइन्छ । प्रस्तुत **अर्थात्** मुक्तकसङ्ग्रहमा थोरैमा दुई पङ्क्तिदेखि धेरैमा छ पङ्क्तिसम्म रहेका मुक्तकहरू छन् साथै यस मुक्तक सङ्ग्रहमा जम्मा १८२ वटा मुक्तकहरू रहेका छन् ।

### ४.५.१.२ लयविधान

छोटोमा मीठो र प्रभावी तुल्याउनु पर्ने हुँदा मुक्तकमा अनुभूतिलाई लयात्मक अनुप्रासयुक्त बनाउनुपर्छ । तुकको तारतम्यलाई छोटो-छरितो रूपमा अत्यन्तै संयमितता गम्भिरता र तीव्रताका साथ प्रस्तुत गर्नुपर्छ । लयविधानको दृष्टिले धनराज गिरीका मुक्तकहरूमा लय छन्दोबद्ध कवितामा जस्तो प्रस्ट देखिने बाह्यलय नभई गद्य कवितात्मक लय रहेको पाइन्छ । उनका मुक्तकहरूमा आन्तरिक लय प्रवाहित भएको पाइन्छ । कुनै कुनै पङ्क्तिमा अन्त्यानुप्रास र मध्यानुप्रास मिलेका पनि देखिन्छन् । यस **अर्थात्** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरू प्राय: द्विपदी ढाँचाका देखिन्छन् भने केही त्रिपदी, चतुष्पदी र त्योभन्दा पनि बढी पङ्क्तिपुञ्जको ढाँचामा पनि रहेका छन् । यसमा लोकलयको पनि प्रयोग भएको पाइन्छ ।

*जलपान, चियापान, पानमाथि पान*

---

१८ पूर्ववत्, पृ. १७ ।

*अनि मात्र हाम्रो देश अमेरिका-जापान ।*

*(मुक्तक- ६२)*

*श्रीमती अनि छोरा र छोरी*

*खुट्टामा नेल भयो*

*थाहा नपाउँदा नपाउँदै मित्र*

*आफ्नै घर जेल भयो*

*(मुक्तक-७२)*

यसरी उनका मुक्तकहरूमा बाह्यलय आंशिकरूपमा मात्र मिलेको भए पनि आन्तरिक लयविधान भने सशक्त रूपमा प्रवाहित भएको छ ।

### ४.५.१.३ कथनपद्धति

कथनपद्धति कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । मुक्तक कविता विधाको उपभेद भएको हुँदा यसमा आत्मालापीय लयात्मक कथनपद्धति बढी अपेक्षित हुन्छ । कथनकौशलका आधारमा पनि कविको संरचनात्मक सीप थाहा पाउन सकिन्छ । अर्थात् **मुक्तकसङ्ग्रह**मा रहेका धनराज गिरीका मुक्तकहरू खासगरी प्रथम पुरूष र तृतीय पुरूष कथनपद्धतिमा आत्मालापित गरिएका छन् । मुक्तकहरूमा वस्तुपरक र आत्मापरक कथ्यहरू आएका देखिन्छन् भने बाह्य लयभन्दा आन्तरिक लयलाई जोड दिइएको देखिन्छ । त्यसैले गिरीका मुक्तकहरू लघुतम कथनयुक्त भएर पनि गेयात्मक लयमा बाँधिएका छैनन् । कथनहरू चोटिला र धारिला हुँदा पाठकका मन छुन चाहिँ सफल बनेका छन् ।

### ४.५.१.४ संरचना

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । व्यङ्ग्यपूर्ण प्रहारबाट यो निकै स्वादिलो, प्रभावपूर्ण अभिव्यक्तिका रूपमा लोकप्रिय हुँदै आएको छ । मुक्तकमा अनुभूतिको एक झिल्का र झुल्कालाई लिएर नयाँ-नयाँ संरचनाहरू बढ्दै

गएका छन् । दुई पङ्क्ति नै कविताको न्यूनतम आवृत्ति हो र यही नै मुक्तक कविताको पनि न्यूनतम संरचना हो । मुक्तक अधिकतम चार पङ्क्तिको भए पनि कुनै दुई, कतै चार, कतै छ, कतै आठ पङ्क्तिसम्म भएको भेटिन्छ । गद्य कवितामा मुक्तक लेखिन थालेपछि मुक्तकको आयममा विविधता र विस्तार देखिन आएको छ । मुक्तकको अधिकांश संरचना चतुष्पदी देखापर्छ ।[१९] अत्यधिक तन्किँदा मुक्तकपन अल्मलिएर दुर्बल भई गद्य कविताबाटै मुक्तकलाई छुट्याउन कठिन पर्दछ । मुक्तक खासमा एक प्रहार वा हनाइ हो । यसले केही लक्षित गर्दछ र आधारभूत रूपमा प्रहार गर्दछ । जुन अनुभूति प्रहारयुक्त हुँदैन त्यो मुक्तक बन्दैन त्यसैले मुक्तककै आकार प्रकारमा दरिएका सबै संरचना मुक्तक बन्दैनन् । तिनलाई मसिना कविता तथा लघुतम कविताका रूपमा लिन सकिन्छ । संरचनात्मक विन्यासले लघुतम कविता र मुक्तकलाई छुट्टयाउँछ । यस दृष्टिले हालको स्थितिमा अनुभूतिको एक झिल्का भन्दैमा त्यो मुक्तक हो भन्ने अवस्था हुँदैन । मुक्तकले अङ्गाल्ने र अन्य कविताले अङ्गाल्ने तत्त्वहरू प्राय: समान हुन्छन् तापनि कथ्य विषय, लय ढाँचा, कथन समय तथा भाषिक संरचना अत्यन्त सङ्क्षिप्त हुनु नै मुक्तक पहिचान र विशिष्टता रहेको छ ।

धनराज गिरीको अर्थात् मुक्तक सङ्ग्रहभित्र रहेका मुक्तकहरू दुई श्लोकदेखि सात श्लोकसम्मका संरचनात्मक कथनमा बाँधिएका छन् र धेरैजसो मुक्तकहरू द्विपदीय, तृपदीय र चतुष्पदीय छन् । यस सङ्ग्रहमा जम्मा एकसय बयासीवटा मुक्तकहरू समावेश भएका छन् । यी मुक्तकहरू छयालीस पृष्ठसम्म फैलिएर रहेका छन् । प्राय: उनका मुक्तकहरू हेर्दा आफ्ना अनुभूतिलाई जस्ताको तस्तै टिपेर राख्ने काम गरिएको हो कि जस्तो लाग्ने खालका छन् तर पढ्दा मीठो र गहिरो व्यङ्ग्य प्रस्तुत गरिएका मर्मस्पर्शी छन् । यस्ता मुक्तकहरूमध्येको एउटा नमुना :

*म*
*'अर्थात्'*
*यो देशको नेता !*
*अहम् नाटकको*

---

१९ पूर्ववत्, पृ. १९ ।

*सफल अभिनेता*

*(मुक्तक-१८२)*

मुक्तककार धनराज गिरीका मुक्तकहरूको संरचनात्मक स्वरूप हेर्दा लयात्मकता र गेयात्मकता नपाइए तापनि सूत्रात्मकता, संक्षिप्तता र भावमा सघनता चाहिँ पाउन सकिन्छ । उनका मुक्तकहरू धारिला र चोटिला अनि घतलाग्दा पनि छन् ।

सबै मुक्तकहरूमा एकै किसिमको लयात्मकता पाइँदैन तापनि कुनै कुनै मुक्तकहरूमा एकै किसिमको लयात्मकताको सृर्जना भएको देखिन्छ ।

*आइमाई र मदिरामा एउटालाई चुन्नु*
*आफूँ फस्ने जाल आँफैले बुन्नु ।*

*(मुक्तक-७८)*

*सालोलाई ठेक्का जेठानलाई जी.एम.*
*अर्कोचोटी त प्रभुजी आफैं नै पी.एम. ।*

*(मुक्तक-९०)*

उपर्युक्त मुक्तकहरूको अन्त्यमा चुन्नु, बुन्नु, जी.एम., जस्ता शब्दहरूले लयात्मकता प्रदान गरेका छन् । यसमा बाह्यलय संरचना दुर्बल भए पनि आन्तरिक लयसंरचना सशक्त रहेको छ । मुक्तकको सैद्धान्तिक मान्यताअनुरूपको ढाँचामा यसभित्रका मुक्तकहरू देखिँदैनन् ।

अत्यन्तै सरल, सहज, सम्प्रेष्य भाषामा सधैँ सम्झिरहुँ जस्ता, सधैँ भनिरहुँ जस्ता, मार्मिक र रमाइला मुक्तकहरूको सङ्ग्रह पाठक सामु राखेर धनराज गिरीले नेपाली मुक्तक साहित्यलाई अझै रसिलो, स्वादिलो, भरिलो र चम्किलो पारेका छन् । मान्छेका जीवनले अनेकन कुराहरू भोग्दै जाँदा जीवन रित्तिँदै र सिद्धिँदै जान्छ भन्ने कुरा प्रष्ट पार्दै गिरीले जन्मदेखि मृत्युसम्मका भोगाइ, चाहना, अतृप्ति, असन्तुष्टि र मानवीय जटिलतालाई चित्रात्मक रूपमा प्रस्तुत गरेका छन् ।

### ४.५.१.५ भाव र विचार

समसामायिक परिवेशमा जन्मिएका र हुर्किएका विविध परिस्थितिहरूले सिर्जेका अप्ठेरा परिस्थिति एवं राजनैतिक, सामाजिक, आर्थिक आदि जटिलतालाई विषयवस्तु बनाएर व्यङ्ग्यात्मक प्रस्तुति गरिएका अर्थात् मुक्तकसङ्ग्रहका मुक्तकहरूमा व्यक्त भाव तथा विचार विविधतायुक्त रहेका छन् ।

(क) जीवनीचेतका मुक्तकहरू

यस सङ्ग्रहभित्रका कतिपय मुक्तकहरूमा निम्नवर्गीय जीवनका बाध्यता, विवशता, अन्याय, अत्याचार र भ्रष्टाचारले जीवन सखाप पारेको विषयवस्तुलाई उजागर गरेको पाइन्छ ।

*अन्यायी र भ्रष्टाचारीहरू*
*दीर्घायु भएको देख्दा*
*यस्तो लाग्छ*
*यमराजले पनि कमिशन खाए कि ?*

*(मुक्तक-१८)*

जतातती नातावाद, कृपावाद र फरियावादले आक्रान्त बनेको नेपाली परिवेशलाई धनराज गिरीले यसरी व्यक्त गरेका छन् :

*सालोलाई ठेक्का, जेठानलाई जी.एम.*
*अर्कोचोटि त प्रभुजी आफैँ नै पी.एम.*

*(मुक्तक-९०)*

राष्ट्र र राष्ट्रियताप्रति अति नै गहिरो प्रेम गाँस्दै राष्ट्रको अस्मिता रहेमा मात्र नेपाल र नेपालीको शान बढ्ने निश्चित छ भन्दै देशको अपार जलशक्ति देशले नै उपयोग गर्न पाउनुपर्ने धारणा धनराज गिरीले अर्थात् मुक्तकसङ्ग्रहमा यसरी व्यक्त गरेका छन् :

*जसले कोशी, काली र कालापानीको कुरा गर्छ*

*मान्नुहोस्*

*ऊ अवश्य एक दिन जेल पर्छ ।*

*(मुक्तक-४२)*

साहित्य र राजनीतिको तुलना गर्दै साहित्यलाई एउटा सिर्जनशील भोजनालय भन्दै र राजनीति फोहरी खेल हो भन्ने सोचाइ राख्दै गिरीले यस्तो अभिव्यक्ति दिएका छन् :

*साहित्य र राजनीति कति फरक हाय*

*एउटा यस्तो भोजनालय अर्को शौचालय ।*

*(मुक्तक-३४)*

राजनीति गर्ने नेताहरूको चालामाला ठीक नभएको उनीहरूको आहार विहारसमेत ठीक नभएको र खानपिनमा समेत फरकपन आएको देखेर गिरी यस्तो धारणा व्यक्त गरेका छन् :

*हिजो बिँडी नपाउनेले*

*आज ५५५ तान्यो*

*छर्लङ्ग छ*

*ऊ सत्तामा पुगेछ ।*

*(मुक्तक-६७)*

गास, बासको खोजीमा विदेश भौँतारिन बाध्य भएका नेपाली युवाहरू तथा उनीहरूका दु:ख कष्टलाई यसरी उल्लेख गरिएको छ :

*लाहुरे हुनको मज्जा मलाई नसोध*

*पराइ खीरभन्दा आफ्नै ढिँडो मीठो ।*

*(मुक्तक-७५)*

नेपाली भेषभूषा, बोलिचालीलाई अत्यन्तै प्रिय र मीठो मान्दै उनीहरूको त्यस्तो लवाइ र बोलिचालीलाई मुक्तककार गिरी यसरी प्रस्तुत गरेका छन् :

*दुई चुल्ठो र त्यो ढाकाको चोली*
*त्यसमाथि तिम्रो मीठो बोली*
*यति नै मेरो निम्ति*
*अणुबम भयो प्रिय ।*

*(मुक्तक-११४)*

निजी विद्यालय र निजी क्लिनिकहरूलाई समेत व्यङ्ग्य गर्दै मुक्तककार गिरीले यसरी लेखेका छन् :

*अब हामी गरिब छैनौं मित्र*
*पत्याउँदैनौं भने*
*हाम्रा बोर्डिङ्ग स्कूल र क्लिनिकहरू गन ।*

*(मुक्तक-५४)*

चुनावी समय पारेर वन तस्करहरूले वन फडानी गर्ने र बसोबास गर्ने परम्परा नै रहेको वर्तमान परिप्रेक्ष्यलाई मुक्तककार गिरीले यसरी प्रस्तुत गरेका छन् :

*वन मासियो भने*
*राष्ट्र मासियो*
*कुरा बुझ्नुहोस् बन्धुहरू*
*चुनाव आएछ ।*

*(मुक्तक-६६)*

नेपाली युवाहरू विदेश गई गोर्खाली, बहादुर र कान्छा बनेर युद्ध लडेका छन् । न त ती लडाइँ लड्नेहरू हाम्रा दुश्मन थिए न त हाम्रा मित्र नै तर निरन्तर लडेर आफ्नो रगत बगाउने नेपाली युवाहरूलाई सन्देशात्मक शैलीमा आफ्ना भावहरू यसरी प्रस्तुत गरेका छन् :

*कासोभो र कार्गिलमा रगत बगाउनेहरू*

*स्वदेशमै पसिना बगाऊ*

*मालामाल हुनेछौ ।*

*(मुक्तक-७६)*

नेपाली नेताहरूलाई राजधानीमा बस्ने र समग्र राष्ट्र राजधानी जस्तो देखेर योजना तयार गर्नेलाई देशका कुनाकाप्चासम्म पुगेर त्यहाँको वास्तविक वस्तुस्थितिलाई मनन गरी योजना बनाउनु पर्दछ भन्ने सन्देश मुक्तकमार्फत यसरी दिएका छन् :

*राजधानी बसेर योजना बनाउनेहरू*

*एकचोटी ढाकरमा राशन बोकी त हेर ।*

*(मुक्तक-९३)*

(ख) देशप्रेमका मुक्तकहरू

यस **अर्थात्** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा देशप्रेमका स्वरहरू सुसेलिएका छन् । यसप्रकारका मुक्तकहरूमा आफ्नो देशप्रति आफूले गर्नुपर्ने कर्तव्य बिर्सेका, नेपालको उन्नति र प्रगतिका लागि विदेशिने प्रवृत्ति, सच्चा राष्ट्रभक्तको दयनीय अवस्था आदिप्रति चिन्ता व्यक्त गरिएको छ । प्रजातन्त्रको आगमनपश्चात् देश विकास गर्नुको सट्टा स्वतन्त्रताका नाममा विभिन्न विकृति र विसङ्गति भित्रिएको, साँचो रूपमा देशको सेवा गर्नेले कि त गोली खानुपर्ने कि त सत्ताबाट गलहत्ती खानुपर्ने अवस्थाप्रति व्यङ्ग्य रूपी झटारो हान्ने काम गरिएको छ ।

जतातातै कालरात्री मात्रै भएको अवस्था छ । उज्यालोको कुनै सङ्केत र गुञ्जायस छैन । पाँचवर्षलाई सत्तामा गएपछि आफूलाई मत्ता सम्झनेहरू एकदिनको चुनावी यात्राले सखाप हुने छन् । विदेश भ्रमण गर्ने र राष्ट्र र विदेशको गरी दोहोरो भत्ता लिएर देशलाई हरिकङ्गाल पार्नेहरूप्रति पनि तीव्र व्यङ्ग्य प्रस्तुत गरिएको छ । अब त नेपाली जनता वाक्क भइसकेका छन्, थोत्रो भाषण र नाराका भरमा उनीहरू

अब नबस्ने र राशन र कामका खोजीमा विद्रोह गर्ने अभिव्यक्तिसमेत मुक्तकमा गरिएको छ :

*चाहिँदैन प्रभु*

*अब नारा र भाषण*

*सक्छौ भने देऊ*

*काम र राशन*

*(मुक्तक-१०१)*

*विदेश भ्रमण दोहोरो भत्ता*

*यस्तो पो रहेछ प्रभुको सत्ता*

*(मुक्तक-९६)*

*चारैतिर कालैकाला अनुहार देख्नुपर्दा*

*यस्तो लाग्छ*

*हाम्रो पात्रोमा पूर्णिमा नै छैन ।*

*(मुक्तक-९७)*

*पाँच वर्षलाई बपौती सम्झनेहरू*

*होश गर*

*एक दिनको छापले नै सखाप हुने छौ ।*

*(मुक्तक-९८)*

*यो देशको हावापानी जहिले नि उस्तै*

*बेइमान मौलाउँछ*

*इमान्दार बौलाउँछ ।*

*(मुक्तक-९९)*

यसरी नेपाली र नेपालीपनप्रति बेवास्ता गर्ने र राष्ट्र निर्माणको पवित्र यज्ञमा होमिनुको सट्टा विदेशीको दास बनेर चाकरी गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै मुक्तककारले देश विकासको जिम्मा विदेशीले होइन नेपालीले नै लिनुपर्छ, हामीले हाम्रो देशप्रतिको कर्तव्यलाई बिर्सनु हुँदैन भन्ने देशभक्तिपूर्ण भावकिरण सबै नेपालीमा छर्कन खोजेका छन् ।

(ग) राजनीति चेतनयुक्त मुक्तकहरू

राजनीतिचेतसम्बन्धी मुक्तकहरूमा राजनीतिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्यको झटारो हानिएको छ । सत्तामा पुगेपछि सामाजिक स्वार्थभन्दा व्यक्तिगत स्वार्थमा लिप्त हुने नेताहरूको मनोवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यसमा राजनीतिक नेताहरूको सत्तालोलुपता र सत्तामा पुगेपछि आ-आफ्नो स्वार्थमा रूमल्लिएर तुच्छ व्यवहार प्रदर्शन गर्ने, अहंकारी हुने र सबैलाई दमन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

चुनावको बेला मीठा र गुलिया आश्वासन बाँड्ने र चुनावपछि उनीहरूलाई नसम्झने र आफ्ना नातागोता कुटुम्बलाई मालामाल गराएको देख्दा अति नै चिन्तित भएका गिरीले नेताका त्यस प्रकारका प्रवृत्तिप्रति मुक्तकका माध्यमबाट विभिन्न खालका व्यङ्ग्य प्रहार गरेका छन् । यस प्रवृत्तिका केही मुक्तकहरू यी हुन् :

*कमाउन मान्नेहरूलाई*
*रमाउन जान्नेहरूलाई*
*सुदिन आएको छ ।*
*किनकि*
*यहाँ प्रजातन्त्र छ ।*

*(मुक्तक-५)*

*मरिन्च्याँसे शरीर*
*बङ्गुर भएको देख्दा*
*खुसी लाग्छ*

*लोकतन्त्र फाप्ने पनि रहेछन् ।*

*(मुक्तक-७)*

*झुट, बेइमानी र अनैतिकता*
*मिलाउनुहोस्*
*बन्नेछ खाँटी नेता ।*

*(मुक्तक-३८)*

*चुनावपछि देश स्वर्गै भएछ*
*बिना दानपुण्य स्वर्गवासी भइयो ।*

*(मुक्तक-६०)*

*पजेरो चप्पल देख्यो कि शिर झुक्छ*
*किनकि*
*दुवैमा 'प्रभु' को बास छ ।*

*(मुक्तक-८५)*

*गत साल छोरो जाँच फेल भएछ*
*यसपाली त मोरो सत्तामा गएछ ।*

*(मुक्तक-९२)*

यसरी मुक्तकसङ्ग्रहभित्र राजनीतिक विकृति, नेताहरूको द्वैध चरित्र, चुनाव जित्ने रणनीति, राजनीतिक षड्यन्त्र, मनपरी-तन्त्र जस्ता घात-प्रतिघातहरूलाई प्रस्तुत गरिएको छ ।

(घ) प्रेम र प्रणयभावका मुक्तकहरू

प्रस्तुत **अर्थात्** मुक्तकसङ्ग्रहभित्रका धेरैजसो मुक्तकहरू प्रणयप्रसङ्गामा आधारित छन् । मुक्तकहरू अध्ययन गर्दा यस्तो लाग्छ, मुक्तकसङ्ग्रह नै प्रेमको सुन्दर अभिव्यक्ति हो । प्रेमको श्लील पक्षलाई उजागर गरेर लेखिएका मुक्तकहरूमा प्रेमका वियोगजन्य अभिव्यक्तिहरू, प्रेमका लागि तड्पिएका अवस्थाहरू र नारी-सौन्दर्यप्रतिको

उनको झुकाव सबै उद्घाटित भएका छन् । प्रीति प्रणयको मीठो आभास दिने काम धनराज गिरीका मुक्तकले गरेका छन् । यस किसिमका केही मुक्तकहरू यी हुन्:

*के छ र दिऊँ तिमीलाई आज ?*
*फगत् यी दुई थोपा आँसु*
*र अलिकता जलन*
*यिनै उपहार लिएर जाऊ ।*

*(मुक्तक-१५५)*

*मायालु*
*तिमीलाई फूल कसोरी भनूँ ?*
*त्यो त झरेर जान्छ*
*जिन्दगी कसोरी भनूँ ?*
*त्यो त मरेर जान्छ ।*

*(मुक्तक-१५१)*

*हद मात्र कहाँ हो बेहद राम्री छौ*
*जतिजति माया गर्छु उति नै चाम्री छौ ।*

*(मुक्तक-१४७)*

यसरी प्रेम वियोगबाट जन्मिएको निराशावादी चिन्तन, प्रेमातुर प्रणयप्रसङ्गहरू, रतिरागात्मक अभिव्यक्तिहरू, प्रेमराग, नारी-भोगवादी दृष्टिकोणहरू यसमा समेटिएका छन् ।

### ४.५.१.६ बिम्बविधान र अलङ्कारविधान

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहकर्मी अर्थ बिम्ब हो । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ । अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । बिम्बालङ्कारले

मुक्तकलाई  विशेष चमत्कारी बनाउँछ । यिनले कवितालाई उजल्याउँछन् । रसास्वादनयुक्त बनाउँछन् ।

धनराज गिरीको प्रस्तुत **अर्थात्** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा विभिन्न बिम्ब तथा अलङ्कारहरूको सफल प्रयोग भएको पाइन्छ । यसले मुक्तकलाई सुन्दर र कलात्मक बनाएको छ । देशमा भएको आकासिँदो मूल्यवृद्धिलाई आङ्रिता शेर्पाको सगरमाथा चढ्नुको बिम्ब प्रयोग गर्दै वर्तमान मूल्यवृद्धिप्रति व्यङ्ग्य गरिएको प्रसङ्ग कसरी प्रस्तुत गरिएको छ :

*आङ्रिता र महङ्गी उस्तै-उस्तै लाग्छ*
*दुवैको पेसा हो- सगरमाथा चढ्नु ।*

*(मुक्तक-४९)*

धनराज गिरीले विभिन्न प्रकारका बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरी आफ्ना मुक्तकहरूलाई बिम्बात्मक, भावनात्मक सघनता र श्रुतिमाधुर्यतायुक्त बनाएका छन् ।

### ४.५.१.७ निष्कर्ष

बत्तीस वर्षको उमेरदेखि लेखनकार्यमा प्रवेश गरेका धनराज गिरीले वि.सं. २०५८ सालको विजयादशमीको अवसरमा राजनैतिक क्षेत्रमा, सामाजिक क्षेत्रमा, प्रशासनिक क्षेत्रमा, प्रेमप्रणयको क्षेत्रमा र शैक्षिक क्षेत्रमा देखिएका विकृति, विसङ्गति, असमानता, भ्रष्टाचार, घुसखोरी जस्ता यथार्थ यस **अर्थात्** मुक्तकसङ्ग्रहमा प्रस्तुत गरेका छन् । २०५८ सालमा पुस्तकाकार कृतिको रूपमा प्रकाशित **अर्थात्** मुक्तकसङ्ग्रहमा भाव र विचारका आधारमा जीवनबोधी, राजनीतिक चेत, देशप्रेम, प्रेम र प्रणय भावका मुक्तकहरू समेटिएका छन् भने संरचनाको आधारमा छयालिस पृष्ठमा फैलिएको एक शब्ददेखि नौं शब्दसम्मका पङ्क्ति रहेका छन् तथा विभिन्न अलङ्कारहरूले अलङ्कृत पारिएका छन् ।

मुक्तकहरू मुक्तकका सैद्धान्तिक मान्यताभित्र वा नियमभित्र रहेर लेखिएका पाइँदैनन् तापनि मुक्तकले दिने चोटिलो, पेचिलो, धारिलो, चम्किलो, प्रहार भने उनका मुक्तकहरूमा पाइन्छन् । भाव र विचार नै मुक्तकको प्रभावकारिता हो, जसको प्रस्तुति सौन्दर्यले धपक्क बलेको पाइन्छ । धनराज गिरीका मुक्तकहरू सैद्धान्तिक रूपमा विचलनयुक्त रहेका छन् ।

जे होस् नेपाली साहित्यको यात्रामा **अर्थात्** मुक्तकसङ्ग्रह प्रकाशित गरी राष्ट्रमा भएका यथार्थ वस्तु तथ्यलाई व्यङ्ग्यात्मक शैली र ढर्रामा पाठकसम्म पुऱ्याउन सफल धनराज गिरीको **अर्थात्** मुक्तकसङ्ग्रह अत्यन्तै सटीक, स्पष्ट र वस्तुनिष्ठ भएर रहेको यथार्थता कसैले पनि नकार्न सक्दैन ।

## ४.६ मुक्तककार पुष्प अधिकारी अञ्जली

स्वर्गीय पिता झपनबहादुर र माता देवकुमारी अधिकारीको कोखबाट वि.सं. २०२३ भाद्र १२ गते चितवनको चैनपुर गा.वि.स. ९ मा पुष्प अधिकारीको जन्म भएको हो । उनको साहित्यिक नाम पुष्प अधिकारी अञ्जली हो । तर उनको वास्तविक नाम खिलबहादुर अधिकारी हो । आफ्नो अध्ययन कार्यलाई स्नातकसम्ममा मात्र सीमित गरेका पुष्प अधिकारीले स्वअध्ययनबाट नै आफूलाई साहित्यिक क्षेत्रमा अगाडि बढाएका छन् । पुष्प अधिकारी हाम्रो मझेरी प्रकाशन समूह, वाल्मीकि साहित्य सदनका सदस्य, सिर्जनशील रेडियो श्रोता क्लबका सल्लाहकार, गजलमञ्च चितवनका सदस्य, चितवन साहित्य समन्वय परिषद्का अध्यक्षका रूपमा विभिन्न संघसंस्थामा संलग्न रहेका छन् । अञ्जलीले *हाम्रो मझेरी, पुष्पाञ्जली, गजलबिम्ब* जस्ता साहित्यिक पत्रिकाहरूको सम्पादन गरेका छन् । पुष्प अधिकारी अञ्जलीले प्रकाशित गरेका कृतिहरूको विवरण यसप्रकार छ :

तालिका सङ्ख्या ५

पुष्प अधिकारी अञ्जलिका प्रकाशित पुस्तकाकार कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | मनभित्रको मन | गजलसङ्ग्रह | २०६२ |
| २. | गजलबिम्ब | गजलसङ्ग्रह | २०६२ |
| ३. | एक अञ्जुली घाम | मुक्तकसङ्ग्रह | २०६३ |
| ४. | स्वप्निल नयन | गजलसङ्ग्रह | २०६४ |
| ५. | जूनफूलेको बस्ती | मुक्तकसङ्ग्रह | २०६६ |

यसरी २०४४ सालमा प्रथम बाल कविता प्रकाशित गरी नेपाली साहित्यको यात्रा सुरू गरेका अधिकारीले पाँचवटा स्वतन्त्र रचना प्रकाशित गरेका छन् । यस क्रममा उनले थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेका छन् :

(क) नवरङ्ग साहित्यिक सम्मानपत्र (२०६०) ।

(ख) भूकम्प साहित्यिक पुरस्कार (२०६०) ।

(ग) अनामिका साहित्यिक अभिनन्दन तथा सम्मान (२०६१) ।

(घ) चितवन साहित्य परिषद्द्वारा गजल प्रतियोगितामा पुरस्कार (२०६१) ।

(ङ) देवकोटा अध्ययन केन्द्रबाट सर्वोत्कृष्ट पुरस्कार (२०६१) ।

(च) तुलसीराम स्मृति प्रतिष्ठानबाट पुरस्कार र सम्मान (२०६३) ।

(छ) कालिका स्रष्टा अभिनन्दन सम्मान र पुरस्कार (२०६३) ।

(ज) गजल साधना सम्मान तथा पुरस्कार (२०६४) ।

(झ) आङ्कुरा नेपालबाट सम्मानपत्र (२०६४) ।

समग्रमा हेर्दा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त उनको बढी ध्यान चाहिँ गजलरचनामा नै गएको देखिन्छ र दोस्रो उनको रूचि भनेको मुक्तक रचना नै रहेको पाइन्छ । यस शोधअध्ययनभित्र उनका दुईवटा मुक्तक कृतिहरू **एक अञ्जुली घाम** (२०६३) र **जून फूलेको बस्ती** (२०६६) को अध्ययन र विश्लेषण तल प्रस्तुत गरिएको छ:

### ४.६.१ पुष्प अधिकारी अञ्जलीको एक अञ्जुली घाम मुक्तकसङ्ग्रहको अध्ययन

नेपाली साहित्य सिर्जनामा मुख्यत: गजल र मुक्तकमार्फत निरन्तर समर्पित पुष्प अधिकारी अञ्जलिको वास्तविक नाम खिलबहादुर अधिकारी हो । उनको प्रथम प्रकाशित रचना २०४४ सालमा राष्ट्र पुकार पत्रिकामा *मेरो माटो, मेरो मुटु* बालकविता हो । उनी २०४७ सालदेखि वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालयमा सेवारत छन् । जागिरे जीवनसँगै साहित्यिक जीवनलाई अझ सशक्त पार्न अधिकारीलाई सहयोग स्वअध्ययनले गरेको छ ।

पहिलो एकल कृति *मनभित्रको मन* गजलसङ्ग्रहपछि दोस्रो कृतिका रूपमा **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रह पुष्प अधिकारी अञ्जली साहित्यिक अनुरागी समक्ष पस्कन सफल

भएका छन् । २०६३ साल आषाढमा हाम्रो मझेरी साहित्य प्रतिष्ठानको प्रकाशन माला-६ को रूपमा प्रस्तुत यस **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहमा १०६ वटा मुक्तकका पुष्पथुङ्गाहरू चतुष्पदीय ढाँचामा संरचित छन् । हाम्रो मझेरी साहित्य प्रतिष्ठान, वाल्मीकि साहित्य सदन, गजलमञ्च चितवन, गजल सन्ध्या चितवन, चितवन साहित्य समूह परिषद्, दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष, नेपाल राष्ट्रिय गजल प्रतिष्ठान, नेपाल लेखक संघ पर्वत साहित्य सङ्गम लगायत दर्जनौं साहित्यिक संघ संस्था तथा विभिन्न पत्रपत्रिकासँग सङ्लग्न अधिकारीका अन्य प्रकाशित कृतिहरूमा *गजलबिम्ब, गजलदीप, गजलयात्रा* (संयुक्त गजल सङ्ग्रह) *स्वप्निल नयन* (गजल सङ्ग्रह), *जुनफूलेको बस्ती* (मुक्तकसङ्ग्रह) हुन् । स्थानीय तथा राष्ट्रिय स्तरका विविध साहित्यिक पत्रपत्रिकामा आफ्नो फुटकर रचनाहरू प्रकाशित गराउन सफल अधिकारी मुक्तक र गजल प्रस्फुटनको अनुपम मुहान हुन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय विविध परिवेश, विज्ञान, दर्शन, राजनीति तथा आर्थिक सामाजिक असमानता जस्ता विविध पक्षलाई समेटेर सटीक रूपमा समाजको दर्पण छायाँ उतार्न सफल पुष्प अधिकारीले मुक्तक भन्ने बित्तिकै प्रेम र प्रणय भावसँग जोडिन्छ भन्ने अव्यक्त मान्यतालाई तोडिदिएका छन् । उनका मुक्तकहरू पाठकवर्गलाई अनौंठो स्वाद दिएर आनन्दानुभूति दिन सक्षम बनेका छन् । *कोमल भएर पनि गहन, सरल भएर पनि परिष्कृत, सुबोध भएर पनि स्तरीय हुनु* उनका रचनाका विशेषताहरू हुन् । आलङ्कारिक मुक्तकमा पनि पुष्प अधिकारी बडो सजक देखिन्छन् । वास्तवमा हिजोआज शृङ्गारिक गजल र मुक्तकमा शृङ्गारको नाममा अश्लिलता लेखिन्छ तर लेखकले जान्नुपर्ने कुरा के हो भने शृङ्गारिक रचना लेख्दा पनि नाङ्गोपनबाट बच्नुपर्छ । संयमित, शिष्ट, मिष्ठ र शालीन शब्दहरूबाट माया प्रेमका भाव सम्प्रेषण गरी पाठकवर्गलाई काउकुती लाग्ने किसिमले व्यक्त गर्न पनि सकिन्छ । मुक्तककार पुष्पले वर्तमान नेपाली जनजीवनसँग सरोकार राख्ने थुप्रै विषयवस्तु यस सङ्ग्रहमा समेटेका छन् । उनका मुक्तकहरूमा माया, प्रेम, पीडा, व्यथा, घात-प्रतिघात, अत्मपीडा, प्रेममा उत्सर्ग र आस्था, कर्मप्रतिको विश्वास मान्छेलाई मान्छे बन्ने सल्लाह आदिलाई आधार बनाई व्यङ्ग्यात्मक प्रस्तुति गरिएको छ । स्वतन्त्रता र शान्तिको चाहना, हिंसाप्रति असहमति, राष्ट्रप्रेम, अन्तर्राष्ट्रिय भातृत्व, एकताको आह्वान, स्वाभिमानी, नेपालीको वर्तमान परिवेश, इराकमा नेपाली रेटिँदाको पीडा, मान्छेको

यथार्थ र नेताहरूको भ्रष्ट चरित्र आदि प्रसङ्गलाई पनि सरल तर सटीक ढङ्गले मुक्तकहरूमार्फत व्यक्त गरेका छन् ।

केही फितला र कमजोरीका बावजुद अधिक उत्कृष्ट रचनाले यसलाई ओझेल पार्न सफल मुक्तककारले समग्रमा भन्नुपर्दा वर्तमान समयको प्रतिनिधित्व गरेका छन् । *कविता, गजल, मुक्तक, गीत तथा सबै विधामा उत्तिकै हात चल्ने अधिकारीको लेखनी सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक रूपमा पनि उत्कृष्ट नै देखिन्छ । उनको लेखनीको मूलभूत विशेषता भनेको सरलता, सहजता र उचित बिम्बको छनौट क्षमता नै हो ।*[२०] *चोटिला भाव र सुकुमार शब्दका साथमा पुष्पले आफूलाई सुटुक्क मुक्तककारका रूपमा उभ्याएका छन् ।*[२१] *मीठा शब्द, सरल अभिव्यञ्जना र कोमल भाव बोकेका उनका मुक्तकहरू स्रोता तथा पाठकहरूको हृदय सुम्सुम्याएर काउकुती लगाउन सार्थक छन् । जनजीवनलाई कलात्मक ढङ्गले बिताउन खोज्ने प्रयत्न गर्दै उनले आत्मपरक अभिव्यक्तिलाई मुक्तकका माध्यमबाट सुन्दर लयात्मक शब्दमा ढालेका छन् । उनका मुक्तकहरू श्रुतिमधुर र निखारिएका छन् ।* सैद्धान्तिक पक्ष, विषयवस्तु, संरचना शिल्पशैली आदिका दृष्टिकोणले नेपाली मुक्तकमा निकै विविधता भेटिन्छ । त्यसैले यस कृतिमा रहेका मुक्तकहरूलाई कविताको उपविधा मानिएको मुक्तकका तत्त्वहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको छ :

### ४.६.१.१ शीर्षक

शीर्षक सबै कृतिको प्रमुख तत्त्व मानिन्छ । शीर्षकले नै सम्पूर्ण कृतिको मूल भावलाई सूचित गर्दछ । पुष्प अधिकारी अञ्जलीको **एक अञ्जुली घाम** मुक्तक सङ्ग्रहभित्रका कुनै पनि मुक्तकहरूलाई शीर्षक दिइएको छैन । साथै श्लोक सङ्ख्या निर्धारण पनि गरिएको छैन तापनि **एक अञ्जुली घाम** शीर्षक नै सम्पूर्ण मुक्तकहरूको भावगत तीव्रतालाई व्यक्त गर्न सफल शीर्षक बनेको अनुभूति पाठक वर्गलाई पर्दछ । यसमा रहेका मुक्तकहरूमा जीवनको यथार्थ गहिराइबाट उम्लिन पुगेका भावनाका झुल्काहरू साथै युगवोधको टड्कारो अभिव्यक्ति

---

२० दामोदर पुडासैनी, *समयको शक्तिशाली साक्षी पुष्प अधिकारी अञ्जली*, **एक अञ्जुली घाम**, (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृष्ठ ८ ।

२१ नवराज लम्साल, *अञ्जुलीमा पुष्पको अञ्जली र घामका किरणहरू*, **एक अञ्जुली घाम**, (ले. पुष्प अधिकारी अञ्जली), पूर्ववत्, पृष्ठ ११ ।

प्रकटीकरण भएका छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका उनका मुक्तकहरूमा सबै चतुष्पदीय ढाँचाका संरचित छन् ।

### ४.६.१.२ लयविधान

कविता विधाको मुख्य परिचयात्मक तत्त्व लयविधान नै हो । मुक्तक लयात्मक भाव गहन र लेखाइमा माझिएको हुनुपर्छ । अन्यथा व्यक्त गर्न खोजिएको कथन फितलो र प्रभावहीन हुन पुग्छ । मुक्तक रूवाइयत शैलीकै हुनुपर्छ भनेर गजलकार एवं मुक्तककार वियोगी बुढाथोकीद्वारा सम्पादित **शिवपुरी सन्देश**को मुक्तक विशेषाङ्कले निक्यौंल गरिसकेको हुँदा अब मुक्तक रूवाइयत शैलीको अनुप्रासयुक्त लयात्मक काव्यविधाको उपविधा भन्नमा दुविधा छैन ।[२२] लयविधानका दृष्टिले पुष्प अधिकारी अञ्जलीका मुक्तकहरू सबल र कलात्मक देखिन्छन् । प्रायः सबै मुक्तकहरूलाई अन्त्यानुप्रासयुक्त बनाइएका छन् । साथै कतै-कतै मध्यानुप्रास मिलाउने प्रयास पनि गरेको भेटिन्छ जसले गर्दा मुक्तकहरूमा श्रुतिमाधुर्यता भरिएको छ :

*मनपरेको फूल रोज्नु गल्ती मेरै थियो*
*नजानेको बाटो खोज्नु गल्ती मेरै थियो*
*सबैको मन आफ्नो जस्तै स्वच्छ ठान्नु पनि*
*स्वार्थी यो दुनियाँमा गल्ती मेरै थियो ।*

यसरी उनका मुक्तकहरू अन्त्यानुप्रास मिलेका, कलात्मक र चतुष्पदीय लयढाँचाका छन् । उनका मुक्तकहरू रूवाइयात शैली र गजलबाट बढी प्रभावित भएका देखिन्छन् ।

### ४.६.१.३ कथनपद्धति

आत्मालापीय भाषिक उपविधा मुक्तक भएको हुँदा मुक्तकमा लयात्मक र गेयात्मक कथनकलाको अपेक्षा गरिएको हुन्छ । कथनकौशल रचनाकारको क्षमतामा पनि भर पर्दछ । कथनमा लयात्मकता र कलात्मकता पुष्प अधिकारी अञ्जलीका मुक्तकहरूमा भेटिन्छ । उनका मुक्तकहरू गेयात्मक कथनमा बाँधिएका छन् । कथनपद्धतिले लेखकको कथन

---

२२ श्रेष्ठ प्रिया पत्थर, *एक अञ्जुली घामभित्रका अञ्जुली,* **एक अञ्जुली घाम,** (ले. पुष्प अधिकारी अञ्जली), (चितवन: हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. ३ ।

कौशललाई पनि प्रस्तुत गर्दछ । मुक्तककार पुष्प अधिकारीका मुक्तकहरू प्राय: प्रथम पुरूषात्मक कथनपद्धति र तृतीय पुरूषात्मक कथनपद्धतिमा संरचित भएका छन् ।

### ४.६.१.४ भाषाशैली

सबै साहित्यिक विधाहरूको भाषाशैली महत्वपूर्ण तत्त्व हो । भाषाशैलीबिना मुक्तकको संरचना नै हुन सक्दैन । मुक्तकमा प्रयोग हुने भाषाशैली सरल, सरस, सुगठित साथै श्रुतिमधुर र स्तरीय हुनुपर्छ । *मुक्तकले विषय विविधताका कारण आज जुन उचाइ र लोकप्रियता पाएको छ, त्यो यथार्थमा अरू विधाको पकडभन्दा निश्चय नै नवीन छ, परिचित छ, तर्कपूर्ण र स्वादिष्ट छ ।*[२३] अधिकारीको **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहमा पनि विविध विषयवस्तुलाई योजना मिलाएर श्रुतिमधुरतायुक्त पदसंयोजन गरी अन्त्यानुप्रासयुक्त चतुष्पदीय ढाँचामा सरस भाषाशैली प्रयोग गरी मुक्तकहरू रचना गरेका छन् ।

*मीठा शब्द, सरल अभिव्यजना र कोमल भाव बोकेका उनका मुक्तकहरू श्रोता वा पाठकको हृदयमा सुम्सुम्याएर काउकुती लगाउन सफल छन् । जीवनलाई कलात्मक ढङ्गले बिताउन खोज्ने प्रयत्नलाई उनले आत्मपरक ढङ्गबाट अभिव्यक्ति दिँदै मुक्तकका शब्दमा ढालेका छन् । यसले गर्दा उनका मुक्तकहरू अत्यन्त पठनीय र श्रुतिमधुर भएर निखारिएका छन् ।*[२४] यसरी अधिकारीका मुक्तकहरूमा कवितात्मक र आलङ्कारिक भाषा प्रयोग भएको छ । समाजमा देखापरेका आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक आदि विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न सफल छन् । सरल र स्वाभाविक भाषाशैलीका माध्यमबाट कविले आफ्ना अनुभूतिलाई मुक्तकमार्फत सहज ढङ्गले पोखेका छन् ।

### ४.६.१.५ संरचना

*जतिबेलादेखि आधुनिक कविताको युग प्रारम्भ भयो त्यही समयदेखि कवितालाई सङ्क्षेपमा प्रस्तुत गर्ने काम सुरू भयो ।* मुक्तक कविता विधाको एक लघुतम रूपमा परिचित विधा हो । त्यसैले कविताको सिद्धान्त मुक्तकको पनि सिद्धान्त हो । कविता

---

२३ आर.के. अदिप्त गिरी, *समसामयिक नेपाली मुक्तक,* **कालीको सुसेली**-२०, (पर्वत: पर्वत साहित्य संगम, २०६४), पृष्ठ ६१ ।

२४ खगेन्द्र गिरी कोपिला, **एक अञ्जुली घाम,** (ले. पुष्प अधिकारी अञ्जली), पूर्ववत्, पृष्ठ १३ ।

सिद्धान्तअनुसार मुक्तक दुई वा चार हरफमा रचना हुने सङ्क्षिप्त कविता हो । परम्परागत रूपमा पनि मुक्तकहरूको संरचनामा बढी महत्त्व दिइएको पाइन्छ तर आधुनिक मुक्तकहरू चारभन्दा बढी हरफमा पनि लेखिने गरेको पाइन्छ । मुक्तकसङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरू सबै चतुष्पदीय संरचना ढाँचामा संरचित छन् र पाठकको मनमुटु छुने खालका छन् । मुक्तकहरूलाई अन्त्यानुप्रासयुक्त बनाएर श्रुति मधुर बनाउने पुष्प अधिकारीको प्रयासले सुनमा सुगन्ध थपे जस्तै मुक्तकहरू गेयात्मक बनेका छन् । हरेक मुक्तकमा मर्मभेदी चोटिला प्रहारहरू भेट्न सकिन्छ । अति सङ्क्षिप्त चार हरफका भए तापनि मानव ढुकढुकीलाई घचघचाएर मन्त्रमुग्ध बनाउने खालका उनका मुक्तकहरूमा एकाएक घतलाग्दा तीतो सत्ययुक्त चोट भेट्न सकिन्छ ।

सघनता र सूत्रात्मकता पुष्प अधिकारी अञ्जलीका मुक्तकहरूमा सहज रूपमा पाउन सकिन्छ :

*अँध्यारोमा बास भेटिन्न*
*उज्यालोमा लास भेटिन्न*
*पौरखी हात नचलाए यहाँ*
*साँझ विहान गाँस भेटिन्न*

*मुक्तकको निश्चित सिद्धान्त तय नहुन्जेलसम्म भाव प्रबल रहेका सङ्क्षिप्त कविताहरूलाई मुक्तक भन्न कुनै नियम खोजिरहनु आवश्यक देखिँदैन*[२५] **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहमा संरचित मुक्तकहरू धेरै जसो देशभक्तिभावनाले ओतप्रोत भएका छन् । यसमा आएका केही शृङ्गारिक रचनाहरू पनि नाङ्गोपनाबाट बची संयमित शिष्ट र मिष्ठ भाषाशैलीको प्रयोग गरिएका छन् साथै शालीनता दर्शाउने शब्दहरूको चयनबाट निर्मित मुक्तकहरू पाठकको मनमा काउकुति लगाउन सफल छन् । साहित्यमा कोमलता र हार्दिकता हुनुपर्दछ । *मानिसले कपडा लगाएर सभ्यताको परिचय दिए जस्तै कठोर र नाङ्गो स्वरूपलाई ढाकेर कविताले पनि सभ्य युगको अमूल्य वरदानको रूपमा कोमलता र हार्दिकताको सुवास*

२५ सूर्य के.सी., *भुल्काहरू मुक्तक सङ्ग्रहको विश्लेषण,* **कालीको सुसेली-**२०, (पर्वत : पर्वत साहित्य संगम, २०६४), पृष्ठ ५७ ।

*छर्न सक्नु पर्दछ । शिष्टतापूर्वक नाङ्गोपनमा फूल प्रहार गर्नुपर्छ ।* मुक्तकमा पनि स्निधता, पवित्रताको अनुभूति पाठकलाई दिन सक्ने लेखन चतुर्यता पाउन सकिन्छ । मुक्तक संरचनाका दृष्टिले **एक अञ्जुली घाम** मुक्तक सङ्ग्रहका मुक्तकहरूले आधुनिक संरचनाको बाटो अवलम्बन गरेका छन् । मुक्तकहरू चोटिला छन् साथै स्वरूप लघुतम भए तापनि पूर्णताको अनुभव पाठक वर्गलाई दिन सफल छन् ।

### ४.६.१.६ भाव र विचार

पुष्प अधिकारी अञ्जलीको **एक अञ्जुली घाम** मुक्तक सङ्ग्रहमा रहेका मुक्तकहरूमा मानव जीवनका शाश्वत पक्षहरूका साथै मानव मनका विविध अवस्थाहरूलाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै सामाजिक परिवेश, आर्थिक र राजनैतिक विकृतिप्रति व्यङ्ग्य प्रहार गर्नुका साथै प्रेम प्रसङ्ग र प्रेमप्रतिको दृष्टिकोण पनि उनका मुक्तकमा समेटेर प्रस्तुत गरिएका छन् । भाव वा विचारका आधारमा उनका मुक्तकलाई यसरी अध्ययन गर्न सकिन्छ :

(क) जीवनचेतका मुक्तकहरू

जीवनका शाश्वत पक्षहरूलाई उजिल्याउने क्रममा मानिसको मन, जीवन, मृत्यु, आँसु, हाँसोप्रतिको दार्शनिक दृष्टिकोणलाई पुष्प अधिकारी अञ्जलीले अगाडि सारेका छन् । आफ्नो बारेमा सही र गलतको निर्णय त हरेक प्राणीले गर्न सक्छ तर सम्पूर्ण जीवन जगतको बारेमा सोच्न सक्ने चेतनशील प्राणी मानिस मात्र हो । यही चेतनाको कारणले नै मानिस अन्य प्राणीभन्दा भिन्न र उच्च मानिन्छ तर कहिलेकहिँ आफ्नो औकातबाट ओर्लिएर पाशविक व्यवहार पनि गर्ने गर्दछ । यस्तो प्रवृत्ति देखिनुको मुख्य कारक मानिसको *मन* हो । मानिसको अवचेतन मनमा उत्पन्न हुने नकरात्मक भावनालाई चेतनमनले नियन्त्रण गर्न नसक्दा मानिसमा दानवीय प्रवृत्ति प्रबल बन्न पुग्दछ भन्ने विचार *अञ्जली*ले मुक्तकका माध्यमबाट व्यक्त गरेका छन् । समयको क्रमसँगै जीवनमा आइपर्ने विभिन्न आरोहअवरोहले मानिसलाई विभिन्न रूप धारण गर्न बाध्य पारेको छ साथै जीवनबाट विचलित हुने स्थिति सृजना गरेको छ । त्यसैको परिणामस्वरूप सुख-दु:ख र आँसु-हाँसोका अवस्थाहरू सिर्जना हुन पुग्दछन् ।

जे जस्तो भए तापनि स्वीकार्नुपर्ने बाध्यता भएकाले जीवनको रूपमा यिनलाई परिभाषित गर्ने गरिन्छ :

*थोपा थोपा तृष्णाको अभाव जिन्दगी*
*छलकपटी मान्छेको स्वभाव जिन्दगी*
*रगत चुस्न पल्केका यी ब्वाँसाहरूको*
*उफ ! हेर न कस्तो छ रवाफ जिन्दगी ।*

*(पृ. ६५)*

*समयको प्रवाहसँगै बोल्न जान्नु पर्छ*
*सिङ्गो जीवन उसकै लागि खोल्न जान्नु पर्छ*
*परिवेश जस्तो पनि आउन सक्छ जिन्दगीमा*
*चाकडी र चाप्लुसी पनि मोल्नु जान्नु पर्छ*

*(पृ. ३६)*

कलात्मक र कोमल गजल कोरेर आफ्नो छुट्टै पहिचान बनाइसकेका पुष्प अधिकारी 'अञ्जलि' फेरि मुक्तकमा लहरिएर मौलाएका छन् । मीठा शब्द, सरल अभिव्यञ्जना र कोमल भाव बोकेका उनका मुक्तकहरू पाठकका हृदयमा घोच्न, सोच्न र काउकुती लगाउन समर्थ भएका छन् । जीवनलाई कलात्मक ढङ्गले बिताउन खोज्ने प्रयत्नलाई उनले आत्मपरक ढङ्गबाट अभिव्यक्ति दिँदै मुक्तकका शब्दमा ढालेका छन् । यसले गर्दा उनका मुक्तकहरू अत्यन्त पठनीय र श्रुति मधुर भएर निखारिएका छन् ।

मुक्तकमा के दिने र मुक्तकलाई कसरी भाव प्रधान बनाउने भन्ने कुरामा पुष्प अधिकारी अञ्जलीले पूर्ण रूपमा अनुभवी र प्रेरणादायी भूमिका निर्वाह गरेका छन् भन्ने कुराको सङ्केत यस सङ्ग्रहले दिएको छ । पुष्प अधिकारीका मुक्तकहरू पोल्टाभरी प्रेरणादायी वास्ना र उमङ्गका आशा लिएर बाँचेका छन् । जब घाम झुल्कन्छ, शीत परेको भुइँ पनि ओभानो हुन्छ, त्यसलाई मुक्तककार अञ्जली

अञ्जुलीभरी राख्ने आशा बोकेर त्यस्तै न्यानो र ओभानो किरण साहित्यमा छर्न सफल छन् ।

*हुस्सुभित्र हराउने हिउँदको आश राम्रो*
*कलिलो बिहानीको एक अञ्जुली घाम राम्रो*
*पूर्णिमामा झुल्किएको शीतल जून जस्तै*
*बदनामी पैसाभन्दा इज्जत र नाम राम्रो*

*(पृ. १७)*

हरेक व्यक्तिको जीवनशैली फरक-फरक हुन्छ । जीवनलाई हेर्ने दृष्टिकोण पनि व्यक्तिपिच्छे फरक फरक पाइन्छ । पुष्प अधिकारी अञ्जली मानव जीवनमा धन सम्पत्तिभन्दा इज्जतलाई नै आफ्नो शान ठान्दछन् । मानिस मृत्युदेखि डराएर जतिसुकै भाग्ने चेष्टा गरे तापनि मृत्यु अपरिहार्य छ । कुनै न कुनै दिन त्यसैलाई स्वीकार्नै पर्छ । तर त्यो समय अनिश्चित छ । त्यसैले अञ्जली मृत्युलाई *अनभिज्ञ छु तर पनि बाँचिरहेछु, मनभित्र पीडा बोकी हाँसिरहेछु* भन्न पुगेका छन् । कवि पुष्प अञ्जलीले माया, स्वार्थ, कल्पना, सपना, देशप्रेमका मानवीय भावनालाई मुक्तकका सुनौलो मालामा उनेर प्रस्तुत गरेका छन् । माया प्रेमका सकारात्मक भावना र स्वार्थपूर्ण नकारात्मक भावना सबैलाई आफ्नो मुक्तकमा समेटेका छन् । माया प्रेम अमृत हो, जति दिए पनि यसको स्रोत सुक्दैन र जति पाए पनि तिर्सना मेटिंदैन तर स्वार्थ घमण्ड सबै आफन्तबाट टाढा बनाउने कालो सत्यतथ्य हो ।

*ईर्ष्या द्वेष छलकपटी मान्छेको स्वभाव कस्तो*
*सज्जन सच्चरित्र यहाँ मान्छेको अभाव कस्तो*
*बुद्धको छातीमा पाइला टेक्दै हिँड्नेहरूको नै*
*यो देशमा हिंसाको बन्यो प्रभाव कस्तो-कस्तो*

*(पृ. ४०)*

आजको मानव समाजमा छलकपट, ईर्ष्या, द्वेष र हिंसा स्वत: बढ्दै गएका छन् । यसका लागि कारक तत्व चाहना र आकाङ्क्षा बनिरेका छन् । धनको लालचा र

अनगन्ति कल्पना, सपना बोकेर हिँडेका मान्छेमा सच्चरित्रता र पवित्रता पाउन असम्भवजस्तै बनेको छ । अञ्जली आफ्नो देशमा मानवसभ्यता हिंसातिर अघि बढेको र अनैतिक कार्यमा देशका नेतृत्ववर्ग नै अगाडि बढेको देखेर दु:खित छन् ।

अञ्जलीले प्रमुख विषयवस्तुको रूपमा देशप्रेमलाई नै लिएका छन् । अन्य विषयवस्तुहरू पनि मिसाएर धन, बाटो, घर, कलम, जीवन, संस्कृति, पीडा, दु:ख, हर्ष, आँसु, माया प्रेम जस्ता मानवीय जीवनसँग सम्बद्ध विभिन्न वस्तुहरूप्रतिको दृष्टिकोण पनि मुक्तकमा प्रस्तुत गरेका छन् । उनका अनुसार धनप्राप्तिको चाहना मृगतृष्णा हो र गास, बास, कपास र समाज मानिसका आधारभूत आवश्यकता हुन् । अनिश्चित बाटो मानिसको जिन्दगीका बाध्यता र विवशताको प्रतिबिम्ब हुन् । आजको मानव समाज यस्ता व्यक्तिगत परिवेश र परिस्थितिभन्दा माथि उठेर देशप्रेमले ओतप्रोत भई देशको निम्ति केही गर्नुपर्छ भन्ने भावना मुक्तकमा व्यक्त गरेका छन् ।

*युद्ध र अशान्तिमा किन अगाडि बढ्दैछन् मान्छे आज*
*राष्ट्र र राष्ट्रियता बेचेर शिखर चढ्दैछन् मान्छे आज*
*आफू-आफू लडाइँ गरी कुन विजय खोज्दैछन् कुन्नी*
*देशको अस्तित्त्व ध्वस्त हुँदा लड्दैछन् मान्छे आज ।*

*(पृ. ६३)*

पुष्प अधिकारी आफ्ना निजी अनुभवहरू प्रस्तुत गर्ने क्रममा वर्तमान मानव सभ्यता विकट र विषम परिवेश बोकेर हुर्किरहेको देख्न पुग्दछन् । वर्तमानको विषम परिवेशले गर्दा मानिस न खुलेर हाँस्न न त रून नै पाउने स्थिति छ । जीवन र मरणको दोधारमा वा मृत्युको पर्खाइमा निराशावादी जीवन जीउन बाध्य मान्छे आधुनिक सभ्यता र सम्पन्नताको आवरणभित्र विकृति र अभावले पीडित हुँदै बाँच्न विवश छ भन्ने आशय मुक्तकमार्फत व्यक्त गर्न पुगेका देखिन्छन् :

*आक्रान्त छ मन समय पनि उस्तै-उस्तै*
*आँशु, हाँसो रोदन मिश्रित जीवन उस्तै-उस्तै*

*पिँठ्यूमा भारी बोकी मुग्लान पस्छन् मान्छेहरू*
*कसले सुन्छ हाम्रो क्रन्दन सबै स्वार्थी उस्तै-उस्तै*

*(पृ. ५७)*

यसरी **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा समाजमा घटित विविध समसामयिक घटनाहरू र विषयवस्तुलाई समेटेर बनाएको कलात्मक कथनहरूका व्यङ्ग्यात्मक प्रस्तुतिहरूका रूपमा सहज रूपमा पाउन सकिन्छ ।

(ख) देशप्रेमका मुक्तकहरू

**एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा राष्ट्रियता बोलेको छ । हरेक नेपालीले राष्ट्रको अस्मिता जोगाउने र आफ्नो काम, कर्तव्य र दायित्त्व पूरा गर्नुपर्छ भनी हामी आफ्नो देशविकास गर्न एकजुट भएर लाग्नुपर्छ भन्ने आह्वान गरिएका मुक्तकहरू यस कृतिमा थुप्रै रहेका छन् :

*मान्छेहरूको भीडमा मैले देशको वर्तमान खोजेँ*
*कति दुःखे कति रोएँ तर आत्मसम्मान खोजेँ*
*कोही भन्छन् नेपाल र नेपालीको शिर ढलिसक्यो*
*तै पनि हार नखाई देशको अभिमान खोजेँ*

*(पृ. ५८)*

भाइ-भाइबीचको गृहयुद्धमा फसेको नेपालमा नेपालीहरूको दयनीय र पीडादायी क्षणलाई मुक्तककारले यसरी व्यक्त गरेका छन् :

*छामी हेर मुटुभित्र देश दुखेको घाउ छ*
*नेपालीहरू नरोएको भन कुन गाउँ छ*
*कस्तो दशा नेपालीलाई साँढे सातको लाग्यो*
*युद्ध र हिंसा नभएको भन कुन गाउँ छ ।।*

*(पृ. ५८)*

मातृभूतिप्रति आगाध आस्था राख्ने मुक्तककार अञ्जली देशमा लोकतन्त्र आएपछि आफ्ना भावना यसरी पोख्न पुगेका छन् :

*छोरा सम्झेर अब तिमीले रूनु पर्दैन आमा*
*लोकतन्त्र आयो देशमा एक्लै हुनुपर्दैन आमा*
*कैयौँ दमन कैयौँ पीडा भोग्यौ कैयौँ चोटहरू*
*ती सबै चोटहरू आँसुले धुनु पर्दैन आमा ।।*

यसरी उनका मुक्तकहरूमा आफ्ना निजी स्वार्थ र घरायसी झगडा त्यागेमा स्वच्छ राष्ट्रियताको भावना बोकी सबै नेपाली अगाडि बढ्नुपर्छ भन्ने सन्देश प्रबल रूपमा प्रवाहित भएको छ ।

(ग) राजनीति चेतनायुक्त मुक्तकहरू

नेपालीको जनजीवन र वास्तविक वर्तमान स्थितिलाई झल्काउने यी मुक्तकहरूमा ग्रामीण परिवेश र सहरीया जनजीवनका यथार्थहरू देखाउने प्रयास गरिएको पाइन्छ । विकृति, विसङ्गति र अभावले ग्रसित बन्न पुगेका नेपालीहरूमा हिंसाको डर, त्रास, धम्किमा बाँच्नुपर्ने स्थिति विद्यमान छ भने अर्कोतिर आर्थिक सामाजिक र राजनैतिक उतारचढावले गर्दा उत्पन्न अशान्तिका कारण विस्थापित भई शरणार्थी जीवन झेल्नुपर्ने आशङ्का मनमा जीवन्त भएर बसेको छ । देशमा बढ्दो बेरोजगारीको समस्याले कमजोर आर्थिक अवस्था भएका युवावर्ग अर्थोपार्जनका लागि वैदेशिक रोजगारमा होमिइरहेका छन् । यस्तो देशको विकराल स्थितिलाई अञ्जली मुक्तकका माध्यमबाट चित्रण गर्न पुगेका छन् ।

*हामी आफै हारिरहेछौं कुन जीतको कुरा गरूँ ?*
*गाउँ बस्ती रोइरहेछ कुन हीतको कुरा गरू ?*
*अस्तव्यस्त छ मूलुक आज युद्धको चपेटाले*
*तिमी नै भन यस्तो बेला कुन प्रीतको कुरा गरूँ ?*

*(पृ. ५६)*

गाउँ-गाउँ बस्ती-बस्ती रोइरहेको बेलामा यहाँ माया र ममताको पनि कुनै मूल्य नै छैन । पदको मातमा मर्यादालाई लत्याएर कुल्चिने मानवीय प्रवृत्ति पनि यहाँ

ठूलाबढामा हावी रहेको छ भनी व्यङ्ग्य गर्दै **एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहमा राजनैतिक विषयवस्तु बोकेका प्रशस्त मुक्तकहरू पनि रहेका छन् ।

*कुर्सी पाए सत्ताको गीत गाउनुस् नेताजी*
*नपाए जनतासँगै मीत लगाउनोस् नेताजी*
*हजार खर्चे लाख हुन्छ लाख खर्चे करोड*
*मौका छोपी जनतासँगै प्रीत लाउनोस् नेताजी*

*(पृ. ४९)*

यस मुक्तकसङ्ग्रहमार्फत अञ्जलीले वर्तमान राजनैनिक विकृतिमाथि व्यङ्ग्य प्रहार गर्नमा रमाएका छन् । स्वार्थी र धूर्त नेताहरू, सिधासाधा निरिह जनता र रूग्ण बन्दै गएको प्रजातन्त्रको स्थिति देखेर आफ्नो अनुभूतिहरूलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् :

*नेतालाई शासन हैन सत्ता चाहियो हजुर*
*मन्त्रीलाई भाषण हैन भत्ता चाहियो हजुर*
*सोझा जनताको थाप्लो माथि ऋणै ऋण छ*
*कर्मचारीलाई घुस खाने अड्डा चाहियो हजुर ।*

*(पृ. २८)*

देश विकास र जनताको अवस्थामा सुधार ल्याउनका लागि देशभक्त सहिदले दिएको बलिदानको फलस्वरूप स्थापन भएको लोकतन्त्र नेताहरूका लागि सत्ता मोहको खेल खेल्ने मैदान बनेको छ । नेताहरूको चरित्रको चित्रण व्यङ्ग्यात्मक रूपमा मुक्तकमा गरिएको छ । सत्ता प्राप्त गर्न हड्डीका निम्ति कुकुरहरू लडेझैँ नेताहरू पनि आपसी सङ्घर्षमा नै व्यस्त रहन थालेका छन् । नेताहरूको आदर्शवादी फोस्रो भाषणमा विश्वास गर्न पुगेका सोझा जनता आफूले निर्वाचन गरी जिताएर पठाएका नेताहरूले देश विकास गर्ने छन् भन्ने आशामा बाँच्न विवश छन् तर जनताको आशा

पूरा हुने कुनै लक्षण देखिँदैन । देश नै बेच्छन् कि भन्ने शंका गर्न पुगेका छन् । जनतालाई चुसी आफ्नै पेट भर्न पल्केका नेताहरूमा मै खाऊँ मै लाऊँ... को प्रवृत्ति हावी भएको छ । जनताको चाहना बुझ्ने त उनीहरूको कुनै उद्देश्य देखिँदैन । उनका मुक्तकहरू कलात्मक सौन्दर्यताले भरिपूर्ण भइकन पनि सामाजिक चेतना, राजनैतिक स्थिरता र राष्ट्र प्रेमका कारूणिक भावनाहरू छचल्किएका छन् ।

*गाउँ छोडी ब्वाँसाहरू सरहतिर सल्केका छन्*
*जनताका रगत चुसी विदेशतिर ढल्केका छन्*
*आफै खाउँ आफै लाउँ मोजमस्ती आफै गरूँ*
*भन्दै ति ब्वाँसाहरू देश बेच्न पल्केका छन्*

*(पृ. ४९)*

उनका मुक्तकहरूले देश प्रेमको गहिराइसम्म चुर्लुम्म डुबेर नेपाली मन छुने प्रयत्न गरेका छन् ।

(घ) प्रेमप्रणययुक्त मुक्तकहरू

**एक अञ्जुली घाम** मुक्तकसङ्ग्रहमा कतिपय मुक्तकहरू युवा सुलभ प्रेमभावले भरिएका छन् । अनुराग प्रतीक्षा, मिलन, धोका, विछोडजस्ता अवस्थाहरूमा प्रेमी हृदयमा उत्पन्न हुने प्रणयभावहरू मुक्तकहरूमा व्यक्त भएका छन् । आफ्नी प्रेमिकासँगको सुमधुर मिलनको सपना देख्ने प्रेमी आफ्नो मुटुभरिको माया दिएर पनि सन्तुष्ट हुन नसक्दा रातदिन प्रेमिकाकै यादमा हराउन थाल्छ । आफ्नो मनभित्रका पीडा दवाएर सपनामा उनीसँग खेल्न थाल्छ । आफ्ना भावना बुझिदिन प्रेमिकालाई आग्रह पनि गर्दछ भन्ने कुरा मुक्तकका माध्यमबाट व्यक्त गर्न पुग्दछन् तर उनी बिछोडका पीडालाई बढी मार्मिक ढङ्गबाट व्यक्त गर्न पुग्दछन् ।

*खै किन हिँजोआज म त तिम्रै हुन थालेँ*
*तिम्रै रूप सम्झी-सम्झी रातभरि रून थालेँ*

*कल्पनाको सागरमा पौडी खेल्दै पलपल*
*हररात सपनीमा तिमीलाई नै छुन थालेँ*

*(पृ. ३८)*

मुक्तककार प्रेम र प्रेमिकाको चित्रण गर्दा कतै गुनासो गर्न पुगेका छन् भने कहीँ धोकाले आफ्नो आक्रोश व्यक्त गर्न पुगेका छन् र कहीँ निराश भई आफूभित्रै भुट्भुटिन पुगेका छन् । मुक्तककारले आफ्नो जिन्दगीदेखि नै विरक्त भएर कतै वेदनायुक्त पीडा पोखेको पनि पाइन्छ । आफू जीउनुको अर्थ नै बिर्सिएर बिछोडको पीडा बोकेर हाँस्नुको अर्थ खोज्न विवश प्रेमीको स्थिति पनि मुक्तककारले चित्रण गर्न पुगेको देखिन्छ ।

*तिम्रो निम्ति बाँच्नुको अर्थ खोज्दै छु म*
*सापटीमा हाँस्नुको अर्थ खोज्दै छु म*
*जसलाई भनि सारा जीवन साँचेको थेँ मैले*
*सायद जीवन साँच्नुको अर्थ खोज्दैछु म*

*(पृ. ३०)*

जीवनलाई हेर्ने दार्शनिक दृष्टिकोण सबैको एकै किसिमको हुँदैन । चेतन र अवचेतन मनका विविध भावहरू, ग्रामीण तथा शहरीया समाजभित्रका तीता यथार्थहरू र नैतिकताको अभावमा दुर्गन्धित बन्न पुगेको राजनैतिक अवस्थालाई मुक्तकमा समेटिएको छ । जीवन र मरणको स्थितिमा बाँच्न विवश निरीह दैनिक जीवनचर्या देखाएर कविले बढी निराशावादी दृष्टिकोण पनि देखाएको जस्तो लाग्छ ।

### ४.६.१.७ बिम्बविधान र अलङ्कार विधान

साहित्यमा जीवन र जगत्का विविध सन्दर्भ र सामग्रीहरूबाट बिम्बको संरचना गरिएको हुन्छ । मुक्तक लघुतम् संरचना भए पनि यसमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरिन्छ । बिम्ब र प्रतीकको प्रयोगले मुक्तकको भावमा सघनता ल्याउँछ भने अलङ्कारहरूको प्रयोगले भाषालाई लयात्मक र कलात्मक बनाउँछ । त्यसैले मुक्तकमा

बिम्बविधान र अलङ्कारविधानको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । मुक्तकमा बिम्ब र अलङ्कारको सटीक प्रयोगबाट मुक्तककारको कौशल प्रतिबिम्बित हुन्छ ।

पुष्प अधिकारी अञ्जलीको मुक्तकसङ्ग्रह **एक अञ्जुली घाम**भित्र रहेका मुक्तकहरूमा विविध बिम्बहरू र अलङ्कारहरूको सफल प्रयोग गरिएका पाइन्छन् । उनले बिम्ब र प्रतीकको प्रयोग गरी व्यङ्ग्य प्रस्तुत गरेको मुक्तक यस्तो रहेको छ :

*सत्ताबाट बाहिर हुँदा गाउँलाई सहर बनाउनुभयो*
*भोको पेटमा जनतालाई अघाउने रहर बनाउनुभयो*
*कस्तो नशा कस्तो जादु बुझ्नै नसकिने नेताज्यूको*
*भ्रष्टाचारको विष पिई जीवन जहर बनाउनुभो ।।*

*(पृ. ४३)*

*भाँचिएका कलमहरूले के कविता लेख्छन् र खै ?*
*च्यातिएका जिन्दगीले के सपना देख्छन् र खै ?*
*बाँच्नु मात्र भो फगत हारेर नै जिन्दगी*
*उत्साहबिना पाइतालाहरूले के हिमाल टेक्छन् र खै ?*

यसरी मुक्तककारले शब्दालङ्कार र अर्थालङ्कारको सफल प्रयोग आफ्ना मुक्तकहरूमा गरी भावलाई सघनता र सूत्रात्मकता बनाएका छन् । बिम्बहरूको प्रयोगले मुक्तकहरूलाई चमत्कारी र धारिला बनाएका छन् ।

### ४.६.१.८ निष्कर्ष

मुक्तककार पुष्प अधिकारी अञ्जलीले वर्तमान नेपाली जनजीवनसित सरोकार राख्ने थुप्रै विषयवस्तुहरूलाई यस सङ्ग्रहमा समेटेका छन् । उनले आफ्ना मुक्तकहरूमा माया-प्रेम, पीडा-व्यथा, घात-प्रतिघात, आत्मपीडा-परपीडा, चेतन अचेतमन साथै मान्छेको यथार्थ चरित्र र देशका राजनेताका भ्रष्ट चरित्रहरूका प्रसङ्गहरू पनि सरल र सटीक ढङ्गबाट व्यक्त गरेका छन् । समग्रमा भन्नुपर्दा मुक्तककारले समग्र वर्तमान समयको प्रतिनिधित्व आफ्ना मुक्तकहरूमार्फत गरेका छन् ।

**एक अञ्जुली घाम** मुक्तक सङ्ग्रहमा छन्द, अलङ्कार र विभिन्न बिम्ब र प्रतीकहरूलाई पनि महत्त्वका साथ मिलाउने कोशिस गरिएको छ । थोरै शब्दबाट धेरै भावलाई समेट्ने प्रयास गरिएका यी मुक्तकहरू घतलाग्दा र चोटिला छन् । यसरी मुक्तककारले मनमा उम्लिएका अनुभूतिहरूलाई मीठा शब्द, सरल अभिव्यञ्जन र कोमल भावमा संरचना गरेर मुक्तकहरू समग्रमा सार्थक र उत्कृष्ट बनाएका छन् ।

## ४.७ पुष्प अधिकारी अञ्जलीको जून फूलेको बस्ती मुक्तकसङ्ग्रहको अध्ययन

पुष्प अधिकारी अञ्जलीको प्रस्तुत कृति २०६६ साल जेठमा हाम्रो मझेरी साहित्य प्रतिष्ठानले प्रकाशित गरेको हो । यस कृतिको सुरूमा खगेन्द्र गिरी कोपिला, केशवराज आमोदी, धनराज गिरी, गोविन्दराज विनोदी, कृष्ण पहारी, किसान प्रेमी, प्रभाकर पण्डितले भूमिका लेख लेखेका छन् ।

मानव विवेकशील प्राणी भएकाले सुख, दुःख, पीडा आदिको अनुभूति गरी प्रतिक्रिया देखाउन सक्ने भएकाले अन्य प्राणीका तुलनामा सर्वथा भिन्न र उच्च श्रेणीको प्राणी मानिन्छ । मान्छेका जीवनमा देखापर्ने विविध उल्लास र वेदनाहरूलाई अभिव्यक्त गरी जीवनलाई अत्यन्तै सूक्ष्म किसिमले छुने र हाम्रो जस्तो साक्षरता कम भएको समाजमा कविताका माध्यमबाट भनिने सन्देश वा जीवनको मर्म उद्घाटन गर्न सिर्जनात्मक रूप मुक्तक नै बढी सार्थक, प्रभावकारी र लोकप्रिय रहेको पाइन्छ । पुष्प अञ्जलीले २०४६ सालको राजनैतिक अवस्था, भ्रष्टाचार, नातावाद, कृपावाददेखि राष्ट्रमा भित्रिएका विभिन्न विकृति, विसङ्गति र अशान्तिको कारण उत्पन्न नेपाली जनजीवनका विभिन्न आर्थिक, सामाजिक, पारिवारिक, राजनैतिक जटिलतामा मुछिएका भोगाइहरूलाई प्रमुख रूपमा उठाइ मुक्तकहरूका माध्यमबाट व्यङ्ग्यात्मक प्रस्तुति दिएका छन् । उनका मुक्तकहरूमा मानवता हराएको मानवसमाजमा चाकडी, चाप्लुसी र स्वार्थको साम्राज्य विस्तार भएको यथार्थका साथै आफन्तहरूसँग पनि डराउनुपर्ने कहालीलाग्दो स्थितिका कुरालाई निकै सटीक ढङ्गमा उठाएका छन् । उनको मुक्तकसङ्ग्रहलाई मुक्तकका तत्त्वका आधारमा अध्ययन गरिएको छ :

### ४.७.१ शीर्षक

पुष्प अधिकारी अञ्जलीको **जून फूलेको बस्ती** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा कुनैमा पनि शीर्षक दिइएको छैन । मुख्य शीर्षक वा एउटै शीर्षकको रूपमा **जून फूलेको बस्ती** शीर्षक राखी भित्र सरासर एउटा पृष्ठमा दुईवटा मुक्तकहरू समेट्दै त्यसरी नै अन्त्य गरिएको छ । यस कृतिभित्र सबै मुक्तकहरू शीर्षक विहीन नै छन् । जम्मा छ्यालिस पृष्ठमा फैलिएका यस कृतिभित्रका प्राय: सबै मुक्तकहरू चतुष्पदीय ढाँचामा लयविधान पनि मिलेका छन् ।

### ४.७.२ लयविधान

पुष्प अधिकारी अञ्जलीको मुक्तकसङ्ग्रह **जून फूलेको बस्ती**भित्र रहेका मुक्तकहरू प्राय: सैद्धान्तिक संरचना र नियमहरू पालन गरी रचिएका पाइन्छन् । मुक्तककार अञ्जलीले कविता विधाको मुख्य विधागत परिचयात्मक तत्त्व लयविधान नै हो भन्ने राम्रोसँग बुझेर प्रष्ट देखिने बाह्य लयात्मक अन्त्यानुप्रासलाई आफ्ना मुक्तकहरूमा मिलाएर कलात्मक र सुन्दर बनाएका छन् । कुनै-कुनै मुक्तकहरूमा मध्यानुप्रास पनि मिलेको देखिन्छ । मुक्तक साहित्य रचना आफैँमा पूर्ण छोटोमा मीठो र प्रभावपूर्ण हुने हुँदा अञ्जलीले अत्यन्तै संयमितता र गम्भीरताका साथ मुक्तकहरूलाई लयात्मक, चोटिला र श्रुतिमाधुर्यपूर्ण बनाउने प्रयास गरेका छन् । यस **जून फूलको बस्ती** मुक्तक सङ्ग्रहभित्र रहेका मुक्तकहरू सबै चतुष्पदीय लय ढाँचाका छन् र तिनमा अन्त्यानुप्रास मिलेको पाइन्छ :

*दासताको जंजीर भत्काएर आफ्नै भूगोल बनाऊ तिमी*
*मान्छेको वधशालामा अब एउटा खगोल बनाऊ तिमी*
*इतिहासको धमिलो अक्षरहरू अब सच्चाएर सधैँका लागि*
*स्वर्णीम, सौरभ र सबैका लागि अनमोल बनाऊ तिमी*

यसरी मुक्तककार अञ्जलीका मुक्तकहरूमा पहिलो, दोस्रो र चौथो पङ्क्तिमा अनुप्रास वा तुकबन्दी मिलेका पाइन्छन् भने तेस्रो पङ्क्तिलाई स्वतन्त्र छोडिएको । यस्ता अनुप्रासयुक्त मुक्तकहरू चार पङ्क्तिमा मात्र लेखिन्छन् र यस कृतिमा पनि चार पङ्क्तिका मात्र मुक्तकहरू रहेका छन् ।

### ४.७.३ कथन पद्धति

मुक्तक साहित्य पनि कविताको लघुतम रूप भएको हुँदा यसमा चोटिला प्रहारयुक्त अभिव्यक्ति पाइन्छ साथै मनोलापयुक्त श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । मुक्तक प्रायः धारिलो, पेचिलो र भावमा सघनता भएको साहित्य हो । मुक्तक मनोलापीय कथन पद्धतिमा संरचित हुन्छ । पुष्प अधिकारी अञ्जलीका मुक्तकहरूमा श्रुतिरम्य कथनहरू रहेका छन् जसले पाठक र श्रोता दुवैलाई आनन्दानुभूति दिन सफल छन् । उनका मुक्तकहरूमा वस्तुपरक, आत्मापरक तथ्यहरू आएका छन् । आफ्ना कथनहरूलाई मुक्तककारले मार्मिक र ओजस्वी बनाएका छन् ।

### ४.७.४ भाषाशैली

पुष्प अधिकारी अञ्जलीका मुक्तकहरू मीठासपूर्ण र सरस छन् । लयात्मक र चातुर्यपूर्ण शैलीमा कलात्मक शब्दहरूको सुन्दर संयोजन गरी संरचित छन् । उनले मुक्तकहरू सरल, सहज र यथार्थपूर्ण सामाजिक परिवेशहरूलाई हृदयस्पर्शी ढङ्गबाट प्रस्तुत गरेका हुनाले सामान्य पाठकका लागि पनि अत्यन्त उपयोगी र घतलाग्दा छन् । सरल भाषाशैलीमा श्रुतिमधुर बनाएर आफ्ना भावनाहरू पोख्न खप्पिस अञ्जलीले मुक्तकहरूमार्फत वर्तमान अवस्थाको यथार्थ तस्वीर उतारेका छन् । मुक्तकका सिद्धान्त र नीति नियमप्रति पूर्ण सचेत भएर संरचित मुक्तकसङ्ग्रह **जून फूलेको बस्ती**भित्रका मुक्तकहरूमा व्यञ्जनात्मक भाषिक अभिव्यक्ति पाइन्छ । वर्ण, पद, पदावली र वाक्यस्तरसम्म लयविधानलाई प्रभावपूर्ण बनाइएको पाइन्छ । मुक्तकहरू संरचनाका क्रममा आगन्तुक, तद्भव, तत्सम साथै झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । विविध पौराणिक बिम्बालङ्कार र प्रतीकहरूको प्रयोगले मुक्तकहरूको भाषाशैलीलाई कलात्मक र सुन्दर बनाएको छ ।

### ४.७.५ संरचना

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । यो छोटो भइकन पनि धारिलो र घतलाग्दो मर्मस्पर्शी प्रहार हो । दुई पङ्क्ति नै कविताको सानो आवृत्ति हो र यही नै मुक्तक कविताको पनि न्यूनतम संरचना हो । मुक्तक अधिकतम चार पङ्क्तिको भए पनि कुनै छ, आठ, दश, बाह्र र चौध पङ्क्तिसम्मका संरचनालाई मुक्तक भनिएको पाइन्छ तर

मुक्तकको अधिकांश संरचना चतुष्पदीय नै देखापर्दछन् ।[२६] मुक्तकको पहिचान चतुष्पदीय हुनुमा नै भेटिन्छ । गद्य कवितामा मुक्तक लेखिन थालेपछि मुक्तकको आयममा विविधता र विस्तार देखिन थालेको हो । अत्यधिक तन्कँदा मुक्तकको मुक्तकपन हराउँछ । पुष्प अञ्जलीको मुक्तकसङ्ग्रह **जून फूलेको बस्ती**भित्र रहेका मुक्तकहरू चतुष्पदीय ढाँचामा संरचित छन् । यसभित्र जम्मा ४६ पृष्ठमा फैलिएर रहेका ९२ वटा मुक्तकहरू छन् । यस कृतिको अगाडि २८ वटा पृष्ठसम्ममा विभिन्न साहित्यकारहरूले भूमिका र शुभकामना मन्तव्य लेखिएको छ । मुक्तकका संरचनात्मक गुणहरू छोटोमा मीठो, भावसघनता, संक्षिप्तता र कलात्मकता अञ्जलीका मुक्तकहरूमा पाउन सकिन्छ । उनका मुक्तकहरू सूत्रात्मक, चोटिलो र घतलाग्दा छन् । मुक्तकहरूमा लयात्मकता पनि कलात्मक रूपमा आएका छन् :

*न मेरा छन् यी बगरहरू न तिम्रा हुन् यी सहरहरू*
*केवल विद्रोह मात्र गरिरहन्छन् स्वाप्निल मनका रहरहरू*
*उठ्न खोज्छन् तर सक्दैनन् सुस्ताउँछन् आँखाका परेली*
*अब त हामीले युद्ध जित्ने बनाउनुपर्छ हर प्रहरहरू*

*(पृ. २०)*

*भोक-तिर्खाको ज्वाला सहेर तिम्रो जीतमा हाँसेका छौँ*
*युग परिवर्तनसँगै नेपाली जनताको हितमा हाँसेका छौँ*
*स्वतन्त्रताको न्यानो घाम ताप्न नयाँ परिकल्पना गर्दै*
*स्निग्ध, स्वेत, स्वर्ग विहानीको शीतमा हाँसेका छौँ ।*

*(पृ. ३७)*

उपर्युक्त मुक्तकहरूमा पहिलो, दोस्रो र चौथो पङ्क्तिको अन्त्यानुप्रास मिलाइएको छ भने तेस्रो पङ्क्तिलाई स्वतन्त्र छोडिएको छ । मुक्तकहरूमा हुनुपर्ने गुण सूत्रात्मकताको फलस्वरूप थोरैमा धेरै भन्ने, कसिलो भएर रसिलो हुने र अल्प भएर तिखो हुने विशिष्टता उत्पन्न भएको देखिन्छ । लयविधान सबल रूपमा रहेको छ । मुक्तकको सैद्धान्तिक मान्यता अनुरूपको ढाँचामा मुक्तकहरू संरचित छन् ।

### ४.७.६ भाव र विचार

२६ पूर्ववत् , पृ. १९ ।

मुक्तकहरूका माध्यमबाट वर्तमान समयको प्रतिनिधित्व गर्न सफल मुक्तककार पुष्प अधिकारी अञ्जलीले आफ्ना मुक्तकहरूमा प्रेम प्रणय, घात-प्रतिघात, शान्तिको चाह, लोकतन्त्रप्रतिको आकाङ्क्षा, राष्ट्रप्रेम, एकताको आह्वान, विश्वभातृत्वको भावना, अन्तर्राष्ट्रिय घटनाचक्रका साथै मान्छेमा यथार्थ चरित्रलाई उचित बिम्ब र प्रतीकका सहायताले अभिव्यक्त गरेका छन् । पुष्प अधिकारी अञ्जलीले बनाएका विविध विषयवस्तुका आधारमा उनका मुक्तकहरूलाई यसप्रकार विश्लेषण गरिन्छ :

(क) जीवनचेतका मुक्तकहरू

गरिबी र बेरोजगारीले ग्रस्त मानवसमाजमा निम्नवर्गीय जीवनका बाध्यता, विवशता, अन्याय, अत्याचार र भ्रष्टाचारको परिदृश्यलाई अञ्जलीका मुक्तकहरूले राम्रोसँग उजागर गरेका छन् । उनका मुक्तकहरूमा नारीप्रतिका सकरात्मक, नकरात्मक सोचाइ, बाँच्नका निम्ति निम्नवर्गीयले गर्नुपरेको सङ्घर्ष, मानवसभ्यता र संस्कृतिलाई पनि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । निकै द्रुत गतिमा आर्थिक र राजनैतिक परिवर्तन भइरहेको छ तर आजको मानव समाजले प्राप्त गर्न नसकेको खुशी र सन्तुष्टि आदिलाई समेटेर विविध परिघटनाका कारण मानव जीवन तहसनहस बन्दै गएको यथार्थलाई मुक्तककारले यसरी व्यक्त गरेका छन् :

*ए मान्छे तँबाट किन नरसंहार हुँदैछ फेरि*
*अधिनायकबाट लादेर अनुचित व्यवहार हुँदैछ फेरि*
*घाटमा मृत्यु कुरेर चिहानहरू पालो पर्खिरहेछन्*
*यता सुन्दैछु मानवहरू व्यभिचार हुँदैछ फेरि ।।*

*(पृ. १९)*

*दमन गरेर कोही पनि शिखर चढ्न सक्दैन यहाँ*
*स्वतन्त्रताको हत्या गरेर युद्ध लड्न सक्दैन यहाँ*
*इतिहासको क्रूर नियतिले वर्तमान दुखाएर सधैँ*
*दुर्वासाहरूको राज्यमा कोही अगाडि बढ्न सक्दैन यहाँ*

*(पृ. २)*

*लिलामीमा किस्ताकिस्ता बाँच्नुपर्ने कस्तो जिन्दगी यो*

*थोत्रा कागज खाली शिशिभन्दा सस्तो जिन्दगी यो*
*जहाँ टेक्यो त्यहीँ भासिने म उभिएको धरातल यो*
*बाँच्नु पनि खै के बाँच्नु वाहियात यस्तो जिन्गदी यो*

*(पृ. ३९)*

देशमा बढेको अस्थिरता र त्रासदीयुक्त घटनाहरूले मानिसका मनभित्र पलाएका विकृति र विसङ्गतिहरू साथै राजनैतिक आकाङ्क्षाहरूबाट सिर्जित कतिपय पीडाहरूको चक्रव्यूहमा अल्झेका आजका मान्छेका बारेमा पुष्प अधिकारी अञ्जलीले यस्तो व्यङ्ग्य प्रहार गर्न पुगेका छन् :

*गाउँबस्ती मात्र हैन सहर पनि संवेदनशील भएको छ यति बेला*
*यस्तो लाग्दैछ मेरो देश कानूनविहीन भएको छ यतिबेला*
*उज्यालो सबै अर्कैको भाग्यमा कैद भएको छ हाम्रै नियतिले*
*चिर शान्तिमा सुतेका छ या कतै विलिन हुँदैछ यतिबेला*

*(पृ. ११)*

मानवअधिकारीप्रतिको खरो र निर्भिक आवाज पनि उनका मुक्तकहरूमा राम्रोसँग उठेका छन् :

*यहाँ जीवन हैन मृत्यु भोगिरहेछन् मान्छेहरू*
*आफ्नो मूल्य आफैँ यहाँ तोकिरहेछन् मान्छेहरू*
*कोही बुद्ध हुन खोज्दैछन् कोही शुद्ध हुन खोज्दैछन्*
*जहाँसुकै रित्तो मानवता जोखिरहेछन् मान्छेहरू*

*(पृ. ३१)*

*आस्थाका शिखरहरू भत्काएर जीवन बाँच्न सकिन्न*
*रित्ता आश्वासन आँखामा सजाएर जीवन बाँच्न सकिन्न*
*जीवन बाँच्न त यहाँ सुकिला मनहरू हुनुपर्छ यहाँ*
*मानवीय संवेदना हराएर जीवन बाँच्न सकिन्न ।।*

*(पृ. ४)*

अन्यायी र अत्याचारी शासक कहिल्यै पनि धेरै टिक्न सक्दैन । जनताले यस्ता षड्यन्त्रकारी, भ्रष्टचारीलाई गलहत्ती लगाउने छन् भन्ने आक्रोसयुक्त अभिव्यक्ति पनि राम्रोसँग अञ्जलीले आफ्ना मुक्तकहरूमा पोखेका छन् । राष्ट्रप्रेमले भरिएका र तानाशाहप्रति व्यङ्ग्य प्रहार गरिएका मुक्तकहरू यस्ता रहेका छन् :

*कसैले भ्रष्टाचारमा देश सात पुस्ता खाए*
*कसैले दिनदहाडै कालापानी र सुस्ता खाए*
*थिचिएर-मिचिएर कति सङ्घर्ष गरून् जनताले*
*हेर्दाहेर्दै यी कङ्गालहरूले देशकै सुस्ता खाए ।।*

*(पृ. ५)*

*निरङ्कुश तानशाह झुक्छ कुनै दिन*
*जनताले बोलेको नि पुग्छ कुनै दिन*
*षड्यन्त्रकारी दरबार जोगाइ नराख*
*शहीदको रगतले थुक्छ कुनै दिन ।।*

*(पृ. १३)*

(ख) देशप्रेमका मुक्तकहरू

यस **जून फूलेको बस्ती** मुक्तक सङ्ग्रहभित्र धेरैजसो मुक्तकहरू देशप्रेम र राष्ट्रियताको भावनाले ओतप्रोत भएका छन् । यो कृति पढ्दा जताततै देशप्रेमका भावनाहरू मात्र सुसेलिएकोझैँ लाग्दछ । देशप्रतिको आफ्नो कर्तव्य र दायित्त्व पूरा गर्न सधैँ तयार रहने आफ्नो चाहनाहरू व्यक्त गर्दै मुक्तककार राष्ट्रको अस्तित्त्वका लागि सबैलाई एक भएर जुट्नुपर्छ भनी अनुरोध गर्न पुगेका छन् । आफ्नो देशको अस्मितामा विदेशी हस्तक्षेप बढेको सहन नसक्ने मुक्तककार आफ्नो प्राणभन्दा प्यारो भूमि विस्तारै विदेशले लुट्दै छ भन्ने कुरामा पनि चिन्तित छन् । उनका सन्दर्भित मुक्तकहरू यस्ता छन् :

*म मरेर मेरो देशले मुक्ति पाउँछ भने म मर्न तयार छु*
*मन्दिर हो मेरो देश म जस्तोसुकै यज्ञ गर्न तयार छु*
*तिर्खा लाग्छ भने कसैलाई, म पियाउँछु रगतका धारा*
*र बन्छ भने देश म सबका सामु तल झर्न तयार छु ।*

*(पृ. १४)*

*केमा मिलेन भागबण्डा तिम्रो र गाउँ सहर जलाउँदै छौँ*
*निरीह यी नेपालीहरूको सुन्दर रहरहरू जलाउँदै छौँ*
*अभावै अभावहरूका बीच अझ धेरै अभाव बनाएर*
*भन अझै कतिञ्जेल निर्दोष नेपालीको घर जलाउँदै छौँ ।*

*(पृ. २२)*

देशभक्तिका नारा जस्तै लाग्ने उनका मुक्तकहरू देशका विरूद्धमा हात उठाउने वा नालायक कार्य गर्नेहरूप्रति व्यङ्ग्यात्मक झटारो हान्न सफल छन् :

*मुर्कुट्टाहरू ब्यूँतिएर फेरि धाप मार्न खोज्दैछन्*
*होसियार ए मान्छेहरू, लोकतन्त्र सखाप पनि खोज्दैछन्*
*कालो धरती आकाशसँग रविको रश्मि माग्दै गर्दा*
*अँध्यारो सन्नाटाभित्र भूतहरू नकाब झार्न खोज्दैछन् ।*

*(पृ. ३३)*

*यहाँ चोरी र घुसखोरी बढ्दो छ अचेल*
*सरकारको कमजोरी बढ्दो छ अचेल*
*कहीँ कतै देखिँदैन सद्भाव र शान्ति*
*राजनीति खेल फोहोरी बढ्दो छ अचेल*

*(पृ. २९)*

यसरी नेपाली र नेपालीपनप्रति बेवास्ता गर्ने र राष्ट्रनिर्माणको पवित्र कार्यलाई फोहरी खेल बनाउने राजनेताप्रति व्यङ्ग्य गर्दै आफ्नो राष्ट्रप्रतिको अगाध प्रेमलाई मुक्तकहरूभरि अञ्जलीले पोखेका छन् ।

(ग) राजनीति चेतनयुक्त मुक्तकहरू

राष्ट्रवादी मुक्तककार पुष्प अधिकारी अञ्जलीको **जून फूलेको बस्ती** मुक्तक सङ्ग्रहमा रहेका मुक्तकहरूले राजनीति चेतनायुक्त स्वर व्यापक रूपमा सुसेलेका छन् । उनका धेरैजसो मुक्तकहरू राष्ट्रिय प्रेमले मुछिएका र राजनीतिक व्यङ्ग्य भरिएका छन् । यस देशका नेताहरूको चरित्रले गर्दा बढेको भ्रष्टाचारको खेल, जनताको पसिना चुसेर चिप्ला गाडी चढ्ने प्रवृत्ति, देशमा विदेशी हस्तक्षेप हुँदा पनि वास्ता गर्ने प्रवृत्तिप्रति मुक्तककारले यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

*विदेशीसँग भिक्षा मागेर कतिञ्जेल पजेरो चढ्छौ ए नेताजी*
*देशलाई च्याखे थापेर कतिञ्जेल पजेरो चढ्छौ ए नेताजी*
*दन्दनी बलेको छ आगोझैँ देश तिमी भने चुपचाप छौ*
*भन देश जलेको आगो तापेर कतिञ्जेल पजेरो चढ्छौ ए नेताजी ।।*

*(पृ. ३४)*

*सिङ्गापुर बनाउँछु भन्थ्यौ कङ्गाल बनायौ देशलाई*
*अझ आफ्नो महत्त्वाकाङ्क्षाले बबाल बनायौ देशलाई*
*भोलिको सुनौलो बिहानी हेर्ने सपना थियो हाम्रो*
*सिङ्गै भूगोल जलाएर बेहाल बनायौँ देशलाई ।*

*(पृ. ३०)*

*यहाँ आफ्नै सीमाना मिचिँदा नदुख्ने मान्छे कतिकति*
*यहाँ आफ्नै झण्डा च्यातिँदा नदुख्ने मान्छे कतिकति*
*वैरीहरूले देश लुटिसके हेर्दाहेर्दै दिउँसै*
*यहाँ आफ्नै अस्तित्त्व मेटिँदा नदुख्ने मान्छे कति*

*(पृ. ४५)*

यसरी मुक्तकहरूमार्फत मुक्तककारले राजनीतिक विकृति, विसङ्गति, नेताहरूका द्वैध चरित्र, नेताका नालायक फोहरी खेल, घात-प्रतिघात आदिलाई विषयवस्तु बनाई घतलाग्दा प्रस्तुति दिएका छन् ।

(घ) प्रेम र प्रणयभावका मुक्तकहरू

प्रस्तुत **जून फूलेको बस्ती** मुक्तक सङ्ग्रहभित्रका केही मुक्तकहरू प्रणय प्रसङ्गमा आधारित पनि छन् । अन्य मुक्तकसङ्ग्रहरूमा जस्तो प्रणय प्रसङ्गको लहर उनको यस कृतिमा आएको पाइँदैन । प्रेमप्रणयका कुरा गर्दा पनि मुक्तककार राष्ट्रिय वेदनामा मुछिएका छन् । देशको परिस्थितिले गर्दा प्रेमप्रणयलाई पनि प्रभावित पारेको स्थिति उनका मुक्तकहरूमा देख्न सकिन्छ । कुनै कुनैमा आनन्दानुभूतियुक्त प्रणय पनि पाउन सकिन्छ । यस किसिमका केही मुक्तकहरू यी हुन् :

*प्रस्ताव र सहमति दुवैले साट्नुपर्थ्यो*
*उत्तेजना पस्किएर रात काट्नुपर्थ्यो*
*तिमीले बुझिनौ ऊ तिमीमै अधीर हुन्छ*
*कहिलेकाहिँ त आफूलाई नि ढाँट्नुपर्थ्यो ।*

*(पृ. १३)*

*पीडा कति भोगियो सँगै हुँदा थाहा भएन*
*नदी जस्तै भएछु एक्लै रूँदा थाहा भएन*
*जूनले पनि पोल्दै रै'छ, शीतले झनै डस्दोरै'छ*
*झस्किएछु म अचानक तिम्ले छुँदा थाहा भएन ।।*

*(पृ. २९)*

*सर्वाङ्ग नाङ्गिन्छ रात जब जून हराउँछ धर्तीमा*
*निस्तब्ध सुत्छ रात जब न्याउली कराउँछ धर्तीमा*
*निरर्थक हुन्छ बाँच्नु पनि कुनै अस्तित्त्वबिना*
*पोखिन्छ जीवनमा जब घाउ लहराउँछ धर्तीमा ।*

*(पृ. ३५)*

यसरी मुक्तककारले प्रेम, वियोग, अशान्ति निराशावादी चिन्तन आदि आफ्ना भावानुभूतिहरूलाई प्रणय प्रसङ्गसँग पनि जोडेर प्रस्तुत गरेका छन् ।

### ४.७.७ बिम्बविधान र अलङ्कारविधान

पुष्प अधिकारी अञ्जलीले **जून फूलेको बस्ती** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा विभिन्न प्रतीक र बिम्बहरूको प्रयोग गरी भाव पक्षलाई सघनता तुल्याएका छन् । यस सङ्ग्रहका मुक्तकहरूमा दृश्य, ताप, गति, स्वाद, स्पर्श, गन्ध आदि बिम्बहरूको प्रयोग भएका छन् । विविध अलङ्कारहरूको प्रयोगले मुक्तकहरूमा सुन्दरता, श्रुतिरम्यता थपिएको छ । लयविधानलाई पनि सबल बनाइएको छ । बिम्बालङ्कारले मुक्तकहरूलाई चमत्कारी र रसास्वादनयुक्त बनाउँछ । बिम्ब, प्रतीक र अलङ्कारयुक्त केही मुक्तकहरू तल प्रस्तुत गरिएको छ :

*कहिले भत्किन्छन् ती सामन्ती पर्खालहरू*
*कहिले बदलिन्छन् ती निरङ्कुश सञ्जालहरू*
*तिमी सुतिरहेछौ कुम्भकर्ण ऊ पलपल डसिरहेछ*
*कहिले सच्चिन्छन् ती शताब्दी, समय र सालहरू ।*

*(पृ. २३)*

उपर्युक्त मुक्तकमा कुम्भकर्ण पौराणिक बिम्ब, समय र सालहरू गति बिम्ब र पर्खालहरू दृश्यबिम्बका रूपमा प्रयोग भएका छन् भने भत्किन्छन् ती, बदलिन्छन् ती र सच्चिन्छन् ती शब्दहरूले मध्यानुप्रास अलङ्कार बनाएका छन् भने पर्खालहरू, सञ्जालहरू र सालहरूले अन्त्यानुप्रास अलङ्कार बनाएका छन् । त्यस्तै अर्को मुक्तक तल दिइएको छ :

*च्यातिन्छन् सपनाहरू जब आँधीहुरी चल्छ जीवनमा*
*पोखिन्छन् खुसीहरू जब आगो बल्छ जीवनमा*
*प्रश्नमाथि प्रश्न तेर्सिन्छन् अनभिज्ञ भएर*
*हुँदैन समाधान अति तब चिता जल्छ जीवनमा ।*

*(पृ. ३५)*

### ४.७.८ निष्कर्ष

पुष्प अधिकारी अञ्जलीको प्रस्तुत कृति **जून फूलेको बस्ती** मुक्तकसङ्ग्रहभित्र जम्मा ९२ वटा मुक्तकहरू रहेका छन् । यस कृतिभित्रका सबै मुक्तकहरू चतुष्पदीय संरचनाअनुरूप

संरचित छन् । सबै मुक्तकहरूमा समान चारवटा पङ्क्ति मात्र छन् र कुनै पनि मुक्तकलाई शीर्षक दिइएका छैन । मुक्तकहरूमा भाव वा विचारका आधारमा विविध विषयवस्तुलाई समेटिएको छ । उनका मुक्तकहरूमा मुख्य रूपमा देशको जटिल परिस्थिति, विविध घटनाक्रम र राष्ट्रप्रेमका भावना नै बढी छचल्किएका छन् ।

सरस र सरल भाषाशैलीको प्रयोग गरी आफ्ना भावानुभूतिहरूलाई सहज र सटीक बनाएर कलात्मक संयोजन गरी मुक्तकहरूको रचना गरिएको हुँदा मुक्तकहरू श्रुतिमधुर र भाषिक विचलनहरू देखापरे तापनि छन्द र लय पक्षलाई ध्यान पुऱ्याउने प्रयास गरेका छन् । उनका मुक्तकहरूमा बिम्ब, प्रतीक र अलङ्कारहरूको अत्यन्त सचेत रूपमा प्रयोग गर्दै भाव पक्षलाई सघन एवं कलात्मक तुल्याउने प्रयास गरेका छन् । समग्रमा उनका मुक्तकहरू बोधगम्य, चोटिला र घतलाग्दा रहेका छन् ।

## ४.८ मुक्तककार कपिल अज्ञात

पिता लीलाधर रेग्मी र माता चन्द्रकला रेग्मीको कोखबाट १५ मार्च १९५७ ई. मा ठाडेटारी पौवेगौडा स्याङ्गजा जिल्लामा जन्मिएका थिए । हाल उनले चितवनको भरतपुर-१२, तारापथमा स्थायी बसोबास गरेका छन् । कपिलमणि शर्मा रेग्मीले साहित्यिक नाम कपिल 'अज्ञात' राखेको पाइन्छ । नेपाली साहित्यमा कविता, निबन्ध, समीक्षा, समालोचना, गजल, मुक्तक आदि विविध क्षेत्रमा कलम चलाउने अज्ञात वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनका सह-प्रध्यापक हुन् । प्रखर साधकका रूपमा सुपरिचित अज्ञातको पहिलो प्रकाशित कृति *अज्ञातका कविता* (कवितासङ्ग्रह, २०४७) हो । २०४७ सालदेखि नै आफ्नो साहित्यिक अस्तित्त्व जमाउँदै आएका अज्ञातले हालसम्म पनि निरन्तर नेपाली साहित्यको सेवा गरिरहेका छन् ।

नेपाली साहित्यमा अज्ञात बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्त्वका रूपमा स्थापित भएका छन् । समग्रमा हेर्दा उनका प्रकाशित विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त कविता, गजल, मुक्तक, समालोचना, निबन्ध जस्ता विविध विधाका पुस्तकाकार प्रकाशित कृतिहरूको विवरण तल दिइएको छ :

तालिका सङ्ख्या ६

कपिल अज्ञातका प्रकाशित पुस्तकाकार कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | अज्ञातका कविता | कविता सङ्ग्रह | २०४७ |
| २. | साहित्य सिर्जन-प्रक्रिया | खोजमुलक अनुशीलन | २०५५ |
| ३. | समालचोनाको सन्दर्भ | समालोचना सङ्ग्रह | २०५५ |
| ४. | पत्र सन्देश | साहित्यिक पत्र-सङ्ग्रह | २०६४ |
| ५. | अनुभूतिका उमङ्ग | मुक्तक-सङ्ग्रह | २०६४ |
| ६. | समय समयका स्वरहरू | गजल-सङ्ग्रह | २०६४ |
| ७. | भूलहरूको विरूद्ध | निबन्ध-सङ्ग्रह | २०६४ |
| ८. | समीक्षा-सन्धान | विविध समीक्षा-सङ्ग्रह | २०६४ |
| ९. | देवकोटा आयाम र प्रवृत्ति | समीक्षा सङ्ग्रह | २०६५ |
| १०. | ज्योतिष र साहित्य | खोज अन्वेषण | २०६६ |
| ११. | स्रष्टाबिम्ब: व्यक्तित्व आरेख | समीक्षा सङ्ग्रह | २०६७ |

चितवन साहित्य परिषद्का संस्थापक, आजीवन सदस्य एवं पूर्वसचिव र उपाध्यक्ष समेत रहेका कपिल अज्ञात **साहित्य सिर्जन प्रक्रिया** कृतिका लागि थुप्रै सम्मान पत्र र पुरस्कारहरू प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका मान सम्मान, पदक र पुरस्कारहरू यसप्रकार छन् :

(क) कृष्णाकुमारी गुरूङ्ग स्मृति पुरस्कार (२०५५) ।

(ख) सगर-सम्मान (२०५६) ।

(ग) पल्लव-सम्मान (२०६२) ।

(घ) ज्योतिष-दिवाकर (२०६३) ।

(ङ) ज्योतिष-मार्तण्ड (२०६३) ।

(च) कालीगण्डकी साहित्यकला पुरस्कार (२०६४) ।

(छ) प्रतिभा पुरस्कार (२०६४) ।

(ञ)	सम्पादक सम्मान (२०६६) ।

(झ)	वाल्मीकि साहित्य सम्मान (२०६६) ।

(ञ)	शहीद शिव पौडेल पुरस्कार (२०६६) ।

(ट)	ज्योतिष सम्मान (अप्रिल २०१०) ।

यसरी चितवनलाई कर्मभूमि बनाएर स्थापित भई साहित्य सिर्जनामा निरन्तर लागेका कपिल अज्ञात नवपुस्ताका लागि पनि प्रेरणाका स्रोत बनेका छन् । उनका सबै कृतिहरू अमूल्य छन् । चितवनको साहित्यिक इतिहासलाई पूर्णता दिने प्रयास अज्ञातले *स्रष्टाबिम्ब र व्यक्तित्व आरेख* कृतिमार्फत पनि गरेका छन् । निरन्तर साहित्य साधनामा लागि रहने कपिल अज्ञातको मुक्तकसङ्ग्रह **अनुभूतिका उमङ्ग**लाई यस शोधपत्रमा अध्ययन गरिएको छ ।

### ४.८.१ कपिल अज्ञातको अनुभूतिको उमङ्ग मुक्तक सङ्ग्रहको अध्ययन

कपिल अज्ञातको २०६४ सालमा प्रकाशित पाँचौं कृति **अनुभूतिको उमङ्ग** मुक्तक सङ्ग्रह हो । जनमत प्रकाशन, बनेपाबाट प्रकाशित यस सङ्ग्रहको भूमिकामा विश्लेषणात्मक लेख रामप्रसाद ज्ञावलीले लेखेका छन् । कृतिको नामपछि कोष्ठकमा मुक्तकसङ्ग्रह लेखिएको छ तर कृतिभित्र मुक्तक मात्र नभई अन्य शैलीका रचनाहरू पनि छन् । यसभित्र दुई हरफका भावगुच्छादेखि तीन, चार, पाँच, छ, सात, आठ, दश र चौध हरफसम्मका भावगुच्छाहरू रहेका छन् । फेरि लोकलय, शास्त्रीय अनुष्टुप छन्द, गद्यलय, पद्यलय र मज्जाले गाउन सकिने गरी तयार पारिएका अन्त्यानुप्रासयुक्त मुक्तक लयका गुच्छाहरू पनि रहेका छन् । त्यसैले यो कृति पढ्दा मुक्तकीय संरचना यही नै हो वा यस्तै प्रकारको नै हुन्छ भनी ठम्याउन मुस्किल पर्छ ।[२७] समग्रमा भन्दा उनका मुक्तकहरूमा गजलको छायाँ परेको पनि अनुभव गर्न सकिन्छ । अज्ञातले चार हरफे मुक्तकीय शैलीलाई पनि स्वीकार गरी प्रशस्त मुक्तकहरू संरचना गरेका छन् र उनका चार हरफे मुक्तकहरूमा थप विशिष्टता पाइन्छ । उनका

२७ रामप्रसाद ज्ञवाली, *अज्ञातका मुक्तकहरूमा ज्ञातका प्रतिविम्बहरू,* **अनुभूतिको उमङ्ग,** (ले. कपिल अज्ञात), (बनेपा : जनमत प्रकाशन, २०६४)

मुक्तकहरूले पाठकवर्गलाई विशेष रूपमा आकर्षिक पार्दछन्, यसको कारण गजल शैलीलाई मुक्तकमा समन्वित गर्नु नै रहेको देखिन्छ ।[२८]

समग्रमा भन्दा **अनुभूतिको उमङ्ग** मुक्तकसङ्ग्रहमा जीवनका यथार्थ र काल्पनिक यथार्थका रङ्गीचङ्गी सुवासित फूलहरू फूलेका छन् । कपिल अज्ञातका मुक्तकहरूको मूल सन्देश समाज परिवर्तन र देशको उन्नति प्रगति हुनु नै हो । समाजमा देखिएका विकृति, विसङ्गति, नातावाद, कृपावाद, घुसखोरी आदिको अन्त्यका लागि मुक्तककार कपिल अज्ञातले आफ्नो भावात्मक अनुभूतिलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गरी पाठक वर्गको मनस्पर्श गर्न सफल छन् । साथै उनका मुक्तकहरूले प्रणय प्रसङ्गलाई पनि भावभूमि बनाएका छन् । मुक्तकको सैद्धान्तिक पक्षलाई ध्यानमा राखेर यसका तत्वहरूका आधारमा अनुभूतिको उमङ्ग कृतिको अध्ययन गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

### ४.८.१.१ शीर्षक

कपिल अज्ञातले हरेक मुक्तकलाई शीर्षक दिएका छन् । उनका मुक्तकहरू जम्मा ५८ पृष्ठमा फैलिएका छन् र बाँकी पछाडिको भागमा लघु कविता सार खण्ड शीर्षक दिई पृष्ठ ५९ देखि पृष्ठ ७१ सम्ममा २६ वटा कविताहरू रहेका छन् ।

खास मुक्तक भनेर छुट्याइएको पृष्ठ १ देखि पृष्ठ ५८ सम्ममा १९७ वटा मुक्तकहरू रहेका छन् । अज्ञातका यी मुक्तकहरू पहिला जनमत, अभिनव प्रस्तुति, वागीश्वरी, सगर आदि पत्रिकामा छापिएका थिए र अनुभूतिको उमङ्ग मुक्तक सङ्ग्रहमा ती सबैलाई समेटेर उनले पुस्तकाकार रूप दिएको देखिन्छ । **अनुभूतिको उमङ्ग** मुक्तक सङ्ग्रहभित्रका मुक्तकहरूमा सानो आकारमा दुई पङ्क्तिसम्ममा रहेका पाइन्छन् । प्राय: शीर्षकहरूले केन्द्रीय भावलाई समातेको देखिन्छ ।

### ४.८.१.२ लयविधान

कविता विधाको मुख्य विधागत परिचयात्मक तत्त्व लयविधान नै हो । यो लयविधान भाषिक स्वरव्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्य - वैषम्य दुवै भएको वितरण

२८ ऐजन ।

प्रक्रियाको कालगत प्राप्ति र कविता कृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ ।[२९] मुक्तकलाई आफैंमा पूर्ण, छोटोमा मीठो र प्रभावपूर्ण बनाउनुपर्ने हुँदा यसमा अनुभूतिलाई लयात्मक अनुप्रास र तुकको तारतम्यलाई छोटो-छरितो रूपमा अत्यन्तै संयमितता गम्भिरता र तीव्रताका साथ प्रस्तुत गरिन्छ । लयविधानका दृष्टिले कपिल अज्ञातका मुक्तकहरूमा लयविधान छन्दोवद्ध कवितामा जस्तो प्रष्ट देखिने बाह्यलय प्रायः धेरैमा देखिन्छ । कुनै कुनै मुक्तकहरूमा भने कवितात्मक गद्य लय रहेको छ जसमा आन्तरिक लय प्रभावपूर्ण रहेको पाइन्छ । कपिल अज्ञातका धेरै जसो मुक्तकका पङ्क्तिहरूमा अन्त्यानुप्रास मिलेका देखिन्छन् तर गजल उन्मुख मुक्तकीय लामा संरचनामा चाहिँ अन्त्यानुप्रास मिलेको पाइँदैन । अनुभूतिको उमङ्ग मुक्तकसङ्ग्रहभित्र प्रायः द्विपदीय ढाँचादेखि त्रिपदीय, चतुष्पदीय र त्योभन्दा धेरै पाँच, छ, सात, आठ, दश र चौध हरफसम्मका पङ्क्तिपुञ्जको ढाँचाका मुक्तकहरू रहेका छन् तर सबैभन्दा धेरै मुक्तकहरू चतुष्पदीय संरचनामा बाँधिएका पाइन्छन् ।

*शहर पसेपछि मान्छेले गाउँ बिर्से*
*माथि पुगेपछि तलको ठाउँ बिर्से*
*अति नै आसक्त भएर आफ्नो स्वार्थमा*
*आफैंले राखेको आफ्नो नाउँ बिर्से ।*

*(पृ. २९)*

यसरी कपिल अज्ञातका जम्मा १९७ वटा मुक्तकहरूमा चतुष्पदीय ढाँचाका सुन्दर र कलात्मक मुक्तकहरू १५३ वटा छन् भने अन्य ढाँचाका ४४ वटा मुक्तकहरू रहेको पाइन्छन् । कपिल अज्ञातले यस सङ्ग्रहमा एउटा पेजमा तीनदेखि चारवटासम्म मुक्तकहरू राखेको पाइन्छ ।

### ४.८.१.३ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो तापनि मनोलाप वा मनोगुञ्जनलाई अभिव्यक्त गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । मुक्तक जति श्रुतिरम्य हुन्छ त्यति बढी पाठकले मन पराउँछन् । साथै मुक्तक गायनमा पनि

२९ वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग-४**, पूर्ववत्, पृ. १७ ।

श्रुतिमाधुर्यता आउँछ । कपिल अज्ञातको मुक्तकहरू प्राय: अन्त्यानुप्रास मिलेका चोटिला र भावसघनता भएका देखिन्छन् । पाठक र स्रोतालाई आनन्दानुभूति दिन सक्ने खालका मुक्तकहरू पनि यसभित्र रहेका छन् ।

### ४.८.१.४ भाषाशैली

कविताको भाषाशैली बढी ललित, रागात्मक, कलात्मक अनि व्यञ्जनात्मक हुनुपर्छ ।कवितालाई लयात्मक हुन सक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य वा अनुच्छेद विधानसमेत सिर्जना भएको हुनुपर्छ ।[३०] सम्प्रेषणीय र लाक्षणिक अर्थले पूर्ण बनाउन सके मात्र कविता घतलाग्दो र चोटिलो बन्न सक्दछ । कपिल अज्ञातका मुक्तकहरूको भाषाशैली अत्यन्त प्रभावपूर्ण, सरल र सुमधुर रहेको छ । यसमा व्यङ्ग्यचेत, विद्रोहचेत र प्रणयचेतका मुक्तककारका अनुभूतिहरूलाई सरल र सरस भाषाशैलीका माध्यमबाट व्यक्त गरिएको छ । यसमा मानिसले जीवनमा भोग्नुपर्ने कतिपय जटिल स्थितिहरू, विकृति र विसङ्गतिमाथि रचनाकारले व्यङ्ग्य र विद्रोहका स्वर सुसेलिएका छन् । प्रेमप्रणयका यावत पक्षहरू अत्यन्तै कलात्मक शैलीमा प्रस्तुत भरिएका छन् । अन्त्यानुप्रासयुक्त बनाई लयविधानलाई पनि सशक्त पार्ने प्रभावपूर्ण भाषाशैलीको प्रयोग मुक्तकहरूमा भएको पाइन्छ । तत्सम्, तद्भव तथा नेपाली झर्रा शब्दहरू साथै आगन्तुक शब्दहरूको पनि प्रयोग उनका मुक्तकहरूमा गरिएका छन् । विविध पौराणिक बिम्बालङ्कारहरू र विभिन्न प्रतीकहरूको पनि सफल प्रयोग गरिएको देखिन्छ ।

**प्रजातन्त्र**

*जति मोथ मोही पाउँछौ घिउ तिम्रो हुन्न*
*जति हुर्काऊ बोटबिरूवा बिऊ तिम्रो हुन्न*
*जहाँ जति चर्न जाऊ घोडा नै हो तिमी*
*चढ्दा मालिकको राजाजिऊ तिम्रो हुन्न ।*

*(पृ. १३)*

---

३० ऐजन।

यसरी कपिल अज्ञात सरल र सहज भाषाशैलीमा आफ्ना मुक्तहरूका माध्यमबाट व्यङ्ग्यात्मक प्रस्तुति दिन सफल छन् । उनले शासकवर्गले शासित वर्गलाई, धनीले गरिब वर्गलाई देखाउने हेपाहा प्रवृत्तिलाई छर्लङ्ग हुने गरी पीडितका दर्द, पीडा र वेदनालाई सरल र उचित मुक्तकहरूमा ढङ्गले गरेको पाइन्छ ।

### ४.८.१.५ संरचना

मुक्तक जति छोटो भए पनि यसको आफ्नै विशिष्ट संरचना हुन्छ । छोटोमा मीठो, चोटिलो र धारिलो प्रहार मुक्तकलाई मानिन्छ । व्यङ्ग्यपूर्ण प्रभावकारी अभिव्यक्ति दिएर श्रोताको मर्मस्पर्श गर्न सक्नु नै यसको विशेषता मानिन्छ । दुई पङ्क्ति नै कविताको न्यूनतम आवृति हो । यही नै मुक्तक कविताको पनि न्यूनतम संरचना हो भन्ने कुरालाई कपिल अज्ञातले राम्रोसँग बुझेका छन् ।

यस कृतिभित्र रहेका मुक्तकहरूमा गीत, गजल, लघुकविता, कवितासम्मको छनक तथा प्रभावहरू पाउन सकिन्छ । कपिल अज्ञात आफैंले मुक्तक सङ्ग्रहको अन्तिममा कविताका विविध ढाँचा र स्वरूप यस कृतिमा रहेका छन् भनी स्वीकारेका छन् । कोशीय अर्थमा परस्पर क्रमिक सम्बन्ध नरहेको एउटै भावपूर्ण बुझाउने गद्य वा पद्य मुक्तक हुन भनिएको छ । त्यसैले अनुभूतिका लघुतम एकाइ सबैलाई मुक्तक मानिएको छ । **अनुभूतिका उमङ्ग**भित्र रहेका लघुकविता सारखण्ड बाहेक (क) श्रृङ्गार राग खण्ड, (ख) समय स्वर खण्ड (ग) प्रकीर्ण प्रभाव खण्ड (घ) अनुभूति उन्मेष खण्ड (ङ) संवेदना-छाल खण्ड (च) पल्लव-भाव खण्डभित्र रहेका सबै लघुतम संरचनाहरू मुक्तक हुन् भन्ने कुरालाई मुक्तककारले स्वीकारेका छन् । तर यस कृतिमा रहेका मुक्तकहरूमा गजलको प्रभाव बढी पाउन सकिन्छ र गजलकै शैलीमा लेखिएका केही मुक्तकहरू पनि छन् । ती यस्ता किसिमका छन् :

***मीठो***

*रिन बोकेको थाल भन्दा*
*आफैंले टिपेको पात मीठो*
*एक्लै लुकाई खानुभन्दा*
*दिनदु:खीको साथ मीठो*

*चम्चाभन्दा के फरक छ ?*
*आफ्नो सुग्घरी हात*
*लाग्छ, भिक्षाको खीरभन्दा*
*आफ्नै कमाइको भात मीठो ।*

*(पृ. २९)*

**दान**

*माग्छ जिन्दगी मसँग*
*मलाई दुईटा काम देऊ*
*दिनलाई पूरा परिश्रम*
*रातलाई पूरा विश्राम देऊ ।*

*(पृ. ४५)*

कपिल अज्ञातका मुक्तकहरू चदुष्पदीयबाहेक अरू अपेक्षाकृत लामा र मुक्तकको सैद्धान्तिक मान्यताअनुरूप देखिँदैनन् तापनि यस सङ्ग्रहमा अत्यन्तै सरल, सहज र सरस भाषा शैलीको प्रयोग गरी पाठक र श्रोता दुवैलाई घत पर्ने किसिमका बिम्बात्मक मुक्तकहरू रहेका छन् । समाजका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै रचना गरिएका अज्ञातका मुक्तकहरूमा मानवीय भोगाइ, चाहना, अतृप्ति, असन्तुष्टि र मानवीय जटिलतालाई चित्रात्मक रूपमा प्रस्तुत गरिएका छन् ।

### ४.८.१.६ भाव वा विचार

कपिल अज्ञातले आफू रहेको सामाजिक परिवेश र समाजमा हुर्केका विविध जटिल परिस्थितिहरू एवं प्रकृतिप्रेम वर्तमान राजनैतिक अवस्था, सामाजिक, आर्थिक जटिलता, विकृति र विसङ्गतिका साथै प्रेमप्रणय आदिलाई विषयवस्तु बनाई व्यङ्ग्यात्मक रूपमा आफ्ना भावानुभूतिहरू मुक्तकहरूमार्फत प्रस्तुत गरेका छन् । यस मुक्तक सङ्ग्रहमा प्रयुक्त भाव वा विचारलाई विषय विविधताका आधारमा यसरी अध्ययन गरिन्छ :

(क) जीवनचेतका मुक्तकहरू

यस मुक्तकसङ्ग्रहभित्र कतिपय मुक्तकहरू अन्याय, अत्याचारका विरूद्धमा आवाज उठाइएका सन्देशमूलक छन् । निम्नवर्गीय नेपाली जनताको बाध्यता र विवशतालाई उजागर गर्दै अत्याचारी, भ्रष्टचारीले मानव जीवन सखाप पारेको विषयवस्तुलाई मुक्तकहरूमार्फत यसरी व्यक्त गरेका छन् :

*विगार*

*बिग्रन्छ मान्छे मदिरा गाँजाले*
*बिग्रन्छ धून कवाडी बाजाले*
*चल्छ सबैतर्फ अत्यधिक लुट*
*बिग्रन्छ देश सामन्ती राजाले ।*

*(पृ. १५)*

*धोका*

*हिँडियो बाटो समयको अरूकै आँखाले*
*गाइयो गीत जीवनको अरूकै भाकाले*
*नेपाली हुँ भन्न पनि लाज लाग्यो अब*
*लुटियो घरको इज्जत घरकै डाँकाले ।*

*(पृ. १६)*

आफ्नो देशमा काम नपाएपछि विदेशतिर लाग्ने युवाहरूको क्रम बढेकोले देशको जनशक्ति देशमा नै रहन सक्ने स्थिति सृजना गराउनुपर्नेतर्फ सबैलाई ध्यानाकर्षण गराउँदै कपिल अज्ञातले मुक्तकका माध्यमबाट यसरी व्यक्त गरेका छन् :

*आफ्नै गौरव गरिमाको गान हराउँदै छ अचेल*
*आफ्नो मौलिक मर्यादाको शान हराउँदै छ अचेल*
*जापान अमेरिका भनेपछि भुतुक्क हुँदैछन् नेपाली*
*आफ्नै माटो पौरखको पहिचान हराउँदै छ अचेल ।*

*(पृ. ८)*

*कति रहस्यमय तरिकाको प्रतिगमन यहाँ खेल हुँदैछ*
*शकुनी र शिखण्डीको भित्री मेल हुँदैछ*
*कहिले खरायो त कहिले कछुवाको चालमा*
*पूरा देश देश होइन अब जेल हुँदैछ ।*

*(पृ. ८)*

यसरी देशका कर्मठ नागरिक आफ्नो देशमा बस्न भन्दा अर्कोको देशमा रमाउने भइसकेका छन् भनी मुक्तककारले आजका कर्मठ युवा वर्गलाई सचेत गराएका छन् । समाजका विसङ्गतिलाई पनि यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

*विसङ्गति*
*जो बडा त्यागी हुँ भन्दछन् उनै वडा व्यापारी देखें*
*जो बडा दानी हुँ भन्छन् उनै बडा भिखारी देखें*
*जहाँ द्वार छन् मन्दिरहरूका त्यहीँ कत्रो विसङ्गति*
*जो बडा सन्त हुँ भन्दछन् उनै स्वार्थका पुजारी देखें ।*

*(पृ. ३९)*

कपिल अज्ञात रविलाई भन्दा पनि कविलाई ठूलो देखेको भावानुभूतिलाई यसरी प्रस्तुत गर्न पुगेका छन् :

*रूप*
*रविभन्दा पनि ठूलो कविलाई देख्छु*
*आफ्नै भावबिम्बलाई ऐना मानी लेख्छु*
*दिन ढलेपछि सधैं अस्ताउँछ धूप*
*तर कैल्यै अस्ताउन्न कविताको रूप ।*

*(पृ. ४०)*

मानव समाजमा फैलिएको स्वार्थी पनालाई व्यङ्ग्य गर्दै मुक्तककार अब आफ्नै परिवारका सदस्यमा पनि एकले अर्कोलाई सहयोग नगर्ने स्वार्थी र निरस प्रवृत्ति बढ्दै छ भन्दै त्यसप्रति यसरी व्यङ्ग्य गरेका छन् :

*एक्काइसौं शताब्दीमा*
*आफ्नै बाबुको अनुहार भेटेर पनि चिन्ने छैन कोही*
*आफ्नै छोराको मुहार हेरेर पनि बुझ्ने छैन कोही*
*एक्काइसौं शताब्दीमा मान्छे यति निरस र स्वार्थी बन्छ*
*आफ्नै परिवारको लास देखेर पनि रून्ने छैन कोही ।*

*(पृ. ३६)*

आज समाजमा हुर्किएको मानव प्रवृत्तिलाई अनुभूतिका उमङ्ग मुक्तकसङ्ग्रहमा यसरी प्रस्तुत गरिएको छ :

**प्रवृत्ति**

*कमजोर देखे हेप्न खोज्छ*
*बलवान् देखे पुज्न खोज्छ*
*निर्धन देखे लुट्न खोज्छ*
*धनवान् देखे झुक्न खोज्छ*
*खै कहाँ छ विवेक मान्छेसँग ?*
*जो मान्छेकै नजरले लेख्छ*
*मान्छेकै भावनाले सोच्छ ।*

*(पृ. ३३)*

यसरी मानव समाजमा मौलाएको खराब प्रवृत्तिका साथै मानिस कति स्वार्थी हुन्छ भनी स्वार्थको पराकास्ट समेटिएको मुक्तक पनि यस कृतिमा भेटिन्छ जुन यसप्रकार छ :

**स्वार्थ**

*जब मानिस स्वार्थको रेल हुन्छ*
*तब हातमै मालिसको तेल हुन्छ*
*हुन्छ जब शुरू यहाँ बर्षाको खेल*
*बादल र डाँडाको पनि मेल हुन्छ ।*

*(पृ. ३३)*

(ख) देशप्रेमका मुक्तकहरू

समाजका विविध विसङ्गतिलाई व्यङ्ग्य गर्ने मुक्तककार कपिल अज्ञातले देशप्रेमका स्वरहरू पनि मजासँग सुसेलेका छन् । उनी राष्ट्रवादी साहित्यकार हुन् । प्रजातन्त्रको आगमनले जनतामा सुखी, शान्ति ल्याउलाभन्दा झन् स्वतन्त्रताको नाममा विभिन्न विकृति र विसङ्गति भित्रिएर साँचो देशभक्तले तातो गोली खानुपर्ने या सत्ताबाट गलहत्ती खानुपर्ने, अन्याय अत्याचार गर्नेको झन बोलवाला बढेकोप्रति मुक्तककार अज्ञातले व्यङ्ग्यको झटारो हान्ने काम गरेका छन् । देशमा विकास गर्नुको साटो दाउपेच हेरीहेरी भन्से बनेर देशको ढुकुटी रित्ताउने नेताहरूको चाला देखी मुक्तककारले नेपाली जनतालाई सचेत गराउँदै विद्रोह गर्ने सन्देश मुक्तकमार्फत यसरी व्यक्त गरेका छन् :

*प्रजातन्त्र*

*वसन्त आयो तर खै ! के बहार आयो ?*
*विकासको लक्ष्यमा झन् हुस्सु र कुहिरो छायो*
*क्षुद्रहरू महान् भए सुविधा वहान चढी*
*कोइलीको स्थानमा कागको बयान आयो ।*

*(पृ. ३५)*

इतिहास

*समाजको अन्तर्रहस्य कहाँ खोल्छ इतिहास*
*जलायो देश जल्ले उसैको जय बोल्छ इतिहास*
*दास कहीं कहिल्यै शक्ति विरूद्ध जान सक्तैन*
*मालिकको निम्ति बरू आफ्नै घर पोल्छ इतिहास ।*

*(पृ. १४)*

चोर

*जहाँ मन्त्री नै निजी नोकर हुन्छन्*
*जहाँ नेता नै पूरा जोकर हुन्छन्*

*त्यहाँ होला कसरी जिऊधनको रक्षा*
*जहाँ मालिक नै महसुर चोर हुन्छन् ।*

*(पृ. ८)*

यसरी नेपाली र नेपालीपनप्रति बेवास्ता गर्ने, राष्ट्रनिर्माणका नाममा राष्ट्रलाई अधोगतितिर धकल्ने, विदेशीको इशारामा नाँच्ने हाम्रा नेताहरूलाई चोटिलो व्यङ्ग्य प्रहार गर्न सफल मुक्तककार आफ्नो देशलाई भूलेर विदेशतिर लाग्नुभन्दा आफ्नो कर्तव्य र जिम्मेवारीबोध गरी आफ्नै देशलाई बनाउनुपर्छ भन्ने देशभक्तिको भावनात्मक सन्देश दिन सफल छन् ।

(ग) राजनीति चेतनायुक्त मुक्तकहरू

नेपालको राजनीतिलाई नजिकैबाट अनुभव गरिरहेका मुक्तककार कपिल अज्ञात राजनीतिक चेतना फैलाउने नाममा विभिन्न कुकार्यहरू गर्ने, सोझा जनतालाई फकाएर वा थर्काएर चुनाव जित्ने जस्ता राजनीतिमा आएका विकृति, विसङ्गति र स्वार्थी नेताका फोहरी खेलप्रति व्यङ्ग्य प्रहार गर्न पुगेका छन् ।

चुनावको बेलामा मात्र मीठा आश्वासन बाँड्दै गाउँ छिर्ने, चुनाव सकिएपछि आफ्नै नातागोता र आफ्नै पेट भर्न पल्केका नेताहरूका प्रवृत्ति देखेर वाक्क भएका मुक्तककारले यसरी व्यङ्ग्यात्मक प्रहार छोडेका छन् :

*माइत*

*टिकट पाएर पुगेका सांसदहरू*
*संसद भवनमा*
*तीजमा माइत गएका चेलीबेटीझैं*
*मजासँग दर खान पाएपछि*
*नाँच्दानाँच्दै घरै बिर्सेर*
*त्यो त भन्ने नै भए*
*बरै घरभन्दा माइतै रमाइलो*
*बरै घरभन्दा माइतै रमाइलो ।*

*(पृ. २८)*

*साहू*

*हाम्रा नेता, नेता होइनन् भोट खाने साहू हुन् यी*
*स्वार्थ हेरी छोराकै त खुट्टा तान्ने बाउ हुन् यी*
*आफ्नो चाल आफैंले नै चाल्नुपर्ने भयो आज*
*भर गरी चढे पूरा डुबाउने नाउ हुन् यी ।*

*(पृ. ५७)*

*मुक्तक*

*कमारो मुक्त भएर के जब वासस्थान हुन्न*
*कमैया मुक्त भएर के जब जग्गाको किसान हुन्न*
*के काम जनविद्रोह र जनआन्दोलनको*
*पूर्ण मुक्त हुने जब नागरिक विधान हुन्न ।*

*(पृ. ५०)*

*नेता*

*लोभी आत्मा बटुलेर बडो फूर्तिसाथ*
*कसाइले पढाउँछ अहिंसाको पाठ ।*

*(पृ. ४६)*

यसरी मुक्तककार कपिल अज्ञातले यस सङ्ग्रहमा सङ्ग्रहीत मुक्तकहरूमा राजनीतिक विसङ्गति, विकृति र नेताहरूका द्वैध चरित्रपूर्ण फोहरी खेल, षड्यन्त्र, मनपरी-तन्त्र जस्ता घात-प्रतिघातहरूलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

(घ) प्रेम र प्रणयभावका मुक्तकहरू

कपिल अज्ञातको *अनुभूतिको उमङ्ग* मुक्तक सङ्ग्रहभित्र पृष्ठ एकदेखि पृष्ठ ६ सम्मका मुक्तकहरूलाई *शृङ्गार-राग* शीर्षक राखेका छन् त्यसभित्र पनि हरेक मुक्तकहरूको शीर्षक दिएर श्रृङ्गारिक प्रेमप्रणय प्रसङ्गका यौवन, माया, प्रेम, मिलन,

विछोड, रतिराग, रागविराग, सौन्दर्य, जीवनका आशा-निराशा आदिलाई विषयवस्तु बनाएर मुक्तकहरू संरचित गरिएका छन् । अन्य छ वटा खण्डमा पनि प्राय: सबै खण्डमा यस्ता प्रेम प्रणय प्रसङ्गका मुक्तकहरू पनि रहेका छन् । उनको नारी-सौन्दर्यप्रतिको झुकाव पनि उद्घाटित गर्दै प्रीति प्रणयको मीठो आभास दिने मुक्तकहरू पनि यस कृतिमा रहेका छन् । यस किसिमका केही मुक्तकहरू यी हुन् :

**साथ**

*पटकपटक धेरै थोकको साथ चाहिन्छ मलाई*
*बाटाघाटामा धेरै आडिलो हात चाहिन्छ मलाई*
*बूढोलाई के चाहियो भनी हेलाँ नगर ए ठिटा हो !*
*सुहागरातभन्दा अझै मधुर रात चाहिन्छ मलाई ।*

*(पृ. १)*

**प्रिया !**

*अन्तर्मन मिलनको रात देऊ प्रिया !*
*मधुभन्दा पनि मीठो मात देऊ प्रिया !*
*विगतको इतिवृत्त बुझ्न चाहन्न म*
*आगतमा आई मेरो साथ देऊ प्रिया !*

*(पृ. ४)*

**नारी**

*कसैका संयोगको सुख भए पनि*
*कसैका वियोगको वेदना हो नारी*
*कसैको निम्ति सुगन्ध दिने*
*फूल भइदिए पनि*
*कसैका निम्ति बिझिदिने काँडा हो नारी ।*

*(पृ. ५५)*

**राजिनामा**

*कहिल्यै पनि नबिर्सने मलाई तिम्रै नाउँ चाहिन्छ*
*आशाको छेऊ होइन विश्वासको पूरै ठाउँ चाहिन्छ*
*मन जुर्छ भने यदि गरूँन् अहिल्यै लेखापढी*
*बन्धकी होइन तिम्रो माया राजिनामा चाहिन्छ ।*

समय परिस्थिति अनुकूल हुने गरी लेखिएका यस सङ्ग्रहका मुक्तकहरूले समकालीन बस्तुस्थितिलाई टपक्क टिपेका छन् । यस सङ्ग्रहमा रहेका मुक्तकहरू राष्ट्रियहित र एकताका पक्षमा पनि लेखिएका छन् भने जीवन, समाज, विश्वपरिवेशका राजनीतिक यथार्थ, विदेसिएका नेपालीको दारूण अवस्था, स्वार्थी मानवीय प्रवृत्ति आदि जस्ता विषयवस्तुहरूमा आधारित भएर रचिएका छन् । मीठासपूर्ण लय, कलात्मक शब्दहरूको सुन्दर संयोजनले मुक्तकहरू पठनीय तथा श्रवणनीय बनेका छन् ।

### ४.८.१.७ बिम्बविधान र अलङ्कार विधान

मुक्तककार कपिल अज्ञातका मुक्तकहरूमा केही आयोजित बिम्ब अलङ्कार आएका छन् भने प्राय: स्वत: निर्मित खालका विभिन्न बिम्ब, प्रतीक तथा अलङ्कारहरूको प्रयोग भएका छन् । जीवन र जगत्का विविध सन्दर्भ र सामग्रीबाट ती बिम्बविधान बन्न सक्छन् । बिम्बलङ्कारहरूले मुक्तकहरूलाई विशेष चमत्कारी कलात्मक, रसात्मक र श्रुतिरम्य बनाउँछ । अनुभूतिका उमङ्ग मुक्तक सङ्ग्रहभित्रका मुक्तकहरूमा भएका केही बिम्बालङ्कारहरूको प्रयोग यस्ता छन् :

**सम्भावना**

*नारालाई पनि सत्ताको धन्दा बनाउन सक्छन्*
*चुनावलाई पनि स्वार्थको फन्दा बनाउन सक्छन्*
*केके हुन्न यहाँ षड्यन्त्रको यो राजनीतिमा*
*सुन्नेलाई बहिरा र देख्नेलाई अन्धा बनाउन सक्छन् ।*

*(पृ. १४)*

**अनिवार्यता**

*बादल भएर मात्र हुँदैन वृष्टि चाहिन्छ*
*स्रष्टा भएर मात्र हुँदैन सृष्टि चाहिन्छ*
*धरतीको आँगनमा वासन्तिक बहार हेर्न*
*आँखा भएर मात्र हुँदैन दृष्टि चाहिन्छ ।*

*(पृ. २१)*

**नेता**

*लोभी आत्मा बटुलेर बडो फूर्तिसाथ*
*कसाइले पढाउँछ अहिँसाको पाठ ।*

*(पृ. ४६)*

यसरी मुक्तककार कपिल अज्ञातले पहिलो मुक्तकमा नारालाई सत्ताको धन्दा र चुनावलाई स्वार्थको फन्दासँग तुलना गरी अर्थलाङ्कारका साथै तुलनात्मक बिम्बलाई पनि उद्घाटन गरेका छन् । सुन्नेलाई बहिरा र देख्नेलाई अन्धा भनी मुक्तककारले यहाँ वक्रोक्ति सृजित बिम्बालङ्कारको प्रयोग गरेका छन् । दोस्रो मुक्तकमा बादल हुँदा वृष्टि, स्रष्टा हुँदा सृष्टि, वसन्तमा बहार र आँखा हुँदा दृष्टिको अनिवार्यतालाई स्वभाविक अर्थालङ्कारको प्रयोग गरी आर्दशपूर्ण ढङ्गबाट चमत्कारपूर्ण प्रतीक र बिम्बहरूको उद्घाटन गरेका छन् । तेस्रो मुक्तकमा लोभीको फूर्ति र कसाइको अहिंसाको पाठबाट विरोधाभास बिम्बालङ्कारको प्रकट भई व्यङ्ग्यात्मक कथन प्रकट भएको छ । वास्तवमा कपिल अज्ञातले आफ्ना मुक्तकहरूमा स्वभाविक र परिवेशअनुसार उचित अलङ्कार र बिम्ब प्रतीकहरूको सफल प्रयोग गरी आफ्ना मुक्तकहरूलाई सबल बनाएका छन् ।

### ४.८.१.८ निष्कर्ष

कपिल अज्ञातको **अनुभूतिका उमङ्ग** मुक्तकसङ्ग्रहभित्र जम्मा १९७ वटा मुक्तकहरू र लघुकविता २६ वटा समेटिएका छन् । संरचनाका तहमा यस सङ्ग्रहमा एउटा पृष्ठमा तीनवटादेखि पाँचवटासम्म मुक्तकहरू समावेश गरिएका छन् । आकारमा मध्यम र विषयवस्तुको प्रयोग व्यापक रहेको यस सङ्ग्रहमा विविध रणनीतिमा फसेको समाज, प्रकृति,

नेपाली सँस्कृति, ज्ञानविज्ञान, साहित्य, कला, यौवन, प्रेम, घृणा, रतिराग आदि विषयमा मुक्तककारले आफ्ना भावानुभूति पोखेको पाइन्छ । संरचनाको आधारमा यस कृतिमा रहेका मुक्तकहरू ७१ पृष्ठमा फैलिएका छन् । दुई शब्ददेखि दश शब्दसम्मका एउटै पङ्क्ति भएका मुक्तकहरूमा एउटा शीर्षकमा दुईदेखि १४ वटा सम्म पङ्क्तिहरू रहेका छन् । यस मुक्तक सङ्ग्रहभित्रका मुक्तकहरूलाई पनि विभिन्न सात खण्डमा छुट्याएर हरेक खण्डलाई शीर्षक छ । यस सङ्ग्रहमा रहेका हरेक मुक्तकहरूलाई सान्दर्भिक शीर्षकहरू दिइएका छन् । यसमा रहेका १९७ मुक्तकहरूमध्ये १५३ वटा मुक्तकहरू चतुष्पदीय लय ढाँचाका मुक्तकीय स्वरूपका छन् भने ४४ वटा मुक्तकहरू मुक्तकका सैद्धान्तिक मान्यताभित्र वा नियमभित्र रहेर लेखिएका छैनन् तापनि मुक्तकले दिने चोटिलो र घतलाग्दो प्रभावकारी अभिव्यक्ति उनका मुक्तकहरूमा पाइन्छ । कपिल अज्ञातका मुक्तकहरूमा कुनै कुनैमा भने सैद्धान्तिक रूपमा विचलनयुक्त संरचना रहेको पाइन्छ । केही मुक्तकहरूमा गजलको संरचनात्मक स्वरूप पनि देखिन्छ भने कुनै-कुनै मुक्तक त अत्यधिक लामा भएर मुक्तकको संरचनाभन्दा भिन्दै लाग्ने खालका पनि छन् ।

जे होस् नेपाली साहित्यको यात्रामा कपिल अज्ञातले अनुभूतिको उमङ्ग मुक्तक सङ्ग्रह प्रकाशित गरी पाठक वर्गलाई नयाँ स्वाद दिएका छन् । उनले सरल, सरस र स्वाभाविक रूपमा आफ्ना भावनालाई पाठकसमक्ष पुऱ्याएका छन् । उनका मुक्तकहरू विभिन्न लोकलय, छन्द, अलङ्कार, बिम्ब र प्रतिकहरूको प्रयोगले ओजपूर्ण बन्न पुगेका छन् । वास्तवमा कपिल अज्ञातको अनुभूतिका उमङ्ग यस्तो काव्यिक बगैंचा हो जहाँ कवि कल्पनाका रङ्गीचङ्गी फूलहरू सुवासित भएर फूलेका छन् । जीवनका कुरूपताहरू पनि कविको प्रतिभा पाएर सौन्दर्यानुभूतिका रूपमा रूपान्तरित भएका छन् । जीवनका विविध बाध्यता, विवशता र आर्थिक राजनीतिक उतार चढावहरूका साथै विभिन्न विकृति र विसङ्गतिहरूलाई कलात्मक शैलीबाट व्यङ्ग्यात्मक प्रस्तुति दिँदै समाज रूपान्तरण गर्ने सन्देशको सम्प्रेषण कपिल अज्ञातका मुक्तकहरूबाट गरिएका छन् ।

# परिच्छेद : पाँच

## उपसंहार

नेपालको मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत नारायणी अञ्चलमा पर्ने चितवन जिल्ला भौगोलिक हिसाबले महत्त्वपूर्ण जिल्ला हो । भित्री मधेशमा पर्ने चितवन जिल्ला शिक्षा, स्वास्थ्य, कला, संस्कृति, साहित्य, सञ्चारलगायत हरेक दृष्टिकोणबाट अग्रगतिमा देखिन्छ । यस जिल्लाको पूर्वमा मकवानपुर र पर्सा, पश्चिममा नवलपरासी र दक्षिणमा भारतको बिहार प्रदेश पर्दछन् भने उत्तरमा धादिङ र तनहूँ जिल्ला पर्दछन् । चितवनको नामकरणका सम्बन्धमा विद्वानहरूबीच मतैक्यता पाइँदैन । पञ्चतन्त्रमा उल्लेख भएअनुसार चित्रवनबाट चितवन हुन गएको हो । हिमवत् खण्डमा उल्लेख भएअनुसार चित्तपावनबाट चितवन हुन गएको हो र स्थानीय भनाइअनुसार चित्रसेन राजाको नामबाट, सीतावनबाट, चितुवावनबाट चितवन हुन गएको हो भन्ने पाइन्छ । प्राचीन कालमा यस क्षेत्रलाई चितौन, त्यसपछि चितावन र हाल चितवन भन्न थालिएको छ । यस जिल्लाको अक्षांश स्थिति २७°२१’ उत्तरदेखि २७°४६ दक्षिणसम्म र देशान्तर स्थिति ८३°५५’ पूर्वदेखि ८४°४८’ पश्चिम फैलिएको छ । उष्ण र समशीतोष्ण हावापानी भएको चितवन जिल्लाको क्षेत्रफल २२३८.३९ वर्ग किलोमिटर रहेको छ ।

चितवन जिल्लाको साहित्य सिर्जनाको परम्परालाई हेर्दा आदिम कालदेखि नै बसोबास गर्दै आएको माझी, थारू, दराई लगायतका आदिवासीहरूका लोकसाहित्यिक परम्परालाई दृष्टिगत गर्नुपर्दछ । वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले थारू लोककथा *जितिया पावनी* लाई थारू भाषामा नै लिपिबद्ध गरी प्रकाशनमा ल्याउने काम गरेका थिए । यस कृतिले नै चितवन जिल्लामा लेख्यपरम्पराको सुरुवात गरेको मानिन्छ । त्तपश्चात् चितवन जिल्लामा साहित्य लेखन प्रक्रियाले क्रमश: तीव्रता पाउँदै आएको देखिन्छ । चितवनको लेख्य साहित्य परम्परालाई अघि बढाउने क्रममा श्यामानन्द पौडेल, कोमलनाथ कोइराला, चिरञ्जीवी नेपाली, प्रेमविनोद नन्दन, रविकिरण निर्जीव, हरिहर खनाल, केदारनाथ खनाल, केशवराज आमोदी, पदमपाणि ‘विरक्ति’, आदि पहिलो चरणका साहित्यकार, सुवर्ण कक्षपति, पोषराज पौडेल, रामबाबु घिमिरे, तिलकराज पौडेल, गोविन्दराज विनोदी, होमनाथ सापकोटा, खुमनारायण पौडेल, गायत्री श्रेष्ठ, कपिल अज्ञात, सरस्वती रिजाल, धर्मप्रधान ‘अकिञ्चन’ नारायणप्रसाद खनाल लगायतका दोस्रो चरणका साहित्यकार र

गोबर्द्धन पूजा, धनराज गिरी, सुरेन्द्र अस्तफल, किसान प्रेमी, भूपिन व्याकुल, गोपाल पौडेल, रमेश प्रभात, पुष्प अधिकारी 'अञ्जली', हरिहर पौडेल, शीतल कादम्बिनी आदि तेस्रो चरणका साहित्यकारहरूको योगदान महत्त्वपूर्ण रहेको छ ।

लोकसाहित्य विधाबाट आफ्नो यात्रा सुरु गरेको चितवन जिल्लाको लेख्य साहित्य परम्परामा मुक्तक साहित्यले २०५० को दशकमा मात्र प्रवेश पाएको हो । हुन त २०४०को दशकबाट नै मुक्तक रचना गर्ने र सुनाउने प्रवृत्ति युवावर्गमा थियो भन्ने मौखिक जानकारी पाइए पनि आधिकारिक रूपमा रचना भने प्राप्त हुन सकेको छैन । वि.सं. २०५७ सालमा सर्वप्रथम रामबाबु घिमिरले *मुक्तकसङ्ग्रह* शीर्षकमा सानो आकारको मुक्तकहरूको सङ्ग्रह प्रकाशित गरेका छन् । यसै कृतिलाई हालसम्म प्राप्त प्रमाणका आधारमा चितवन जिल्लाको पहिलो मुक्तक कृति मानिएको छ ।

चितवन जिल्लामा २०५० को दशकमा सृजना भएको देखिए तापनि फुटकर रूपमा मात्र मुक्तक सीमित भयो । मुक्तकपछिको गजलले ठाउँ लिइयो साथै मुक्तकमा कलम चलाउने प्रतिभा सबै गजल लेखनतिर लागेका देखिन्छ । गजल साहित्यमा कलम चलाउने प्रायः सबै प्रतिभाले मुक्तक रचना गरेकै हुन्छन् तर प्रकाशित कृतिका रूपमा चाहिँ मुक्तक सङ्ग्रह निकै न्यून देखिएको छ । पहिलो मुक्तक सङ्ग्रह रामबाबु घिमिरेको र २०५८ सालमा दोस्रो केशवराज आमोदीको मुक्तकसङ्ग्रह **सत्ता-साधन** देखा पर्दछ । **सत्ता-साधन**ले मुक्तकीय संरचनालाई सही आकार दिएको देखिन्छ । २०५८ सालमा नै तेस्रो मुक्तक सङ्ग्रह धनराज गिरीको **अर्थात्** कृति देखापर्दछ । उनका मुक्तकहरू भावगत रूपमा सबल देखिए तापनि सैद्धान्तिक रूपमा विचलनयुक्त रहेका छन् । मुक्तक साहित्यमा देखापरेको चौथो कृति पुष्प अधिकारी 'अञ्जलि'को **एक अञ्जुली घाम** (२०६३) मुक्तकसङ्ग्रह हो । यो कृति भावगत रूपमा र सैद्धान्तिक रूपमा निकै सबल देखिन्छ । यसरी नै पाँचौं कृतिको रूपमा कपिल अज्ञातको **अनुभूतिका उमङ्ग** (२०६४) मुक्तकसङ्ग्रह देखापरेको हो । यो कृतिमा पनि विविध ढाँचामा संरचित मुक्तकहरू भएको हुँदा मुक्तक र लघु कविता छुट्याउन गाह्रो पर्ने खालका मुक्तकहरू पनि रहेका छन् । चितवनको मुक्तक साहित्यमा देखापरेको छैठौं कृति **जून फूलेको बस्ती** मुक्तकसङ्ग्रह हो । यस कृतिमा प्रायः सबै मुक्तहरूलाई सैद्धान्तिक मान्यताअनुरूप रचना गर्ने प्रयास गरिएको छ । गजल साहित्यका तुलनामा मुक्तक साहित्य धेरै पछाडि रहेको छ । मुक्तक कृतिहरू पनि सङ्ख्यात्मक रूपमा निकै कम छन् तर गुणात्मक र भावात्मक रूपमा सघन र सबल देखिन्छन् । यी कृतिहरूलाई समग्रमा दृष्टि दिँदा चतुष्पदीय

ढाँचाको मुक्तकसङ्ग्रह केशवराज आमादीको र धनराज गिरीको आंशिक रूपमा सफल रहेका छन् । कपिल अज्ञातले यही चतुष्पदीय संरचनालाई पच्छ्याएर पनि आफ्नो कृतिमा विविध संरचना भएका मुक्तकहरू समेट्न पुगेका छन् भने पुष्प अधिकारी अञ्जलीको **एक अञ्जुली घाम** र **जून फूलेको बस्ती** मुक्तक सङ्ग्रहमा मुक्तकको सैद्धान्तिक पक्षलाई सफल प्रयोग गरी सबै मुक्तकहरू चतुष्पदीय शैलीमा लेखिएका छन् र लयविधान र भावविधानलाई पनि भरसक मिलाउने प्रयास गरिएको छ । यसरी मुक्तक साहित्यले अब एउटा निश्चित बाटो र संरचनात्मक ढाँचा तय गरिसकेको छ ।

संरचनाका आधारमा केही सङ्ग्रहहरूमा सामान्य कमजोरी रहे तापनि समग्रमा सबै मुक्तककारहरू यसप्रति सचेत रहेका छन् । विषयवस्तु प्रयोगमा समकालीन नेपाली परिवेशमा चलेका आन्तरिका द्वन्द्व र त्यसबाट नेपाली जनताले भोग्नुपरेको पीडातर्फ अधिकांश मुक्तककारहरूको ध्यान गएको पाइन्छ । साथै राजनीतिक विकृति, विसङ्गतिप्रतिको व्यङ्ग्य, जातीय छुवाछुत, लैङ्गिक विभेद, आर्थिक असमानता, मानवतावाद, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदिलाई पनि विषयका रूपमा उठाइएको छ । समग्र मुक्तकहरूको विश्लेषण गर्दा प्रेमप्रणय र शृङ्गारिकतालाई कम स्थान दिई समसामायिक घटनाक्रम र वर्तमान जटिल परिस्थितिले जन्माएका विवशता जस्ता विषयवस्तुहरूलाई बढी स्थान दिँदै व्यङ्ग्य प्रहार गरेको देखिन्छ । मुक्तक रचनाकारहरू अधिकांशले लोकलय तथा गीतिलयलाई पछ्याएका छन् र लयविधानतर्फ सचेतता पनि देखाएका छन् ।

मुक्तक गेयात्मक साहित्य पनि हो र यसमा लयको प्रयोग अत्यावश्यक र अपेक्षित नै मानिन्छ । त्यसैले शास्त्रीय लय तथा लोकलयको पालना वा अक्षरिक लयविधान मिलाएर मुक्तकहरू रचना गर्ने प्रवृत्ति देखापरेको छ र अलङ्ककारहरूको पनि उचित प्रयोग गर्ने परिपाटी बढेको देखिन्छ । बिम्ब, प्रतीकको उचित तथा अलङ्कारहरूमध्ये प्रतीको उचित प्रयोगमा अधिकांश मुक्तककारहरू सचेत देखिएका छन् । बिम्बको प्रयोग सबैले सामान्य ढङ्गमा गरेका छन् तर कपिल अज्ञातले आफ्नो मुक्तकलाई बढी बिम्बात्मक बनाउने प्रयास गरेका छन् र भावमा सघनता बढाएका छन् । अलङ्कार प्रयोगमा केशवराज आमोदी र पुष्प अधिकारी अञ्जली बढी सचेत रहेका पाइन्छन् । भाषा प्रयोगमा तत्सम, तद्भव, नेपाली झर्रा शब्दहरू र आगन्तुक शब्दहरूको यथोचित प्रयोग पाइन्छ भने केही मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा भाषिक विचलन आएको पनि देखिन्छ तर भावबोधमा खासै असर नपारेको अनुभूति हुन्छ । समग्रमा भन्दा चितवनका मुक्तककारहरूले सरल, सहज र बोधगम्य भाषाको प्रयोग मुक्तकहरूमा गरेका छन् ।

नेपाली साहित्यको इतिहास त्यति लामो छैन त्यसमा पनि मुक्तकको छुट्टै इतिहास अझै छोटो छ । संस्कृत मुक्तक परम्परालाई समातेर संरचित भएका वीरभक्तिकालिक शक्तिवल्लभ अर्याल (१७८१-१८६३) का स्वागता छन्दमा रचित दुई श्लोके 'तनहूँ भकुण्डो' देखि लिएर भानुभक्त आचार्य (१८७१-१९२५) का केही फुटकर रचनाहरू, मोतीराम भट्ट (१९२३-१९५३) र उनका भक्तिधारा र श्रृङ्गारिक धाराका समस्यापूर्तिहरू साथै कवि मण्डलीका समस्यपूर्तिपरक कविताहरू एवम् महाकवि देवकोटा (१९६६-२०१६) का 'प्रश्नोत्तर' जस्ता आफैँमा परिपूर्ण श्लोकहरू मुक्तक नामले चिनाउने गरिएको पाइन्छ ।

मुक्तकका स्वरूपका सम्बन्धमा भएका बहसलाई जति विशाल र विस्तृत रूप दिए पनि मुक्तकको स्वरूपगत-कलेवर एक श्लोकमा नै स्थिरीकरण भएको देखिन्छ । चतुष्पदीय कलेवरका मुक्तकहरू धेरै समयपछि नेपाली साहित्यमा रचिएको भए पनि २०३६ साल देखि २०४६ सालसम्म फुटकर मुक्तकहरू प्रकाशित भएका देखिन्छन् । पछि गजलले ठाउँ लिएपछि मुक्तक केही पछाडि परेको देखिन्छ । पछिल्लो समयमा मुक्तकको पहिलो, दोस्रो र चौथो पङ्क्तिको अन्तिम पद वा पदावलीको विधान अनुप्रास मिलाउने र तेस्रो पङ्क्ति अनुप्रासहीन स्वतन्त्र छोडिदिने संरचनात्मक ढाँचामा मुक्तक संरचित गर्ने क्रम बढेको देखिन्छ । यस ढाँचामा संरचित पुष्प अधिकारी अञ्जलीका मुक्तकसङ्ग्रहहरू **एक अञ्जुली घाम** र **जून फूलेको बस्ती** हुन् भने केशवराज आमोदी, कपिल अज्ञातले पनि आंशिक रूपमा यस्ता ढाँचाका मुक्तकहरू रचना गरेका पाइन्छन् ।

यसरी नेपाली साहित्यको इतिहासमा रूवाइयात शैली र मुक्त रूपले लेखिने मुक्तकहरूलाई सर्वप्रथम भीमदर्शन रोकाले २०१० सालतिरबाट नेपाली भाषामा भित्राएका हुन् । विभिन्न आरोह अवरोह पार गर्दै वर्तमानसम्म आइपुगेको नेपाली मुक्तक साहित्य देशका विभिन्न स्थानमा व्याप्त छ । यस क्रममा चितवनको साहित्यिक फाँटमा पनि मुक्तक सृजनाले दिनानुदिन उर्वरता प्राप्त गर्दै गएको देखिन्छ । चितवन जिल्लामा अन्य साहित्यिक विधाको तुलनामा मुक्तक साहित्य केही पछि देखिए तापनि हाल यस विधाले आफ्नो छुट्टै पहिचान बनाएर अगाडि बढेको देखिन्छ । २०५० सालपछि ६ वटा मुक्तक कृतिहरू र थुप्रै फुटकर रचना गर्ने सर्जकहरू जन्मिएका छन् । मुक्तक कृतिहरू प्रकाशित हुने क्रम बढ्दै गएको छ । चितवनबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरू तथा समाचारमूलक पत्रपत्रिकाहरूका साथै पछिल्लो समयमा स्थापित भएका एफ.एम. रेडियो स्टेशनहरूले पनि यस विधालाई अगाडि बढाउने काम गरेका छन् । छोटो समयमा नै चितवनमा आधा दर्जन जति मुक्तककृतिहरू प्रकाशन भएका छन् भने थुप्रै गीत, कविता, मुक्तक, गजल र

हाइकुलाई समेत समावेश गरेर संयुक्त सङ्ग्रहका रूपमा प्रकाशन गर्ने काम पनि भएको छ । साथै फुटकर रूपमा थुप्रै मुक्तककारहरूका मुक्तक रचना विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भैरहेका छन् र एफ.एम. रेडियो मार्फत उनीहरूका मुक्तकहरू प्रसारण भइरहेका छन् ।

यसरी चितवन जिल्लामा मुक्तकका साथै गजल साहित्यको द्रुततर विकास हुनु नेपाली साहित्यको समुत्थानका लागि सबल र सार्थक प्रयास मान्न सकिन्छ । समयको प्रवाहसँगै भाषासाहित्यको सेवामा आफूलाई समर्पित गर्ने आँट बोकेका चितवनका मुक्तककारहरूले मुक्तकको सैद्धान्तिक पक्ष तथा गुणात्मकतातर्फ ध्यान दिनु पनि उत्तिकै आवश्यक देखिन्छ । सङ्ग्रह प्रकाशनको होडमा हतार गर्नुभन्दा स्तरीय मुक्तक रचना गरी चितवनको साहित्यिक गरिमा बढाउने काममा मुक्तकसर्जकहरूले विशेष ध्यान दिएमा मुक्तक साहित्य सबल रूपमा अगाडि बढ्ने देखिन्छ ।

अन्त्यमा चितवनको मुक्तक साहित्य सिर्जनाको आशालाग्दो भविष्यतिर उन्मुख भएको छ । जसरी यस क्षेत्रमा साहित्य स्रष्टाहरूको आकर्षण बढ्दो छ, त्यसरी नै मुक्तक सिर्जनामा पनि सावधानी एवम् संयमता अपनाउनु पर्ने आवश्यकता देखिन्छ । मुक्तक समीक्षकहरूले पनि अन्दाजको भरमा होइन मुक्तकसम्बन्धी वृहत अध्ययनका आधारमा मात्र समीक्षा गर्नुपर्ने स्थिति देखिएको छ । गुरुशिष्यपरम्परामा हुर्केर बढेको मुक्तक साहित्यलाई योग्य गुरुको कुशल निर्देशनमा अग्रगामी दिशातर्फ अग्रसर गराउनुपर्ने आवश्यकता देखिएको छ । शास्त्रीय सिद्धान्तको चिन्तन मननका साथै हिन्दी, उर्दू र संस्कृत साहित्यमा मुक्तक लेखन प्रवृत्तिप्रति पनि सचेत रहँदै विशद अध्ययन र अनुशीलनद्वारा सुन्दर एवम् भावमय मुक्तक सिर्जना गरिएमा यसको गरिमा बढ्दै जाने भएकाले स्रष्टाहरू त्यसतर्फ क्रियाशील हुनु वाञ्छनीय छ । मूलत: मुक्तक संरचनाको कला र भाव पक्ष दुवैप्रति सचेत भएर मुक्तक रचना गरिएमा चितवनको मुक्तक साहित्यले ख्याति र महत्त्व पाउनुको साथै सदा जीवित रहन सक्ने लक्षण देखिएको छ ।

# सन्दर्भसामग्रीसूची

क) प्रमुख सन्दर्भग्रन्थ सूची

अज्ञात, कपिल, **अनुभूतिका उमङ्ग,** (बनेपा : जनमन प्रकाशन, २०६४) ।

अधिकारी, पुष्प अञ्जली**, एक अञ्जुली घाम,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३) ।

अधिकारी, **पुष्प अञ्जली, जुनफूलेको बस्ती,** (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

आमोदी, केशवराज, **सत्ता-साधन,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद नवलपरासी, २०५८) ।

गिरी, धनराज, **अर्थात्,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद् २०५८) ।

घिमिरे, रामबाबु, **मुक्तकसङ्ग्रह**, (चितवन : दिपा घिमिरे, २०५६) ।

ख) सहायक सन्दर्भग्रन्थ सूची

*अल्पविराम,* **टुकीको उज्यालो**, (पोखरा : लायन कल्याणी उदास, २०६५) ।

अज्ञात, कपिल, **समालोचनाको सन्दर्भ***,* (चितवन :चितवन साहित्य परिषद्, २०५५) ।

अज्ञात, कपिल, *निजात्मक निबन्धका बाबु रामबाबु,* **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख,** (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

अधिकारी, हेमाङ्गराज, *पूर्वीय समालोचना सिद्धान्त,* (चौ.सं.) (ललितपुर : साझा प्रकाशन, २०५६) ।

अधिकारी, ईश्वरमणि, *शुभकामना : टुकीको उज्यालोलाई,* **टुकीको उज्यालो,** (ले. अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), पृ. (भू.) ।

आमोदी, केशवराज, *सैद्धान्तिक विश्लेषणीयताको कसीमा जूनफूलेको बस्ती,* **जून फूलेको बस्ती,** (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

काफ्ले, निरञ्जना, **कपिल अज्ञातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६५)।

खनाल, नारायणप्रसाद, **निर्वचन र भाषिक सन्दर्भ,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५) ।

_________________, **समस्यापूर्ति परम्परामा लेखनाथका कविता-काव्य**, (नवलपरासी: त्रिवेणी साहित्य परिषद्, २०६५) ।

गिरी, खग्रेन्द्र कोपिला, *फूलको बस्तीमा जूनलाई निम्तो, :* **जून फूलेको बस्ती**, (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६६) ।

गिरी, शोभा, **चितवनका प्रतिनिधि गजलकार र तिनका गजलकृतिहरूको विश्लेषण,** (कीर्तिपुर : त्रि.वि., नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, (चितवन : चितवन साहित्य वाङ्मय प्रतिष्ठान, २०५२) ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग-४,** चौ.स., (ललितपुर : साझा प्रकाशन, २०६०) ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय (ते.सं.),** (ललितपुर : साझा प्रकाशन, २०४७) ।

दवाडी, पूर्णप्रसाद, **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६) ।

पहारी, कृष्ण, **परिवेशभित्रका पीडाहरू,** (पाल्पा : पोखरा थोक साहित्य सङ्गम, २०६५) ।

पन्थी, देवी, *मुक्तकमा पहारीका पीडा,* **परिवेशभित्रका पीडाहरू,** (ले. कृष्ण पहारी), (पाल्पा : पोखरा थोक साहित्य सङ्गम, २०६५), (भू.) ।

पोखरेल, बालकृष्ण, (नि.), **नेपाली वृहद शब्दकोष,** (काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) पृ. १०१० ।

रूद्र, ज्ञवाली, **उन्मुक्त आकाश,** (रूपन्देही : त्रिमूर्ति प्रकाशन, २०६६) ।

लम्साल नवराज, *अञ्जुलीमा पुष्पको अञ्जुली र घामका किरणहरू,* **एक अञ्जुली घाम**, (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), पृ. (भू.) ।

लामिछाने, कपिल, *उन्मुक्त आकाशका मुक्तक र यात्री बारे* , **उन्मुक्त आकाश,** (ले. रुद्र ज्ञवाली), (रूपन्देही : त्रिमूर्ति प्रकाशन सिद्धार्थ नगर, २०६६), (भू.)।

विनोदी, गोविन्दराज, *प्रकाशकीय,* **सत्ता-साधन,** (ले. केशवराज आमोदी), (नवलपरासी : त्रिवेणी साहित्य परिषद् नवलपरासी, २०५८), (भू.) ।

समीप, दीपक, *टुकीको उज्यालोले देखाएको उज्यालो,* **टुकीको उज्यालो,** (ले. अल्पविराम), (पोखरा : लायन कल्याणी उदास, २०६५), (भू.) ।

श्रेष्ठ, प्रिया पत्थर, *एक अञ्जुली घामभित्रका अञ्जुली,* **एक अञ्जुली घाम**, (ले. पुष्प अधिकारी अञ्जली), (चितवन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, २०६३), (भू.)।

## ग) सन्दर्भ पत्रपत्रिकासूची

के.सी., सूर्य, *भुल्काहरू मुक्तक सङ्ग्रहको विश्लेषण,* **कालीको सुसेली-**२०, (पर्वत : पर्वत साहित्य संगम, २०६४), पृष्ठ ५७-५८ ।

खनाल, हरिहर, *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन,* **विवेक**, *चितवन परिचय विशेषाङ्क,* (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, २०६४), पृ. ७३-८७ ।

__________, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका,** (पूर्णाङ्क-३, २०५७ पौष) पृष्ठ ५-७१ ।

गिरी, खगेन्द्र कोपिला, *चितवनको साहित्य : यात्रा र प्रवृत्ति,* **चितवन महोत्सव स्मारिका**, ( चितवन : स्मारिका प्रकाशन मूलसमिति, २०५७), पृ. ९५-९९ ।

गिरी, आर.के. आदीप्त, *समसामायिक नेपाली मुक्तक,* **कालीको सुसेली,**-२०, (पर्वत : पर्वत साहित्य सङ्गम, २०६४), पृ. ६०-६५ ।

थपलिया, दिनेश र अन्य (सम्पा.), *तथ्याङ्कमा चितवन,* **चित्रवन स्मारिका**, (चितवन : चितवन अफिसर्स क्लव, २०५८), पृ. १-३ ।

पौडेल, महेन्द्र, *मुक्तक एक परिचय,* **कालीको सुसेली-२०**, (पर्वत : पर्वत साहित्य सङ्गम, २०६४), पृ. ५८-६० ।

प्रभात, रमेश, *चितवनका साहित्यिक कृतिहरूको अभिलेखाङ्कन,* **रामेश्वर स्मारिका,** (चितवन : रामेश्वर पुस्ताकालय तथा वाचनालय, २०६४), पृ. १२५-१३९ ।

लुइँटेल बलराम (सम्पा.), **चितवन जिल्ला : एक परिचय**, (चितवन : सूचना तथा अभिलेख केन्द्र, २०६३), पृ. १-२ ।

शर्मा, देवीप्रसाद, *चितवनको एतिहासिक रूपरेखा,* **विवेक**, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, पौष २०४६), पृ. १-६ ।

शर्मा, मोहनराज, *लघुतम नेपाली कविता,* **समसायिक मुक्तक**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३६) ।